अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

तह–३ (कक्षा ६–८)

भाग एक

सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

तह - ३ (कक्षा ६-८)

भाग एक

सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : तीन, भाग एक

प्रथम संस्करण : वि.सं. २०८०

हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल आधार हो । सिकारुमा अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर रहेको सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याको पहिचान गरी समाधानका उपायको खोजी गर्नुपनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुऱ्याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फ तह तीन भाग एकको रूपमा विकास गरिएको हो । यसलाई परीक्षण गरी प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरिँदै लगिने छ । यसको विकासमा केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको यस सिकाइ सामग्रीको विकास श्री हेमराज खतीवडा र श्री दीपिका शर्माले गर्नुभएको हो । यसको सम्पादन डा. गणेशप्रसाद भट्टराईबाट भएको हो । साथै यसको लेआउट डिजाइन दीपेश घिमिरेले गर्नु भएको छ । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, उपमहानिर्देशक श्री रुद्रप्रसाद अधिकारी, निर्देशक श्री निलकण्ठ ढकाल र शाखा अधिकृत श्री वैकुण्ठ आचार्यको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएको भएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुऱ्याउने सहयोगी साधन हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँ ले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०८०

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

विषयसूची

एकाइ	पाठ	पृष्ठ
१	हामी र हाम्रो समाज	१-२४
२	हाम्रो मानव मूल्य मान्यता	२५-७७
३	नागरिक चेतना	७८-१२२
४	सामाजिक समस्या र समाधान	१२३-१४७
५	हाम्रो विगत	१४८-१७३
६	हाम्रा आर्थिक क्रियाकलाप	१७४-२०५
७	हाम्रो पृथ्वी	२०६-२५८
८	नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, सहयोग र भूपरिवेष्टित राष्ट्र	२५९-२८३
९	जनसङ्ख्या र यसको व्यवस्थापन	२८४-३१३

एकाइ १ : हामी र हाम्रो समाज

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- समाज र समुदायको अवधारणा तथा समाज निर्माणका आधार उल्लेख गर्न
- समाजको उत्पत्ति र विकासक्रम उल्लेख गर्न
- आफ्नो घर, परिवार र समुदायमा घुलमिल भई सामाजिकीकरण प्रक्रियामा संलग्न हुन
- गाउँपालिका/नगरपालिका र जिल्ला समन्वय समितिको परिचय दिई यसका संरचना र सेवा वर्णन गर्न
- आफ्नो गाउँपालिका/नगरपालिकाभित्र भएका विकासका कार्यको सूची तयार पार्न
- शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातको परिचय, महत्त्व एवम् वर्तमान अवस्था उल्लेख गर्न
- आफ्नो जिल्लामा भएका विकासका सम्भावना पहिचान गर्न

पाठ १ समाज र समुदाय

संवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

आज गाउँको चौतारामा छलफल छ भन्दै हजुरबा घरबाट निस्कनुभयो । नाति मनिष म पनि जान्छु भनी पछि लागे । मनिष हजुरबासँग गफ गर्न थाल्यो भने हजुरबुबा पनि उसका जिज्ञासा शान्त गर्न लाग्नुभयो । हजुरबुबा र नाति मनिषबिच भएको संवाद हामी पनि अध्ययन गरौँ :

मनिष : आज गाउँको चौतारामा केको बारेमा छलफल गर्न लागेको हो, हजुरबुबा ?

हजुरबुबा : आज पारिपाखामा वृक्षरोपण गर्ने सम्बन्धमा सरसल्लाह गर्न समाज बस्न लागेको हो बाबु ।

मनिष : समाज भनेको के हो हजुरबुबा ?

हजुरबुबा : समाज मानिसको सङ्गठित समूह हो । आज चौतारामा पनि सबै जना एउटै कामका लागि सरसल्लाह वा छलफल गर्न जम्मा भएका छन् । त्यो पनि समाज हो । वृक्षरोपण गर्ने र सामुदायिक वनका खाली जग्गालाई हराभरा बनाउने आजको छलफलको उद्देश्य हो । उनीहरू सो कामका लागि क्रियाशील रहन्छन् । उनीहरूबिच सहयोग र सहकार्य हुन्छ । मिलेर काम गर्ने भनेर सल्लाह पनि हुन्छ । यसरी समान उद्देश्य प्राप्तिका लागि क्रियाशील मानिसको समूहलाई समाज भनिन्छ । मानिसबिचको अन्तरक्रिया, सम्बन्ध र व्यवहार नै समाज हो ।

मनिष : यसले मानिसको समूह र घरबस्तीको एकता पनि जनाउँछ हो हजुरबुबा ?

हजुरबुबा : हो नि । तिमीले राम्रो कुरा पो गऱ्यौ । वास्तवमा समाजका सदस्य निश्चित सम्बन्धको आधारमा सामूहिक उद्देश्य प्राप्तिमा क्रियाशील रहन्छन् ।

समाज सबैतिर हुन्छ । यसको विश्वव्यापी अस्तित्व रहन्छ ।

मनिष : समाजको उदाहरण पनि दिनुहोस् न हजुरबुबा, मलाई बुझ्न अलिक सजिलो हुन्छ कि ?

हजुरबुबा : तिम्रो जिज्ञासा एकदम राम्रो छ । आज चौतारामा छलफलमा रहेको समूह सिर्जनशील बस्ती समाज हो । त्यस्तै जातिगतरूपमा पनि समाज हुन्छ । जस्तैः शेर्पा समाज, नेवार समाज, ब्राह्मण समाज, थारु कल्याणकारी समाज, आर्य समाज आदिलाई समाजको उदाहरणको रूपमा लिन सकिन्छ ।

मनिष : समाजको बारेमा मैले बुझें । अब समाजका विशेषता सम्बन्धमा पनि हजुरबाट केही जान्न पाए हुन्थ्यो हजुरबुबा ?

हजुरबुबा : तिमीले राखेको जिज्ञासा राम्रो छ । समाज सबै ठाउँमा हुन्छ । त्यसैले समाज सर्वव्यापी हुन्छ । यो समाजको विशेषता हो ।

मनिष : समाजमा सहयोगको आदानप्रदान पनि हुन्छ हैन र हजुरबुबा ?

हजुरबुबा : हो नि, समाजमा सहयोग, सम्मान एकता र सङ्घर्ष पनि हुन्छ । यी कुरा पनि समाजका विशेषता हुन् ।

मनिष : समाज एउटै हुन्छ कि फरक फरक पनि हुन्छन् हजुरबुबा ?

हजुरबुबा : गाउँ, ठाउँ, परिवेश, पेसाअनुसार समाज फरक फरक हुन्छन् । त्यस्तै हिजोको समाज आज त्यही र त्यस्तै अवस्थामा रहँदैनन् । समाज समयसँगै परिवर्तन हुन्छ । त्यसैले समाज परिर्वनशील हुनु पनि समाजको विशेषता हो । त्यस्तै समाज भौगोलिक सीमाभन्दा बाहिर पनि हुन सक्छ । यो पनि समाजको विशेषता हो ।

मनिष : दिदीले अस्ति समुदायका बारेमा पनि हजुरसँग कुराकानी गरेको सुनेको थिए । समुदाय भनेको चाहिँ के हो नि हजुरबुबा ?

हजुरबुबा : एउटै भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने एकै किसिमको जाति वा सम्प्रदायमा आधारित भई एकआपसमा आश्रित मानिसको समूहलाई समुदाय भनिन्छ । यस्तो समूहले सामूहिक पहिचान बोकेको हुन्छ । गुरुङ समुदाय, छेत्री समुदाय, राजवंशी समुदाय आदि समुदायका उदाहरण हुन् ।

मनिष : समुदाय त स्थायी स्वरूपको हुने रहेछ, होइन त हजुरबुबा ?

हजुरबुबा : हो नि, तिमीले यस्ता राम्रा कुरा कहाँबाट जान्यौ ?

मनिष : मैले तपाईं र दिदीले अस्ति कुरा गर्दा थाहा पाएको हजुरबुबा ।

हजुरबुबा : ल सुन, समुदायमा स्थानीयताको भावना बढी हुन्छ । यो समानतामा आधारित हुन्छ । त्यस्तै समुदायमा हामीको भावना बढी हुन्छ । जुन कुरा समाजमा कम हुन्छ । समुदाय कुनै निश्चित भौगोलिक सीमाभित्र रहन्छ । यी सबै समुदायका विशेषता हुन् ।

मनिष : हजुरबुबाले आज मलाई धेरै कुराको जानकारी दिनुभयो । हजुरलाई धेरै-धेरै धन्यवाद ।

हजुरबुबा : तिमीले पनि धेरै कुरामा चासो राखेर कुराकानी गर्‍यौ हो यिस्तै जिज्ञासु बन्नुपर्छ । अनि धेरै पढ्नुपर्छ ल ।

मनिष : हस् हजुरबुबा । अब चौतारो पनि आइपुग्यो । अरू मानिस आइसकेका रहेछन् । अब त्यहाँ गएर पनि धेरै कुरा सुन्नु छ । अब त्यतै जाऔं ।

तलको विषयवस्तु अध्ययन गरी समाज र समुदायको समानता र भिन्नता सम्बन्धमा जानकारी राख्नुहोस् :

समाज र समुदायका समानता र भिन्नता

समाज र समुदाय फरक फरक अवधारणा हुन् । यी फरक फरक प्रकृतिको भए पनि कतिपय समान गुण र विशेषता यी दुवैमा रहन्छन् भने कतिपय अवस्थामा यी दुईबिचका भिन्नता पनि स्पष्ट पहिचान गर्न सकिन्छ । समाज र समुदायबिचको समानता र भिन्नतालाई तल प्रस्तुत गरिएको छ :

समानता

- दुवैमा सामूहिक सोच र भावना हुन्छ ।
- सदस्यबिच सामाजिक जिम्मेवारी बाँडफाँट भएको हुन्छ ।
- सुरक्षा र एकता पाइन्छ ।
- एक आपसमा मेलमिलाप र सहकार्यको वातावरण हुन्छ ।

भिन्नता

क्षेत्र	भिन्नता	
	समाज	समुदाय
व्यापकता	समाज बृहत् हुन्छ ।	समुदायको दायरा सीमित हुन्छ ।
भौगोलिक क्षेत्र	कुनै भौगोलिक क्षेत्रको आवश्यकता पर्दैन ।	भौगोलिक क्षेत्रको आवश्यकता पर्छ ।
समानता र विविधता	समाजमा समानता र विविधता दुवै पाइन्छ ।	समुदायमा विविधताभन्दा पनि समानता चाहिँ बढी हुन्छ
सम्बन्ध सञ्जाल	समाज सामाजिक सम्बन्धको जालो हो ।	समुदायमा निश्चित स्थानमा फैलिएर बसेका मानिसको समूहलाई जनाउँछ ।
हामी भावना	हामी भन्ने भावना कमजोर हुन्छ ।	हामी भन्ने भावना सवल हुन्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) समाज भनेको के हो ?

(ख) समाजका विशेषता उल्लेख गर्नुहोस् ।

(ग) समुदाय भनेको के हो ?

(घ) समुदायका विशेषताको सूची तयार पार्नुहोस् ।

(ङ) समाज र समुदायबिचको कुनै एक समानता उल्लेख गर्नुहोस् ।

(च) समाज र समुदायबिचको कुनै एक भिन्नता लेख्नुहोस् ।

(छ) सुरक्षा र एकता समाज वा समुदायको मुख्य समानता हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

माथिको संवादको आधारमा तल दिइएको तालिका पूरा गर्नुहोस् :

समाजको विशेषता	समुदायको विशेषता
समाज ..... हुन्छ ।	..... स्वरूपको हुन्छ ।
समाजमा ..... सङ्घर्ष हुन्छ ।	..... मा आधारित हुन्छ ।
समाज ..... बाहिर पनि जान सक्छ ।	कुनै निश्चित ..... सीमाभित्र रहन्छ ।
समाज समान उद्देश्य प्राप्तिका लागि क्रियाशील ..... को समूह हो ।	..... को भावना बढी प्रगाढ हुन्छ ।
	..... भन्ने भावना प्रबल हुन्छ ।

क्रियाकलाप २

समाज र समुदायको विशेषता झल्कने चार्ट तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ २ समाज निर्माणका आधार

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

समाज निर्माणका आधार निम्नलिखित हुन्छन् :

(क) सुरक्षा : मानिसले आफ्नो सुरक्षा आफैँमात्र गर्न सक्तैन । समाजमा मिलेर बस्दा मात्र उसले आफ्नो सुरक्षा महसुस गर्छ । समाजको सहयोग, अप्ठ्यारो अवस्थामा गर्ने सहकार्य, चोरी, अपराध जस्ता विकृति नियन्त्रणमा समाजले प्रभावकारी भूमिका निर्वाह गर्ने हुँदा समाज निर्माणको महत्त्वपूर्ण आधार सुरक्षा हो ।

(ख) आवश्यकता परिपूर्ति : मानिसका आवश्यकता असीमित हुन्छन् । असीमित आवश्यकता पूरा गर्न व्यक्ति एक्लैबाट सम्भव हुँदैन । आफ्नो आवश्यकता पूर्तिका लागि समाजका सदस्यको सहयोग जरुरत पर्छ । विगतमा आवश्यकता पूर्तिका लागि व्यक्तिलाई समाजको खाँचो महसुस हुँदै गयो र समाज निर्माणको आधार बन्न पुग्यो । हाम्रा आवश्यकताको परिपूर्ति गर्न एक्लैले सम्भव हुँदैन । सामाजिक सहयोग, सहकार्य र एकताको माध्यमबाट यो सम्भव हुन्छ ।

(ग) सामूहिक कार्य : सामूहिक कार्य भनेको सबै मिलेर तोकिएका सामाजिक जिम्मेवारी पूरा गर्नु हो । सामूहिक कार्यले नै समाजमा एकता, सहयोग र सहकार्यलाई बढाबा दिन्छ । त्यसैले सामूहिक कार्य समाज विकासको आधार हो ।

(घ) जिम्मेवारी : समाज निर्माणको अर्को महत्त्वपूर्ण आधार जिम्मेवारी पनि हो । समाजका सबै सदस्यले आआफ्नो जिम्मेवारी पूरा गरेमा मात्र समाजको उद्देश्य प्राप्तिमा सहयोग पुग्छ ।

(ङ) सहयोग र सद्भाव : सहयोगबिना समाज अघि बढ्न सक्तैन । समाजका सदस्यले एक अर्काले सहयोग गर्ने, अप्ठ्यारामा पर्दा मदत गर्दा मात्र समाजमा सामाजिक सद्भाव वृद्धि

हुन्छ र समाजलाई एकताबद्ध गर्न सकिन्छ । त्यसैले सहयोग र सद्भावलाई पनि समाज निर्माणको आधारका रूपमा लिन सकिन्छ ।

(च) सामाजिक परम्परा र संस्कार : सामाजिक परम्परा र संस्कारले समाजलाई सही मार्गमा डोऱ्याउँछ । सामाजिक मूल्य मान्यता र संस्कारको अवलम्बनले अनुशासित, जिम्मेवार, इमान्दार र कर्मशील व्यक्ति बन्न प्रेरित गर्छ । त्यसैले समाज निर्माणको आधारको रूपमा सामाजिक परम्परा र संस्कारलाई लिन सकिन्छ ।

(छ) रूचि : समाज बन्न रुचिले पनि भूमिका खेल्छ । समान रुचि र स्वभाव भएका मानिस एकत्रित भई आफ्ना आवश्यकता र रुचिलाई सम्बोधन गर्न अग्रसर हुने गर्छन् । खेलाडीको समाजले खेलाडीका आवश्यकता, समस्या, चुनौतीको एकाकार भई छलफल गर्ने, माग राख्ने, दवाव सिर्जना गर्ने, क्षमता विकास गर्ने आदि गर्न सक्छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) समाज भनेको के हो ?

(ख) समाज र समुदायबिचको भिन्नतालाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ग) समाज विकासका आधारको सूची तयार पारी कुनै एक आधारको व्याख्या गर्नुहोस् ।

क्रियाकलाप १

तपाईं रहने समाजका सकारात्मक पक्ष खोजी गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

समाज विकासका आधारमध्ये कुन आधार बढी महत्त्वपूर्ण ठान्नुहुन्छ ? जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पाठ ३ समाजको उत्पत्ति र विकासक्रम

सहजकर्ता र विद्यार्थीबिच भएको छलफलको अंश पढ्नुहोस् र छलफल गर्नुहोस् :

समाजको उत्पत्ति र विकासक्रम सम्बन्धमा सम्पर्क कक्षामा सहजकर्ता र सहभागीबिच भएको छलफलको अंश तल प्रस्तुत गरिएको छ :

सहजकर्ता : आज हामी समाजको उत्पत्ति र विकासक्रमको सम्बन्धमा छलफल गर्छौं । यहाँहरूले आफूलाई लागेका जिज्ञासा र प्रश्न भए सोध्न सक्नुहुने छ ।

सन्ध्या : समाजको बारेमा सामान्य जानकारी हामीले अघिल्लो कक्षामा पनि छलफल गरिसकेका छौं ? मलाई लागेको जिज्ञासा चाहिँ सुरुआतमा समाजको विकास कसरी भयो होला भन्ने हो ?

सहजकर्ता : धेरै राम्रो जिज्ञासा राख्नुभयो । समाज विकास मानव विकासको सुरुवाती चरणबाट नै भएको हो । प्रारम्भिक अवस्थामा मानिस जङ्गलमा बस्थे । उनीहरू आफ्ना आवश्यकता जङ्गलबाट प्राप्त हुने प्राकृतिक स्रोतसाधनबाट पूरा गर्थे । पछि गएर उनीहरूले जङ्गली जनावरको सिकार गर्न थाले । उनीहरूले जङ्गलमा पाइने कन्दमूलको खोजी र उपयोग गर्न थाले । सिकार गर्ने क्रममा उनीहरू जङ्गली जनावरबाट असुरक्षित हुन थाले । जङ्गली जनावरबाट बच्न, आफ्ना आवश्यकता पूरा गर्न र एक अर्काको सहयोग आदानप्रदान गर्न उनीहरू समूहमा बस्न थाले । यसले गर्दा समाजको उत्पत्ति हुन गयो ।

विनिषा : समाज अहिलेको अवस्थासम्म आइपुग्न कसरी सम्भव भयो ?

सहजकर्ता : समाज अहिलेको अवस्थासम्म आइपुग्न विभिन्न चरण पार गर्नुपरेको थियो । सुरुमा मानिस जङ्गलमा नै बस्ने र जङ्गली जनावर मारेर खाने गर्थे । यो समाज विकासको प्रारम्भिक चरण थियो । पछि उनीहरू खेतीपाती गर्ने, धातुका भाँडाकुँडा प्रयोग गर्दै सहज जीवन जिउने चरणमा प्रवेश गरे जसलाई बर्बर युग वा मध्य चरण भनिन्छ । जुन चरण पनि पार गर्दै मानव समाज अहिलेको विकसित सभ्य चरणासम्म आइपुगेको हो ।



तारापति : यी तीनओटै चरणको नाम पनि त होला नि ?

सहजकर्ता : मैले अघि पनि भने त । उनीहरू सुरुमा प्रारम्भिक चरण वा जङ्गली वा ढुङ्गे युग अनि मध्य चरण वा बर्बर युग हुँदै अहिले आधुनिक चरण वा सभ्य युगमा प्रवेश गरिसकेका छन् त ।

तारापति : प्रारम्भिक चरणको बारेमा छोटोकरीमा बताइदिनुहोस् न सर ?

सहजकर्ता : समाज विकासको प्रारम्भिक चरणलाई जङ्गली युग वा ढुङ्गे युग पनि भनिन्छ । यस चरणमा मानिस जङ्गलमा बस्थे । उनीहरू खाना खोज्नका लागि जङ्गल जङ्गल डुल्दै हिँड्थे । खानाका लागि जनावरको सिकार गर्ने गर्थे । ढुङ्गा रगडेर आगो निकाल्न जानेपछि मानिसले जनावरको मासु पोलेर खान सुरु गरे । उनीहरूको दैनिकी अब सिकार खेल्ने, कन्दमूल, फलफूल सङ्कलन गर्ने, माछा मार्नेमा केन्द्रित हुन थाल्यो । शरीर ढाक्न र चिसोबाट जोगिन उनीहरू रुखका पात, बोक्रा, पशुका छाला आदिको प्रयोग गर्ने गर्थे । हतियारको रूपमा ढुङ्गा, जनावरको हड्डी, दाँत, धनुषकाँड, भाला आदि प्रयोग गर्थे ।

विनिषा : मानिस स्थायीरूपमा कहिलेदेखि बसोबास गर्न थाले ?

सहजकर्ता : मध्य चरणदेखि मानिस स्थायी रूपमा बसोबास गर्न थालेका हुन् । यही चरणमा पशुपालन र कृषि कार्यको पनि सुरुआत भयो । बल्छीको प्रयोग गरी माछा मार्ने र बाँसको चोयाबाट टोकरी बनाउने र कपडा बनाउने सुरुआत पनि यसै चरणमा भयो । उनीहरूले धातुको हतियार र माटाका भाँडाकुँडाको प्रयोग गर्न थाले । उनीहरूमा दैवी शक्तिको विश्वास बढ्दै गयो । पछि बिस्तारै जन्म, मृत्यु र विवाह संस्कारको सुरुआत भयो ।

सन्ध्या : आधुनिक चरणको बारेमा पनि बताइदिनुहोस् न ?

सहजकर्ता : आधुनिक चरणलाई सभ्य युग पनि भनिन्छ । यो युग सबैभन्दा विकसित युग हो । वर्तमान समाजलाई यस युगको उदाहरणको रूपमा लिन सकिन्छ । मानव सभ्यता र संस्कृतिको विकासको उच्च रूप यस चरणमा देख्न सकिन्छ । यस युगमा भाषा, साहित्य, सङ्गीत, कलाको विकास भएका छन् । यस युगमा सूचना तथा सञ्चार प्रविधि र वैज्ञानिक आविष्कारको तीव्र विकास भएको छ । त्यस्तै आधुनिक कृषि प्रणाली, उद्योग, व्यापारको विस्तारमा पनि तीव्र विकास भइरहेको छ । ल आजलाई यति गरौँ । अरू केही कुरामा अस्पष्टता भए अर्को दिन फेरि छलफल गरौँला ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्रारम्भिक चरणको मानव समाजका विशेषता उल्लेख गर्नुहोस् ।

(ख) बर्बर चरण र प्रारम्भिक चरणको फरक लेख्नुहोस् ।

(ग) सभ्य समाजका विशेषता उल्लेख गर्नुहोस् ।

(घ) समाज विकासका सकारात्मक पक्ष के के हुन् ?

समाज विकासका सकारात्मक पक्ष अध्ययन गरी तल लेखिएको जस्तै चार्ट बनाई पूरा गर्नुहोस्:

समाज विकास निरन्तर चलिरहने प्रक्रिया हो । यसले समाजलाई एकताबद्ध गरी सामूहिक हित र साझा उदेश्य प्राप्तिमा चासो राख्छ । समाज विकासको सकारात्मक पक्ष धेरै छन् । समाज विकासको कारण व्यक्तिमा सामूहिक सोच र भावनाको विकास भएको छ । आपसी सहयोग सहकार्य र सामूहिक सहभागिताको अभिवृद्धि समाज

विकासको मुख्य चासो हो । त्यस्तै धर्म र संस्कृतिको विकास र प्रवर्धन पनि समाज विकासको सकारात्मक पक्षको रूपमा लिन सकिन्छ । समाज विकासले नै विश्व आजको विज्ञान र प्रविधिको विकासमा प्रवेश गर्न सफल भएको हो ।

क्रियाकलाप १

तपाईं रहेको समाजका विशेषता अभिभावकलाई सोधी तलको तालिकामा भर्नुहोस् :

(१) .....

(२) .....

(३) .....

क्रियाकलाप २

मानौं बर्बर युगमा तपाईं जन्मिएको भए तपाईंको आफ्नो दैनिक जीवन कस्तो हुन्थ्यो होला ? कुनै एक दिनको दैनिकी समेटेर आफ्ना अनुभव लेख्नुहोस् :

.....

.....

.....

.....

पाठ ४ सामाजिकीकरण

तल दिइएको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

समाजमा रहेका मूल्य मान्यता, चालचलन, नीतिनियम बुझ्ने बुझाउने, सिक्ने सिकाउने र त्यसलाई व्यवहारमा अवलम्बन गर्ने प्रक्रियालाई सामाजिकीकरण भनिन्छ । व्यक्तिले अनुसरण, सल्लाह, सुझाब र भाषाका माध्यमबाट समाजका मूल्य मान्यता, व्यवहार, जीवनशैली, परम्परा, विचार तथा समाजमा हुने व्यवहार सिक्ने प्रक्रिया नै सामाजिकीकरण हो । मानिस परिवारमा जन्मन्छ र हुर्कन्छ । व्यक्तिले घरपरिवारबाटै भाषा सिक्छ । अरूलाई मानसम्मान गर्न सिक्छ । सामाजिक नीतिनियम पनि सिक्छ । एकअर्कामा सहयोग गर्न र सद्भाव राख्न सिक्छ ।

सामाजिकीकरणका लागि व्यक्तिलाई सहयोग गर्ने विभिन्न माध्यमहरूलाई प्रथम र द्वितीय गरी दुईभागमा विभाजन गरेर अध्ययन गर्दा बुझ्न सजिलो हुन्छ । घरपरिवार, साथीसमूह, छिमेकी, नातेदार आदिले सहयोग गर्छन । यसलाई सामाजिकीकरणको प्रथम माध्यम भनिन्छ । विद्यालय, विभिन्न सङ्घसंस्था, राजनीतिक दल, बैङ्क, धार्मिक तथा सांस्कृतिक स्थल आदि द्वितीय माध्यम हुन् ।

तल दिइएको संस्कृतिको सामाजिकीकरणको पक्ष अध्ययन गरी उनीमा भएका सामाजिकीकरणका गुणको सूची तयार पार्नुहोस् :

संस्कृति वैकल्पिक विद्यालयमा तह ३ मा अध्ययन गर्दै छिन् । उनी सहयोगी र मिलनसार छिन् । अनुशासन पालनामा अब्बल छिन् । विद्यालयमा सहजकर्ताले उनको असल, अनुसाशित र सहयोगी बानी व्यवहार, सबैसँग मिल्ने क्षमता देखेर उनको प्रशंसा गर्छन् । उनले समाजमा पनि असल व्यक्तिको रूपमा पहिचान बनाएकी छिन् । उनीमा यी सबै सामाजिकीकरण सिप, मूल्य मान्यताको विकासमा परिवारको भूमिका

महत्त्वपूर्ण छ । असल छिमेकीको सङ्गत र व्यवहारले पनि उनलाई सामाजिक नीति नियम, संस्कार र सामाजिक अभ्यास बुझ्न सहज भएको थियो । कतिपय बानी व्यवहार उनले आफ्ना आमा बा र दिदीबाट सिकेकी छिन् भने साथी पद्मा, मनिषाको सङ्गतले पनि उनलाई सामाजिक व्यवहार बुझ्न र सिक्न सहज बनाएको थियो । विद्यालयमा उनले धेरै सामाजिक संस्कार, मूल्य र सामाजिकीकरणका सिप सिकेकी थिइन । यसले उनलाई परिवार, विद्यालय र समाजमा असल व्यक्तिको रूपमा स्थापित हुन मदत गरेको छ ।

सामाजिकीकरणको महत्त्व

- व्यक्तिमा शील स्वभावको विकास, सामाजिक मूल्य मान्यता ग्रहण र सामाजिक व्यवहारमा सुधारका लागि मदत गर्छ ।
- व्यक्तिलाई समाजमा घुलमिल हुन र अन्तरक्रिया गर्न सहयोग पुऱ्याउँछ ।
- समाजका मूल्य मान्यता र संस्कार पुस्तान्तरण हुन्छ ।
- सामाजिक सम्बन्ध, सहयोग र सद्भाव वृद्धि गर्न मदत गर्छ ।
- प्रथा परम्परा, सामाजिक रीतिरिवाज र संस्कृतिलाई संरक्षण गर्न सचेत गराउँछ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सामाजिकीकरण भनेको के हो ?

(ख) सामाजिकीकरणको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) सामाजिकीकरणको प्राथमिक माध्यमहरू के के हुन् ?

(घ) सामाजिकीकरणको द्वितीय माध्यमको सूची तयार पार्नुहोस् ।

(ङ) घर परिवारलाई किन सामाजिकीकरणको प्राथमिक माध्यम भनिएको हो ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

(च) सामाजिकीकरणले तपाईंको जीवनमा के फाइदा पुगेको छ ? चर्चा गर्नुहोस् ।

क्रियाकलाप १

आफूमा भएको सामाजिकीकरणको व्यवहारको आफैँ मूल्याङ्कन गर्नुहोस् :

व्यवहार	गर्छु	गर्दिनँ
साथीहरूसँग मेलमिलाप र सहकार्य		
सामाजिक सद्भाव कायम		
चाडपर्व मिलेर मनाउने		
समाजमा घुलमिल हुने		
साथीलाई सहयोग गर्ने		
राम्रा संस्कारको पालना		
असल संस्कारको पालना		
आदर सम्मान र माया आदि व्यवहार प्रदर्शन		

क्रियाकलाप २

सामाजिकीकरणको माध्यम पहिचान गरी तलको तालिका पूरा गर्नुहोस् :

घरपरिवार, चलचित्र, सङ्घसंस्था, विद्यालय, साथीसँगी, पत्रपत्रिका, छिमेकी, धार्मिक सङ्घसंस्था, नातेदार, राजनीतिक दल, प्रवचन स्थल

प्राथमिक माध्यम	द्वितीय माध्यम

क्रियाकलाप ३

तपाईंको सामाजिकीकरणमा घर परिवार र नातेदारले पुऱ्याएको भूमिकालाई समेटी आफ्नो अभिभावकलाई धन्यवाद ज्ञापन गर्दै पत्र लेख्नुहोस् ।

पाठ ५ हाम्रा स्थानीय तह

स्थानीय तहसम्बन्धी विषयवस्तु र चार्ट अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

जनसङ्ख्या र निश्चित भौगोलिक अवस्थितिका आधारमा ग्रामीण क्षेत्रमा रहेका स्थानीय तहलाई गाउँपालिका भनिन्छ । गाउँपालिकामा गाउँसभा, गाउँकार्यपालिका र न्यायिक समिति रहने व्यवस्था छ ।

नेपालमा जनसङ्ख्या, निश्चित भौगोलिक अवस्थिति र सहरी विकासका पूर्वाधारका आधारमा स्थापना भएका स्थानीय तहलाई नगरपालिका भनिन्छ । नगरपालिकामा न्यूनतम ९ देखि ३५ ओटासम्म वडा हुन्छन् । नगरपालिकालाई जनसङ्ख्या, आयस्रोत र अन्य पूर्वाधारका आधारमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा विभाजन गरिएको छ । प्रत्येक नगरपालिकामा नगरसभा, नगरकार्यपालिका र न्यायिक समिति हुन्छन् । गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति स्थानीय तहको रूपमा रहने व्यवस्था नेपालको संविधानमा छ । नेपालमा गाउँपालिका र नगरपालिकाको सङ्ख्या ७५३ रहेका छन् ।

नेपालमा भएका गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको सङ्ख्या

गाउँपालिका सङ्ख्या	नगरपालिका सङ्ख्या	जिल्ला समन्वय समिति सङ्ख्या
४६०	२९३ (नगरपालिका–२७६, उपमहानगरपालिका–११, महानगरपालिका–६)	७७

गाउँसभा र नगरसभाको गठन

हरेक गाउँपालिकामा गाउँसभा र नगरपालिकामा नगरसभाको गठन हुन्छ । गाउँसभा र नगरसभाको गठन प्रक्रिया तल चार्टमा प्रस्तुत गरिएको छ :

(क) गाउँसभाको गठन



नगरसभाको गठन



गाउँ कार्यपालिका र नगर कार्यपालिकाको गठन प्रक्रिया

गाउँ कार्यपालिका	नगर कार्यपालिका
गाउँपालिकाका अध्यक्ष एक जना	नगरपालिकाका प्रमुख एक जना
गाउँपालिकाका उपाध्यक्ष एक जना	नगरपालिकाका उपप्रमुख एक जना
प्रत्येक वडाका वडासदस्य (जति वडा छन्, त्यही नै वडाध्यक्ष)	प्रत्येक वडाका वडासदस्य (जति वडा छन्, त्यही नै वडाध्यक्ष)
गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका महिला सदस्य चार जना	नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका महिला सदस्य पाँच जना
गाउँसभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुई जना	नगरसभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका तीन जना

गाउँपालिका र नगरपालिकाले प्रदान गर्ने सेवा

गाउँपालिकाबाट प्रदान गर्ने सेवा सुविधा	नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधा
(क) गाउँपालिकाले स्थानीय जनताका लागि आवश्यक पर्ने सेवाको व्यवस्था गर्ने ।	(क) स्थानीय सडक निर्माण र मर्मत गर्ने
(ख) स्थानीय स्तरका विकास आयोजना सञ्चालन गर्ने ।	(ख) स्थानीय स्तरका खानेपानी, जलविद्युत् र ऊर्जासम्बन्धी कार्य गर्ने
(ग) स्थानीय एफ.एम. सञ्चालन गर्ने ।	(ग) स्थानीय स्तरमा एफ.एम. सञ्चालन गर्ने
(घ) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने ।	(घ) तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन गर्ने
(ङ) विभिन्न प्रकारका कर सङ्कलन गर्ने ।	(ङ) सम्पत्ति कर, घरजग्गा रजिस्ट्रेसन, सवारी साधन कर जस्ता स्थानीय कर सङ्कलन गर्ने
(च) सहकारीको रेखदेख गर्ने ।	(च) मालपोत सङ्कलन गर्ने
(छ) आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, सामाजिक सुरक्षा र व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।	(छ) आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षासम्बन्धी कार्य गर्ने
	(ज) कृषि र पशुपालनसम्बन्धी सहयोग तथा परामर्श प्रदान गर्ने

जिल्ला समन्वय समितिको गठन प्रक्रिया

(क) जिल्ला सभाबाट निर्वाचित एक जना प्रमुख र एक जना उपप्रमुख

(ख) कम्तीमा तीन जना महिला सदस्य

(ग) कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सदस्य

(घ) नौ जनामा नबढ्ने गरी अन्य सदस्य पनि थप्न सकिने

तल दिइएको घटना अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

आज मनोज र रमा सम्पर्क कक्षाबाट फर्किँदै गर्दा जिल्ला समन्वय समितिका सदस्यसँग भेट भयो । उहाँले मनोज र रमाको बारेमा सोध्नुभयो । उनीहरूले आफू वैकल्पिक शिक्षाको तह ३ मा पढ्दै गरेको कुरा बताए । उनीहरूले जिल्ला समन्वय समितिका सदस्य भन्ने परिचय पाएपछि उहाँलाई जिल्ला समन्वय समिति के हो र यसले के के काम गर्छ भनी जिज्ञासा राखे । जिल्ला समन्वय समितिका सदस्य टीकारामले जिल्ला समन्वय समिति र यसका कार्य सम्बन्धमा बताउँदै जानुभयो ।

सुरुमा उहाँले जिल्ला समन्वय समिति पनि एउटा स्थानीय तह भएको कुरा बताउनुभयो । मनोज र रमाले स्थानीय तह भनेको गाउँपालिका र नगरपालिका मात्र हो भन्ने बुझेका रहेछन् । उनीहरूले अचम्म मान्दै स्थानीय तह भनेको गाउँपालिका र नगरपालिका मात्र होइन र भनेर जिज्ञासा राखे । सदस्यले उनीहरूलाई स्पष्ट पार्दै नेपालको संविधानले नै नेपालमा गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति गरी तीनओटा स्थानीय तह रहने व्यवस्था गरेको बताउनुभयो । उहाँले जिल्ला समन्वय समिति भनेको जिल्लामा हुने वा भइरहेका विकास र निर्माणका कार्यलाई समन्वय गर्न गठन भएको निकाय हो भनी उनीहरूको जिज्ञासालाई प्रस्ट पार्नुभयो । त्यसपछि उहाँले जिल्ला समन्वय समितिले गर्ने कार्य बताउनुभयो ।

यो समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्ने काम गर्छ । त्यस्तै यसले विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने काम पनि गर्छ भनी बताउनुभयो ।

सदस्यले यी काम भन्न नभ्याउँदै मनोजले यतिमात्र हो कि अरू काम पनि गर्छ भनी प्रश्न गरे । उहाँले थप स्पष्ट पार्दै यसले जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्ने काम पनि गर्छ भनी बताउनुभयो । त्यस्तै कानुनबमोजिम अन्य कार्य पनि यस समितिले गर्ने बताउनुभयो । यति कुराकानी गर्दा गर्दै उनीहरू छुट्टिने ठाउँ आइपुग्यो । तीनै जना एकअर्कालाई बिदाइका हात हल्लाउँदै आफ्नो गन्तव्यतिर लागे ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जिल्ला समन्वय समिति कस्तो निकाय हो ?

(ख) जिल्ला समन्वय समितिका कार्य लेख्नुहोस् ।

कुनै पालिकामा भएका विकासात्मक कार्यसम्बन्धी समूह कार्य अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सिकारुलाई दुई समूहमा विभाजन गरी आफ्नो गाउँपालिकामा भएका विकासका कार्यको सूची बनाउन भनिएकोमा सिकारुले दुई समूहमा बाँडिएर एउटा समूहले गाउँपालिकामा भएका भौतिक विकासका कार्य र अर्को समूहले गाउँपालिकाले नागरिकलाई उपलब्ध गराएको सुशासन र सेवासँग सम्बन्धित विकासका कार्यलाई प्रस्तुत गरेका छन् :

समूह क

हाम्रो गल्छी गाउँपालिकामा हालसालै भएका वा हुँदै गरेका विकासका कार्यलाई समेटेर हामीले यो विवरण तयार पारेका छौँ । जुन निम्नानुसार छ :

(क) हरेक वडालाई जोड्ने गरी सडक निर्माण भएको

(ख) गाउँपालिका कार्यालय निर्माणको क्रममा रहेको

(ग) हाम्रो गाउँ नजिकै रहेको सामुदायिक वनमा तारबार लगाइएको

(घ) नजिकैको कालिखोलामा लघु जलविद्युत् आयोजना सञ्चालन गरिएको

(ङ) कोसी खोला नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गरिएको

(च) गाउँको नाङ्गा पाखामा वृक्षारोपण गरिएको

(छ) गाउँमा सामुदायिक पुस्तकालय स्थापना गरिएको

समूह ख

हाम्रो समूहले गल्छी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा यो विवरण तयार पारेका छौँ । जुन निम्नानुसार छ :

(क) सामाजिक सुरक्षा भत्ता गाउँमा गएर वितरण गर्ने गरिएको

(ख) घुम्ती स्वास्थ्य शिविर सञ्चालन भएको

(ग) समुदायमा नै गएर खोप सेवा उपलब्ध गराइएको

(घ) नागरिकका कामलाई व्यवस्थित र छिटोछरितो रूपमा सम्पादन गर्न नागरिक वडापत्रको व्यवस्था गरिएको

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपालमा कतिओटा स्थानीय तह रहेका छन् ?

(ख) तपाईंको स्थानीय तहको गठन प्रक्रिया चार्टमा देखाउनुहोस् ।

(ग) तपाईंको स्थानीय तहमा सञ्चालित विकासका कार्यको सूची तयार पार्नुहोस् ।

(घ) गाउँ कार्यपालिका र नगर कार्यपालिकाको गठन प्रक्रिया बिचको समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

तल दिइएको जिल्लाको विकासको सम्भाव्यताको अवस्था अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

बागमती प्रदेशमा अवस्थित रसुवा जिल्ला विकासको उच्च सम्भावना भएको जिल्ला हो । हिमाली भूभाग बढी भए पनि यस जिल्लामा जलविद्युत्, उद्योग, जडीबुटी, पर्यटनलगायतका क्षेत्रमा विकासका सम्भावना रहेका छन् । लाङ्टाङ पदमार्ग, रसुवागढी, पार्वतीकुण्ड, गोसाइँकुण्ड, क्यान्जेन उपत्यका यहाँका प्रमुख पर्यटकीय आकर्षण हुन् । यी क्षेत्रमा पर्यटन उद्योगको सम्भावना रहेको छ । चिलिमे, रसुवा गढी, सान्जेन, त्रिशूली ए आदि जलविद्युत् आयोजना यहाँ रहेका छन् । जसबाट धेरै बिजुली उत्पादन गर्न सकिन्छ । गल्छी त्रिशूली स्याफ्रु रसुवागढी सडक यही जिल्ला भएर जाने र अन्तर्राष्ट्रिय नाका समेत यही पर्ने हुँदा अन्तर्राष्ट्रिय व्यापारको उच्च सम्भावना

रहेको छ । यो जिल्ला हिमाली जिल्ला भएकाले यहाँ जडीबुडी प्रशस्त पाइन्छ । यसलाई व्यवस्थित तरिकाले खोजी गरी प्रयोगमा ल्याउन सकिन्छ । यहाँका सबै पालिकाका अधिकांश वडामा सडक यातायात पुगेको छ । यसले त्यहाँको उत्पादनले बजार पाउने सम्भावना बढेको छ । लाङ्टाङ राष्ट्रिय निकुञ्ज पनि यसै जिल्लामा पर्ने हुँदा यहाँ वातावरण र जीवजन्तु संरक्षण तथा जलाधार क्षेत्रको सुरक्षामा सबैको चासो वृद्धि हुँदै गएको छ ।

प्रश्नहरू

(क) तपाईंको जिल्लामा विकासका सम्भावना के के छन् ? खोजी गरी लेख्नुहोस् ।

(ख) आफ्नो जिल्लामा हाल भएका सिँचाइ, पर्यटन, जडीबुटी, खानेपानी, सडक विस्तार कार्यक्रमबारे लेख्नुहोस् ।

(ग) तपाईंको जिल्लामा भएका पर्यटकीय क्षेत्रको सूची तयार पारी ती क्षेत्रको विकासले त्यहाँका जनतामा के कस्ता अवसर प्रदान गर्ने देख्नुहुन्छ ? छलफल गर्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) समान उद्देश्य प्राप्तिका लागि क्रियाशील मानिसहरूको समूह .....हो। (समाज, समुदाय)

(ख) निश्चित स्थानमा फैलिएर बसेका मानिसहरूको समूहलाई .....भनिन्छ। (समाज, समुदाय)

(ग) .....ले नै समाजमा एकता, सहयोग र सहकार्यलाई बढवा दिन्छ । (सामूहिक कार्य, आवश्यकता)

(घ) नेपालमा .....ओटा स्थानीय तह रहेका छन् । (७५३, ८५३)

(ङ) समाजमा रहेका मूल्य मान्यता, चालचलन, नीतिनियम बुझ्ने बुझाउने, सिक्ने सिकाउने र त्यसलाई व्यवहारमा अवलम्बन गर्ने प्रक्रियालाई .....भनिन्छ । (सामाजिकीकरण, सहयोग)

(च) समाज विकासको प्रारम्भिक चरणलाई .....पनि भनिन्छ ।
(ढुङ्गे युग, बर्बर युग)

(छ) नेपालको संविधानले नै नेपालमा गाउँपालिका, नगरपालिका र ..... गरी तीनओटा स्थानीय तह रहने व्यवस्था गरेको छ ।
(जिल्ला समन्वय समिति, महानगरपालिका)

(ज) नगरपालिकामा न्यूनतम ९ देखि ..... ओटासम्म वडा हुन्छन् । (३५, ४०)

(झ) व्यक्तिलाई समाजमा घुलमिल हुन र अन्तरक्रिया गर्न ..... ले सहयोग पुऱ्याउँछ । (सामाजिकीकरण, समानुभूति)

(ञ) समाज विकासले नै आजको विश्व ..... को विकासमा प्रवेश गर्न सफल भएको हो । (विज्ञान र प्रविधि, विश्वव्यापीकरण)

(ट) घरपरिवार, साथीसमूह, छिमेकी, नातेदार आदि सामाजिकीकरणका ..... माध्यम हुन् । (प्रथम, द्वितीय)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) समाज र समुदायकोबिचमा समानता र भिन्नता लेख्नुहोस् ।

(ख) समाज निर्माणका आधारहरूको सूची बनाई कुनै दुईको व्याख्या गर्नुहोस् ।

(ग) समाज विकासका विभिन्न चरणको सम्बन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(घ) तपाईंको पालिकामा भएका विकासात्मक कार्य खोजी गरी लेख्नुहोस् ।

(ङ) सामाजिकीकरण भन्नाले के बुझिन्छ ? यसको महत्त्वको सूची बनाउनुहोस् ।

(छ) तपाईं बसोबास गरेको गाउँपालिका/नगरपालिकाको गठन कसरी भएको सोधखोज गरी लेख्नुहोस् ।

एकाइ २ : हाम्रो मानव मूल्य मान्यता

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- अनुशासन र सामाजिक व्यवहारको पालना गर्न
- मानवमूल्य आत्मसात् गरी मानव सेवाको भावना जागृत गर्न
- विभिन्न प्रकारका चाडपर्व र धार्मिक संस्कारको महत्त्व बोध गर्न र सम्मान गर्न
- हाम्रा सांस्कृतिक रीतिरिवाजको खोजी र संरक्षण गर्न
- विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा स्थलको पहिचान गरी यसको महत्त्व र संरक्षणका उपाय बताउन
- राष्ट्रिय गौरवका आधारको पहिचान गरी सोअनुरूप आचरण गर्न
- चरित्र निर्माणमा बालक्लबको भूमिका खोजी गर्न र सहभागी हुन

पाठ १ अनुशासन

अनुशासनसम्बन्धी संवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

आज सम्पर्क कक्षामा अनुशासन सम्बन्धमा सहजकर्ता र सिकारुबिच कुराकानी भइरहेको छ । सुरुमा सहजकर्ताले सिकारुलाई अनुशासन भनेको के हो ? कसले भन्न सक्नुहुन्छ भनी सिकारुको विचार सङ्कलन गर्नुभयो र उनीहरूबाट आएका विचारलाई समेत समेटी निम्नानुसारको परिभाषा दिनुभयो :

"निश्चित नियममा रहेर गरिने व्यवहार अनुशासन हो । सोच विचार गरेर बोल्नु, अरूलाई संयमित र मर्यादित आचरण गर्नु, सेवा र सहयोगी व्यवहार प्रदर्शन गर्नु अनुशासन हो ।"

सहजकर्ताले अनुशासनको परिभाषा दिइसकेपछि सिकारु रजनीले प्रश्न गर्नुभयो ।

रजनी : अनुशासनमा के के पर्छन् त मिस ?

सहजकर्ता : अनुशासनमा मर्यादित व्यवहार देखाउनु, सत्य बोल्नु, असल कार्य गर्नु, सभ्य र मर्यादित आचरण पालना गर्नु आदि पर्छन् । यिनलाई अनुशासनका विविध पक्षको रूपमा लिने गरिन्छ ।

त्यसपछि पालैपालो शर्मिला, हेमन्त र जानकीले प्रश्न सोध्नुभयो ।

शर्मिला : हजुरले मर्यादित व्यवहार अनुशासनको एउटा पक्ष हो भन्नुभयो । तर मैले त मर्यादित व्यवहार भनेको नै बुझेको छैन ? यसमा कुन कुन व्यवहार पर्छन् ? सो पनि बुझाइदिनु न ।

सहजकर्ता : अरूलाई होच्याउने, हेप्ने नगरी सम्मान र इज्जतका साथ अरूलाई गरिने व्यवहारलाई मर्यादित व्यवहार भनिन्छ । मर्यादित व्यवहारमा निश्चित नियमको पालना गर्ने गरिन्छ । मर्यादित व्यवहारले आफूलाई अनुशासनमा रहन मदत गर्छ । अरूको व्यवहार पनि सम्मानित र अनुकरणीय हुन्छ । त्यसैले हामीले मर्यादित र अनुशासित हुन सिक्नुपर्छ ।

हेमन्त : सत्य कुरा बोल्नु पनि अनुशासनमा पर्छ नि, होइन र मिस ?

सहजकर्ता : हेमन्तले कति राम्रो कुरा गर्नु भयो । हो नि सत्य बोल्नु पनि अनुशासन हो । वास्तविक कुरा बोल्ने र त्यसलाई सधैँ व्यवहारमा प्रदर्शन गर्नु सत्य निष्ठा

हो । हामीले नभएको कुरा बनाएर भन्नु, नगरेको काम गरेँ भनेर भन्नु, आफूले गरे वा नगरेको भन्दा फरक कुरा गर्नु हुँदैन । यस्ता बानी व्यवहारमा सत्यनिष्ठा झल्कँदैन । झुट बोल्ने प्रवृत्ति पनि राम्रो होइन । सत्य बोल्ने मानिसलाई सबैले मन पराउँछन् तर झुट बोल्ने मानिसलाई कसैले पनि मन पराउँदैनन् । त्यसैले हामीले सधैँ सत्य बोल्नुपर्छ ।

जानकी : हामीले साथीलाई अप्ठ्यारो पर्दा सहयोग गरिरहेका हुन्छौँ । आपत् विपत्मा पनि सहयोग गर्नु राम्रो मानिन्छ । के सहयोग पनि अनुशासनमा नै पर्छ त मिस ?

सहजकर्ता : जानकीले असल सोच राख्नुभएको छ । हामीले अरूलाई सेवा गर्नुपर्छ । सहयोग गर्नुपर्छ र परेको बेला मिलेर काम गर्नुपर्छ । गरिब, दुःखी, आपत् विपत्मा परेको बेला अरूलाई सहयोग गर्नुपर्छ । हामीलाई पर्दा अरुले पनि हामीलाई सहयोग गर्छन् । सबैको भलो गर्नु, समस्यामा परेकालाई सहयोग गर्नु र मिलेर काम गर्नु सत्कार्य हो । यो पनि अनुशासनभित्रै पर्छ ।

यस सम्बन्धमा एउटा रमाइलो कथा म सुनाउँछु है त । एउटा गाउँमा एक जना धनी मानिस बस्थे । उनका चार जना छोरा र काम गर्ने थुप्रै मानिस थिए । उनको ठुलो पसल पनि थियो । उनी छरछिमेकीकहाँ कहिल्यै जाँदैनथे । मर्दापर्दा काम गर्ने मान्छेलाई पठाउँथे । एकदिन उनकी श्रीमती अचानक बिरामी भइन् र मृत्यु भयो । मृत्युको खबर चारैतिर फैलियो तर कोही छिमेकी पनि उनको घरमा आएनन् । उनलाई धन सम्पत्तिको घमन्ड थियो । पैसा भएपछि सबै थोक हुन्छ भन्ने ठान्थे । तर यो घटनाले उनलाई ठुलो पीडा दियो । उनले छिमेकीको घरघरमा गएर माफ माग्दै सहयोगको अनुरोध गरे । त्यसपछि मात्र छिमेकी आएर उनलाई सहयोग गरे । आफूले अरूलाई अप्ठ्यारो पर्दा, आपत्विपत् पर्दा सहयोग गर्न थाले ।

हामीले अरूलाई सहयोग गर्नुपर्छ । अरूलाई सहयोग गर्‍यौँ भने हामीले अरूबाट पनि सहयोग पाउँछौँ । सहयोग र सहकार्यले आपसी सम्बन्ध विस्तार हुन्छ । समाजमा एकता कायम हुन्छ । समस्या परेको बेला सहयोग पाइन्छ । सामाजिक गतिविधि मिलेर गर्न सकिन्छ । सत्यकार्यले अरूप्रतिको हाम्रो कर्तव्य पूरा गर्न सकिन्छ ।

सलिम : संयमित र सभ्य आचरण पनि अनुशासन हो नि । यस सम्बन्धमा पनि मिसले हामीलाई बुझाइदिनुहुन्छ कि ?

सहजकर्ता : कुनै काम राम्रो गरी बुझेर धैर्यसाथ गर्नु संयमता हो । सभ्य भन्नाले समाजका लागि योग्य, शिष्ट भन्ने बुझिन्छ । हामीले अरूप्रति व्यवहार गर्दा शिष्ट र अनुशासित भएर गर्नुपर्छ । कुनै काम गर्दा संयमित भएर गर्नुपर्छ । त्यस्तो काम गर्दा के फाइदा र के हानि हुन्छ, ख्याल गर्नुपर्छ । हामीलाई मम, चाउमिन, रोस्ट गरेका, चिल्ला र मसला प्रयोग गरेका खाना खान मन पर्छ । ती खानाले स्वास्थ्यलाई फाइदा पुऱ्याउँदैनन् । हामीले खाने खानेकुरा स्वास्थ्यलाई हानि नपुऱ्याउने खालको हुनुपर्छ । बाहिरका मन पर्ने खाना खाने बानीले हाम्रो स्वास्थ्यलाई नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले घरमा बनेका, उसिनेका, स्वास्थ्यलाई फाइदा गर्ने खानेकुरा खानुपर्छ । अरूका कुरा सुन्ने बानी बसाल्नुपर्छ । आफूभन्दा मान्यजनले भनेका कुरालाई सुन्नुपर्छ । यसले परिवार र समाजमा शान्ति कायम हुन्छ । यसै गरी कुनै पनि काम धैर्यका साथ गर्नुपर्छ । मद्यपान, धूमपान आदिले हामीलाई हानि पुऱ्याउँछ । त्यस्ता पदार्थको उपयोगबाट टाढै बस्नुपर्छ ।

अनुशासनले हामीलाई कामप्रति सम्मान, आफूभन्दा ठुलाको आदर भाव, अरूप्रतिको विश्वास वृद्धि गर्छ । यसले सभ्य नागरिक बनाउन सघाउँछ ।

सलिम : मिसले हामीलाई आत्म अनुशासन सम्बन्धमा स्पष्ट हुने गरी धेरै जानकारी दिनुभयो । मिसलाई हामी सबैको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

सहजकर्ता : मैले जानेका कुरा यहाँहरूसमक्ष राख्ने अवसर पाएँ । यहाँहरूका जिज्ञासालाई समेत स्पष्ट पार्ने मौका पाए । यहाँहरूलाई पनि मेरो तर्फबाट धेरै धन्यवाद ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अनुशासन भनेको के हो ?

(ख) अनुशासनका विविध पक्षको सूची बनाउनुहोस् ।

(ग) मर्यादित व्यवहारमा कुन कुन व्यवहार पर्छन् ?

(घ) तपाईंलाई धनी मानिसको व्यवहार कस्तो लाग्यो र किन ?

(ङ) सत्य बोल्नाले हामीलाई के के फाइदा हुन्छ ?

(च) तपाईंले कक्षामा अनुशासित भएर बस्नुभएन भने के बेफाइदा हुन्छ ?

(छ) स्वास्थ्य रक्षा गर्ने र स्वास्थ्यलाई हानि पुऱ्याउने खानेकुराको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

नियमको पालना गर्दा हुने फाइदा र नगर्दा हुने बेफाइदा साथीहरूसँग छलफल गरेर लेख्नुहोस् ।

क्रियाकलाप २

साँचो बोल्नु, असल बानी हो भन्ने विषयमा आफ्ना विचार बुँदागत रूपमा लेख्नुहोस् ।

क्रियाकलाप ३

आफ्नो मूल्याङ्कन आफै गरौं :

क्रियाकलाप	गर्छु	गर्दिनँ
(क) म सधैँ सत्य बोल्ने		
(ख) म आफ्नो काम निष्ठाका साथ गर्ने		
(ग) म बोली र व्यवहारमा संयमित हुने		
(घ) म अरूलाई हेप्ने होच्याउने		
(ङ) म आफ्नो काम समयमै पूरा		
(च) म अरूलाई इज्जत		

सही कथनमा ठिक (✓) र गलत कथनमा बेठिक (✗) चिह्न लगाउनुहोस् :

- अनुशासित हुनु भनेको आफूलाई असल बानी र व्यवहारको अभ्यासमा संलग्न गराउनु हो ।
- सत्य बोल्ने मानिसलाई धेरैले मन पराउँदैनन् ।
- स्वास्थ्य रक्षा गर्ने खाना घरमा बनाउन सकिँदैन ।
- धैर्य गर्नु भनेको साँचो बोल्नु हो ।
- अनुशासन भनेको अरूलाई अनुशासनको पाठ सिकाउनु हो ।
- सत्कर्मले असल सामाजिक आदर्श पतन गराउँछ ।
- समयको पालना गर्नु भनेको समय खेर फाल्नु हो ।

सामुदायिक कार्य

तपाईंको समुदायमा मर्यादित व्यवहार गर्ने गरेनगरेको समुदायका अग्रजसँग सोधपुछ गर्नुहोस् वा आफैँले पनि अवलोकन गर्नुहोस् र प्राप्त विवरणको आधारमा प्रतिवेदन लेख्नुहोस् ।

पाठ २ सामाजिक व्यवहार

गीत गाऔँ र गीतमा उल्लिखित सामाजिक व्यवहार पहिचान गरौँ :

तपाईँ हामीले समाजमा गर्ने
सामाजिक व्यवहार सबैलाई मन पर्ने
(नाता आफन्त)२, निरन्तर भेटघाटले बढ्छ सम्बन्ध
हे नाता आफन्त, निरन्तर भेटघाटले बढ्छ सम्बन्ध
समाजमा मिलेर बस्नलाई
भेटघाट बढाऔँ, सम्बन्ध कस्नलाई
(मजबुत एकता)२ कायम गर्नलाई लाग्छु है म ता
हे मजबुत एकता, कायम गर्नलाई लाग्छु है म ता
एकअर्कामा घुलमिल गरेर,
सहयोग गरौँ प्रेमभाव भरेर
(घुलमिल गरौँ ल)२ सामाजिक व्यवहार सबले गर्नु छ
हे घुलमिल गरौँ ल, सामाजिक व्यवहार सबले गर्नु छ
आफ्ना अनुभव सुनाऔँ है अरूलाई
अरूका नि अनुभव सुन्नलाई
(तयार हुनु छ) २ अनुभव बाँड्दा त मन माझिन्छ ल
हे तयार हुनु छ, अनुभव बाँड्दा त मन माझिन्छ ल
व्यक्तिभन्दा समूहलाई मान्यता
बढाउनु छ सामूहिक एकता
(सामूहिक भावना) २, यस्तो सोच राख्नेलाई शुभकामना
समुदायमा सरसफाइ गरौँ न
सामाजिक काम मिलेर गरौँ ल
(सामूहिक काम) २, गरेर हामीले कमाउनु छ नाम

असल सामाजिक व्यवहार

मिरुना काकीले समुदायमा एक प्रतिष्ठित सामाजिक अभियन्ताको रूपमा आफ्नो पहिचान बनाउनु भएको छ । समुदायमा हुने सामाजिक काममा उहाँ सधैँ सक्रिय रहनुहुन्छ । समाजमा घरेलु हिंसा हुँदा त्यस सम्बन्धमा बोल्ने पहिलो व्यक्ति उहाँ नै हुनुहुन्छ । समाजमा हुने जुवातास र मादक पदार्थ नियन्त्रण अभियानको उहाँ संयोजक नै हुनुहुन्छ । कोही बिरामी पर्दा, कसैलाई कुनै समस्या पर्दा सबैभन्दा पहिला सो ठाउँ वा व्यक्तिकहाँ मिरुना काकी नै पुग्नुहुन्छ । सबैसँग घुलमिल हुने र साथी बनाउन सक्ने उहाँको गुण छ । सबैसँग मिल्न सक्ने बानीले उहाँका शुभचिन्तक र प्रशंसक पनि धेरै छन् ।

मिरुना काकी आफ्ना साथी, आफन्त र नातेदारसँग समय मिलाएर भेट्ने, सँगै बस्ने, भेटेर सँगै चिया नास्ता गर्ने, दुःख सुखका कुराकानी गर्ने, समाज सुधारका पक्षमा बहस गर्ने, विकास र समृद्धिका पक्षमा वकालत गर्नुहुन्छ । उहाँको समाज सेवाको भावना र क्रियाशीलता देखेर उहाँलाई समाजको आदर्श मान्ने पनि धेरै छन् ।

सामूहिक सोचका साथ अगाडि बढ्न समाजका युवालाई विभिन्न सामाजिक सङ्घसंस्थामा क्रियाशील हुन उत्प्रेरित गरेका छन् । सामूहिक भावना र सोचबाट सहकार्य र सामूहिकताको अभ्यास हुने, समाजको भलाइका लागि चिन्तन गर्ने बानीको विकास हुने मिरुना काकी बताउनुहुन्छ ।

प्रश्न

(क) मिरुनामा के कस्ता सामाजिक व्यवहार पाउनुभयो ? सूची तयार पार्नुहोस् ।

(ख) मिरुनामा भएका सामाजिक व्यवहारमध्ये तपाईंलाई कुन व्यवहार सबैभन्दा बढी मन पर्‍यो ? किन ?

गीतको आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

(क) हामीले आफन्तसँग निरन्तर भेटघाट गर्दा के के फाइदा हुन्छ ?

(ख) एकअर्कामा अनुभव साटसाट गर्नुलाई राम्रो बानी किन भनिएको होला ?

(ग) सामूहिक भावना समाजको हितका लागि राम्रो मानिन्छ । किन ?

(घ) सामाजिक काम किन मिलेर गर्नुपर्छ ?

(ङ) एकअर्कामा छिट्टै घुलमिल हुँदा के फाइदा हुन्छ ?

क्रियाकलाप १

सामूहिक भावना कसरी विकास गर्न सकिन्छ ? आफ्नो साथीसँग छलफल गरी निचोड प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

तपाईं कुन कुन सामाजिक काममा संलग्न हुनुभएको छ, त्यो काममा संलग्न हुँदाका आफूमा परेको प्रभाव तलको तालिकामा भर्नुहोस् :

सामाजिक काम	आफूमा परेको प्रभाव
टोल सफाइ कार्यक्रम	मिलेर काम गर्नुपर्ने, सरसफाइ निरन्तर गर्नुपर्ने

पाठ ३ हाम्रो मानव मूल्य र सेवा

तल दिइएको प्रवचन अध्ययन गरी सोधीएका प्रश्नको उत्तर दिनुहोस् :

गत हप्ता समुदायको सामुदायिक भवनमा मानवमूल्य सम्बन्धमा प्रवचन कार्यक्रम सञ्चालन भएको थियो । प्रवचनमा मानव मूल्य सेवा आश्रमका गुरु शेखरानन्दले मानव मूल्य र सेवा सम्बन्धमा प्रवचन दिनुभएको थियो । उहाँका प्रवचनका केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

मानव मूल्य मानव हित र भलाइका लागि मानिसले आत्मसात गर्ने असल सोच र व्यवहार हो । अरूप्रति दयाभाव राख्नु, इमानदार बन्नु, परोपकारी हुनु, निष्ठापूर्वक आफ्नो कर्तव्यमा लाग्नु, अरूको भलो चिताउनु, अरूलाई सहयोग गर्नु आदि मानव मूल्यका उदाहरण हुन् ।

म यहाँहरूलाई मानवमूल्यका केही पक्ष र यसले मानव समाजलाई कसरी लाभ पुऱ्याउँछ भन्ने सन्दर्भमा केही भन्दै छु । मेरो प्रस्तुतिपछि यहाँहरूको जिज्ञासा पनि समाधान हुने अपेक्षा गरेको छु ।

हामीले सबै व्यक्तिप्रति सकारात्मक भावना राखी एकअर्काको हितका कार्य गर्नु आपसी सद्भाव हो । आपसी सद्भावले समाजमा शान्ति, एकता, माया, प्रेम, विश्वास र सहकार्यको वातावरण सिर्जना गर्छ । यसका लागि सबैले सधैँ सद्भावपूर्ण व्यवहार गर्नुपर्छ । कसैप्रति भेदभाव नगरी सबैप्रति समभाव राखेर व्यवहार गर्न सकेमा आपसी सद्भाव विकास हुन्छ ।

सहयोग एक व्यक्तिले अर्को व्यक्तिलाई गर्ने बिनास्वार्थको मदत हो । कसैले समस्या पर्दा वा अप्ठ्यारो पर्दा उसका अप्ठ्यारालाई सहज बनाउनु सहयोग हो । हरेक व्यक्तिलाई सहज रूपमा जीवन जिउनका लागि अर्को व्यक्तिको सहयोग आवश्यक हुन्छ । आपसी सहयोगबाट मानवले आफ्ना आवश्यकता पूरा गर्न सक्छन् । समाजमा मेलमिलाप र सद्भाव विकास गर्न सहयोग आदान प्रदान महत्त्वपूर्ण मानिन्छ । हामीले अरूबाट सहयोग लिने मात्र होइन अरूलाई आवश्यक परेको बेलामा सहयोग पनि गर्नुपर्छ । सहयोगी भावनाले हामीलाई एकआपसमा मेलमिलाप गराउँछ । यसले सामाजिक सद्भाव वृद्धि गराउँछ । मानवको महत्त्वपूर्ण गुण उसमा विद्यमान सेवाभाव पनि हो । निः स्वार्थ सेवाले सेवा लिने व्यक्तिका आवश्यकता पूरा गर्न र अप्ठ्यारा फुकाउन मदत पुग्छ । सेवा गर्ने व्यक्तिलाई आत्म सन्तुष्टि प्राप्त हुन्छ ।

प्रवचनकै क्रममा श्रोतामध्ये एक जनाले मानव मूल्यमा इमानदारी पनि महत्त्वपूर्ण गुण हो नि

होइन र ? भनी प्रश्न सोध्नुभयो । त्यही सन्दर्भलाई गुरुले यसरी प्रस्ट्याउनुभयो ।

हो, इमानदारी पनि मानव मूल्यको महत्त्वपूर्ण पक्ष हो । इमानदारी भनेको तोकिएको जिम्मेवारी समयमा पूरा गर्ने कार्य संस्कृति हो । कर्तव्यनिष्ठ र विश्वासिलो व्यक्तिले इमानदारीपूर्वक कार्य पूरा गर्छन् । यो व्यक्तिको व्यक्तिगत र सामाजिक सम्पत्ति पनि हो । आफ्नो कर्तव्यलाई सर्वोपरि ठानेर तोकिएको जिम्मेवारी बहन गर्ने व्यक्ति नै इमानदार व्यक्ति हो । इमानदारी व्यवहारले व्यक्तिलाई सबैको प्रिय बनाउँछ । इमानदार बन्न अनुशासित एवम् मर्यादित भई आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ ।

संसारका सबै व्यक्तिप्रति दाजुभाइ, दिदिबहिनीजस्तै व्यवहार गर्नु भाइचारा हो । यस्तो व्यवहारले समाजलाई एकताबद्ध बनाउँछ समाजमा शान्ति, समानता र भ्रातृत्त्वको भावना विकास गराउँछ ।

भाइचारा मात्र होइन, हामी निष्पक्ष पनि हुनुपर्छ । यो असल मानवीय व्यवहार हो । उत्तम प्रकृतिको मानव मूल्य पनि हो । निष्पक्षता भनेको पक्षपातरहित व्यवहार हो । जात, धर्म, लिङ्ग, नाता, क्षेत्र, उमेर, वर्ग पेसा, रङ आदि आधारमा बिनाभेदभाव व्यक्ति र समुदायप्रति गरिने व्यवहार नै निष्पक्षता हो । निष्पक्ष व्यवहारबाट योग्यता र क्षमताको उचित कदर हुने हुँदा स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुन्छ । यसो हुँदा समाजमा शान्ति र सद्भावको विकास भई सामाजिक एकता दरिलो बन्छ ।

कार्यक्रममा एक जना महिलाले सहिष्णु व्यवहार बिना मानव मूल्यले कसरी पूर्णता पाउन सक्छ । त्यसैले मानव मूल्यमा सहिष्णुता महत्त्वपूर्ण हुन्छ जस्तो लाग्छ मलाई त ? भनी प्रश्न गर्नुभयो ।

उहाँको विचारमा सहमत हुँदै गुरुले भन्नुभयो ।

हो, यो महत्त्वपूर्ण मानव व्यवहार हो, अनि मानव मूल्य पनि हो । अरूको अस्तित्वलाई स्विकार्ने र सबैप्रति समान व्यवहार गर्ने कार्य सहिष्णुता हो । अरू भाषा, धर्म, विचार, संस्कार आदिलाई स्विकार्नु र आफूले पनि ती विचार, धर्म र भाषाप्रति सम्मान र सहभागिता प्रदर्शन गर्नु सहिष्णुता हो । हामी नेपाली सहिष्णुतामा धनी छौँ । आपसी विश्वास आर्जन गर्न पनि सहिष्णु व्यवहार अपरिहार्य हुन्छ । यसबाट समझदारी र सहअस्तिवको भावना विकास हुन्छ । पारस्परिक मेलमिलाप र सहअस्तिवबाट नै सहिष्णुता कायम हुन्छ । यसले समाजमा शान्ति र सद्भावको विकास गर्न मदत गर्छ ।

तपाईँ हामीले बिर्सनै नहुने र गर्न छुटाउन नहुने मानव मूल्य जिम्मेवारी पनि हो । आफ्नो

जिम्मेवारी समयमा पूरा गर्नु, सम्पूर्ण प्राप्तिको रक्षा गर्नु, पर्यावरण संरक्षणमा सक्रियता देखाउनु पनि मानव मूल्य हो । जिम्मेवारीले व्यक्तिलाई दायित्व बोध गराउँछ । हामीले प्रकृतिमा रहेका सबै जीवजन्तु र संरचनाप्रति जिम्मेवार भएर व्यवहार गर्नुपर्छ । आफ्नो आवश्यकता, इच्छा, चाहना पूरा गर्दा अरूलाई हानि नोक्सानी पुऱ्याउनु हुँदैन । जिम्मेवार भएर गरिएको कामले सफलता दिलाउँछ । यसबाट व्यक्तिमा सन्तुष्टि र स्वाभिमानको भावना विकास हुन्छ ।

व्यक्ति व्यक्तिबिचको हामी भन्ने भावना एकता हो । परस्परको मित्रभावबाट गरिने व्यवहारले एकताभाव बढाउन सहयोग गर्छ । समाजका व्यवहारलाई साझा दायित्व ठानेर अगाडि बढ्दा समानताको भाव बढ्छ । आपसी मेलमिलाप कायम हुन्छ । यसबाट सहकार्यको भावना बढ्न गई सामाजिक जिम्मेवारी पूरा गर्न मदत पुग्छ । आपसी एकताबाट समाजको आर्थिक विकास र सुरक्षा कायम गर्न पनि मदत पुग्छ ।

पाठको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मानव मूल्य भनेको के हो ?

(ख) मानव मूल्यको आवश्यकता किन पर्छ ?

(ग) इमानदारी भनेको के हो ?

(घ) सेवा भाव मानिसमा हुने महत्त्वपूर्ण गुण हो । किन ?

(ङ) इमानदार मानिसलाई किन सबैले मन पराउँछन् ।

(च) परोपकाराय पुण्याय भन्ने भावना हाम्रो समाजमा अहिले पनि विद्यमान छ । यसले कुन मानवीय मूल्यलाई विकास गर्न मदत पुऱ्याउँछ र किन ?

(छ) जिम्मेवार व्यक्ति किन सफल हुन्छ ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

(ज) एकता नै बल हो भन्ने सन्दर्भलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

तपाईंको समुदायमा सहिष्णुताको अभ्यास कसरी भइरहेको छ । समाजमा भ्रमण गरी वा जानकार व्यक्तिबाट सोधखोज गरी विवरण सङ्कलन गर्नुहोस् र सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

सेवाभाव महत्त्वपूर्ण मानवीय गुण हो । वर्तमान समाजमा सेवाभाव कमजोर हुँदै गइरहेको भन्ने आम गुनासो रहने गरेको छ । यस सन्दर्भमा समाजमा सेवा भाव बढाउन के के गर्नुपर्ला ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप ३

तल दिइएको कथा अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

रिकेश सडकमा उभिइरहेको थियो । ऊ डेरामा फर्कैदै थियो । साँझ ढिला भइसकेको थियो । ऊ कलङ्कीको चोकबाट स्युचाटार जाने गाडी पर्खिरहेको थियो । गाडी आइरहेको थिएन । एक जना व्यक्तिले बाइक ल्याएर त्यही बालकको नजिकै पार्किङ गरे । उनी कसैलाई पर्खैदै थिए । रिकेश बालकै थियो । उसले पुरानो र मैलो कपडा लगाएको थियो । कालो चिल्लो बाइकमा बालकले अलिकति दाग लागेको देख्यो । उसले त्यो दाग पुछ्यो । बाइकको दाग पुछेको परबाट बाइकवालाले देख्यो । उसले अलि नजिक आएर सोध्यो, "ए बाबु ! तिमी के गर्दै छौ ? तिमी त बाइक पो पुछ्दै थियौ त ।" "हो नि, यति राम्रो बाइकको सिटमा धुलो देखेर पुछेको नि ।" बालकले भन्यो । तिमी कहाँ जाने ? म यहाँ गाडी कुरेर बसेको, गाडी आउँदैन कि जस्तो छ । दाइ पोखरा कार्यक्रममा जाने भनेर कलङ्कीसम्म पुऱ्याएर गाडी चढाएर आएको हुँ । उहाँ दृष्टिविहीन हुनुहुन्थ्यो । ढिला पनि भयो । जानुपर्ने त स्युचाटार हो । ए, ल आऊ मेरो बाइकमा बस, म पुऱ्याइदिन्छु । रात पनि परिसक्यो, अब गाडी पनि पाइन्न त्यता जाने । तिमी त मेरो भाई जस्तो लाग्यो मलाई त । यस्तो अप्ठ्यारामा परेको भाइलाई सहयोग गर्नु मेरो दायित्व पनि हो नि । बालकले भन्यो, "हजुरको बाइकमा म चढ्न मिल्छ र ?" बाइकवालाले भन्यो, "किन नमिल्नु,आऊ, म तिमीलाई घरसम्म पुऱ्याइदिन्छु ।" बालक बाइकमा चढ्यो । बालकले फेरि सोध्यो, "हजुरसँग कति धेरै पैसा रहेछ है, बाइक चढ्नु हुँदो रहेछ ।" बाइकबालाले भन्यो, "यो बाइक मैले किनेको होइन बाबु, यो त मेरा दाजुले मलाई उपहार दिनुभएको हो ।" बालकले भन्यो, "आहा ! कस्तो निःस्वार्थ र मनकारी दाजु हजुरको !" बाइकवालाले भन्यो, "तिमीलाई पनि म जस्तै भाइ बन्न मन लाग्यो कि कसो बाबु ।" बालकले भन्यो, "होइन, म त तपाईंको दाइ जस्तो बन्न मन लाग्यो ।" बाइकवालाले भन्यो, "किन ?" बालकले भन्यो, "मेरो घरमा पनि मेरो भाइ छ । उसलाई पनि मैले यस्तै केही दिन पाए हुन्थ्यो ।" त्यो बालकको सोच देखेर

बाइकवाला तीन छक्क पऱ्यो । आखिर मान्छे जस्तो भए पनि विचार उसको निकै महान् थियो । लिनका लागि भन्दा दिनका लागि जो तत्पर हुन्छ, त्यो महान हुन्छ । आखिर दिने सोच भएका व्यक्तिहरू नै यो समाजमा सम्मानित भएका छन् । मान्छेले आफ्नो लागि भन्दा अरूका लागि केही गर्न खोज्छ भने पक्कै त्यसले जीवनमा धेरै कुरा आर्जन गरेको हुन्छ । त्यसैले कसैबाट केही पाए हुन्थ्यो होइन, कसैलाई केही दिन सकुँ भन्ने सेवा भाव राखौँ ।

(क) माथिको कथाले दिने सन्देश उल्लेख गर्नुहोस् ।

(ख) कथामा मानव मूल्यका कुन कुन पक्ष देखाइएको छ ?

(ग) मानव मूल्यसँग सम्बन्धित गुण भएको व्यक्तिलाई सबैले मन पराउनुका कारण के के हुन् ?

(घ) एकता नै बल हो भन्ने शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

पाठ ४ हाम्रा चाडपर्व

नेपालमा मनाइने विभिन्न किसिमका चाडपर्वका बारेमा अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिऔं :

नेपाल सांस्कृतिक विविधता भएको देश हो । यहाँ विविध चाडपर्व, जात्रा, मेला पर्व र संस्कृति छन् । यहाँ मनाइने विभिन्न चाडपर्वले नेपाली संस्कृति र संस्कारको पहिचान दिएका छन् । दसैँ, तिहार, छठ, ल्होसार, क्रिसमस, इद आदि चाडपर्व नेपालमा मनाइन्छन् । यी चाडको सम्बन्धमा यस पाठमा चर्चा गरिएको छ ।

गीत गाऔं

फरक फरक रीतिरिवाज फरक चाड मान्छौं
दसैँ तिहार इद ल्होसार आफ्नै चाड ठान्छौं
होली खेल्छौं रमाइरमाइ, साकेलामा नाच्छौं
स्वाभिमानको गीत गाई, सहिष्णुतामा बाँच्छौं
माघी मान्ने पनि छौं यहाँ, समाचकेवा नि
जनै पूर्णिमा पनि मान्छौं, बकर इद पनि
क्रिसमस मान्ने छौं यहाँ, म्ह पूजा नि मान्ने
छठ मान्ने नि छौं यहाँ, जितिया आफ्नै ठान्ने
ढुम्जी, तिज, उँभौली र उँधौलीमा रम्ने
सब नेपाली चाडपर्व हुन्, उल्लासमा जम्ने
चाडपर्वलाई गच्छेअनुसार मनाउनुपर्छ
नेपालीले यी चाडवाडको सम्मान सधैँ गर्छ

दसैँ

दसैँ नेपालीहरूको एक प्रमुख चाड हो । दसैँ हिन्दुले धुमधामसँग मनाउने गर्छन् । पन्ध्र दिनसम्म मनाइने यो पर्वको सुरुको दिनलाई घटस्थापना भनिन्छ । सातौँ दिन फूलपाती मनाइन्छ । यस दिन काठमाडौँको फूलपाती घरमा फूलपाती भित्र्याइन्छ भने घर घरमा पनि फूलपाती भित्र्याउने चलन छ । दसैँमा दुर्गा भवानीको उपासना गरिन्छ । यो पारीवारिक मिलनको चाड पनि हो । टाढा टाढा गएका परिवारका सदस्य पनि दसैँमा घर फर्किन्छन् । दसैँमा विद्यालय र सरकारी कार्यालय समेत बिदा हुन्छ । दसैँमा पिङ खेल्ने र चङ्गा उडाउने पनि गरिन्छ । घटस्थापनादेखि विजया दशमीको दिनसम्म दुर्गा भवानीको पूजा, उपासना गरी

विजया दशमीको दिन प्रसादका रूपमा आफूभन्दा ठुला र मान्यजनको हातबाट टीका जमरा लगाउने चलन छ । मासु, चिउरा, दही आदि खाने चलन छ । दसैँमा मान्यजन र इष्टमित्र भेट हुने हुँदा सामाजिक सहकार्य र एकता कायम हुने विश्वास गरिन्छ ।

तिहार

तिहार हिन्दुको दोस्रो महत्त्वपूर्ण चाड हो । यो चाडलाई यमपञ्चक पनि भनिन्छ । यो चाडको पहिलो दिनलाई काग तिहार भनिन्छ । यस दिन कागको पूजा गरिन्छ । दोस्रो दिन कुकुर तिहार हो । यो दिन कुकुरको पूजा गर्ने चलन छ । तेस्रो दिन लक्ष्मी पूजा गरिन्छ । लक्ष्मी पूजाको दिन देवी लक्ष्मीको पूजा गर्ने, साँझ दिपावली गर्ने गरिन्छ । चौथो दिन गोरु तिहार र पाँचौँ दिनमा भाइतिहार पर्छ । भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई भाइटीका लगाइदिने चलन छ । यो चाड फूल र रङको पर्व पनि हो । यस चाडमा देउसी भैलो खेल्ने गरिन्छ । तिहारको चौथो दिन म्हपूजा गरिन्छ । नेपाल संवत्को नयाँ वर्ष पनि यसै दिनबाट सुरु हुन्छ । यो दाजुभाइ र दिदी बहिनीबिचको प्रेम र भातृत्वको चाड पनि हो । फूल र मिठाइको पर्वको रूपमा पनि लिइन्छ ।

छठ

छठमा सूर्यको पूजा र आराधना गरिन्छ । यो चाड चार दिन मनाइन्छ । पहिलो र दोस्रो दिन घरको सरसफाइ गर्ने, शुद्ध गर्ने र तयारीका कार्य गरिन्छ भने तेस्रो दिन बेलुका अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । यस पर्वमा फलफूल, मिष्ठान्न आदि प्रसादको रूपमा ग्रहण गरिन्छ । खोला, नदी किराना र घाटलाई सजाएर पानीमा गई पूजा आराधना गरिन्छ ।

होली

आपसी मेलमिलाप र सद्भावनाको सन्देश दिने पर्व होली हो। यो पर्व नेपालको हिमाल, पहाड, तराई सबै ठाउँमा धुमधामका साथ मनाइन्छ । यस पर्वमा एकआपसमा रङ र अबिर खेलेर मनाइन्छ । यस पर्वलाई फागु पूर्णिमा समेत भनिन्छ । यो पर्व हिमाल र पहाडमा अघिल्लो दिन र तराईमा भोलिपल्ट मनाउने गरिन्छ । यस पर्वमा काठमाडौँको वसन्तपुरमा विधिपूर्वक गाडिएको चिरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगेर जलाइन्छ । यस दिन सार्वजनिक बिदा समेत हुन्छ । यस पर्वमा अनुहारमा विभिन्न रङ दली युवायुवती, वृद्धवृद्धा, बालबालिकाले हर्षोल्लासका साथ मनाउँछन् ।

उँभौली र उँधौली

किराँत धर्मावलम्बीले उँभौली र उँधौली चाड धुमधामले मनाउँछन् । उँभौली चाड वैशाख पूर्णिमामा पर्छ भने उँधौली चाड मङ्सिर पूर्णिमामा पर्छ । उँभौली चाड खेतीपाती सुरु गर्ने समयको रूपमा मनाइन्छ भने उँधौली चाड खेतीपाती थन्क्याएर आराम गर्ने, रमाइलो गर्ने चाडको रूपमा मनाइन्छ । यी चाडमा साकेला नाच नाच्ने गरिन्छ । लिम्बु समुदायमा धान नाच नाच्ने गरिन्छ ।

इद

इद चाड इस्लाम धर्मावलम्बीले मनाउँछन् । हिजरी संवत्को रमजान महिनाभर यो चाड मनाइन्छ । इदलाई इद उल फितर पनि भनिन्छ । इदलाई रमजानको महिनाभरी गरिएको व्रतको अन्त्य गर्ने पर्वको रूपमा मनाइन्छ । रमाजानको बेलामा बिहानदेखि बेलुकीसम्म व्रत बस्ने गरिन्छ । यस पर्वमा मस्जिदमा प्रार्थना गर्नुका साथै गरिब वा आर्थिक रूपले विपन्नलाई दान दिने वा खुवाउने गरिन्छ । यस पर्वमा सबैले एकअर्कालाई अङ्कमाल गर्दै इद मुबारक भनी खुसी साट्ने चलन छ । समाजका विपन्नलाई सहयोग गर्ने प्रचलनको कारण यस चाडले सामाजिक व्यवहारलाई मर्यादित बनाउने विश्वास गरिन्छ ।

ल्होसार

ल्होसार पर्व तामाङ, गुरुङ र शेर्पा जातिले नयाँ वर्षको आरम्भ भएको दिनको रूपमा मनाउँछन् । गुरुङ समुदायले मनाउने ल्होसारलाई तमु ल्होसार भनिन्छ । यो पुस १५ गते पर्छ । तामाङ समुदायको सोनाम ल्होसार माघ शुक्ल प्रतिपदामा मनाइन्छ । शेर्पाले मनाउने ल्होसारलाई ग्याल्वो ल्होसार भनिन्छ । यो फागुन शुक्ल प्रतिपदामा मनाइन्छ । ल्होसारमा गुम्बामा पूजा, प्रार्थना गर्ने गरिन्छ । यस पर्वमा नयाँ नयाँ लुगा लगाउने र मिठो परिकार बनाएर खाने चलन छ ।

क्रिसमस

क्रिसमस क्रिस्चियन धर्मावलम्बीले मनाउने चाड हो । यस चाडमा क्रिस्चियन धर्मावलम्बी चर्चमा जाने र प्रार्थना गर्ने गर्छन् । उपहार बाँड्ने, क्रिसमस टी सजाउने र मिठा परिकार खाने पनि गर्छन् ।

पाठको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) दसैँको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) तिहारमा गरिने मुख्य मुख्य क्रियाकलापको सूची तयार पार्नुहोस् ।

(ग) छठ पर्वको सांस्कृतिक विशेषता उल्लेख गर्नुहोस् ।

(घ) इद चाड कुन धार्मिक समुदायका मानिसले मनाउँछन् । यस चाडमा के के गरिन्छ ?

क्रियाकलाप १

विभिन्न चाडपर्वमा शुभकामना आदानप्रदान गरिने कार्ड बनाई साथीलाई कार्ड समेत प्रदान गर्नुहोस् ।

क्रियाकलाप २

विभिन्न चाडपर्व झल्कने चित्र वा फोटा सङ्कलन गरी एल्बम तयार पार्नुहोस् ।

क्रियाकलाप ३

तपाईँको समुदायमा मनाइने चाडमध्ये प्रमुख चाड उल्लेख गरी सो चाडमा के के गरिन्छ, अभिभावकसँग छलफल गरी लेख्नुहोस् ।

क्रियाकलाप ४

यस वर्षको क्यालेन्डर हेरी कुन चाड कहिले पर्छ पत्ता लगाउनुहोस् र तल दिइएको तालिका पूरा गर्नुहोस् :

चाडपर्वको नाम	चाडपर्व पर्ने दिन	चाडपर्वमा गरिने मुख्य क्रियाकलाप

जोडा मिलाउनुहोस् :

इद	रङको पर्व
क्रिसमस	नयाँ वर्ष
ल्होसार	रोजा बस्नु
तिहार	सूर्यपूजा
छठ	दीपावली
होली	कोरल
	चण्डी नाच नाच्ने

तल दिइएका विभिन्न चाडपर्वसँग सम्बन्धित तथ्य भरी तालिका पूरा गर्नुहोस् :

– यस चाडमा चर्चमा जाने, जिसस क्राइस्टको प्रार्थना गर्ने गरिन्छ ।	– तेस्रो दिन लक्ष्मी पूजा गरी दीपावली मनाइन्छ ।
– यम पञ्चक पनि भनिने यस चाड पाँच दिनसम्म मनाइन्छ ।	– सूर्यको पूजा र आराधना गरिने चाडको रूपमा मनाइन्छ ।
– नयाँ वर्षको रूपमा यो पर्व मनाइन्छ ।	– यस पर्वमा थारु समुदायमा बड्घर चुन्ने परम्परा पनि छ ।
– धर्मगुरु र गुम्बाको दर्शन, मान्यजनबाट आशीर्वाद ग्रहण गर्ने काम हुन्छ ।	– यो चाडको अघिल्लो दिन घरघरमा दर खाने चलन छ ।
– यो चाडमा पाँच रङको ध्वजा पताका टाँगिन्छ ।	– देवी दुर्गाको पूजा र उपासना गरिने चाड
– बाह्रओटा पशुपन्छीको नामबाट वर्षको नाम राख्ने गरिन्छ ।	– यस चाडमा महिला निराहार व्रत बसी महादेवको पूजा आराधना गर्ने गर्छन् ।
– तेस्रो दिन लक्ष्मी पूजा गरी दीपावली मनाइन्छ ।	– ऋतु परिवर्तनको सङ्केतको रूपमा मनाउने चाड
– सूर्यको पूजा र आराधना गरिने चाडको रूपमा मनाइन्छ ।	– यस पर्वमा प्रकृतिको महत्त्व झल्कने चण्डी नाच नाचिन्छ ।
– यो चाड चार दिन मनाइन्छ ।	– यस पर्वमा काठमाडौँको वसन्तपुरमा विधिपूर्वक गाडिएको चिरलाई विधिपूर्वक बाजागाजाका साथ टुँडिखेलमा लगेर जलाइन्छ ।
– खोला, नदी किराना र घाटलाई सजायर पानीमा गई पूजा आराधना गरिन्छ ।	– यो चाड १५ दिन सम्म मनाइने गरिन्छ ।
– यो पर्व मङ्सिर पूर्णिमामा मनाइन्छ ।	– यो चाडको सातौँ दिन फूलपाती पर्छ ।
– परिवारमा कामको बाँडफाँट गर्ने कार्य समेत गरिन्छ ।	– यस पर्वमा हिमाल र पहाडमा अघिल्लो दिन र भोलिपल्ट तराईमा मनाउने गरिन्छ । तराईमा ढोलकको तालमा जोगिरा सरर..भन्दै गीत गाउँदै यो पर्व रङ दलेर मनाइन्छ ।

- त्यस्तै क्रिसमस ट्री बनाएर घरमा सजाउने, क्यारोल गाउने गरिन्छ ।
- तेस्रो दिन वेलुका अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिने गरिन्छ ।
- गाउँमा कामकाजको बाँडफाँट, अघिल्लो वर्षको कामको समीक्षा गर्ने काम समेत गरिन्छ ।
- यो चाडमा पुराना ऋण चुक्ता गर्ने र नयाँ खातापाता सञ्चालन गर्ने गरिन्छ ।

- दसौँ दिन विजया दशमीको दिन मान्यजन र ठुलावडाको हातबाट टीका जमरा र आशीर्वाद ग्रहण
- खाप्से परिकार बनाएर खाइने चाड
- बिरुडा बनाएर खाइने चाड
- लिङ्गे पिङ, रोटेपिङ खेल्नेलगायत विभिन्न मनोरन्जनात्मक कार्यक्रममा सहभागिता हुने

क्र.सं.	चाडपर्वको नाम	गरिने क्रियाकलाप
१	तिहार	
२	दसैँ	
३	ल्होसार	
४	इद	
५	क्रिसमस	
६	छठ	
७	उँधौली उँभौली	
९	गौरा	
१०	माघी	
११	होली	
१२	हरितालिका तिज	

पाठ ५ हाम्रा सामाजिक संस्कार

हाम्रा सामाजिक संस्कार अध्ययन गरी छलफल गरौं :

नेपाल विविधतायुक्त देश हो । यहाँको सामाजिक सांस्कृतिक विविधताले नेपाल र नेपालीको पहिचान दिएको छ । यहाँ विभिन्न धार्मिक एवम् सामाजिक संस्कार र रीतिरिवाज रहेका छन् । कतिपय संस्कारमा जातिगत र क्षेत्रीयपन देख्न सकिन्छ । हिमाल, पहाड र तराईमा बस्ने व्यक्तिका बिचमा पनि रहनसहन, भाषा, चालचलन र मूल्य मान्यतामा फरकपन पाइन्छ । जातजातिका आधारमा पनि फरक फरक संस्कार अस्तित्वमा रहेका छन् ।

समुदाय, जाति वा देशलाई चिनाउने मौलिक पक्ष संस्कृति हो । संस्कृतिलाई संस्कारले पनि प्रतिनिधित्व गरेको हुन्छ । विभिन्न जातिलाई एकबाट अर्कासँग छुट्याउने विशिष्ट कुरा संस्कारमा रहेका हुन्छन् । कतिपय यस्ता संस्कारमा समानता पनि पाइन्छ । जन्म, विवाह, मृत्युलगायतका विभिन्न कार्यमा भिन्न संस्कार र परम्पराले हरेक समाजको विशेषता झल्काउँछ । त्यस्तै नेपालको भौगोलिक बनावट र जलवायुले पनि केही न केही रूपमा सामाजिक संस्कारमा छुट्टै पहिचान दिने गरेको पाइन्छ । हिमालमा बस्ने मानिसको संस्कार र तराई वा पहाडमा बस्ने मानिसको संस्कारमा फरकपन पाइन्छ । जन्मनु अघिदेखि मृत्युपश्चात्सम्म गरिने संस्कारमा विविधता पाइन्छ । मूलतः जन्म संस्कार, बाल्यकालका संस्कार, शैक्षिक संस्कार, विवाह संस्कार, मृत्यु संस्कार आदि हाम्रा संस्कृतिका प्रमुख पक्ष हुन् । नेपाली समाजमा प्रचलित विभिन्न संस्कारमध्ये यहाँ जन्म, मृत्यु, विवाहसंस्कारको बारेमा चर्चा गरिएको छ ।

(क) जन्म संस्कार

नेपालमा जन्म संस्कार सबै जातजातिमा प्रचलनमा रहेको छ । सन्तानको जन्म भएपछि विभिन्न संस्कार गरिन्छ । बच्चा गर्भमा आएदेखि नै गर्भवती महिलाको स्याहार र पोषणमा विशेष ध्यान दिने, समुदायमा सूचना दिने, जन्मेपछि नामकरण गर्ने, भात खुवाई (पास्नी) गर्ने आदि जन्म संस्कारसँग सम्बन्धित छन् । नेपाल बहुजातीय र बहुसांस्कृतिक मुलुक भएकाले आफ्नो जातीय, धार्मिक संस्कारअनुसार बच्चाको नामकरण गर्ने प्रचलन रहेको छ । बच्चाको नामकरण संस्कार आफ्नो संस्कृतिअनुसार तीन, पाँच, सात वा एघार दिनमा गरिन्छ । जन्म पछि पनि आआफ्नो संस्कारअनुसार कसैले पाँच महिनामा कसैको छ महिनामा पास्नी गर्ने चलन छ । सन्तान हुकँदै जाँदा छोरा भएमा जातीय संस्कारअनुसार छेवर गर्ने, व्रतबन्ध गर्ने,

छोरी भएमा गुन्युचोली दिने, बेलविवाह गर्नेलगायतका कर्म गर्ने गरिन्छ । यस्ता संस्कार आआफ्ना जातिगत संस्कारअनुसार सम्पन्न गरिन्छन् । यी कर्म सामाजिकीकरण गर्न अपनाइने उपाय हुन् । यस्ता संस्कार गर्दा मितव्ययिता अपनाउँदै समसामयिक सुधार गर्नेतर्फ लाग्नुपर्छ ।

(ख) विवाह संस्कार

विवाह जीवनसाथीसँगको सम्बन्ध जोड्ने सामाजिक संस्कार हो । विवाहले व्यक्तिको घरजम बस्ने हुन्छ । विवाह सन्तान उत्पादनका लागि गरिने संस्कारगत कर्म पनि हो । नेपाली समाजमा विभिन्न तरिकाबाट विवाह गरिन्छ । कतिपय समुदायमा मागी विवाहको प्रचलन छ भने उमेर पुगेका केटाकेटीको मन मिलेमा भागी विवाह र प्रेम विवाह गर्ने अभ्यास पनि बढ्दै गएको छ । कतिपय दम्पतीले अदालती विवाह पनि गर्ने गरेका छन् । मागी विवाह परम्परागत विवाह संस्कार हो भने प्रेम विवाह आधुनिक प्रचलन हो । मागी विवाह धार्मिक र व्यावहारिक हिसाबले निकै महत्त्वपूर्ण मानिन्छ । यातायात, शिक्षा, सूचना, सञ्चार, प्रविधि र सम्पर्कको कारणले वर्तमान समयमा मागी विवाहभन्दा प्रेम विवाहको प्रचलन बढ्न थालेको छ । वर्तमान कानुनी प्रावधानअनुसार नेपालमा विवाहका लागि केटाकेटीको उमेर २० वर्ष पुगेको हुनुपर्छ । कतिपय जातजातिमा अहिले पनि बालविवाह प्रचलनमा रहेको देखिन्छ । बालविवाहलाई नेपालको कानुनले मान्यता दिँदैन । त्यस्तै यस प्रकारको विवाहले पछि मनोवैज्ञानिक र व्यावहारिक समस्या निम्तने देखिन्छ । साथै बालिकाको स्वास्थ्यका दृष्टिले पनि यस्तो विवाह समस्यामूलक हुने हुँदा यस्ता गलत अभ्यासलाई हटाउनुपर्छ । बालविवाह विरुद्धमा समाजमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । विवाह संस्कार गर्दा आजकल दाइजो दिनुपर्ने, देखासिकी गर्ने, फजुल खर्च जस्ता प्रचलन बढ्दै गएकाले यस्ता विकृतिलाई रोक्नु सचेत नागरिकको कर्तव्य हुन आउँछ । स्थानीय प्रशासन, समुदाय र व्यक्तिले पनि आफूलाई जिम्मेवारीका साथ प्रस्तुत गर्नुपर्छ ।

(ग) मृत्यु संस्कार

जन्मपछि मृत्यु स्वभावीक छ । जातीय र धार्मिक परम्पराअनुसार मृत्यु संस्कार फरक फरक हुन्छन् । मृत्यु संस्कारमा जातीय र धार्मिक परम्पराअनुसार किरिया कर्म गर्ने, आशौच बार्ने, नुन नखाने, अरूलाई नछुने, कपाल खौरने र सेता लुगा लगाउने आदि चलन छ । कतिपय समुदायमा मृत शरीरलाई जलाउने गरिन्छ भने कुनै समुदायले गाड्ने गर्छन् । मृत्यु संस्कारमा विविधता नेपाली समाजको विशेषता हो ।

विभिन्न जातिगत संस्कार

क्र.सं.	जातजाति	जन्म संस्कार	विवाह संस्कार	मृत्यु संस्कार	प्रमुख पर्व	विभिन्न संस्कार गर्ने पुरोहितको नाम
१	ब्राह्मण/ छेत्री	११ दिनमा न्वारन गर्ने, पाँच छ महिनामा पास्नी गर्ने, सात वर्षपछि व्रतबन्ध	सगोत्री विवाह गर्ने, मागी र प्रेम विवाह दुवै	१३ दिन किरिया कर्म गर्ने, कपाल खौरने, सेतो कपडा लगाएर एक वर्ष आशौच बार्ने	दसैँ, तिहार, जनैपूर्णिमा आदि	पण्डित/ पुरोहित
२	मगर	एघारदेखि पन्ध्र दिनसम्ममा न्वारन गर्ने	• प्रायः आफ्नै जातिभित्र बिहे गर्ने • मामा चेली र फुपू चेलाबिच विवाह गर्न मिल्ने, मागी र प्रेम विवाह र जारी विवाह	लासलाई जलाउने दशदेखि तेह्र दिनभित्र किरिया कर्म सम्पन्न गर्ने	कौरा, घाटु नृत्यको प्रचलन	भुसाल

३	थारु	बच्चा जन्मेको छदेखि नौ दिनमा न्वारन	मागी र चोरी विवाह	लास गाड्ने, गाड्दा लोग्ने मान्छेको लासलाई घोप्टो र स्वास्नी मान्छेको लासलाई उत्तानो पारिन्छ ।	माघी, अटवारी, जितिया	गुरुबा वा भर्रा
४	तामाङ	तीनदेखि एघार दिन सम्ममा न्वारन गर्ने,छोरीको पाँच महिना र छोराको छ महिनामा पास्नी गर्ने	मागी विवाह, चोरी विवाह, प्रेम विवाह, छोपुवा विवाह	शवलाई गाड्ने, तीन दिन जुठो बार्ने, घेवा गर्ने, घेवा गर्दा १०८ बत्ती बाल्ने (गेम्जा) माने बनाउने	सोनाम ल्होसार	लामा
५	नेवार	चारदेखि एघार दिनमा न्वारन गर्ने पुरोहितले न्वारन गर्ने	बेल विवाह, मागी र प्रेम विवाह	आफ्नो धार्मिक संस्कारअनुसार (हिन्दु वा बौद्ध)	गाईजात्रा, गठेमङ्गल, वृद्धावस्थामा जङ्को गरिने	देउभाजु वा गुभाजु
६	राई	छोराको चार दिनमा र छोरीको तीन दिनमा चोख्याउने तीनदेखि पाँच वर्षमा छेवर गरिने	मागी र प्रेम विवाह	लासलाई खाल्डो खनी गाड्ने, शवयात्रामा बन्दुक पड्काउने, श्राद्धलाई फेदाङ्मा भनिने	उँधौली, उँभौली, तोस	डोपा

७	लिम्बु	छोरीको तीन दिनमा र छोराको चार दिनमा चोख्याउने	मागी र प्रेम विवाह	शव गाड्ने	उँधौली, उँभौली चामाचासोक	फेदाङ्वा
८	शेर्पा	तेम्रो, सातौँ र एघारौँदिनमा न्वारन गर्ने, लामाद्वारा न्वारन गर्ने ।	मागी, चोरी, जारी, प्रेम विवाह	• बौद्ध संस्कारअनुसार तीन, सात र एघार दिनमा नापुर कार्य सम्पन्न गरिने • लासलाई गाड्ने • श्राद्ध कर्मको रूपमा घेवा गरिने • चिहान माथि माने बनाउने	ग्वाल्वो ल्होसार, छेजु, दुम्जी, मनिरिम्दु	लामा
९	धिमाल	छोरीको तीन दिनमा र छोराको चार दिनमा चोख्याउने	मागी, चोरी, जारी,प्रेम विवाह	शवलाई हिउँदमा भए जलाउने र वर्षाको समयमा भए गाड्ने, जेठो छोराले मात्र किरिया गर्ने	प्रकृति पूजा, उँधौली, उँभौली	बराङ

१०	गुरुङ	छोरीको नौ दिनमा र छोराको सात दिनमा न्वारन	मामाचेली, फुपूचेला विवाह गर्ने, मागी, प्रेम विवाह	लासलाई जलाउने वा गाड्ने गरिन्छ । तेह्र दिन जुठो बार्ने, मृत्यु भएपछि गरिने काजक्रियालाई अर्घो भनिन्छ ।	विभिन्न सांस्कृतिक पर्वहरूमा घाटुनाच नाचिने	घ्याब्रे

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जन्म संस्कार भनेको के हो ?

(ख) गुरुङ जातिको मृत्यु संस्कार उल्लेख गर्नुहोस् ।

(ग) मगर जातिको जन्म संस्कारको चर्चा गर्नुहोस् ।

(घ) शेर्पा जातिले मनाउने चाडको सूची तयार पार्नुहोस् ।

(ङ) जातिअनुसार संस्कार फरक हुनुका कारण के के हुन् ?

(च) तपाईंको परिवारमा कुन कुन चाड मनाइन्छ ? चाडको नाम लेख्नुहोस् ।

क्रियाकलाप १

तपाईंको परिवारमा मानिने जन्म, विवाह र मृत्यु संस्कारबारेमा अभिभावकलाई सोधी विवरण सङ्कलन गर्नुहोस् र प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

आफ्नो समुदायमा भएका विभिन्न जातजातिको जन्म, विवाह र मृत्यु संस्कारको तालिका तयार पारी टाँस्नुहोस् ।

खाली ठाउँ भर्नुहोस् :

(क) मागी विवाह, प्रेम विवाह, अदालती विवाह .....का प्रकार हुन् ।

(ख) .....जातिमा बच्चाको न्वारन छदेखि नौ दिनमा गरिन्छ ।

(ग) एघार दिनमा नापुर कर्म गर्ने जाति .....हो ।

(घ) शव यात्रा गर्दा बन्दुक पड्काउने जाति .....हो ।

(ङ) घाटु नृत्यको प्रचलन .....जातिमा छ ।

(च) धिमाल जातिको पुरोहितलाई .....भनिन्छ ।

(छ) .....जातिमा स्वास्नी मान्छेको लासलाई उत्तानो पारी गाडिन्छ ।

पाठ ६ हाम्रा धार्मिक संस्कार

तल दिइएका विभिन्न धार्मिक संस्कार पहिचान गर्नुहोस् :

हाम्रा धार्मिक संस्कार सम्बन्धमा तल दिइएको अनुच्छेद पढ्नुहोस् र छलफल गर्नुहोस् :

हाम्रो देशमा हिन्दु, बौद्ध, इस्लाम, किराँत, जैन, सिख, इसाई, बोन, प्रकृति, बहाईलगायतका धर्म मानिन्छन् । यहाँ विभिन्न धर्मावलम्बीका बिचमा गहिरो एकता रहेको छ । हाम्रो समाजमा यी धर्मअनुसारका विभिन्न संस्कार प्रचलित छन् । त्यसैले हाम्रो देशमा धर्मसँग सम्बन्धित पर्वमा बिदा दिने चलन छ । हिन्दु धर्मसँग सम्बन्धित दसैँ, तिहार, छठ, महाशिवरात्रि जस्ता पर्व पर्छन् । बौद्ध धर्मसँग सम्बन्धित बुद्ध जयन्ती, ल्होसार आदि पर्व तथा किराँत धर्मसँग सम्बन्धित उँधौली, उँभौली पर्व छन् । इस्लामसँग सम्बन्धित इद, बकर इद तथा इसाईसँग सम्बन्धित क्रिसमस आदि पर्व पर्छन् ।

हिन्दु धर्मावलम्बीले वेद, उपनिषद्, धर्मशास्त्र, पुराण, गीता, ज्योतिष शास्त्रजस्ता शास्त्रीय ग्रन्थ पढ्छन् । ती ग्रन्थले बताएअनुसार विधि र संस्कार पालना गर्छन् । हिन्दुले ब्रह्मा,

विष्णु, शिव, दुर्गा, सरस्वती, लक्ष्मी, गणेश, सूर्य, चन्द्रमा आदिलाई ईश्वरका रूपमा पुज्छन् । यिनीहरूको मूर्ति, तस्बिर आदिको पूजा गर्छन् । नित्यकर्म गर्न मन पराउँछन् । पञ्चोपचार, दशोपचार, षोडशोपचार जस्ता पूजा विधि अवलम्बन गर्छन् । विभिन्न तिथि, बार आदिमा व्रत बस्छन् । स्तोत्र पाठ गरी इष्टदेवताको आराधना गर्छन् । दीनदुःखी, असहाय, अशक्त, गरिब, बालक, वृद्धवृद्धाको सेवा गर्छन् । हिन्दुहरू दान गर्न रुचाउँछन् ।

बौद्धमार्गीले गौतम बुद्धको मूर्ति तथा तस्बिरमा आफूले चाहेको ईश्वरको प्रतिरूप पाउँछन् । उनीहरू गौतम बुद्धको नाममा प्रार्थना गर्छन् । ध्यान गर्छन् । बौद्ध धर्मका केन्द्रका रूपमा गुम्बा बनाउँछन् र त्यहीँ पूजापाठ पनि गर्छन् । गौतम बुद्धको नाममा ध्यान गरेपछि आफूलाई पनि शान्ति प्राप्त भएको महसुस गर्छन् । यस धर्मका जातक र त्रिपिटक प्रमुख ग्रन्थ हुन् । सत्य र अहिंसा बौद्ध धर्मको मूल मन्त्र हो भने दान गर्नु अर्को प्रमुख विशेषता हो ।

इस्लाम धर्मको धर्म ग्रन्थ कुरान हो । यस धर्ममा मूर्ति पूजा हुँदैन । उनीहरू नमाज पढेर अल्लाहको भक्ति वा प्रार्थना गर्छन् । यिनीहरूको मुख्य चाड इद, बकरइद हो । यिनीहरू दान गर्नमा विश्वास गर्छन् । आम्दानीको १० प्रतिशतसम्म दान गर्नुपर्छ भन्ने मान्यता यस धर्ममा छ । यसरी गरिएको दानलाई फित्र भनिन्छ ।

किराँतले रुख, जङ्गल, खोला, ढुङ्गा, नदी, पहाड, हिमाल आदिको पूजा गर्छन् । त्यसैले यिनीहरूलाई प्रकृति पूजक मानिन्छ । पारुहाङ, सुम्निमा र माङहाङको पूजा गर्छन् । यिनीहरू प्रकृतिको पूजा गरेमा ईश्वर प्राप्ती हुन्छन् भन्ने विश्वास राख्छन् । किरातको मुख्य धार्मिक ग्रन्थ मुन्धुम हो ।

इसाई धर्मावलम्बी जिसस क्राइस्टलाई आफ्नो धर्मका प्रवर्तक मान्छन् । इसाईको धर्मग्रन्थ बाइबल हो । यही ग्रन्थका आधारमा इसाईले आआफ्नो परम्परा र संस्कृतिको पालना गर्छन् । आपसमा शुभकामना व्यक्त गर्छन् । जिसस क्राइस्टका नाममा चर्च बनाउँछन् र त्यहीँ गएर प्रार्थना गर्छन् । क्राइस्टका नाममा प्रार्थना गर्दा ईश्वरसँग साक्षात्कार हुने कुरामा विश्वास गर्छन् ।

जैन धर्मावलम्बी तिर्थङ्कर (गुरु) मा ईश्वरको रूप देख्छन् । महावीरलाई आदर्श पुरुष ठान्छन् । यिनीहरू ईश्वरको नाममा दान, सेवा आदि कार्य गर्छन् । यसो गर्दा आफूलाई सुखशान्ति प्राप्त भएको महसुस गर्छन् ।

सिख धर्मावलम्बी गुरु नानकलाई ईश्वरको रूप ठान्छन् । श्री गुरुग्रन्थ साहिब पाठ गर्छन् । गुरुद्वारालाई पवित्र स्थल ठान्छन् । त्यहीँ गएर पूजापाठ गर्छन् । यसो गर्दा उनीहरू ईश्वर प्राप्ती हुने कुरामा विश्वास गर्छन् । यस्तै अन्य धर्म सम्प्रदायले आआफ्नो धार्मिक मान्यताअनुसार विभिन्न धार्मिक गतिविधि गर्छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) धार्मिक संस्कार भनेको के हो ?

(ख) बौद्ध धर्ममा कस्ता धार्मिक संस्कार गरिन्छन् ?

(ग) किराँत धर्ममा गरिने धार्मिक संस्कारको सूची तयार पार्नुहोस् ।

(घ) धार्मिक संस्कार हाम्रा पहिचान हुन् । यस भनाइलाई आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

समीर र उनका समूहले कक्षामा विभिन्न धर्म र ती धर्मका मुख्य संस्कार सम्बन्धमा निम्नानुसारको चार्ट बनाई सम्पर्क कक्षामा प्रदर्शन गरेका छन् । तपाईं पनि समूहमा यस्तै चार्ट बनाई सम्पर्क कक्षामा प्रदर्शन गर्नुहोस् ।

विभिन्न धर्म र ती धर्मका मुख्य धार्मिक संस्कार



क्रियाकलाप २

तपाईंको परिवारमा कुन कुन धार्मिक संस्कार गरिन्छन् ? अभिभावकसँग सोधपुछ गरी लेख्नुहोस् ।

पाठ ७ हाम्रा सांस्कृतिक रीतिरिवाज

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

समाजमा विगतदेखि चलिआएका पहिरन, खानपान, गीत गाउने, नाचगान गर्ने, पूजाआराधना, मेला महोत्सव हाम्रा रीतिरिवाज हुन् । नेपाल सांस्कृतिक रीतिरिवाजमा धनी छ । यस्ता रीतिरिवाज समाजका आदर्श र पहिचान हुन् । सांस्कृतिक रीतिरिवाजअन्तर्गत लोकगीत, लोकबाजा, लोकनृत्य, गरगहना, पहिरन, लोकधुन आदि पर्छन् । तल दिइएका लोकगीत, लोकबाजा, लोकधुन र लोकनृत्यको अध्ययन गरौँ र छलफल गरौँ :

(क) लोक गीत

बहिनीको दया छ भने रोदी घर दाइ नाच्यो नभने (झ्याउरे गीत)

वहीँ जन्म्याको वहीँ हुर्क्याको झल्का झल्का झल्का हिमाल उही बोली जान्याको कठै कर्मभूमि जाँ भयानि जन्मभूमि हो मेरो पश्चिम नेपाल (देउडा)

वारी जमुना पारी जमुना, जमुनाको फेदैमा मनकामना (पुर्बेली लोक भाका)

उल्लिखित गीत लोकगीतका अंश हुन् । लोक गीत समाजमा विगतदेखि गाइँदै आएमा मानवीय संवेदना, दुःख, पिर, समस्या एवम् खुसी साट्ने जीवन्त माध्यम हुन् । कुनै समुदायमा प्रचलित लोक गीतले त्यो समाजको वास्तविकताको प्रतिनिधित्व गर्छ । विभिन्न अवसर, पर्व, उत्सवमा लोकगीत गाउने गरिन्छ । नेपाली भिर, पाखा, भन्ज्याङ, चौतारी, खेत, खलियानमा गाइने यस्ता लोक भाका हाम्रो समाजका पहिचान हुन्, चिनारी हुन् । लोकगीत विभिन्न अवसरमा गाइने गरिन्छ । विवाहमा गाइने रत्यौली गीत, मेलापात, वनपाखामा गाइने घाँसे गीत, पूजाआजामा गाइने भजन, बालन गीत, होलीमा गाइने होरी गीत, गौरापर्वमा गाइने देउडा गीत, तिजमा गाइने तिज गीत, तिहारमा गाइने देउसी भैली गीत आदि नेपाली लोकगीतका उदाहरण हुन् । लोकगीतको सङ्कलन गर्ने, यसको मौलिकतामा जोड दिने, प्रचार प्रसार गर्ने, लोकगीत प्रतियोगिता सञ्चालन गर्ने जस्ता क्रियाकलापमार्फत लोकगीतको संरक्षण र सम्वर्धन गर्न सकिन्छ ।

(ख) लोकबाजा

समाजमा परम्परादेखि चल्दै आएका लोकगीतलाई सुर, ताल र लय दिने वाद्ययन्त्रलाई लोकबाजा भनिन्छ । ती बाजाका ताल र सुरमा विविधता छन् । यी बाजा हाम्रा पूर्वजका

सिर्जना हुन् । यी लोकबाजा समाजका चिनारी हुन् । स्थानीय पहिचानसँग गाँसिएका लोकबाजा मौलिक हुन्छन् । नेपाली समाजमा प्रयोगमा रहेका मादल, मुर्चुङ्गा, बाँसुरी, सारङ्गी, मुरली, सहनाई, टेम्को, दमाह, ढोलक, धिमे, डम्फु आदि लोकबाजा हुन् । ढोलक, तबला, हुड्को, शङ्ख, भ्याम्टा, बिनायो, डमरु, खैँजडीलगायतका बाजा पनि नेपाली लोकबाजा हुन् । कतिपय बाजा पूजा गर्दा बजाउने गरिन्छ । कतिपय बाजा मनोरञ्जन गर्ने क्रममा नाचगान गर्दा बजाउने गरिन्छ । मेलापर्वमा पनि वाद्ययन्त्र बजाउने गरिन्छ । यसबाट मानिसले आफ्नो भाका र शब्दलाई साङ्गीतिक स्वरूप दिने गर्छन् । नेपालमा स्थान विशेष फरक फरक लोकबाजाको प्रयोग गरिएको पाइन्छ ।

(ग) लोकधुन

विभिन्न सांस्कृतिक पर्व र अवसरमा बजाइने धुन लोकधुन हुन् । नेपाली समाजमा परम्परादेखि नै विभिन्न लोकधुन बजाइँदै आउने गरिएको छ । उदाहरणका रूपमा विवाहमा बजाइने मङ्गल धुन, पूजामा बजाइने स्वस्ती, शङ्ख ध्वनि दसैँमा बजाइने मालश्री आदि हाम्रा लोक धुन हुन् । यिनीहरू विभिन्न सन्दर्भ र परिवेश र वातावरणअनुसार भिन्न हुन्छन् । आधुनिक गीत, सङ्गीत तथा धुनको प्रभावले कतिपय लोकधुन लोप भइरहेको अवस्था छ । सूचना प्रविधिमा आएको परिवर्तन र संस्कृतिमाथिको बाह्य प्रभावले पनि हाम्रा लोकधुन हराउने हो कि भन्ने चिन्ता छ । हाम्रो संस्कार, संस्कृति र पहिचानसँग गाँसिएका लोकगीत, लोकबाजा तथा लोकधुनको संरक्षणमा क्रियाशील हुनु हरेक नेपालीको दायित्व हो ।

(घ) लोक तथा शास्त्रीय नृत्य

लोकभाकामा आधारित भई मौलिक तालमा हाउभाउसहित नाचिने नृत्य लोक नृत्य हुन् । लोक नृत्यले हाम्रा परम्परा, संस्कार र रीतिरिवाजको प्रतिनिधित्व गर्छन् । विभिन्न ठाउँमा विभिन्न लोक नृत्य नाचिन्छन् ।

धर्मशास्त्र तथा देवीदेवताको चरित्र वर्णन गर्दै निश्चित नियममा रहेर गरिने नृत्य शास्त्रीय नृत्य हुन् । चर्या नृत्य, पञ्चबुद्ध नृत्य आदि शास्त्रीय नृत्यका उदाहरण हुन् । मुख, आँखा, औँला, शारीरिक लचकता तथा विभिन्न अङ्गको हाउभाउलाई शास्त्रीय सङ्गीतका लयमा आबद्ध

गरी शास्त्रीय नृत्य प्रस्तुत गरिन्छ । लोक तथा शास्त्रीय नृत्य आस्थाको मनोरञ्जन प्रस्तुति गर्न गरिन्छ । वर्तमानमा लोक तथा शास्त्रीय नाच थेरापी र शारीरिक अभ्यासका लागि समेत उपयोग गर्न थालिएको छ । लोक तथा शास्त्रीय नृत्यको मौलिकता र पहिचान जोगाउन वर्तमान पुस्ताको महत्त्वपूर्ण भूमिका रहन्छ ।

गीत गाऔँ

लोकबाजाको सुर तालमा, लोक नृत्य नाचिन्छ
ठाउँअनुसार फरक फरक भाव साटिन्छ
पूर्वतिर चण्डी नाच, धान नाच नाचिने
तामाङ सेलो नाची नाची कम्मर भाँचिने
मारुनी नाच, हेर्दा आहा कति मन रमाउने
ढेउडा नाचमा खुट्टा चाली हात समाउने
तराईमा झिझिया नाच आफ्नै मौलिकपन छ
कौरा नाचमा रमाउने मलाई मन छ ।
हाक्पारे नि हाम्रै नाच हुड्के पनि हाम्रै हो
झुम्रा नाचमा नाचेको कति राम्रो हो
कार्तिक नाच, चर्या नृत्य शास्त्रीयमा पर्छन्
संस्कृतिलाई बचाउँदै सद्भाव भर्छन्

(ङ) गरगहना

गरगहना हाम्रा मौलिक पहिचान हुन् । गरगहनाको पहिरनले शारीरिक सुन्दरता बढाउन पनि मदत गर्छन् । गरगहना विभिन्न धातु वा पत्थरबाट निर्माण भएका हुन्छन् । तिलहरी, ढुङ्ग्री, नौगेडी, मुन्द्री, हसुली, कम्पनी माला, शिरबन्दी, पाउजु, औँठी, बाला आदि गहनाका उदाहरण हुन् । नेपालमा जातिअनुसार पनि परम्परागत गहना लगाउने प्रचलन छ । नेपालका विभिन्न समुदायमा विभिन्न गरगहनाको प्रयोग हुँदै आएको छ । यी गहनाको प्रयोगले हाम्रा चालचलन, संस्कार र संस्कृतिको पहिचान र संरक्षणमा सहयोग पुऱ्याएका हुन्छन् ।

तल दिइएको यात्रा विवरण अध्ययन गरौँ र उल्लिखित मौलिक परिकारको सूची तयार पारौँ :

मालती खानेकुरामा सौखिन छिन् । उनले गर्मी बिदाको समयमा परिवारका सदस्यसँग घुम्न सुर्खेतदेखि नेपालगञ्ज, बर्दिया, पाल्पा, काठमाडौँ, हिले, झापा हुँदै इलामसम्मको यात्रा गरेकी थिइन् । उनी खानेकुराको सौखिन थिइन् । यात्राको क्रममा उनले आफू घुमेको

ठाउँमा पाइने मौलिक परिकारको स्वाद लिने सोच बनाइन् र बुबालाई सो प्रस्ताव राखिन् । उनले नेपालगञ्ज हुँदै बर्दिया जाँदा ढिकरी र घोँगी चाख्न भ्याइन् भने पाल्पामा चुकाउनी पनि चाखिन् । चुकाउनी दही हालेर बनाइएको एक प्रकारको अचार जस्तो परिकार रहेछ । काठमाडौँ रहँदा उनी योमरी, बारा र सुकुटी र ममको परिकारमा रमाइन् । उनको खाने सोखमा उनको बुबाको पनि साथ थियो । हिले घुम्ने क्रममा उनले तोङ्वा खाएको पनि देखिन् । यो मादक पदार्थ हो भन्ने थाहा पाएपछि उनले तोङ्वा खान मन गरिनन् । झापा जाने क्रममा उनले भक्काको पनि स्वाद लिन भ्याइन् भने इलाममा खाएको ढिँडो, गुन्द्रुक र मस्यौराको तरकारी अहिले पनि उनको मुखमा झुन्डिरहेको छ । विभिन्न चाडपर्वमा खाएका विभिन्न परिकार सम्बन्धमा पनि उनीहरूको कुराकानी भयो । उनले आफूले दिदीको विवाहको बेला कसार र सेलरोटी बनाएको अनुभव पनि बुबा आमालाई सुनाइन् भने घरमा सत्यनारायण पूजा लगाउँदा पञ्चामृत र अपुङ्गो बनाएको अनुभव पनि सुनाउन भ्याइन् । कुन चाडमा के खाइन्छ भन्ने चर्चा चल्दा उनको बुबाले उनलाई धेरै कुरा बताउनुभयो । बुबाले उनलाई जनैपूर्णिमामा क्वाँटी खाने, माघे सङ्क्रान्तिमा तरुल, खिचडी खाने, फुलौरा खाने, चाकु खाने गरेको प्रसङ्ग सुनाउनुभयो । त्यस्तै आमाले तिजमा दर खाने, छठमा भुसुवा, ठेकुवा खाने चलन रहेको बताउनुभयो । त्यस्तै गौरा पर्वको बेला बिरुडा खाने चलन पनि नेपाली मौलिक संस्कार भएको कुरा बताउनुभयो । घुम्ने क्रममा खाइएका जति पनि खानेकुरा छन् । यी सबै नेपाली मौलिक परिकार हुन् भनी उहाँले बताउनुभयो । यसरी लामो यात्रा गर्दै मौलिक परिकारको स्वाद र जानकारी लिँदै अविष्मरणीय यात्राको अनुभव उनले आफ्नो यात्रा डायरीमा उल्लेख गर्ने बताइन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) लोकगीतको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) लोकगीत, लोकबाजा र लोक नृत्य हाम्रा पहिचान हुन् । यस भनाइलाई आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।

(ग) लोक र शास्त्रीय नृत्य संरक्षणका कुनै दुई उपाय उल्लेख गर्नुहोस् ।

(घ) तपाईंको समुदायमा पाइने लोकबाजाको नाम लेख्नुहोस् ।

(ङ) हाम्रा लोकबाजा लोप हुने अवस्थामा छन् । ती लोकबाजाको संरक्षणका उपाय समेटी तपाईंको पालिका प्रमुखलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

क्रियाकलाप १

सम्पर्क कक्षाको समयमा सहभागीहरूलाई दुई समूहमा विभाजन गरी एउटा समूहले नेपाली गरगहना र अर्को समूहले नेपाली लोकबाजाको चित्र सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायमा प्रचलित लोकगीत सङ्कलन गरी त्यसको मौलिक भाकासहित कक्षामा गीत गायनको अभ्यास गर्नुहोस् ।

क्रियाकलाप ३

सिकाइ केन्द्रमा लोक नृत्य प्रतियोगिता सञ्चालन गर्नुहोस् र उत्कृष्ट प्रतिभालाई पुरष्कृतसमेत गर्नुहोस् ।

क्रियाकलाप ४

हाम्रा लोक गीत, लोक बाजा र लोक नृत्य संरक्षण गर्नु पर्नाका कारणहरू के के हुन सक्छन् । समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप ५

तपाईंको परिवार र समुदायमा खाइने मौलिक परिकारको नाम अभिभावकलाई सोधी ती परिकार बनाउने तरिका र खाइने समय र पर्वको नामसमेत खोजी गरी लेख्नुहोस् ।

ठिक बेठिक छुट्याउनुहोस् :

(क) लोक गीत हाम्रा पहिचान हुन् ।
(ख) चर्या नृत्य शास्त्रीय नृत्य होइन् ।
(ग) मालश्री धुन तिहारमा बजाइन्छ ।
(घ) लोकगीतको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व होइन ।
(ङ) गरगहनाले हाम्रो मौलिकताको परिचय दिन्छ ।
(च) झिझिया नाच हिमाली क्षेत्रमा प्रचलित नाच हो ।
(छ) हाक्पारे नाच नेपालको पूर्वी भेगमा प्रचलित नाच हो ।

पाठ ८ हाम्रो राष्ट्रिय गौरव

हाम्रा राष्ट्रिय गौरव पहिचान गरौं र सम्मान गरौं :

सम्पर्क कक्षामा सिकारुलाई देशको राष्ट्रिय गौरव वृद्धि गर्ने विभिन्न पक्षको सम्बन्धमा समूह कार्य गर्न लगाइएको थियो । उनीहरूले विभिन्न सन्दर्भ सामग्री अध्ययन र इन्टरनेटबाट खोजी गरी निम्नानुसारको समूह कार्य तयार पारेका छन् । जुन तल दिइएको छ :

१. समूहको नाम : सामाजिक/ सांस्कृतिक

शीर्षक : सामाजिक सांस्कृतिक विविधता

हाम्रो समूहले हाम्रो राष्ट्रिय गौरवको रूपमा नेपालको सामाजिक सांस्कृतिक विविधतालाई मुख्य ठानेका छौं । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो । यी विविधताले हाम्रा सामाजिक, सांस्कृतिक र आर्थिक गतिविधिमा प्रभाव पारेका छन् । भाषा, वेशभूषा, खानपान, पेसा, व्यवसायमा पनि भिन्नता पाइन्छन् । चाडपर्व पनि फरक फरक छन् । समाजको बनोट, परिवारको संरचना स्थानअनुसार फरक फरक छन् । यी फरक फरक संरचना र विविधतामा रमाउने र सम्मान गर्ने नेपाली संस्कार गौरव गर्न लायक छन् । हाम्रो नाचमा पूर्वदेखि पश्चिम सम्म विविधता देखिन्छ । पूर्वको मारुनी नाच, तराईको सतार नाच र सुदूरपश्चिमको देउडा नाच हाम्रा सांस्कृतिक विविधताका परिचायक हुन् । यसै गरी गण्डकी प्रदेशको सोरठी नाच होस् वा बागमती प्रदेशको तामाङ सेलो सबैमा नेपाली सान र पहिचान देख्न सकिन्छ । त्यस्तै राजवंशी समुदायमा प्रचलित भक्का होस् वा हिमाली क्षेत्रका शेर्पाले खाने रिल्दुप वा पश्चिममा प्रचलित ढिकरी वा नेवारी समुदायमा प्रचलित योमरी सबैले नेपाली संस्कार र संस्कृतिलाई धनी बनाएका छन् । त्यस्तै नेपाली, मैथिली, भोजपुरी, अवधी, थारु, डोटेली, नेवारी आदि भाषा यहाँ प्रमुख भाषाका रूपमा बोलिन्छन् । यी सबैले देशको सामाजिक सांस्कृतिक विविधता बोकेका छन् । सामाजिक सांस्कृतिक विविधता हाम्रो पहिचान र गौरव हो ।

२. समूहको नाम : प्रकृति

शीर्षक : प्राकृतिक सौन्दर्य

नेपाल हिमालय पर्वतको दक्षिणी भागमा अवस्थित सुन्दर देश हो । यहाँको भौगोलिक बनावट उचाइअनुसार फरक छ । यहाँको समथर भूमि, पहाड, हिमाल, नदी, बँसी, खोँच, उपत्यका मिलेर बनेको छ । यहाँ हरिया वनजङ्गल छन् । नदी, झरना, ताल, छहरा प्राकृतिक सौन्दर्य मनमोहक छ । विश्वको सवैभन्दा अग्लो चुचुरो सगरमाथालगायत विभिन्न हिमशिखरले सवैको मन लोभ्याउँछ । यहाँको प्राकृतिक सौन्दर्य हेर्न लाखौँ पर्यटक नेपाल आउँछन् । यहाँ पाइने जडीबुटी, वनस्पति, विभिन्न फूल र जीवजन्तुले नेपाल प्रकृतिको सुन्दर फूलबारी बनेको छ । यी सबै कुराले गर्दा हाम्रो देश प्राकृतिक रूपमा रमणीय छ, यो पनि हाम्रो गौरव हो ।

३. समूहको नाम : ऐतिहासिक सम्पदा

शीर्षक : हाम्रा ऐतिहासिक सम्पदा

नेपालमा जन्मेका गौतम बुद्ध, सीता, भृकुटी, अरनिकोजस्ता ऐतिहासिक व्यक्तित्वले विश्व सामु नेपाललाई चिनाएका छन् । उनीहरूले हाम्रो देशको धर्म, कला र संस्कृति विश्वसामु चिनाएका छन् । पृथ्वीनारायण शाह, बलभद्र र अमरसिंहजस्ता ऐतिहासिक व्यक्तित्वले देशको रक्षा गर्न आफ्नो वीरता देखाएका थिए । राजेन्द्रलक्ष्मी, बहादुर शाह र भीमसेन थापाले नेपालको एकीकरणमा सहयोग गरेका थिए । बुद्धको विश्व शान्ति सन्देश, सीता र भृकुटीको छिमेकी राष्ट्रसँगको सम्बन्ध, पृथ्वीनारायण शाहका नेपाल एकीकरणजस्ता ऐतिहासिक कार्यले गर्दा हाम्रो देश ऐतिहासिक व्यक्तित्वले धनी बनेको छ । विश्वसामु आफ्नो गौरव राख्न सफल भएको छ । त्यस्तै यहाँका दरबार, गढी, किल्ला, पुराना मठमन्दिर र स्तूपले हाम्रा सांस्कृतिक पहिचानलाई उचो बनाएका छन् । अझ विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा पशुपतिनाथ, स्वयम्भु, लुम्बिनीले विश्वमा हाम्रा ऐतिहासिक र सांस्कृतिक पहिचान स्थापित गरेकामा हामीलाई गर्व लाग्छ ।

समूहको नाम : शान्ति

शीर्षक : शान्ति र सहिष्णु संस्कार

नेपाल शान्तिप्रिय देश हो । गौतम बुद्धको विश्व शान्तिको सन्देशले हाम्रो देश नेपाललाई शान्तिको प्रतिकको रूपमा विश्वसामु चिनाउँछ । विभिन्न जातजाति, धर्म र संस्कृतिबिचको मेल, सद्भाव र सहयोगको आदानप्रदानले हाम्रो देशको धार्मिक सहिष्णुतालाई दर्साउँछ । हामी आफ्नो धर्म र संस्कृतिलाई माया गर्छौं र साथसाथै अन्य धर्म र संस्कृतिलाई पनि आदर गर्छौं । हाम्रो देशमा एक धर्म संस्कृतिले अर्को धर्म संस्कृतिलाई हेला गर्ने गरेको पाइँदैन । एकअर्काको चाडपर्वमा सहभागी भएर रमाइलो गर्ने प्रवृत्तिले पनि हाम्रो सहिष्णुतालाई झल्काउँछ । एक आपसमा सहयोग गर्ने हाम्रो संस्कार छ । नेपालीहरू शान्तिप्रिय हुन्छन् । अरूको धर्म र संस्कृति प्रति सहिष्णु छन् । यी हाम्रा गौरव गर्ने पक्ष हुन् ।

समूहको नाम : विश्व सम्पदा

शीर्षक : विश्व सम्पदा

विश्वमा नेपालको चिनारी गराउन धेरै सम्पदा छन् । विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाले हाम्रो इतिहास र संस्कृतिको परिचय बोकेका छन् । यी सम्पदाले कुनै पनि स्थानको सांस्कृतिक, ऐतिहासिक, वैज्ञानिक, भौगोलिक र अन्य विशेषताका आधारमा सूचीकृत गरिन्छ । विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा सगरमाथा राष्ट्रिय निकुन्ज, चितवन राष्ट्रिय निकुन्ज, भक्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, हनुमान ढोका दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर क्षेत्र, स्वयम्भुनाथ चैत्य क्षेत्र, बौद्ध स्तूप क्षेत्र, चाँगुनारायण मन्दिर क्षेत्र, लुम्बिनी हुन् । यी हाम्रा राष्ट्रिय गौरव हुन् ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) शान्ति र सहिष्णु संस्कार भनेको के हो ?

(ख) हाम्रा ऐतिहासिक सम्पदाको सूची तयार पार्नुहोस् ।

(ग) नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

विभिन्न समूहमा विभाजित हुनुहोस् र विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाको चित्र र विभिन्न जानकारी सङ्कलन गर्नुहोस् ।

क्रियाकलाप २

नेपालको गौरव झल्कने गीत वा कविता तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप ३

नेपालको गौरव जनाउने विभिन्न प्राकृतिक सम्पदाको छोटो विवरण तयार पार्नुहोस् र प्रस्तुत गर्नुहोस् ।

सामुदायिक कार्य

आफ्नो समुदायमा रहेको धार्मिक, सांस्कृतिक, ऐतिहासिक वा प्राकृतिक सम्पदाको भ्रमण गर्नुहोस् । उक्त सम्पदाको महत्त्व र गर्व गर्न लायक पक्ष सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ९ हाम्रा राष्ट्रिय व्यक्तित्व

हाम्रा राष्ट्रिय व्यक्तित्वको पहिचान गरी उहाँहरूको योगदान सम्बन्धमा छलफल गरौँ :

हरिकला र तीर्थ पुस्तकालयमा गएर हाम्रा राष्ट्रिय व्यक्तित्वको जीवनी सम्बन्धमा अध्ययन गर्दै थिए । त्यसै समयमा सहजकर्ता पनि पुस्तकालय पुग्नुभयो । उहाँले हरिकला र तीर्थसँग सोध्नुभयो, "तपाईंहरू के पढ्दै हुनुहुन्छ ?"

"हामी हाम्रा राष्ट्रिय व्यक्तित्वको बारेमा खोजी गर्दै छौँ सर" हरिकला र तीर्थले बताए ।

"कसकसको बारेमा खोजी गर्दै हुनुहुन्छ र ?" सहजकर्ताले प्रश्न गर्नुभयो ।

हरिकला र तीर्थले भने, "सर, जयपृथ्वीबहादुर सिंह, खगेन्द्र बस्नेत, योगमाया न्यौपाने, भानुभक्त आचार्य र विद्यापतिको योगदानको बारेमा खोजी गर्दै छौँ ।"

"ए खुसी लाग्यो यसरी सिक्ने चाहना राख्नु त धेरै राम्रो । म पनि सहयोग गरौँला नि तपाईंलाई ।" सहजकर्ताले भन्नुभयो ।

"हुन्छ सर जयपृथ्वीबहादुर सिंहको बारेमा पढिरहेका थियौँ ।" हरिकला र तीर्थले खुसी व्यक्त गरे ।

"ए के के थाहा पाउनुभयो नि ? जयपृथ्वीबहादुर सिंहको बारेमा भन्न सक्नुहुन्छ त ?" सहजकर्ताले प्रश्न गर्नुभयो ।

हरिकलाले म भन्ने कोसिस गर्छु भन्दै यसरी बताइन् । "जयपृथ्वीबहादुर सिंहको जन्म वि.सं. १९३४ भाद्र ७ मा बझाङ जिल्लाको चैनपुरमा पिता विक्रमबहादुर सिंह र माता रुद्रकुमारी सिंहबाट भएको हो । उनले वि.सं. १९५२ मा कलकत्ताबाट म्याट्रिक पास गरेका हुन् । त्यस्तै आई. ए. पास चाहिँ वि.सं. १९५४ मा इलाहाबादबाट गरेका हुन् ।"

"सर अब म पनि भन्छु है ?" तीर्थले भने । "जयपृथ्वीबहादुर सिंहले स्वअध्ययन गरेर पनि

आफ्नो शिक्षा बढाएका रहेछन् । समाजशास्त्र, राजनीतिशास्त्र, दर्शन, कानुन, साहित्य, इतिहास र विज्ञान विषयमा स्वअध्ययन समेत गरेका रहेछन् । त्यति मात्र हो र ? उनले स्विट्जरल्यान्ड, जर्मनी, फ्रान्स, इजिप्ट, अमेरिका, चीन र जापान आदि जस्ता देशको भ्रमण पनि गरेका रहेछन् ।"

"ओहो तपाईंहरूले राम्रो अध्ययन गर्नुभएको रहेछ ।" खुसी व्यक्त गर्दै सहजकर्ताले भन्नुभयो, "जयपृथ्वीबहादुर सिंहले शिक्षा क्षेत्रमा थुप्रै योगदान समेत पुऱ्याएका छन् । हुन त उनी राणा शासकका नजिकका नातेदार थिए तर पनि उनमा शिक्षाप्रति गहिरो रुचि थियो । उनले अक्षराङ्क शिक्षा, बालबोध, ज्ञानमाला, शिक्षा दर्पण तथा प्राकृत व्याकरणजस्ता पुस्तक प्रकाशन गरेका थिए । उनले बालबालिकाका लागि उपयोगी हुने थुप्रै पुस्तक पनि प्रकाशन गरेका थिए । उनले वि.सं. १९५८ देखि करिब १५ वर्ष गोरखापत्रको सम्पादक भएर पनि काम गरेका थिए। उनले काठमाडौँको नक्सालमा सत्यवादी पाठशाला खोलेका थिए र पछि आफ्नै जिल्ला बझाङमा पाठशाला खोलेर दलित समुदायका बालबालिकालाई समेत पढ्ने व्यवस्था मिलाएका थिए। उनको मृत्यु वि.सं. १९९७ असोज १ गते भारतको बैङ्लोरमा भएको थियो ।"

"ओहो ! सर जयपृथ्वीबहादुर सिंह त शिक्षाप्रेमी पो रहेछन् है ?" हरिकलाले आश्चार्य मान्दै भनिन् ।

"हो नि ! तपाईंहरूले खगेन्द्रबहादुर बस्नेतको बारेमा पनि पढिसक्नुभयो ?" सहजकर्ताले प्रश्न गर्नुभयो ।

"पढेका थियौँ सर । मैले सम्झेका कुरा बताउँछु है ?" तीर्थले भने, "खगेन्द्रबहादुर बस्नेतको जन्म वि.सं. १९८५ माघ ५ गते काठमाडौँमा पिता इन्द्रबहादुर बस्नेत र माता वेदराजकुमारी बस्नेतको सन्तानको रूपमा भएको थियो । उनको औपचारिक शिक्षा चाहिँ स्नातकसम्मको रहेछ ।"

"सर खगेन्द्रबहादुर बस्नेतले प्रमाणपत्र तह चाहिँ नेपालकै त्रिचन्द्र कलेजबाट गरेका रहेछन् र पछि स्नातक गर्नका लागि भारतको इलाहावाद गएका रहेछन् है ?" तीर्थले भने ।

"हो नि तर केही गर्नुपर्छ भन्ने चाहाना पूरा नहुँदै वि.सं. २००८ बाट उनको कम्मरभन्दा तलको भाग पूर्ण रूपमा नचल्ने भयो । तैपनि उनले अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिँदै आत्मनिर्भरताका लागि पढाउन थालेका थिए । त्यस्तै वि.सं. २०२५ मा नेपाल अपाङ्ग सङ्घको स्थापना गरेका थिए । उक्त संस्थालाई खगेन्द्र नवजीवन केन्द्र भनेर पनि चिनिन्छ । यस संस्थाको अध्यक्ष भएर समेत उनले काम गरेका थिए ।" सहजकर्ताले प्रस्ट पार्नुभयो ।

"सर उनले वि.सं. २०२६ मा कृष्णशमशेर र तारालक्ष्मी राणाको आर्थिक सहयोगमा अपाङ्ग पुरुषहरूका लागि आवासीय व्यवस्था समेत सुरु गरेका रहेछन् है ?" हरिकलाले जिज्ञासा राखिन् ।

"हो नि । वि.सं. २०३१ बाट अपाङ्गता भएका महिलाका लागि पनि आवासीय व्यवस्था सुरु भयो । साँच्ची नै आफू अपाङ्ग भएर पनि अरूका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने खगेन्द्रबहादुर बस्नेतको नाम हामी कहिल्यै बिर्सन सक्दैनौँ । उनको मृत्यु चाहिँ वि.सं. २०३४ पुस १ गते भएको थियो ।" सहजकर्ताले थप प्रस्ट पार्दै भन्नुभयो ।

"सर अब योगमाया न्यौपानेको बारेमा छलफल गरौँ है ?" तीर्थले भने ।

"सहजकर्ताले तपाईंलाई के थाहा छ त योगमाया न्यौपानेको बारेमा भन्नुस् न त ?" भन्नुभयो ।

हरिकलाले भनिन्, "योगमाया न्यौपानेको जन्म नेपालको हाल कोसी प्रदेशको भोजपुर जिल्लाको षडानन्द नगरपालिका नेपाले डाँडामा वि.सं. १९२४ मा भएको हो ।"

"योगमाया न्यौपानेले समाजमा हुने महिला विभेद र कुरीतिविरुद्ध सङ्घर्ष गरेकी रहिछन् है ?" तीर्थले थपे ।

"हो नि । उनी पहिल्यैदेखि नै धार्मिक स्वभावकी थिइन् । उनले स्वअध्ययनबाट नै अध्यात्म, सामाजिक र सांस्कृतिक पक्षको ज्ञान पाउन सफल भएकी थिइन् । उनले राणा शासनकालको समयमा महिलाको सामाजिक अस्तित्व, इज्जत र सम्मानका लागि बलिदानी दिएकी थिइन् । उनले प्रकाशन गरेको कविता सङ्ग्रह 'स्वार्थ योगवाणी' निकै नै चर्चामा आएको थियो ।" सहजकर्ताले बताउनुभयो ।

हरिकलाले थप जिज्ञासा राख्दै भनिन्, "सर, योगमाया न्यौपानेले अरू के के काम गर्नुभएको थियो नि ?"

ल सुन्नुस् है त भन्दै सहजकर्ताले बताउनुभयो । "योगमायाको प्रसङ्ग निस्किनासाथ उनलाई सती प्रथा उन्मूलनसँग जोडेर बुझ्ने गरेको पाइन्छ । उनले आफ्नो नेतृत्वमा वि.सं. १९७४ मा नारी समिति समेत गठन गरेकी थिइन् । उनले तत्कालीन समाजमा महिलाविरुद्धको सती प्रथा, बालविवाह, लैङ्गिक विभेदविरुद्धमा जोडदार आवाज उठाएकी थिइन् । नारी मुक्ति आन्दोलनकी अग्रणी महिलाको रूपमा उनलाई चिनिन्छ । विधवाले पुनर्विवाह गर्न पाउनुपर्छ । महिलाले पनि वेद पढ्न पाउनुपर्छ । बालविवाह अन्त्य हुनुपर्छ भन्दै जातीय तथा छुवाछुत प्रथा अन्त्यका लागि निरन्तर आवाज उठाएकी थिइन् । उनले सती प्रथा जस्तो गलत प्रथालाई हटाउन राणासमक्ष जोडदार माग समेत गरेकी थिइन् । राणाहरूले उनको कुरालाई महत्त्व दिएनन् । पछि उनीसहित उनका ६८ जना अनुयायीसहितले अधर्मको अन्त्यको माग गर्दै अरुण नदीमा वि.सं. १९९८ मा जल समाधि लिएका थिए ।"

"सर, साँच्चै योगमायालाई त एक महान् नारी मान्नुपर्ने रहेछ । त्यति बेलाको राणाशासनको समयमा समेत यति सङ्घर्ष गर्न सक्ने साहसी महिला रहिछन् ।" तीर्थले भने ।

"हो नि । त्यसैले त अहिले हामी उनको बारेमा पढ्दै छौं त । ल अब कसको बारेमा छलफल गर्ने रे भन्नुहोस् त ?" सहजकर्ताले प्रश्न राख्नुभयो ।

"सर, अब भानुभक्त आचार्यको बारेमा छलफल गरौं है त ?" हरिकलाले भनिन् ।

सहजकर्ताले हस् भन्दै "भानुभक्त आचार्यको बारेमा तपाईंलाई के थाहा छ, भन्नुस् न त भन्नुभयो ।"

तीर्थले "भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँ जिल्लाको चुँदी रम्घामा बाबु धनन्जय आचार्य र आमा धर्मावती देवीबाट भएको थियो । उनलाई नेपाली साहित्यका आदिकवि भनिन्छ ।" भनी बताए ।

सहजकर्ताले थप्दै भन्नुभयो, "हो नि भानुभक्तका कृतिलाई नेपाली साहित्यमा चिनाउने काम मोतिराम भट्टले गरेका थिए । भानुभक्तले रामायणलाई नेपाली भाषामा लेखेर तत्कालीन नेपाली समाजलाई भाषिक एकताको सूत्रमा बाँध्ने काम गरेका थिए । उनले घाँसीबाट प्रेरणा पाएर

कविता लेख्न थालेका थिए । उनकै योगदानले गर्दा खस भाषा नेपालको राष्ट्रभाषा बन्न सफल भएको थियो । उनले लेखेका कृतिहरूमा रामायणबाहेक बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर आदि छन् । उनका कृतिमा तत्कालीन समाजमा विद्यमान अवस्थाको झलक पाउन सकिन्छ । उनी अहिले यस संसारमा नभए तापनि नेपाली साहित्यप्रतिको अगाध माया र अपूर्व सेवा गरेबापत नेपाली साहित्य संसारले उनलाई कहिल्यै बिर्सने छैन ।"

हरिकलाले "हो नि सर, भानुभक्तको नामबिना त नेपाली साहित्य अधुरै हुन्छ जस्तो लाग्छ ।" भन्दै अब कवि विद्यापतिको बारेमा चर्चा गरौँ न भनिन् ।

तीर्थले विद्यापतिको बारेमा मलाई थाहा भएको भन्छु है भन्दै भने, "मैथिली भाषाका महाकवि विद्यापतिको जन्म वि.सं. १३९७ मा मिथिला क्षेत्रको विसफी गाउँमा पिता पण्डित गणपति ठाकुर र माता गङ्गादेवीको पुत्रको रूपमा भएको थियो । उनको साहित्य साधनाले नै मैथिली साहित्यलाई लोकप्रिय र सर्वव्यापी बनाएको हो ।"

सहजकर्ताले थप प्रस्ट पार्दै भन्नुभयो, "तत्कालीन मिथिलाका राजा शिवसिंहको राज्यकाजका बेलामा महाकवि विद्यापतिको साहित्यले निकै गतिशीलता पाएको थियो । राजाले विद्यापतिको कृतिबाट खुसी भएर उनी जन्मेको पुख्यौंली गाउँ नै ताम्रपत्रमा लेखेर बकस दिएका थिए । विद्यापति कवि मात्र नभएर सङ्गीतज्ञ पनि थिए । उनको सिर्जनाको प्रभाव उक्त समयमा बङ्गाल, आसाम, उडिसा र दक्षिण भारतसम्म फैलिएको थियो । उनको योगदानले मैथिली सभ्यतालाई उचो बनाएको छ । विद्यापतिको रचनाको प्रभाव रवीन्द्रनाथ ठाकुरको रचना, हिन्दी भाषा र नेवारी भाषामा समेत परेको थियो । यिनले श्रीमद्भागवत गीताको संस्कृतबाट मैथिली भाषामा अनुवाद समेत गरेका थिए । वर्तमानमा पनि उनको साहित्यबाट मैथिली साहित्यले विशेष स्थान प्राप्त गरिरहेको छ र मैथिली साहित्यलाई विश्वमा समेत चिनाउन सम्भव भएको छ ।"

"सर हजुरलाई धेरै धेरै धन्यवाद ! हजुर आइपुगेर हामीले विभिन्न राष्ट्रिय व्यक्तित्वको बारेमा प्रस्टसँग बुझ्ने अवसर पायौँ ।" भनी हरिकलाले भनिन् ।

"मेरो त तपाईंहरूलाई सिकाउने कर्तव्य नै हो नि । ल फेरि नजानेका कुरालाई पछि पनि सिकाउँला नि । आज मेरो काम छ गएँ है त ?" सहजकर्ताले भन्नुभयो ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राष्ट्रिय व्यक्तित्व भनेर कस्ता व्यक्तिलाई भनिन्छ ?

(ख) जयपृथ्वीबहादुर सिंहलाई किन राष्ट्रिय व्यक्तित्व भनिएको हो ?

(ग) जयपृथ्वीबहादुर सिंहले शिक्षाको क्षेत्रमा पुऱ्याएका योगदान लेख्नुहोस् ।

(घ) खगेन्द्रबहादुर बस्नेतले पुऱ्याएका योगदानको सूची बनाउनुहोस् ।

(ङ) योगमाया न्यौपानेलाई किन राष्ट्रिय व्यक्तित्व मानिएको हो ?

(च) भानुभक्त आचार्यले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएका योगदान समेटी एक अनुच्छेद लेख्नुहोस् ।

(छ) विद्यापतिलाई किन मैथिली साहित्यका महाकवि भनिएको हो ?

(ज) विद्यापतिका योगदानको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

तपाईं पनि पाठमा उल्लिखित राष्ट्रिय व्यक्तित्व जस्तै बन्नका लागि के गर्नुपर्ला ? सूची बनाउनुहोस् ।

क्रियाकलाप नं. २

पाठमा अध्ययन गरिएका राष्ट्रिय व्यक्तित्वको फोटोसहित उनीहरूले पुऱ्याएको दुई दुईओटा योगदान लेखी बिगबुक तयार गर्नुहोस् ।

क्रियाकलाप नं. ३

जयपृथ्वीबहादुर सिंह, खगेन्द्रबहादुर बस्नेत, योगमाया, भानुभक्त आचार्य, कवि विद्यापतिको जीवनी पढेर के के शिक्षा वा प्रेरणा पाउनुभयो तालिका बनाएर छुट्टाछुट्टै लेख्नुहोस् ।

राष्ट्रिय व्यक्तित्वको नाम	उनीहरूको जीवनीबाट पाएको शिक्षा वा प्रेरणा
१. जयपृथ्वीबहादुर सिंह	
२. खगेन्द्रबहादुर बस्नेत	
३. योगमाया	
४. भानुभक्त आचार्य	
५. कवि विद्यापति	

सामुदायिक कार्य

तपाईंको समुदायमा योगदान पुऱ्याउनुहुने व्यक्तिको सम्बन्धमा खोजी गरी तल दिइएका शीर्षकमा केन्द्रित रही लेख्नुहोस् :

(क) जन्ममिति/जन्मस्थान :

(ख) मातापिताको नाम :

(ग) शिक्षा :

(घ) पुऱ्याएको योगदान :

पाठ १०

बालक्लब

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

आज सम्पर्क कक्षामा सिकारुले बालक्लबको बारेमा जान्न उत्सुक छन् । सहजकर्ताले उनीहरूको जिज्ञासालाई शान्त पार्दै बालक्लब सम्बन्धमा छलफल पनि गराउनुभयो । उहाँले बालक्लब र यसको महत्त्व बुझाउनुभयो । उहाँले सुरुमा भन्नुभयो, "तपाईं जस्ता बालबालिका आफैँ संलग्न भएर विद्यालय वा समुदायमा बालक्लबको गठन गर्न सकिन्छ । यसको गठन प्रक्रियामा संलग्न कतिपय भाइबहिनीले यो क्लबको बारेमा, यसको गठन प्रक्रियाको बारेमा केही जानकारी, केही अनुभव सँगालिसक्नुभएको पनि होला । बालबालिकालाई विभिन्न रचनात्मक क्रियाकलाप र चरित्र विकासमा यस क्लबको भूमिका महत्त्वपूर्ण ठानिन्छ । म आज तपाईंको चासो र संलग्नता भएको बालक्लबको बारेमा केही जानकारी दिन गइरहेको छु ।

"बालक्लब बालबालिकाको आफ्नै सहभागितामा गठन भएको र उनीहरूको गतिविधि, अधिकार र क्रियाकलापमा सरोकार रहने क्लब हो । बालबालिका देशका भविष्य हुन् । उनीहरूको सक्रियता, सहभागिता, संरक्षण जस्ता कुराले उनीहरूको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ । विद्यालय तथा समुदायमा बालक्लब गठन गरिएको हुन्छ । सामान्यतया बालबालिकाको हकहितका लागि बालबालिकाद्वारा नै सञ्चालन हुने संस्थालाई बालक्लब भनिन्छ । बालक्लब बालबालिकाको सङ्गठन हो । बालबालिकाले आफ्नो साझा उद्देश्य प्राप्तिका लागि २५ जनाभन्दा बढीको संलग्नतामा यस क्लबको गठन गर्न सक्छन् । बालबालिकाको सक्रियता, सहभागिता, रचनात्मकता, नेतृत्व सिप विकास, बालबालिकाका सरोकारका विषय वा मुद्दामा यस्ता क्लबको क्रियाशीलता रहन्छ । नेपालमा बालक्लब स्थापनाको इतिहास लामो छैन । वि.सं २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि बालबालिकालाई सङ्गठित गर्न थालियो । यसमा विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहेको थियो । अहिले स्थानीय सरकारको सहयोगमा बालक्लब गठन हुने गरेका छन् ।

हाम्रो समुदायमा स्थापना भएको जागृति बालक्लब समुदायमा आधारित बालक्लब हो भने विद्यालयमा गठन हुने बालक्लब विद्यालयमा आधारित बालक्लबको उदाहरण हो । कतिपय विषयलाई महत्त्व दिने गरी स्थापना भएका बालक्लब पनि हुन्छन् । बाल साहित्यमा खोजी, अध्ययन र सिर्जना गर्न स्थापित बालक्लब, बाल साहित्य बालक्लब, त्यस्तै समुदायमा

वातावरण संरक्षण र हेरचाहमा सरोकार राख्ने वातावरण संरक्षण बालक्लब आदि विषयगत वा विशेष बालक्बलका उदाहरण हुन् । यसरी स्थापना भएका विभिन्न प्रकारका बालक्लबले आफ्नो विषयक्षेत्र भन्दा बाहिर हात हाल्दैन् । त्यसै गरी बालबालिकाको कल्याण, अधिकारका लागि स्थापित बाल समूह सञ्जाल पनि बालक्लबको एक फरक उदाहरण हो । अब म बालक्लबको गठन र कार्य सम्बन्धमा चार्टमार्फत स्पष्ट पार्न चाहन्छु । तपाईंले पनि चार्ट हेर्न सक्नुहुन्छ ।

बालक्लबको गठन र कार्य

- सार्वजनिक सूचना प्रकाशन र जानकारी प्रदान गर्ने
- बाल समूह गठनका लागि अनिवार्य २५ जना बालबालिका उपस्थित हुनुपर्ने
- उपस्थितिका लागि विभिन्न उमेर समूह, लिङ्ग, जातजातिको प्रतिनिधित्वको व्यवस्था गर्ने
- भेला हुनका लागि उपयुक्त स्थान र समय निश्चित गर्ने
- सहमतिको आधारमा नेतृत्व छनोट गर्ने
- कार्यसमितिमा कम्तिमा नौ सदस्य रहनु पर्ने

बालक्लबका कार्य



पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

१. बालक्लब भनेको के हो ?

२. बालक्लबको गठन प्रक्रिया लेख्नुहोस् ।

३. बालक्लबले के कस्ता कार्य गर्छ ? सूची तयार पार्नुहोस् ।

क्रियाकलाप १

तपाईंको सिकाइ केन्द्रमा पनि बालक्लब गठन भएको छ छैन ? छ भने के कस्ता क्रियाकलाप सञ्चालन हुने गरेका छन् ? सोधखोज गरी विवरण तयार पार्नुहोस् । छैन भने बालक्लब गठनका लागि सहभागी साथीहरू र सहजकर्ताबिच छलफलका लागि तयारी गर्नुहोस् ।

क्रियाकलाप २

बालक्लबको आवश्यकता सम्बन्धमा साथी साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) अरूलाई होच्याउने, हेप्ने नगरी सम्मान र इज्जतका साथ अरूलाई गरिने व्यवहारलाई .....भनिन्छ । (मर्यादित व्यवहार, अनुशासन)

(ख) सबैको भलो गर्नु, समस्यामा परेकालाई सहयोग गर्नु र मिलेर काम गर्नु .....हो । (सत्कार्य, सद्भाव)

(ग) बालबालिकाको आफ्नै सहभागितामा गठन भएको र उनीहरूको गतिविधि, अधिकार र क्रियाकलापमा सरोकार रहने क्लब .....हो । (बालक्लब, युवाक्लब)

(घ) कुनै समुदायमा प्रचलित लोक गीतले त्यो समाजको वास्तविकताको .....गर्छ । (प्रतिनिधित्व, उजागर)

(ङ) बालक्लब गठनका लागि अनिवार्य .....जना बालबालिकाहरू उपस्थित हुनुपर्ने हुन्छ । (२५, ३५)

(च) मैथिली भाषाका महाकवि भनेर .....लाई भनिन्छ ।

(विद्यापति, जयपृथ्वीबहादुर सिंह)

(छ) विभिन्न जातजाति, धर्म र संस्कृतिबिचको मेल, सद्भाव र सहयोगको आदानप्रदानले हाम्रो देशको .....लाई दर्साउँछ ।

(धार्मिक सहिष्णुता, धार्मिक एकता)

(ज) समाजमा परम्परादेखि चल्दै आएका लोकगीतलाई सुर, ताल र लय दिने वाद्ययन्त्रलाई .....भनिन्छ । (लोकबाजा, लोकधुन)

(झ) खगेन्द्र नवजीवन केन्द्रका संस्थापक .....थिए ।

(खगेन्द्रबहादुर बस्नेत, विद्यापति)

(ञ) विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाले हाम्रो इतिहास र संस्कृतिको .....बोकेका छन् । (परिचय, सान)

(ट) सतार नाच नेपालको .....क्षेत्रमा प्रचलित नाच हो । (तराई, सुदूरपश्चिम)

जोडा मिलाउनुहोस् :

विसर्फी	खगेन्द्रबहादुर बस्नेतले स्थापना गरेको संस्था
जलसमाधि	योगमाया न्यौपानेको नाममा हुलाक टिकट प्रकाशन
भक्तमाला	विद्यापतिको जन्मस्थान
खगेन्द्र नवजीवन केन्द्र	जयपृथ्वीबहादुर सिंह
चुँदी रम्घा	नेपाली भाषाका आदिकविको जन्म स्थान
वि.सं. २०७२	योगमाया लगायत ६८ जनाले गरेको संयुक्त विद्रोह
सत्यवादी पाठशाला	भानुभक्त आचार्य
	विद्यापतिको कृति

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अनुशासन मानव जीवनको अभिन्न अङ्ग हो । यसले हरेक काममा सफलता दिलाउन मदत गर्छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) असल सामाजिक व्यवहारका कुनै पाँच उदाहरण लेख्नुहोस् ।

(ग) तपाईंमा भएका मानव मूल्यका गुणको सूची बनाउनुहोस् ।

(घ) तपाईंको परिवारमा गरिने जन्मसंस्कार, विवाह संस्कार र मृत्युसंस्कार सोधखोज गरी छुट्टाछुट्टै तालिका बनाएर देखाउनुहोस् ।

(ङ) तपाईंले मान्दै आउनुभएको धर्मको धार्मिक संस्कार लेख्नुहोस् ।

(छ) तपाईंको समुदायमा गाइने लोकगीतहरूको सूची बनाई तिनीहरूको संरक्षणका उपाय लेख्नुहोस् ।

एकाइ ३ : नागरिक चेतना

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- नागरिकको परिचय दिई नागरिक कर्तव्य पालना गर्न र अधिकारप्रति सचेत रहन
- लोकतान्त्रिक मूल्यमान्यताको अनुसरण गर्न
- सामाजिक नियमको पालना गर्न
- बाल अधिकार र कर्तव्य पहिचान गरी बाल अधिकारको उपयोगप्रति सचेत रहन
- मानव अधिकार र मौलिक हकको परिचय दिन
- महिला अधिकारको परिचय दिन
- आफ्नो व्यक्तिगत तथा पारिवारिक सुरक्षा सम्बन्धमा सजग रहन
- ट्राफिक नियमको परिचय र फाइदा बताउन एवम् यसको पालना गर्ने

पाठ १ हामी नागरिक : हाम्रो अधिकार र कर्तव्य

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

सन्तुमाया बजारबाट सामान किनेर बसमा घर फर्कँदै थिइन् । उनी बसेको सिटभन्दा अगाडिको सिटमा महिला सिट लेखिएको थियो तर एक जना पुरुष बसिरहेका थिए । अर्की एउटी महिला बस चढिन् । उनले "यो त महिला सिट होइन र ? त्यहाँ पढ्नुस् त ?" भनिन् । उक्त पुरुषले "ओहो माफ पाऊँ है ? मैले त पढ्दै नपढीकन खाली सिट देखेर बसेछु । तपाईं बस्नुस् ।" भनेर उठे ।

महिलाले "हुन त, तपाईं यस सिटमा बसेर केही हुने त होइन । तर हामी महिलाले पाएको अधिकार हो नि त ! त्यसैले भनेकी हुँ ।" भन्दै सिटमा बसिन् । पुरुषले महिलालाई, "ठिक छ तपाईंले ठिक गर्नुभयो, आफ्नो अधिकारका लागि आवाज उठाउनु त हामी नागरिकको कर्तव्य हो नि त ।" भने ।

सन्तुमायाको घर आइपुग्यो । उनी बसबाट तल ओर्लिन् । सन्तुमायाको मनमा अघि बसमा ती महिला र पुरुषले नागरिक अधिकार र कर्तव्य भन्ने शब्द बोलेको सुनेकी थिइन् । नागरिक, अधिकार र कर्तव्य भनेको के होला ? भन्ने उनको मनमा खुल्दुली भइरह्यो ।

त्यति बेलै उनको घरमा टुप्लुक्क नजिकै विद्यालयमा पढाउने शिक्षक उनका श्रीमान्लाई भेट्नका लागि "आइपुग्नुभयो । शिक्षकले सुन्तली भाउजू नमस्कार ! दाजु खै त ?" भनेर सोध्नुभयो । खै ? सर, "म त यसो घरका सामान किन्नका लागि बजार गएकी थिएँ । भर्खर बजारबाट आउँदै छु । मलाई त थाहा छैन ।" भनी जवाफ दिइन् । "ए, त्यसो भए जान्छु, भोलि आउनुपर्ला ।" शिक्षक हिँड्न खोजे ।

सन्तुमायाले "बस्नुहोस् न सर ? म चिया पकाउँछु । उहाँ पनि आउनुहुन्छ होला । यतै वरपर त हुनुहुन्छ होला ।" सरलाई रोकिन् ।

सर बाहिर पिँढीमा बसिरहनुभयो । सन्तुमायाले चिया पकाएर ल्याइन् । सन्तुमाया र शिक्षक

दुवै जना चिया पिउँदै कुरा गर्दै हुनुहुन्थ्यो । सन्तुमायाले अघि आफूले बसमा सुनेका शब्द "नागरिक, अधिकार र कर्तव्य भनेको के हो ?" भनी अघि आफूले बजारबाट आउँदा बसमा सुनेको भनी बताइन् ।

शिक्षकले "कुनै निश्चित राज्यमा बसोबास गर्ने र राज्यबाट निश्चित अधिकार प्राप्त गरेका व्यक्तिलाई नागरिक भनिन्छ । जस्तै हामी नेपालमा बस्छौँ त्यसैले हामी नेपाली नागरिक हौँ । नागरिक शब्द प्राचीन ग्रिसबाट उत्पत्ति भएको हो । कुनै पनि राज्यको नागरिक भनेको त्यस देशको पहिचान हो ।" उहाँले प्रस्ट पारिदिनुभयो ।

सन्तुमायाले, "बल्ल बुझेँ ! उनीहरूले अघि बसमा नागरिक भनेको त हामी नेपालीलाई पो भनेका रहेछन् है ?" भनी यसलाई उदाहरणसहित प्रस्ट पार्नका लागि अनुरोध गरिन् ।

शिक्षकले, "कुनै पनि देशको भूगोलमा बसोबास गर्दैमा सबै व्यक्ति नागरिक हुँदैनन् । त्यस देशमा बसोबास गरेबापत निश्चित अधिकार र राज्यप्रति कर्तव्य भएको व्यक्ति मात्र नागरिक हुन् । जुन कुरा नेपालको संविधानमा पनि व्यवस्था गरिएको छ । अन्य देशबाट नेपालमा आई बसोबास गरेका नागरिकले नेपाली नागरिक सरह अधिकार दाबी गर्न पाउँदैनन् ।" सन्तुमायाको जिज्ञासालाई प्रस्ट पार्दै भन्नुभयो ।

सन्तुमायाले शिक्षकसँग "हामीलाई नागरिकता दिएको पनि यो देशको नागरिक हो भनी चिनिनका लागि हो कि जस्तो लाग्छ सर मलाई त" भनी उनलाई मनमा लागेको कुरा व्यक्त गरिन् ।

शिक्षकले "नागरिकता भनेकै राज्यले आफ्नो देशको नागरिक हो भनी परिचयका लागि प्रदान गर्ने हो । अहिले जुन देशमा पनि राज्यभित्र बस्ने तथा राज्यको सुविधा उपभोग गर्ने सबै मानिसलाई नागरिकता प्रदान गरेको हुन्छ । हाम्रो देशमा १६ वर्ष उमेर पूरा भएका व्यक्तिलाई नागरिकता प्रदान गरिने कानुनी व्यवस्था रहेको छ ।" भनी नागरिकताको सम्बन्धमा प्रस्ट पार्दै भन्नुभयो ।

शिक्षकले "नागरिकलाई कतै प्रजा र कतै मतदाता पनि भनिन्छ ।" भन्नुभयो ।

सन्तुमायाले "मतदाता भनेको त चुनावमा भोट खसाल्ने मानिसलाई भन्ने होइन र सर ?" भन्दै प्रश्न गरिन् ।

शिक्षकले "हो हो, तपाईंले ठिक भन्नुभयो । हाम्रो देशमा १८ वर्ष उमेर पुगेका नागरिकलाई मतदाता नामावलीमा नाम लेखाउन पाउने व्यवस्था रहेको छ । सबै नागरिक मतदाता हुँदैनन् तर सबै मतदाता नागरिक हुन्छन् ।" भनी प्रस्ट पार्नुभयो ।

"सर असल नागरिक भनेको सुनिन्छ । एउटै देशमा बसोबास गर्ने नागरिक पनि कोही खराब र कोही असल हुन्छन् र ?" सन्तुमायाले जिज्ञासा राखिन् ।

शिक्षकले "हुन त तपाईंले भनेजस्तै एउटै देशमा बसोबास गर्ने नागरिक कोही खराब र कोही असल हुँदैन र हुनु पनि हुँदैन । त्यो असल नागरिक भनेर चाहिँ कस्ता व्यक्तिलाई भन्न खोजेको हो भने राज्यप्रति आफ्नो दायित्व पूरा गर्ने, चरित्रवान्, राष्ट्रियता र देशप्रेमको भावना भएको व्यक्तिलाई भन्न खोजेको हो । त्यस्तै गरी कुनै पनि देशमा बसोबास गर्ने नागरिकले उक्त देशप्रतिको कानुनी तथा अन्य कर्तव्य पूरा गर्ने, राजनीतिक चेतना भएको, दूरदर्शिता, राष्ट्रप्रति सकारात्मक सोच र उद्यमशीलताको भावना भएको हुनुपर्छ ।" भन्न खोजिएको हो भनी प्रस्ट पार्नुभयो ।

यत्तिकैमा सन्तुमायाका श्रीमान् पनि आइपुग्नुभयो र सरलाई अभिवादन गर्दै सँगै पिँढीमा बस्नुभयो । सन्तुमायाले "हजुर कता जानुभएको थियो कुन्नि ? सर हजुरलाई भेट्न आउनुभएको रहेछ । म त सरसँग आफूलाई थाहा नभएका विषयवस्तुमा छलफल गर्दै छु ।" भनी श्रीमान्लाई भनिन् ।

सन्तुमायाका श्रीमान्ले, "धेरै राम्रो गरिछ्यौ । सरसँग त हामीले नजानेका विषयवस्तु सिक्ने त हो नि ।" भन्दै खुसी हुनुभयो ।

सन्तुमायाले "नागरिकको सम्बन्धमा धेरै कुरा प्रस्ट भयो सर अब अधिकार र कर्तव्यको सम्बन्धमा पनि सिक्न पाए हुन्थ्यो ।" भनी अनुरोध गरिन् ।

शिक्षकले राज्यले आफ्नो देशका नागरिकलाई प्रदान गर्ने विशेष सेवा सुविधा नै अधिकार हुन् अर्थात् देशको संविधानमा नै व्यवस्था गरी आफ्ना नागरिकका लागि प्रदान गरिएका मौलिक हकलाई अधिकार भनिन्छ भनी प्रस्ट पार्नुभयो ।

सन्तुमायाले "सर हाम्रो संविधानमा हामी नागरिकका लागि के के मौलिक हकको व्यवस्था गरिएको छ र ?" भनी जिज्ञासा राखिन् ।

शिक्षकले "नेपालको संविधानको भाग ३ को धारा १६ देखि ४६ सम्म ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । स्वतन्त्रताको अधिकार, समानताको अधिकार, शिक्षा प्राप्त गर्न पाउने अधिकार, बालअधिकार, ज्येष्ठ नागरिकको अधिकार मौलिक हक हुन् । धर्मसम्बन्धी अधिकार, रोजगारीको अधिकार, पेसा तथा व्यवसाय गर्न पाउने अधिकार, छुवाछुत तथा जातीय भेदभावविरुद्धको अधिकारलगायत थुप्रै अधिकार छन् । यी सबै अधिकार हामीलाई हाम्रो संविधानले नै प्रदान गरेको छ ।" भनी प्रस्ट पार्नुभयो ।

सन्तुमायाले "अधिकार त हामी नागरिकका लागि कति महत्त्वपूर्ण रहेछ है सर ? हामीलाई राज्यले प्रदान गरेको अधिकारबाट त हाम्रो क्षमता विकास र सेवा सुविधा पो पाउने रहेछौँ त ?" भनेर आफ्नो मनमा लागेका कुरा व्यक्त गरिन् ।

शिक्षकले "हो नि, तपाईँले सही भन्नुभयो । हामीलाई कुनै पनि पेसा वा व्यवसाय सञ्चालन गर्न अधिकार आवश्यक पर्छ । त्यस्तै आफ्नो व्यक्तित्व विकासका लागि र सम्पत्ति आर्जनका लागि विभिन्न काम गर्न तथा समाजको विकासका लागि विकास निर्माणका काम गर्न पनि हामी अधिकार सम्पन्न हुनु जरुरी हुन्छ । वास्तवमा भन्ने हो भने अधिकार हाम्रो लागि शक्ति हो । जसलाई समाजले सजिलै स्वीकार गरेको हुन्छ ।" भनी प्रस्ट पार्नुभयो ।

सन्तुमायाको श्रीमान्‌ले पनि केही कुरा थप गर्दै भन्नुभयो, "हामी सबै नागरिकले आफूले पाएको अधिकारको उपभोग गर्न पाउँछौँ तर मुख्य कुरा भनेको आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको हनन हुनु हुँदैन । यसप्रति हामी सचेत हुनुपर्छ । उदाहरणका लागि सार्वजनिक सम्पत्ति भनेको सबैको समान हक लाग्ने साझा सम्पत्ति हुन् । यस्ता सम्पत्तिको प्रयोग गर्न पाउनु हामी सबैको समान हक र अधिकार रहेको हुन्छ तर अरूलाई यस्ता सम्पत्ति प्रयोग गर्न पाउने हक अधिकारबाट वञ्चित गरिनु हुँदैन । राज्यले पनि आफ्ना नागरिकलाई हक अधिकार प्रदान गर्दा कसैलाई काखा कसैलाई पाखा गर्नु हुँदैन ।" भनी बताउनुभयो ।

सन्तुमाया खुसी हुँदै "अधिकारको सम्बन्धमा त प्रस्ट भयो । अब कर्तव्यको सम्बन्धमा पनि बताइदिनुस् न सर ?" भनेर अनुरोध गरिन् ।

शिक्षकले कर्तव्यको सम्बन्धमा प्रस्ट पार्दै भन्नुभयो, "एउटा जिम्मेवार नागरिकले अधिकार प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने हरेक दायित्व तथा जिम्मेवारीलाई कर्तव्य भनिन्छ । कर्तव्य अरूले कर गरेर अथवा अरूले के भन्ला भनेर गर्ने नभई आफैँले बुझेर पालना गर्नुपर्ने हुन्छ । हामी नागरिकले पूरा गर्नुपर्ने कर्तव्य विभिन्न प्रकारका हुन्छन् । नैतिक कर्तव्य, कानुनी कर्तव्य, सामाजिक कर्तव्य र नागरिक कर्तव्य गरी कर्तव्य चार किसिमका हुन्छन् ।"

सन्तुमायाका श्रीमान्‌ले भन्नुभयो, "आखिर शिक्षक भनेको शिक्षक नै हुन्छ । सरले हरेक कुरालाई कति सरल तरिकाले बुझाउनुभएको छ ।"

"त्यस्तो होइन सर शिक्षक भएपछि विद्यार्थीलाई बुझाउने बानी परेकाले उदाहरणसहित भन्न आउँछ । अब कर्तव्य त तपाईँलाई पनि थाहा नै छ किनभने हामीले दैनिक जीवनमा प्रयोग गरिरहेका हुन्छौँ । उही नाम मात्र थाहा नभएको हुन सक्छ । नैतिक कर्तव्य भन्नाले कुनै पनि व्यक्तिको भित्री मन वा चेतनाबाट आएर निर्वाह गर्ने कर्तव्यलाई नै नैतिक कर्तव्य भनिन्छ ।

जस्तै : आमाबाबु गुरुजन, ज्येष्ठ नागरिकलाई आदर गर्नु, बालबालिका र असहायप्रति माया र सद्भाव राख्नु, आपत् विपत्मा परेकालाई सहयोग गर्नु, सबै मानिसप्रति मैत्रीभाव एवम् सम्मानजनक व्यवहार गर्नु, कसैलाई अवहेलना नगर्नु आदि नैतिक कर्तव्य हुन् ।" भनी प्रस्ट पार्नुभयो ।

सन्तुमायाका श्रीमान्ले जिज्ञासा राख्दै भन्नुभयो, "देशको संविधानको पालना गर्नु, ऐन नियम र कानुनको पालना गर्नु, कानुनको कार्यान्वायनमा सरोकारवालालाई सहयोग पुऱ्याउनु, आदि जस्ता कर्तव्य चाहिँ कानुनी कर्तव्य हुन् कि के हो सर ?"

शिक्षकले सन्तुमायाका श्रीमान्लाई जवाफ दिँदै भन्नुभयो, "हो तपाईंले भन्नुभएजस्तै कुनै पनि देशको संविधान वा कानुनले किटान गरेको अधिकार क्षेत्रभित्र रहेर आफ्नो कर्तव्य पूरा गर्नुलाई कानुनी कर्तव्य भनिन्छ । नेपालको संविधानले पनि हामी नागरिकका लागि केही कर्तव्यको व्यवस्था गरेको छ तिनीहरू नागरिक कर्तव्य हुन् । राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु आदि संविधानले नागरिकका लागि तोकेका कर्तव्य हुन् ।"

सन्तुमायाका श्रीमान्ले "सर समाजको हक हित र भलाइका लागि हामी नागरिकले पूरा गर्नुपर्ने दायित्व चाहिँ सामाजिक कर्तव्य हुन् ?" भनी प्रश्न गर्नुभयो ।

शिक्षकले "हो तपाईंले सही भन्नुभयो । सामाजिक मूल्य मान्यता र परम्पराप्रति जागरुक हुनु, चाडपर्व सामाजिक उत्सवमा सहभागी हुनु र अरूलाई पनि सहभागी हुन प्रेरित गर्नु, धार्मिक स्थल मठ मन्दिरको संरक्षण संवर्धन र सरसफाइमा सहभागी हुनु, सामाजिक कुरिति, कुप्रथा, अन्धविश्वास तथा विकृतिलाई प्रोत्साहन नदिनु तथा ढाकछोप छलछाम नगर्नु, धार्मिक सहिष्णुता, सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउनु आदि जस्ता कर्तव्य सामाजिक कर्तव्यअन्तर्गत पर्छन् ।" भनी प्रस्ट पार्नुभयो ।

सन्तुमायाले भनिन्, "सर साँच्चै हामीले घरपरिवारमा र समाजमा गर्ने गरेका काम नै हाम्रा कर्तव्य रहेछन् कि ? जस्तो लाग्यो मलाई त ?"

शिक्षकले "हो नि तपाईंले भन्नुभएको ठिक हो । अधिकार पनि हामीले हाम्रो जीवनको हरेक क्षणमा उपभोग गरिरहेका हुन्छौँ भने कर्तव्यको पालना पनि गरिरहेका हुन्छौँ ।"

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नागरिक भनेको के हो ?

(ख) असल नागरिक भनेर कस्ता नागरिकलाई भनिन्छ ?

(ग) नागरिक अधिकार भनेको के हो ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(घ) यदि हामीले अधिकारको उपयोग गर्न पाएनौँ भने के असर पर्छ ?

(ङ) कर्तव्य भन्नाले के बुझ्नु हुन्छ ?

(च) कर्तव्य कति प्रकारका हुन्छन् ? ती के के हुन् ?

(छ) अधिकार र कर्तव्यबिचमा फरक छुट्याई तालिकामा देखाउनुहोस् :

नागरिक अधिकार	नागरिक कर्तव्य
१.	
२.	
३.	
४.	

क्रियाकलाप १

असल नागरिक बन्नका लागि तपाईंले के के गर्नुपर्छ ? अभिभावकसँग छलफल गरी सूची बनाउनुहोस् ।

क्रियाकलाप २

तपाईंको व्यक्तित्व विकासका लागि वा क्षमता विकासका लागि आवश्यक पर्ने अधिकारको सूची बनाउनुहोस् ।

क्रियाकलाप ३

नेपालको संविधानको पुस्तक डाउनलोड गरी मौलिक हक अध्ययन गर्नुहोस् र तीमध्ये तपाईंले उपभोग गर्न पाउनुभएका हकको सूची बनाउनुहोस् । (यसका लागि निम्नलिखित वेबसाइटमा खोज्न सक्नुहुने छ : (lawcommission.gov.np)

क्रियाकलाप ४

यहाँ नेपालको संविधानको धारा ४८ मा व्यवस्था गरिएका नागरिकका कर्तव्य उल्लेख गरिएका छन् । तपाईंको विचारमा यी कर्तव्यको पालना हामीले किन गर्नुपर्छ ? गरेन भने के हुन्छ ? उपयुक्त कारण लेख्नुहोस् :

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु
- संविधान र कानुनको पालना गर्नु
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

क्रियाकलाप ५

तल दिइएको अनुच्छेद पढी अधिकार र कर्तव्यको अन्तरसम्बन्ध झल्कने कुनै दुई उदाहरण लेख्नुहोस् ।

अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा

हामी नागरिकले राष्ट्रबाट प्राप्त मौलिक हक अधिकारको उपयोग गर्दै जाँदा नागरिक कर्तव्य पनि त्यसको अभिन्न अङ्ग भएर उपस्थित भइरहेका हुन्छन् । उदाहरणका लागि यदि कसैले हाम्रो मौलिक हक अधिकारको हनन गऱ्यो भने हामीले न्यायालयमा उजुरी दिन पाउने हक अधिकार संविधानले प्रदान गरेको छ र न्यायालयले पनि हामीलाई न्याय दिलाई दोषीमाथि कानुनी सजाय दिने छ । त्यस्तै गरी हामीले पनि राज्यद्वारा जारी गरिएका ऐन, नियम र कानुनको पालना र संरक्षण गर्नु हाम्रो दायित्व हो भनी आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ । यसरी हेर्दा नागरिक अधिकार र कर्तव्यलाई एक सिक्काका दुई पाटाको रूपमा लिन सकिन्छ । त्यस्तै गरी घर परिवार र समाजमा पनि हामीले अधिकार प्राप्तिसँगै कर्तव्यलाई पनि ख्याल गर्नुपर्छ । जस्तै बुबाआमाले जन्म दिनुभयो, हुर्काउनुभयो, पढाउनुभयो एउटा जिम्मेवार असल नागरिक बनाउनुभयो । फेरी हामी सोचिरहेका हुन्छौँ कि यो त बुबाआमाको कर्तव्य नै हो पूरा गर्नुपर्छ र बुबाआमाको माया ममता लगायत हरेक कुरा प्राप्त गर्नु हाम्रो अधिकार हो तर हामीले बुबाआमाबाट अधिकार मात्र लिने होइन कि उहाँहरूले भनेको मान्ने, उहाँहरूको सम्मान गर्ने, उहाँहरूको हरेक सुख दुःखमा साथ दिने र कहिल्यै पनि उहाँहरूको आँखामा आँसु बग्न नदिने हाम्रो कर्तव्य हो । यसबाट पनि हामी भन्न सक्छौँ कि अधिकारको उपयोग गर्न चाहाने कुनै पनि व्यक्तिले सो अधिकारले सिर्जना गरेका हरेक कर्तव्य र दायित्वको बेवास्ता गर्नुहुँदैन ।

पाठ २ लोकतान्त्रिक मूल्य मान्यता

तल दिइएको समाचार अध्ययन गरौँ र छलफल गरौँ :

लोकतान्त्रिक मूल्य मान्यताको राम्रो अभ्यासको केन्द्र बन्दै स्थानीय तह

नागरिक आवाज स्थानीय पत्रिका

काभ्रे, २०८० जेठ १८

नेपालमा सङ्घीयताको कार्यान्वयनसँगै लोकतान्त्रिक मूल्य मान्यता भन्ने शब्दले व्यापकता पाएको देखिन्छ । लोकतन्त्र भनेको जनचाहनाअनुसार जनप्रतिनिधिद्वारा लोकतान्त्रिक मूल्य मान्यताको आधारमा सञ्चालन हुने शासन पद्धति हो । यस्तै लोकतान्त्रिक मूल्य मान्यताको विकासमा अग्रणी भूमिका निर्वाह गर्ने काभ्रे जिल्लामा रहेको खानी खोला गाउँपालिका दुई नम्बर वडाका स्थानीयबासीको चर्चा अहिले चुलिँदै गएको सुनिन्छ । वडाभरि हरेक टोल टोलमा टोल सुधार समितिको गठन प्रक्रियामा टोलबासी सबैको भेला गराएर महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिलगायतका सबैको समान सहभागितालाई दृष्टिगत गरेर गरिएको छ । समितिमा बस्न धेरैले इच्छा जाहेर गरेकाले चुनावी प्रक्रियाबाट समितिका सदस्यको चयन गरिएको थियो । आआफ्नो टोललाई सुन्दर र सभ्य बनाउनका लागि स्थानीय खटेर लागेको देखिन्छ । टोलमा वातावरण संरक्षण तथा सरसफाइ, खानेपानी व्यवस्थापन, टोलको सुरक्षा व्यवस्था, उद्धार कार्यलगायतका विभिन्न उपसमिति निर्माण गरेर कार्य विभाजन गरिएको छ । वडामा सञ्चालन हुने हरेक गतिविधिमा सबैसँग सल्लाह गरेर, बहुमतको निर्णयलाई मान्य हुने गरेर, सबैको विचार र भावनालाई सम्मान तथा कदर गरेर उपभोक्ता समिति गठन गरेर मात्र गर्ने गरिएको स्थानीयबासी बताउँछन् । हरेक काम समूहमा मिलेर गर्ने, सबैको समान सहभागितामा गर्ने र विभेदरहित वातावरणमा सम्पन्न गराउने संस्कारको विकास भएकाले कसैको कसैप्रति मनमुटाव नरहेको दाबी समेत स्थानीयले गरेका छन् । लोकतान्त्रिक मूल्य मान्यताको संस्कारले एक आपसमा मेलमिलाप कायम गराउन, बहुमतको निर्णयलाई स्वीकार गर्न, सबैको समान सहभागिता गराउन मदत पुग्ने हुनाले सबैले यसलाई अँगाल्नुपर्ने आजको आवश्यकता रहेको छ ।

उल्लिखित समाचारबाट हामीले लोकतान्त्रिक मूल्यमान्यताको अवलम्बन कसरी गर्न सकिन्छ ? भन्ने सम्बन्धमा प्रस्ट रूपमा बुझ्न सक्छौँ । लोकतान्त्रिक मूल्य मान्यता भन्नाले लोकतान्त्रिक

व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त, गुण र विशेषतालाई बुझाउँछ । जसअन्तर्गत कानुनको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक हकको संरक्षण, मानव अधिकारको सुनिश्चितता, बहुमतको कदर, अल्पमतको सम्मान, विविधताको सम्मान, सुशासन, समान सहभागिता जस्ता पक्ष पर्छन् ।



तल दिइएको मामा र भान्जीको बिचमा भएको संवाद पढ्नुहोस् र छलफल गर्नुहोस् :

भान्जी : नमस्कार ! मामा आहा ! आज त हाम्रो घरमा मामा आउनुभयो । कति रमाइलो हुने भयो ।

भान्जी : नमस्कार ! भान्जी । अनि तपाईं त कस्तो ध्यान दिएर केको चित्र बनाउन लाग्नुभएको हो ?

भान्जी : ए ! यो लोकतान्त्रिक मूल्य मान्यतालाई चार्टमा उतार्न लाएकी मामा ।

मामा : तपाईंलाई लोकतान्त्रिक मूल्यमान्यता भनेको के हो थाहा छ भान्जी ?

भान्जी : त्यति धेरै त बुझेको छैन मामा । आज लोकतान्त्रिक मूल्य मान्यताको परिचय र पक्ष मात्र सिकेका थियौं । लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त, गुण र विशेषतालाई लोकतान्त्रिक मूल्यमान्यता भनिन्छ भन्ने चाहिँ थाहा छ । सिकाइ केन्द्रमा गुरुआमाले लोकतान्त्रिक मूल्यमान्यताका पक्षलाई चार्टमा उतारेर ल्याउनु भन्नुभएको थियो । त्यसैले यहाँ चार्टपेपरमा उतारिरहेकी मामा ।

मामा : लोकतन्त्रमा त भान्जी हरेक ठाउँमा लोकतान्त्रिक मूल्यमान्यताको अवलम्बन गरिनुपर्छ । लोकतान्त्रिक व्यवस्थामा लोकतान्त्रिक मूल्यमान्यताका पक्षको पालना भएन भने त यो शासनको कुनै अर्थ नै हुँदैन ।

भान्जी : ए ! मामा यो लोकतान्त्रिक मूल्यमान्यता त धेरै नै महत्त्वपूर्ण रहेछ है ? लोकतान्त्रिक मूल्यमान्यताको महत्त्व सम्बन्धमा बताइदिनुस् न ?

मामा : ए भइहाल्छ नि । हाम्रो नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधतायुक्त समाज हो नि त । त्यसैले लोकतन्त्रमा यस्तो विविधताको सम्मान गर्दै संरक्षण गर्दै सहभागितामूलक शासन सञ्चालन हुन्छ । यसबाट लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बनमा पनि मदत पुग्छ ।

भान्जी : त्यसो भनेपछि त हामीले समाजमा पनि फरक भाषा, धर्म, संस्कृतिका मानिस सबैलाई समान व्यवहार गर्नुपर्‍यो होइन त मामा ?

मामा : हो नि भान्जी, तपाईंले ठिक भन्नुभयो । लोकतान्त्रिक व्यवस्थामा विकासका काम पनि सबैको समान सहभागितामा सञ्चालन हुन्छन् । देशको नागरिक भएको हैसियतले राज्यबाट प्राप्त मौलिक हक अधिकारको उपयोग गर्ने अवसर सबै नागरिकले समान रूपमा पाउँछन् ।

भान्जी : महिला वा पुरुष भनी लिङ्गको आधारमा र जातीय तथा छुवाछुतको आधारमा गरिने विभेद आदिको पनि अन्त्य हुने रहेछ है मामा ?

मामा : हो नि, विविधताको सम्मान भनेकै भेदभाव नगर्ने भनेको हो । त्यस्तै अरूको विचार र भावनाको सम्मान र कदर गर्ने वातावरण तयार हुन्छ । जनताले आफूले चुनेको जनप्रतिनिधिबाट शासन सञ्चालन गर्ने अवसर पाउँछन् । आफूलाई मनमा लागेका विचार खुलेर व्यक्त गर्ने अवसर पाउँछन् । देशमा कानुनी शासन स्थापित हुन्छ । कानुनभन्दा माथि कोही पनि नहुने भएकाले अन्यायमा परेका नागरिकले न्यायालयबाट न्याय पाउँछन् ।

भान्जी : मामा लोकतान्त्रिक मूल्य मान्यता त देश र जनताका लागि अत्यन्त राम्रो रहेछ है ?

मामा : हो नि । राज्य र नागरिक दुवैबाट लोकतान्त्रिक मूल्य मान्यताको पूर्ण रूपमा पालना हुन सक्यो भने त देशमा सुशासन कायम हुन्छ । भष्टाचार निवारण हुन्छ । समाजमा असमान व्यवहार भेदभाव, अन्याय, अत्याचार जस्ता

विकृतिको अन्त्य हुन्छ । अर्को महत्त्वपूर्ण कुरा त समुदायको विकासमा जनता आफैँ जागरुक भई जुट्न थाल्छन् र राज्यबाट प्राप्त सेवा सुविधा सबै नागरिकले समान रूपमा उपभोग गर्ने अवसर पाउँछन् ।

भान्जी : धन्यवाद ! मामा हजुरबाट आज मैले धेरै महत्त्वपूर्ण कुरा सिक्ने अवसर पाएँ ।

पाठको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) लोकतन्त्र भनेको के हो ?

(ख) लोकतान्त्रिक मूल्य मान्यता भन्नाले के बुझिन्छ ?

(ग) लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन गर्नका लागि अपनाउनुपर्ने उपाय के के हुन् ? लेख्नुहोस् ।

(घ) लोकतान्त्रिक मूल्य मान्यताको महत्त्व लेख्नुहोस् ।

(ङ) लोकतान्त्रिक मूल्य मान्यताका पक्षको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

तपाईँको घरमा र सिकाइ केन्द्रमा लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन गर्न के के गर्नुपर्ला ? तल दिइएको तालिकामा भर्नुहोस् ।

घरमा लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन गर्न गर्नुपर्ने उपाय	सिकाइ केन्द्रमा लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन गर्न गर्नुपर्ने उपाय

क्रियाकलाप २

लोकतान्त्रिक मूल्य मान्यताका पक्ष चार्टमा लेखी सिकाइ केन्द्रमा कक्षाकोठामा टाँस्नुहोस् ।

क्रियाकलाप ३

तपाईँको समुदायमा लोकतान्त्रिक मूल्य मान्यताको उपयोग कसरी भएको छ ? खोजी गरी लेख्नुहोस् ।

पाठ ३ हाम्रा सामाजिक नियम

तल दिइएको पाठ अध्ययन गरौं र छलफल गरौं :

"सीता हेर त आज हाम्रो टोलमा के रहेछ । टोलभरिका मानिस जम्मा भएका छन् त" राजुले सीतालाई भने । सीताले टोलका मानिस जम्मा भएको ठाउँतिर हेर्दै, "ए हो त राजु, तिम्रा बुबाआमा र मेरा बुबाआमा पनि हुनुहुँदो रहेछ । जाऔं न राजु हामी पनि ।" भनिन् । दुवै जना मानिसको भिड भएतिर गए ।

सीताका बुबाले बोल्दै हुनुहुन्थ्यो । "आज हाम्रो वडा अध्यक्षको अध्यक्षतामा टोल सुधार समितिको गठन गरिहाल्यौं । अब सबै जनाको छलफलमा सामाजिक नियम बनाएर यही मन्दिरको सूचना पाटीमा टाँस्नुपर्छ ।"

टोल सुधार समितिका अध्यक्षले भन्नुभयो । "आज सबै जना एकै ठाउँमा भेला भएका छौं त्यसैले अहिले नै सामाजिक नियम बनाउनुपर्छ । ल त कृष्ण भाइ तपाईं एउटा कापीमा टिप्नुहोस् त पछि यसलाई टाइप गरेर सफ्ट कपी निकाल्नुपर्छ । पहिलो बुँदा प्रत्येक शनिबार बिहान ७ बजे अनिवार्य रूपमा एक घरबाट एक जना सदस्य टोल सरसफाइका लागि उपस्थित हुनुपर्ने लेखौं है ?"

राजुका बुबाले भन्नुभयो, "अर्को चाहिं समुदायमा जाँड रक्सी खाएर जथाभावी होहल्ला गर्दै हिँड्न पाइने छैन भनी लेख्दा हुन्छ कि जस्तो लाग्छ ।"

हरि काकाले भन्नुभयो, "अति आवश्यक कामबाहेक रातको १२ बजेपछि बाहिर निस्कन पाईंदैन भनेर लेखौं है । आज राती एक बजे पनि यो बाटामा मानिसको हल्लाखल्ला सुनिएको थियो । त्यसैले राम्रोसँग निदाउनै पाइएन ।"

वडा अध्यक्षले भन्नुभयो, "हरि सर तपाईंले भनेको एकदम सही छ । वडाभरि ठाउँ ठाउँमा बत्ती राख्नका लागि यो पालि वडाले बजेट पनि छुट्याएको छ । त्यसपछि हामी गस्तीको व्यवस्था पनि गर्ने छौं । यसबाट वडाभरि शान्ति सुरक्षा कायम गर्न मदत पुग्छ ।"

रबिना काकीले भन्नुभयो, "जाँड रक्सी सेवन मात्र होइन उत्पादन र बिक्री वितरण गरेको थाहा भएमा पनि जरिवाना तोकेर एउटा बुँदा लेख्नुपर्छ है ? जाँड रक्सी सेवनमुक्त समुदाय बनाउनुपर्छ ।"

राकेशले भने, "समुदायमा कसैलाई समस्या परेमा प्रत्येक घरबाट सहयोग उपलब्ध गराउने कुरा पनि लेखौं है ? यस्तो व्यवस्थाबाट समुदायमा जो सुकैलाई आपत्विपत् परे पनि सहयोग पाउँछन् ।"

राजुकी आमाले भन्नुभयो, "समुदायमा कसैको घरमा विवाह, व्रतबन्ध, पूजा वा कुनै पर्व उत्सव परेमा सबैले सहयोग गर्नुपर्ने पनि लेखौं है ?"

टोल सुधार समितिका अध्यक्षले भन्नुभयो, "कम्तीमा पनि महिनाको एकपटक टोल सुधार समितिको बैठक बस्नुपर्छ भन्ने पनि लेखौं है ? अनिवार्य उपस्थिति हुनुपर्ने छ भन्ने पनि लेख्न छुटाउनु हुँदैन ।"

सीताकी आमाले भन्नुभयो, "हप्तामा कुनै एकबार हाट बजार सञ्चालन गर्ने कुरा पनि लेखौं र कुन बारमा हाटबजार सञ्चालन गर्न उपयुक्त होला त्यो पनि आजै सल्लाह गर्नुपर्छ होला ।"

रणवीर काकाले भन्नुभयो, "समुदायमा कसैले कसैलाई जातीय तथा छुवाछुत वा कुनै किसिमको विभेद गरेमा कार्बाही गरिने कुरा पनि लेखौं है ?"

राजुकी आमाले भन्नुभयो, "एउटा कुरा त भुतुक्कै बिर्सिएको समुदायमा एक अर्कालाई पर्दा अर्मपर्म, ऐंचोपैंचो, सरसापटी चलाएर व्यवहार चलाउने कुरा पनि लेखौं है ?"

वडा अध्यक्षले सामाजिक नियम बनाउन सहयोग गर्नुभएकामा सबैलाई धन्यवाद व्यक्त गर्दै भन्नुभयो, "ल हाम्रो सामाजिक नियममा समाजलाई सभ्य र व्यवस्थित बनाउन मदत गर्ने राम्रा राम्रा कुरा आए । अब यसलाई मन्दिरको सूचना पाटीमा टाँसौं । कसैले यी नियमको पालनामा अटेर गरेमा वा बाधा पुऱ्याएमा कार्बाहीको कुरा पनि लेख्नुपर्छ ।"

राजु र सीताले टोलका सबैले मिलेर छलफल गरेर सामाजिक नियम बनाएको सुनिरहेका थिए । सीताले सोधिन्, "संविधान देशको मूल कानुन हो । यसको सबैले पालना गर्नुपर्छ भन्ने त सुनेका थियौं तर यहाँ त आज छुट्टै नियम बनेको छ त ? के हो यो सामाजिक नियम

भनेको पनि संविधान जस्तै हो ?"

टोल सुधार समितिका अध्यक्षले स्याबास् नानु भन्दै जवाफ दिनुभयो, "तपाईं धेरै चलाख हुनुहुन्छ । हो, देशको शासन व्यवस्थालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि संविधान बनाइएको हुन्छ । त्यसरी नै हाम्रो यो समुदायलाई सभ्य र व्यवस्थित बनाउनका लागि यो सामाजिक नियमको व्यवस्था गरिएको हो ।"

राजु र सीता दुवैले एकै स्वरमा भने, "हामी सिकाइ केन्द्रमा पढ्नका लागि जान्छौं । अब हामीले सिकाइ केन्द्रमा पनि हाम्रो कक्षालाई अनुशासित बनाउनका लागि कक्षाका नियम बनाउन सक्छौं, होइन त ?"

वडा अध्यक्षलगायत सबैले राजु र सीतालाई तपाईंहरूले साह्रै राम्रो कुरा गर्नुभयो भन्दै धन्यवाद भने र सबै जना आआफ्नो घरतिर लागे ।

तल दिइएका सामाजिक नियमको अध्ययन गरौं र छलफल गरौं :

सामाजिक नियम

हाम्रो समुदायलाई व्यवस्थित बनाउनका लागि गाउँलेको छलफलबाट सामाजिक नियम निर्माण र पारित गरी कार्यान्वयनका लागि सबैमा हार्दिक अपिल गर्छौं । यी नियमको पालना र कार्यान्वयनमा बाधा पुऱ्याउने र नमान्नेका लागि आवश्यक सजाय र जरिवानाको समेत व्यवस्था गरिएको छ ।

(क) प्रत्येक शनिबार एक घरबाट कम्तीमा एक जना टोलको सरसफाइका लागि अनिवार्य उपस्थित हुनुपर्ने छ ।

(ख) समुदायमा वरपर फोहोर फाल्नेलाई रु. १००० जरिवानाको व्यवस्था गरिएको छ ।

(ग) समुदायमा जाँड रक्सी बेचबिखन गरेको र सेवन गरेको थाहा भएमा टोल सुधार समितिले तोकिएबमोजिम जरिवाना र कार्बाहीको व्यवस्था गर्ने छ ।

(घ) समुदायमा जाँड रक्सी सेवन गरेर हो हल्ला गर्न पाइने छैन ।

(ङ) समुदायमा कसैलाई आपत् विपत् परेमा सबै घरबाट अनिवार्य रूपमा सहयोग उपलब्ध गराउनुपर्ने छ ।

(च) कम्तीमा महिनामा एकपटक टोल सुधार समितिको बैठक बस्ने छ । उक्त बैठकमा समितिका सदस्यको अनिवार्य उपस्थिति रहनुपर्ने छ ।

(छ) समुदायमा दुई व्यक्ति वा समूहको बिचमा विवाद वा द्वन्द्व भएमा वडा अध्यक्षको मध्यस्थतामा विवादको समाधान गरिने छ ।

(ज) रातीको १२ बजेभन्दा पछाडि अत्यन्त जरुरी काम बाहेक घरबाट बाहिर निस्कन पाइने छैन ।

उल्लिखित सामाजिक नियम जस्तै समाजलाई व्यवस्थित बनाउनका लागि विभिन्न किसिमका नियम बनाइएका हुन्छन् । यसरी समाजलाई व्यवस्थित बनाउनका लागि अभ्यासमा रहेका व्यवहार, प्रचलन रीतिरिवाज र परम्परालाई नै सामाजिक नियम भनिन्छ । सामाजिक नियम यस्तै र यही हुनुपर्छ भन्ने छैन । हरेक समाजमा उपलब्ध स्रोतसाधन र जनसङ्ख्याको आधारमा आआफ्नै ढङ्गले सामाजिक नियम बनाइएका हुन्छन् । सामाजिक नियम परम्परागत चालचलन र मूल्य मान्यता र समाजको अवस्था र आवश्यकतालाई आधार मानेर बनाइएका हुन्छन् । सामाजिक नियमले समाजमा सामाजिक एकता, आपसी सद्भाव, मेलमिलाप, सहयोग, शान्ति र भाइचारा कायम गराउन मदत गर्छ । त्यस्तै सामाजिक अपराध न्यूनीकरण गर्न र समाजलाई सुन्दर, स्वस्थ र व्यवस्थित राख्न मदत गर्छ । सामाजिक नियमबाट सामाजिक शिष्टताका साथै सामूहिक सेवाभावको विकास हुन्छ । सार्वजनिक सम्पत्तिको संरक्षण, संवर्धन र सदुपयोगमा मदत पुग्छ । सामाजिक सांस्कृतिक, चालचलन, परम्परा र रीतिरिवाजको संरक्षण र जगेर्ना हुन्छ । समाजका मानिसले अधिकार प्राप्तिका साथै कर्तव्य पालनाप्रति पनि सचेत हुन्छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सामाजिक नियम भनेको के हो ?

(ख) सामाजिक नियम किन बनाइएका हुन्छन् ?

(ग) सामाजिक नियमका फाइदा लेख्नुहोस् ।

(घ) सामाजिक नियमले समाजमा कस्तो प्रभाव पार्छ ?

(ङ) सामाजिक नियम र कानुनबिचमा भिन्नता छुट्याउनुहोस् ।

क्रियाकलाप १

तपाईंको समुदायमा प्रचलित सामाजिक नियमले कस्तो प्रभाव पारेको छ ? सोधखोज गरी उल्लेख गर्नुहोस् ।

क्रियाकलाप २

तपाईँको समुदाय र अन्य समुदायको सामाजिक नियमको बिचमा तुलना गर्नुहोस् र के फरक पाउनुभयो ? उल्लेख गर्नुहोस् ।

क्रियाकलाप ३

सामाजिक नियमले समाजलाई सभ्य र व्यवस्थित बनाउँछन्, कसरी ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

क्रियाकलाप ४

सिकाइ केन्द्रमा तपाईँको कक्षाका सबै जना भेला भई छलफल गरेर कक्षाकोठाको नियम बनाई भित्तामा टाँस्नुहोस् र सबैले पालना गर्नुहोस् ।

पाठ ४ बाल अधिकार र कर्तव्य

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

बालदिवसको अवसरमा जिल्ला बाल कल्याण शाखाले गोष्ठीको आयोजना गरेको छ । उक्त गोष्ठीमा जिल्लाका बालबालिकाको हक हितका लागि काम गर्ने सङ्घसंस्थाका प्रतिनिधि, बालक्लबका सदस्य, विद्यालयका शिक्षक र बालबालिकाको पनि उपस्थिति रहेको छ ।

जिल्ला बाल कल्याण शाखाकी प्रमुख रबिना महर्जनले कार्यक्रममा उपस्थितिका लागि सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै स्वागत मन्तव्य राख्नुभयो ।

उद्घोषक : बालअधिकारको परिचय र महत्त्व सम्बन्धमा आफ्ना विचार राख्नका लागि आउँदै हुनुहुन्छ युनिसेफका प्रतिनिधि

उपस्थित सम्पूर्णमा नमस्कार !

म युनिसेफबाट तिलक घिमिरे बालअधिकारको सम्बन्धमा आफ्ना भनाइ राख्दै छु । बालअधिकारको क्षेत्रमा काम गर्नु मेरो आफ्नो रुचिको विषय पनि हो र मेरो संस्था युनिसेफले पनि बालअधिकारकै क्षेत्रमा विभिन्न काम गर्दै आएको छ । नेपालको कानुनले १६ वर्ष मुनिकालाई बालबालिका मानेको छ । बालबालिका भन्नाले शारीरिक, मानसिक तथा संवेगात्मक रूपमा पूर्ण विकास भइनसकेको अवस्था हो । आजका बालबालिका भोलिका कर्णधार हुन् । यस्ता भोलिको देश बनाउने जिम्मेवारी बोकेका बालबालिकालाई संरक्षण प्रदान गर्नु र हक अधिकार दिलाउनु राज्य, समाज र घरपरिवारको मुख्य दायित्वभित्र पर्छ । बालबालिकाको व्यक्तित्व विकासका लागि आवश्यक आधार उपलब्ध गराउनु तथा बालअधिकारको हनन हुन नदिनु बालअधिकारको संरक्षण हो । बालबालिकाको चौतर्फी विकास तथा शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, संवेगात्मक आदि पक्षको विकासको सुनिश्चितता गराउनु नै बालअधिकार हो । यदि बालबालिकाले पूर्ण रूपमा बालअधिकारको

उपभोग गर्न पाए भने उनीहरूको वृत्ति विकास राम्रोसँग हुन्छ । बालअधिकारअन्तर्गत पर्ने अधिकार म तपाईंहरूलाई पाओर पोइन्ट स्लाइडमार्फत प्रस्तुत गर्ने छु ।

बाच्न पाउने अधिकार

प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ । उनीहरू स्वयम् समाजमा सङ्घर्ष गरेर बाँच्न सक्ने अवस्थामा पुगिसकेका हुँदैनन् । त्यसैले बालबालिकाको घरपरिवार, समाज र राज्यले उनीहरूको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्छ ।

संरक्षणको अधिकार

प्रत्येक बालबालिकालाई आफ्नो घरपरिवार, समाज र राज्यबाट संरक्षण पाउने अधिकार हुन्छ । यसका लागि बालबालिकालाई आफ्ना आमाबाबु वा संरक्षकले उचित हेरचाह, संरक्षण, पालनपोषण र मायाममता प्रदान गर्नुपर्छ ।

सहभागिताको अधिकार

उमेर पूरा भएपछि बालबालिका आफ्नो धारणा बनाउन, के सही के गलत भनी छुट्याउन सक्ने हुन्छन् । त्यसैले घरपरिवार, विद्यालय वा समुदायमा हुने बालबालिकालाई प्रत्यक्ष असर पर्ने विषयका लागि गरिने निर्णय प्रक्रियामा बालबालिकाको सहभागी हुन पाउने अधिकार रहेको छ ।

शिक्षाको अधिकार

प्रत्येक बालबालिकालाई राज्यबाट शिक्षा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुपर्छ। नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था गरेको छ । जसअन्तर्गत प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुन्छ भनी व्यवस्था गरिएको छ । त्यस्तै नेपाल सरकारले पिछडिएका क्षेत्र र विभिन्न समुदायका बालबालिकाका लागि छात्रवृत्तिसहित निःशुल्क शिक्षा पाउने अधिकारको सुनिश्चितता समेत गरेको छ ।

खेलकुद, मनोरञ्जन, सांस्कृतिक अधिकार

बालबालिकाको वृत्ति विकासका लागि शिक्षाको साथसाथै खेलकुद, मनोरञ्जनका क्रियाकलापमा पनि सहभागी हुन पाउने अधिकार रहेको छ । त्यस्तै प्रत्येक बालबालिकालाई आफ्नो हितअनुकूल हुने गरी आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, चालचलनअनुसारका सांस्कृतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार रहेको हुन्छ ।

स्वास्थ्यको अधिकार

प्रत्येक बालबालिकालाई शारीरिक तथा मानसिक रूपमा स्वस्थ हुनका लागि उचित तथा गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकार रहेको हुन्छ ।

नेपाल सरकारले बालबालिकाको अधिकारको संरक्षणका लागि विभिन्न प्रयास गरेको देखिन्छ । सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घको बालअधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको छ । त्यस्तै नेपालको संविधानमा मौलिक हकको रूपमा धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । त्यस्तै हाम्रो युनिसेफ जस्तै बालअधिकार संरक्षणको क्षेत्रमा कार्यरत सङ्घसंस्था पनि रहेका छन् ।

उद्घोषक : धन्यवाद सरलाई उपलब्धिमूलक प्रस्तुतिका लागि । अब जिल्ला बाल कल्याण शाखाकी प्रमुख रबिना महर्जनले बालबालिकाले निर्वाह गर्नुपर्ने कर्तव्य सम्बन्धमा आफ्नो प्रस्तुति लिएर आउँदै हुनुहुन्छ ।

उपस्थित सम्पूर्ण महानुभावहरूमा नमस्कार !

म आज यहाँसमक्ष बालबालिकाले निर्वाह गर्नुपर्ने कर्तव्य सम्बन्धमा आफ्ना विचार राख्ने छु । हामी अधिकारको मात्र कुरा गर्छौं, कर्तव्यलाई अधिकारसँगै जोड्न बिर्सन्छौं । अधिकारसँगसँगै कर्तव्यको जन्म हुन्छ । अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् । त्यसैले हामीले बालबालिकालाई आफ्नो अधिकार प्राप्तिका लागि सचेत गराउनुका साथसाथै तिमीले निर्वाह गर्नुपर्ने कर्तव्य के के हुन् ? तिमीले कसरी आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ ? भन्ने सम्बन्धमा पनि सिकाउन बिर्सनु हुँदैन । बालबालिकाका लागि शिक्षा प्राप्त गर्न पाउने अधिकार रहेको छ । त्यसैले पढ्न पाउँछन् । उसले लगनशील र मिहिनेत भएर पढ्ने र भोलि राष्ट्रका लागि जिम्मेवार नागरिक भएर काम गर्ने उसको कर्तव्य हो । यस्तै बालबालिकाको कर्तव्यसँग सम्बन्धित एउटा काल्पनिक कथा म तपाईंलाई सुनाउँछु है त ।

मनिला रानाभाट सिकाइ केन्द्रमा अनौपचारिक शिक्षातर्फको तेस्रो तहमा अध्ययन गर्दै छिन् । उनी सधैँ बिहान सबेरै उठ्छिन् । हातमुख धोएर सहजकर्ताले सम्पर्क कक्षामा दिनुभएका कार्य गर्छिन् र आफैँ पनि नियमित रूपमा सबै सन्दर्भ सामग्रीको अध्ययन गर्छिन् । उनका भाइ र बहिनी पनि छन् । उनीहरू नजिकैको विद्यालयमा अध्ययन गर्छन् । मनिलाको त्यस्तै घरायसी समस्याका कारणले बिचैमा पढाइ छुटेकाले अहिले सिकाइ केन्द्रमा आफ्नो पढाइ पूरा गर्न लागेकी हुन् । उनी भाइ बहिनीलाई पनि आफूसँगै राखेर पढ्न लगाउँछिन् । मनिला अत्यन्त ज्ञानी छिन् । उनी घरमा र सिकाइ केन्द्र दुवै ठाउँमा अनुशासित भएर आफ्ना कार्य गर्छिन् । उनी सिकाइ केन्द्र र घरवरपरका सबै साथीसँग मिल्ने, अरूलाई दुःख परेको देखेमा सहयोग गर्ने, आफूभन्दा ठुलालाई आदर गर्ने र सानालाई माया गर्ने गर्छिन् । समुदायमा हुने गतिविधिमा पनि आफूले सकेको काममा सहभागी हुन्छिन् । घरमा पनि आमाबुबालाई आफूले सकेको काममा सहयोग गर्छिन् । उनको आमाबुबाले घरमा गर्न लागेका हरेक कार्यमा सँगै राखेर सरसल्लाह गर्ने, उनको विचार के छ भनी सोध्ने गर्नुहुन्छ । उनी पनि विचार पुऱ्याएर आफ्ना धारणा राख्ने गर्छिन् । समुदायमा रहेको मन्दिर वरपर बेलाबेलामा सफासुग्घर गर्ने गर्छिन् । उनले यसरी सार्वजनिक सम्पत्तिको संरक्षण गरेको देखेर अरुले पनि गर्न थालेका छन् । कतै जान लागेका बेलामा सधैँ सडक पेटीबाट र सडक पार गर्ने बेलामा जेब्रा क्रसिङको प्रयोग गर्छिन् र अरूलाई पनि आफूले जस्तै गर्नका लागि सम्झाउने गर्छिन् ।

माथि दिईएको कथाबाट बालबालिकाका कर्तव्य सम्बन्धमा बुझ्न सकिन्छ । यसरी प्रत्येक बालबालिकालाई सानैदेखि नै घरपरिवारप्रति, समाजप्रति र राज्यप्रतिका कर्तव्य सम्बन्धमा सचेत गराउँदै जाने हो भने सबै बालबालिकाले अधिकारको प्राप्तिसँगै कर्तव्य पनि पूरा गर्न सिक्ने छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बालबालिका भनेर कति उमेरकालाई भनिन्छ ?

(ख) बालअधिकार भनेको के हो ?

(ग) बालअधिकारअन्तर्गत कुन कुन अधिकार पर्छन् ? सूची बनाउनुहोस् ।

(घ) बाल सहभागिताको अधिकारलाई तपाईंले कसरी उपयोग गर्नुभएको छ ?

(ङ) कर्तव्य भनेको के हो ?

(च) अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भन्ने भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(छ) बालबालिकाका कर्तव्यको सूची बनाउनुहोस् ।

(ज) बालबालिकाको हक अधिकारको संरक्षणका लागि नेपालमा भएका प्रयासको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

राज्यबाट बालअधिकारका लागि भएका प्रयास प्रशस्त छन् कि छैनन् ? छैनन् भने के के थप्नुपर्ला ? अभिभावक वा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईंले प्राप्त गर्नुभएका अधिकार र पूरा गर्नुभएका कर्तव्यलाई तल तालिकामा उल्लेख गर्नुहोस् :

प्राप्त गरेका अधिकार	पूरा गरेका कर्तव्य

क्रियाकलाप ३

बालबालिकाले घरपरिवारप्रति, समुदायप्रति र राज्यप्रति पूरा गर्नुपर्ने कर्तव्य छुट्छुट्टै लेख्नुहोस् :

(क) बालबालिकाले घरपरिवारप्रति पूरा गर्नुपर्ने कर्तव्य

.....

.....

.....

(ख) बालबालिकाले समुदायप्रति पूरा गर्नुपर्ने कर्तव्य

.....

.....

.....

(ग) बालबालिकाले राज्यप्रति पूरा गर्नुपर्ने कर्तव्य

.....

.....

.....

क्रियाकलाप ४

नेपालको संविधान अध्ययन गरी शिक्षासम्बन्धी मौलिक हक र बालबालिकाको हकमा उल्लेख गरिएका हकहरू चार्टपेपरमा लेखी सिकाइ केन्द्रमा टाँस्नुहोस् ।

पाठ ५ मानव अधिकार र मौलिक हक

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

मीरा र मनसुर चौरमा खेल्दै थिए । मीराले भनिन्, "ए मनसुर हेर त त्यहाँ किन मानिस भेला भएका हुन् ? ठुला ठुला स्वरले बोलेको सुनिन्छ त । झगडा परेछ कि क्या हो ?"

"ए हो त है ? मीरा, जाऔँ न हामी पनि ?" मनसुरले भने । दुवै जना मानिसको भिड लागेको ठाउँतिर गए ।

त्यहाँ दुई छिमेकी कोपिला र सानुमायाको बिचमा सानो कुरामा मनमुटाव भएको रहेछ । यत्तिकैमा कोपिलाले सानुमायालाई तँ त बोक्सी होस् । अस्ति मात्र हरि काकाको भैँसी पनि तैँले बोक्सी लगाएर मरेको हो । सान्नानीकी छोरी पनि तेरै कारणले सधैँ बिरामी परिरहन्छे । तैँले यी गाउँले सबैलाई पालैपालो खान लागेकी छेस् । तँलाई त अब गाउँबाट निकाला गर्नुपर्छ भनेर तथानाम गाली गरिछन् र सानुमायालाई गाउँबाट निकाला गर्नका लागि गाउँभरिका मानिसलाई भेला गराउनका लागि खबर गर्दै हिँडेकी रहिछन् । त्यसपछि सानुमायाले नेपाल प्रहरीमा र राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरिछन् । गाउँमा प्रहरी र राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकारकर्मी आएकाले वडाका प्रतिनिधि र गाउँले सबै भेला भएका रहेछन् ।

मानव अधिकारकर्मीले गाउँलेलाई मानव अधिकारको सम्बन्धमा सम्झाउँदै भन्नुभयो,"यस घटनामा पीडित महिलाको मानव अधिकार हनन भएको छ । उहाँले समयमै नेपाल प्रहरी र

राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरेर धेरै राम्रो काम गर्नुभयो । हरेकले यसरी नै आफ्नो मानव अधिकारको हनन भएमा सहेर नबसिकन सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ । यसरी मानव अधिकारको हनन हुने काम गरेकाले कोपिलालाई कानुनी सजाय हुन्छ ।"

प्रहरीले मानव अधिकारकर्मीलाई "तपाईंले यहाँ गाउँलेलाई मानव अधिकार र मौलिक हक अधिकारको सम्बन्धमा सम्झाउनु है ।" भनेर अनुसन्धानका लागि कोपिलालाई प्रहरी चौकीमा लग्यो ।

एक जना स्थानीयले भन्नुभयो, "सर साँच्ची नै हामीलाई मानव अधिकार र मौलिक हक अधिकारको सम्बन्धमा केही थाहा छैन । सबै कुरा बताइदिनुस् है । धन्न हामी पनि यो कोपिलाको मतिमा लागेर प्रहरी चौकी जानुपरेन ।"

मानव अधिकारकर्मीले भन्नुभयो, "मानव भएकै कारणले प्राप्त हुने जन्मसिद्ध अधिकारलाई मानव अधिकार भनिन्छ । मानव अधिकार विश्वभरिका मानिसले समान रूपमा पाउने अधिकार हो । यो मानवको वृत्ति विकास तथा व्यक्तित्व विकासका लागि हरेकले पाउने आधारभूत अधिकार पनि हो ।"

एक जना महिलाले भन्नुभयो, "पहिला पहिला त यो मानव अधिकार भन्ने कहिल्यै सुनिएको थिएन । यो मानव अधिकारको अवधारणाको विकास चाहिँ कहिलेबाट भएको हो सर ?"

मानव अधिकारकर्मीले भन्नुभयो, "विश्वभरिका मानिसले भोगेको विभेदको अन्त्य गर्न तत्कालीन अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्टकी पत्नी इलेनोर रुजवेल्टको पहलमा सन् १९४८ डिसेम्बर १० तारिखमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको हो । यसलाई विश्वव्यापी कानुन भनिन्छ । यो विश्वव्यापी घोषणापत्रको कार्यान्वायन गर्न नेपालले पनि कानुन बनाएको छ र संवैधानिक निकायको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरेको छ ।

वडा सदस्यले भन्नुभयो, "ल सर यो मानव अधिकारअन्तर्गत के के अधिकार पर्छन् ? हामी गाउँलेलाई छर्लङ्ग पारिदिनुपऱ्यो ।"

मानव अधिकारकर्मीले भन्नुभयो, "मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा ३० ओटा धारा छन् । यी सबै धाराको बारेमा बताउन त धेरै समय लाग्छ । म तपाईंहरूलाई छोटकरीमा बताउने छु ।

कसैलाई कुनै पनि आधारमा भेदभाव तथा असमान व्यवहार गर्न पाइने छैन । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत अधिकार प्राप्त गर्ने अधिकार सबैलाई हुने

छ । प्रत्येक व्यक्तिलाई विचार, अभिव्यक्ति, पेसा व्यवसाय सञ्चालन र आवतजावतको स्वतन्त्रता र सुरक्षाको अधिकार हुने छ । कसैलाई पनि बाँधा वा दासको रूपमा राख्न पाइने छैन । कसैलाई पनि शारीरिक, मानसिक वा अमानवीय र क्रुर यातना दिन पाइने छैन । कानुनको आधारमा सबै व्यक्तिलाई समान अधिकार हुने छ । सबैलाई शान्तिपूर्वक सभा समारोहको आयोजना र भेला गर्न पाउने हक हुने छ । काम गरेबापत बिनाभेदभाव सबैलाई समान पारिश्रमिकको व्यवस्था हुने छ । यिनै हुन् हामीले जान्नै पर्ने र अति आवश्यक हक । मैले छोटकरीमा बताएँ ।"

वडा अध्यक्षले भन्नुभयो, "मौलिक हक र मानव अधिकार त मिल्ने पो रहेछन्, होइन त सर ?"

मानव अधिकारकर्मीले भन्नुभयो, "तपाईंले भनेजस्तै मानव अधिकार र मौलिक हक अधिकारमा कतिपय कुरा मिल्दाजुल्दा पनि छन् । यी दुवै मानव अधिकारको प्रत्याभूत र संरक्षण गर्नका लागि बनेका कानुन हुन् । यी दुईमा केही भिन्नता पनि छन् ।"

स्थानीय एक जना सहभागीले प्रश्न सोध्नुभयो, "मौलिक हक भनेको के हो सर ? तिनीहरूको सम्बन्धमा पनि बताइदिनुहोस् न ?"

मानव अधिकारकर्मीले स्थानीयबासीको जिज्ञासा मेटाउँदै भन्नुभयो, "कुनै पनि देशले आफ्नो देशमा बसोबास गर्ने नागरिकका लागि संविधानमा नै व्यवस्था गरी हक तथा अधिकार प्रदान गरेको हुन्छ । त्यसलाई नै मौलिक हक भनिन्छ । जस्तै नेपालको संविधानको भाग ३ धारा १६ देखि ४६ सम्म ३१ ओटा मौलिक हकको व्यवस्था गरेको छ ।

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक पनि म तपाईंहरूलाई छोटकरीमा बताउने छु । समानताको हक, स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, खाद्य, आवास, शिक्षा, स्वास्थ्य, भाषा तथा संस्कृतिको हक, सम्पत्तिको हक आदि सबै संविधानमा व्यवस्था गरिएका मौलिक हक हुन् । त्यस्तै गरी बालबालिका, ज्येष्ठ नागरिक, दलित, सूचना तथा सञ्चार, न्यायसम्बन्धी हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक आदि पनि हाम्रा मौलिक हकहरू हुन् ।"

महिला वडा सदस्यले जिज्ञासा राख्दै भन्नुभयो, "मानव अधिकार र मौलिक हकअन्तर्गत कस्ता कस्ता अधिकारहरू पर्छन् ? भन्ने त सामान्य जानकारी भयो । अब मानव अधिकार र मौलिक हक अधिकारका भिन्नताहरू सम्बन्धमा पनि प्रस्ट पारिदिनुस् न सर ?"

मानव अधिकारकर्मीले प्रस्ट पार्दै भन्नुभयो, "मानव अधिकार विश्वव्यापी मान्यता हो भने

मौलिक हक अधिकार कुनै एउटा देशभित्र मात्र लागु हुन्छ । मानव अधिकारको क्षेत्र व्यापक हुन्छ भने मौलिक हक अधिकारको क्षेत्र साँघुरो हुन्छ । मानव अधिकार विश्वका सबै नागरिकका लागि समान र सबैले मान्नुपर्ने विश्वव्यापी कानुन हो भने मौलिक हक कुनै एक देशको नागरिकका लागि मात्र तोकेर बनाइएको कानुन हो । विश्वव्यापी मानव अधिकारका लागि बनेको कानुनको कार्यान्वयनका लागि नै मौलिक हकको व्यवस्था गरिएको हो । मानव अधिकार अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जना हुन्छ । मौलिक हक देशको स्रोत साधनको अवस्था, जनताको अवस्था, आवश्यकता र सिर्जित समस्याबाट सिर्जित हुन्छन् ।"

वडा अध्यक्षले भन्नुभयो, "गाउँमा घटना घटेका कारणले पो हामीले यति धेरै कुरा सिक्ने अवसर पाइयो । अब चाहिँ हाम्रा वडाका सबै नागरिक मानव अधिकारप्रति सचेत हुने छन् सर ।"

मानव अधिकारकर्मीले भन्नुभयो, "ठिकै भयो नि सर । यही घटनाकै कारणले भए पनि गाउँलेले आँखा खोल्ने मौका पाए । सर अब थोरै बाँकी छ है ? नेपालमा मानव अधिकारको संरक्षणका लागि काम गर्ने थुप्रै संस्था छन् नि । राष्ट्रिय मानव अधिकार आयोग, एम्नेस्टी इन्टरनेसनल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) आदि हुन् । राष्ट्रिय मानव अधिकार आयोगका केही काम पनि सुन्नुहोस् है त ?

संविधान र कानुनमा व्यवस्था भएअनुरूपका मानव अधिकारको सुनिश्चितता गराउने काम गर्छ । अहिले यहाँ तपाईंहरूको गाउँमा घटेका जस्तै मानव अधिकार उल्लङ्घनका घटना घटेका ठाउँमा गई सत्य तथ्य छानबिन गरी दोषीलाई कार्बाहीका लागि सिफारिस गर्ने र पीडितलाई क्षतिपूर्ति दिलाउन सहयोग गर्छ । त्यस्तै मानव अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने काम पनि गर्दै आएको छ ।"

मीरा र मन्सुर दुवै जना मानव अधिकार र मौलिक हकको सम्बन्धमा यति धेरै कुरा सिक्न पाएकामा अत्यन्त खुसी भए ।

मीराले मानव अधिकारकर्मीलाई धन्यवाद भन्दै "हामीले पनि सिकाइ केन्द्रमा मानव अधिकार र मौलिक हकको सम्बन्धमा अध्ययन गरेका थियौँ । आज हजुरले त साह्रै राम्रोसँग बुझ्ने अवसर प्रदान गर्नुभयो भन्नुभयो ।"

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मानव अधिकार भनेको के हो ?

(ख) मौलिक हक भनेर कस्तो हकलाई भनिन्छ ?

(ग) मानव अधिकारलाई किन विश्वव्यापी अधिकार भनिएको हो ?

(घ) मानव अधिकारको विश्वव्यापी अवधारणाको विकास कहिले भएको हो ?

(ङ) मानव अधिकारअन्तर्गत कस्ता कस्ता अधिकार पर्छन् ? उल्लेख गर्नुहोस् ।

(च) नेपालको संविधानले मौलिक हकअन्तर्गत कस्ता हकको व्यवस्था गरेको छ ?

(छ) मानव अधिकार र मौलिक हकको बिचमा फरक छुट्याउनुहोस् ।

(ज) नेपालमा मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको नाम लेख्नुहोस् ।

क्रियाकलाप १

तपाईंको समुदायमा कसकसले के के अधिकार पाउनुभएको छ ? सोधखोज गर्नुहोस् र कसैले कानुनबमोजिम पाउनुपर्ने अधिकार प्राप्त नगरेको थाहा भएमा अधिकार प्राप्तिका लागि सचेत गराउनुहोस् ।

क्रियाकलाप २

तपाईं र तपाईंको परिवारले आफूले पाएको मानव अधिकार र मौलिक हकको उपयोग कसरी गर्ने गर्नुभएको छ ? उल्लेख गर्नुहोस् ।

क्रियाकलाप ३

मानव अधिकार र मौलिक हकको व्यवस्था किन गरिएको होला ? समुदायमा रहनुभएका जानकार व्यक्तिसँग सोधखोज गरी एक अनुच्छेद लेख्नुहोस् ।

क्रियाकलाप ४

सिकाइ केन्द्रको पुस्तकालयबाट वा वेबसाइटबाट नेपालको संविधानको पुस्तक डाउनलोड गरी मौलिक हक अध्ययन गरी थप जानकारी लिनुहोस् र हाम्रा मौलिक हक चार्टपेपरमा लेखी सिकाइ केन्द्रमा कक्षाकोठामा टाँस्नुहोस् ।

क्रियाकलाप ५

मानव अधिकार र मौलिक हक सम्बन्धमा तल दिइएको रुजुसूचीमा पढी आफू र आफ्नो परिवारका सदस्यको अवस्थाको स्वमूल्याङ्कन गर्नुहोस् :

मानव अधिकार र मौलिक हक	प्राप्त भएको छ	प्राप्त भएको छैन
शिक्षा हासिल गर्न पाउने अधिकार		
बिरामी हुँदा औषधी उपचार गर्न पाएको		
छुवाछुत वा विभेदरहित वातावरणमा बस्न पाएको		
आफूलाई मनमा लागेको विचार स्वतन्त्रपूर्वक व्यक्त गर्न पाएको		
स्वतन्त्रतापूर्वक एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्न पाएको		
काममा अरुसरह समान पारिश्रमिक पाएको		

पाठ ६ महिला अधिकार

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

"महिला अधिकार भनेर समाचारमा र नेताहरूका भाषणमा जतातै सुनिन्छ । खै यो महिला अधिकार पनि तिनै सहरमा बसेर चिल्ला गाडी चढेर हिँड्ने र दुई चार अक्षर चिनेका महिलाका लागि मात्र हो कि जस्तो लाग्न थाल्यो मलाई त शान्ति" पार्वती मेडमले भन्नुभयो ।

"किन र पार्वती मेडम त्यस्तो भन्नुभएको ? के भयो आज हजुरलाई ?" शान्तिले सोधिन् ।

"तपाईंलाई थाहा छैन र ? ती सुन्तली भाउजूमाथि सधैँ हिंसा । हिजो पनि दाइले रक्सी खाएर आएर मरणासन्न हुने गरी पिटेछन् । छिमेकीले प्रहरीलाई खबर गरेछन् । दाइलाई प्रहरीले लगेको छ । भाउजूलाई आमा समूहले अस्पताल लगेका छन् ।" पार्वतीले भन्नुभयो ।

"हो र ? पार्वती मेडम ती सन्ते दाइ पनि साह्रै बेइज्जती रहेछन् । प्रहरीले सन्ते दाइलाई लगेकै यो तेस्रो पटक होइन त ?" शान्तिले दिक्क मान्दै भनिन् ।

"होइन कता हो दुई जना ? हाम्रो घरतिर नपस्ने एकछिन ? आउनुहोस् ? चिया पिएर जानुहोला ।" सरुले घरबाट चिच्याउँदै भनिन् ।

"जाऔँ न त शान्ति एकछिन सरुको घरमा" पार्वतीले भन्नुभयो ।

"भोलि त नारी दिवस होइन त ? पार्वती हामी सबै च्यालीमा जानुपर्छ है ?" सरुले भनिन् ।

"हो हो हामी त्यसैका लागि आमा समूहको अध्यक्षको घरमा सल्लाह गर्न जान लागेका हौँ । बरु तपाईं पनि हिँड्नुस् न हामीसँग ।" पार्वतीले भन्नुभयो ।

"हुन्छ । म चिया बनाएर ल्याउँछु है ? हजुरहरू एकछिन कुरा गर्दै बस्नुहोला नि ।" सरुले भन्नुभयो ।

"मेडम मलाई त त्यही सुन्तली भाउजूको मात्र सम्झना आइरहेको छ । मैले त महिला

अधिकारको सम्बन्धमा पनि खासै धेरै बुझेकी छैन ।" शान्तिले भन्नुभयो ।

"म बुझाइहाल्छु नि महिला अधिकार पनि मानव अधिकारकै एउटा पाटो हो । महिलाको व्यक्तित्व विकासका लागि आफ्नो स्वतन्त्रता तथा सम्मानका लागि पाउनुपर्ने हक अधिकारलाई महिला अधिकार भनिन्छ । सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले महिला अधिकारको सम्बन्धमा एक वक्तव्य प्रकाशन गरेको थियो । तिनै अधिकारलाई नै महिला अधिकार भनिन्छ ।" भनी पार्वतीले प्रस्ट पार्नुभयो ।

"के गफ हुँदै थियो कुन्नि दुई जनाको बिचमा । ल चिया पिऔँ है ?" सरुले चिया ल्याइन् ।

"ए तपाईंलाई थाहा छ कि छैन कुन्नि त्यही सन्त दाइले सुन्तली भाउजूलाई पिटेको प्रसङ्गसँगै महिला अधिकारको बारेमा छलफल गरिरहेका थियौँ ।" पार्वतीले भन्नुभयो ।

"थाहा छ नि मेरो आमा पनि जानुभएको थियो त्यहाँ । पिट्न पनि सन्त दाइले धेरै नै पिटेछन् नि । भाउजूको धेरै रगत बगेर होसमा त हुनुहुन्नथ्यो रे ।"

"महिला अधिकारअन्तर्गत के के अधिकार पर्छन् नि मेडम ?" शान्तिले सोध्नुभयो ?

"महिलालाई अहिले कानुनले पूर्ण रूपमा अधिकार प्रदान गरेको छ । तीमध्ये म केही बताउँछु है त ?

महिला हिंसा तथा लिङ्गका आधारमा महिलामाथि हुने भेदभावको अन्त्य, समान कामका लागि पुरुष सरह समान ज्याला, पैतृक सम्पत्तिमाथि महिलाको समान अधिकार, विवाहका लागि तथा परिवारमा स्वनिर्णयको अधिकार, बाल विवाह तथा दाइजो प्रथाको अन्त्य, तलबी सुत्केरी बिदा, मातृ तथा प्रजनन स्वास्थ्यको अधिकार आदि हुन् ।"

"महिलालाई अझ आरक्षणको सुविधा पनि छ रे नि त मेरो मामाले भन्नुभएको ?" सरुले भन्नुभयो ।

"यो आरक्षण भनेको चाहिँ के हो नि मेडम ?" शान्तिले सोध्नुभयो ?

"कानुनी रूपमा नै थप सेवा सुविधा प्रदान गरेर कमजोर वर्गलाई अरूसरह समान बनाउने नीति नै आरक्षण हो । जस्तै नेपालको संविधानले नै महिला, जनजाति, दलित आदिलाई निजामतीलगायत सरकारी सेवामा प्रवेशका लागि र छात्रवृत्ति प्रदान गर्नका लागि आरक्षणको व्यवस्था गरेको छ ।" पार्वतीले प्रस्ट पार्नुभयो ।

"यो महिला अधिकारको आवश्यकता त महिलालाई यिनै अधिकार दिलाउनका लागि पो परेको रहेछ कि क्या हो ? होइन त मेडम" सरुले भन्नुभयो ।

"हो हो कानुनी रूपमा महिला अधिकार सम्पन्न भए तापनि अझै पनि हाम्रो देशमा सहरी क्षेत्रमा महिला शिक्षित, सक्षम र अगाडि बढेको देखिए तापनि ग्रामीण क्षेत्रमा महिलाको अवस्थामा हुनुपर्ने जति सुधार हुन सकेको छैन । त्यसैले पनि महिलामाथि भइरहेको हिंसा नियन्त्रण गरी हरेक क्षेत्रमा महिलालाई पनि पुरुषसरह अगाडि बढाउनकै लागि महिला अधिकारको आवश्यकता परेको हो ।"

"पार्वती मेडम नेपालमा महिलाको हालको अवस्था कस्तो छ ? बताइदिनुहोस् न ?" सरुले सोध्नुभयो ?

"सोचे जस्तो र महिलाका लागि बनेका काननुको आधारमा हेर्ने हो भने अझै पनि महिलाको अवस्था कमजोर नै छ भन्न सकिन्छ । तैपनि संविधानले नै हरेक क्षेत्रमा महिला आरक्षणका लागि ३३ प्रतिशत सहभागिता सुनिश्चित गरेकाले धेरै ठाउँमा महिला सहभागिताको अवस्थामा वृद्धि भएको छ । विद्या भण्डारी राष्ट्रपतिको रूपमा, सुशीला कार्की प्रधानन्यायाधीशको रूपमा र ओनसरी घर्तीमगरले सभामुखको रूपमा रहेर काम गरिसक्नु भएको छ । त्यस्तै मन्त्री, सांसद, निजामती कर्मचारी र नेपाल प्रहरीका उच्च पदमा समेत महिला पुगिसक्नुभएको छ । सहरी क्षेत्रमा यसरी महिलाको अवस्थामा सुधार आए तापनि ग्रामीण क्षेत्रमा अझै पनि महिलाको अवस्था दयनीय नै देख्न सकिन्छ । घुम्टो प्रथा, छाउपडी प्रथा, बोक्सी प्रथा, दाइजो जस्ता प्रथा परम्पराका कारणले पनि महिला पीडित भएको देखिन्छ ।" पार्वतीले प्रस्ट पार्नुभयो ।

"ग्रामीण क्षेत्रमा अझै पनि महिलाको अवस्था दयनीय हुनाका कारण के के हुन् र मेडम ?" शान्तिले जिज्ञासा राख्नुभयो ।

"पुरुषप्रधान समाजको प्रभाव रहिरहनु, महिला र पुरुषबिचमा भेदभाव अथवा लैङ्गिक विभेद हुनु, अझै पनि कतिपय ठाउँमा महिलालाई शिक्षाको अवसरबाट वञ्चित गरिनु, महिला निर्बल हुन्छन् भन्ने मान्यता तथा परम्परावादी सोच व्याप्त देखिनु, महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम व्यापक र प्रभावकारी नहुनु, कतिपय महिला आफैँमा पनि आत्मबल कम हुनु आदि जस्ता कारणले महिला पछाडि परेको देखिन्छ ।"

"महिला अधिकारलाई स्थापित गर्न र महिला सशक्तीकरणका लागि नेपालमा भएका केही प्रयास त अघि छलफलमा पनि भन्नुभएको थियो । अरू थप पनि भनिदिनुहोस् न मेडम ?" शान्तिले भन्नुभयो ।

"नेपालको संविधानमा मौलिक हकको रूपमा महिला हकको व्यवस्था गरिएको छ । त्यस्तै

लैङ्गिक आधारमा भेदभाव गर्न नपाइने भनी उल्लेख गरिएको छ । सम्पत्ति तथा पारिवारिक मामलामा दम्पत्तीको समान हक हुने व्यवस्था गरिएको छ । महिलामाथि हुने सबै किसिमका हिंसा दण्डनीय हुने भनिएको छ । राष्ट्रिय महिला आयोगको व्यवस्था गरिएको छ । हरेक वर्ष मार्च ८ मा नारी दिवस मनाउने गरिन्छ । अरू त अघि नै छलफल गरेका थियौँ नि । यी सबै महिला अधिकारअन्तर्गत पर्ने अधिकार हुन् ।" पार्वती मेडमले बताउनुभयो ।

"महिलाका लागि धेरै नै व्यवस्था गरिएका रहेछन् त है मेडम ?" सरुले भन्नुभयो ।

"हो नि अब मुख्य रूपमा महिला शिक्षा, रोजगारी र महिला सशक्तीकरणमा जोड दिईनुपर्छ । त्यसपछि बिस्तारै महिला आफैँ सचेत भएर आफ्नो लागि आवाज उठाउन सक्ने हुन्छन् ।" पार्वती मेडमले बताउनुभयो ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) महिला अधिकार भनेको के हो ?

(ख) महिला अधिकारअन्तर्गत कुन कुन अधिकार पर्छन् ? उल्लेख गर्नुहोस् ।

(ग) महिला अधिकारको आवश्यकता किन परेको हो ?

(घ) नेपालमा महिला सशक्तीकरणका लागि भएका प्रयास लेख्नुहोस् ।

(ङ) नेपालमा महिलाको वर्तमान अवस्था कस्तो छ ? लेख्नुहोस् ।

क्रियाकलाप १

नेपालमा सहरी क्षेत्रमा महिलाको अवस्था राम्रो देखिए तापनि ग्रामीण क्षेत्रमा अझै पनि महिलाको अवस्थामा हुनुपर्ने जति सुधार हुन नसक्नाका कारण के के होलान् ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईँको परिवारमा रहनुभएका महिला सदस्यलाई महिला अधिकारको उपभोगका लागि तपाईँले कसरी सहयोग गरिरहनुभएको छ ? अझ सशक्त बनाउनका लागि तपाईँले कसरी सहयोग पुऱ्याउन सक्नुहुन्छ ?

क्रियाकलाप ३

नेपालमा महिलाको हक हित संरक्षणका लागि कार्यरत सङ्घसंस्था खोजी गरी तिनीहरूको नाम र ती सङ्घसंस्थाले पुऱ्याएको योगदान तालिका बनाई देखाउनुहोस् ।

महिलाको हक हित संरक्षणका लागि कार्यरत सङ्घसंस्था	ती सङ्घसंस्थाले पुऱ्याएको योगदान

पाठ ७ हाम्रो सुरक्षा

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

विद्यालय जाँदा आउँदा सडक किनारबाट सुरक्षित भएर हिँड्नु र बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गर्नु है ? आफू सुरक्षित भएर हिँडिएन भने त सवारी साधनले किच्न सक्छ ।

खाना पकाएपछि ग्याँसको रेगुलेटर बन्द गर्नु र सलाई लाईटर, धारिला हतियार केटाकेटीले भेट्ने ठाउँमा नराख्नु है ?

हामी नभएका बेलामा कोही अपरिचित व्यक्तिले आएर घरबाहिरबाट बोलाएमा ढोका नखोल्नु है ?

ओ ! हो हामी पाँच दिनका लागि घर छाडेर जाँदैछौँ । राम्रोसँग ख्याल ढोका बन्द गर्नु र ढोकामा ताल्चा मार्न र छिमेकीलाई जानकारी दिन नबिर्सनु है ?

हामी केही दिनका लागि घरबाहिर जाँदै छौँ भन्ने कुरा सामाजिक सञ्जालमा पोस्ट नगर है ? फेरि हामी नभएको थाहा पाएर चोरले घरमा भएका सबै सरसामान लगिदेला नि ।

आज बिहान रेडियोमा मौसमसम्बन्धी समाचारमा हावाहुरी आउन सक्ने सम्भावना भनेको छ । त्यसैले घरबाहिर ननिस्कनु र राम्रोसँग ख्याल ढोका बन्द गरेर बस्नु है ?

यी माथि दिइएका विभिन्न व्यक्तिहरूका भनाइ हुन् । यी भनाइ सबै हामीले अपनाउनुपर्ने सुरक्षासँग सम्बन्धित छन् । सुरक्षा भन्नाले हामी, हाम्रो परिवार वा समुदायमा रहेका प्रत्येक व्यक्तिले शारीरिक वा मानसिक रूपमा तनाव मुक्त भएर बाँच्न पाउने अवस्था बुझिन्छ । व्यक्ति, परिवार र समाजमा विभिन्न किसिमका घटना आकस्मिक रूपमा घटिरहेका हुन्छन् । कति घटना अरूका कारणले घट्न सक्छन् भने कतिपय घटना हामी आफ्नै लापर्बाही र असावधानीका कारणले पनि घट्न सक्छन् । हामीले पलपलमा हरेक काम गर्दा सुरक्षाका उपाय अपनाउनुपर्छ ।

आज समुदायमा व्यक्तिगत तथा पारिवारिक सुरक्षाका उपाय सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन हुँदै छ । उक्त कार्यक्रममा जिल्ला विपत् व्यवस्थापन समितिका पदाधिकारी, वडाका प्रतिनिधि र गाउँलेको उपस्थिति रहेको छ ।

वडा अध्यक्षले जिल्ला विपत् व्यवस्थापन समितिका पदाधिकारी र सम्पूर्ण गाउँलेलाई स्वागत गर्दै "आज हामी कस्ता अवस्थामा हामी सुरक्षित हुनुपर्छ र के के सावधानीका उपाय अपनाउनुपर्छ भन्ने सम्बन्धमा छलफल गर्ने छौं ।" भन्नुभयो ।

जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्षले भन्नुभयो, "हामीले हरेक काम गर्दा आफ्नो सुरक्षाका लागि सावधानी अपनाउनुपर्ने हुन्छ । बाढीपहिरो, चट्याङ, हावाहुरी, भूकम्प, आगलागी आदि विभिन्न प्राकृतिक प्रकोपहरू हुन् । हुन त यी प्राकृतिक प्रकोपलाई हामीले आउन नदिन सक्दैनौं तर यिनीहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । जस्तै : हावाहुरी आउँदा घर बाहिर ननिस्कने, घरमा भ्याल, ढोका बन्द गरेर बस्ने, बाटोमा हिँड्दा हावाहुरी चलेमा कुनै घर वा सुरक्षित स्थानमा बस्ने, बिजुलीको पोल वा रुखमुनि नबस्ने जस्ता सावधानी अपनाउन सकिन्छ ।"

वडा सदस्यले केही कुरा थप्दै भन्नुभयो, "हो हो प्राकृतिक प्रकोपबाट हुने क्षतिलाई हामी न्यूनीकरण गर्न सक्छौं । जस्तै भूकम्पबाट हुने क्षतिलाई कम गर्न भूकम्प प्रतिरोधी घर बनाउने, भूकम्प आउँदा घरमा मुख्य पर्खालमा आड लगाएर बस्ने वा टेबल वा खाटमुनि टाउको जोगाएर बस्ने गर्न सकिन्छ ।"

जिल्ला विपत् व्यवस्थापन समितिका एक जना सदस्यले भन्नुभयो, "बाढीबाट हुने क्षतिलाई कम गर्नका लागि बाढी आएको ठाउँमा नजाने, खोला नदी किनारमा घर नबनाउने, खोला नदी किनारमा तटबन्ध निर्माण गर्ने जस्ता कार्य गर्न सकिन्छ ।"

वडा अध्यक्षले भन्नुभयो, "प्राकृतिक प्रकोप मात्र होइन हाम्रो दैनिक कार्य गर्ने क्रममा हाम्रै लापर्बाहीले पनि घटना घटिरहेका हुन्छन् । जस्तै साना केटाकेटीले भेट्ने ठाउँमा सलाई वा लाइटर छाडेमा, खाना पकाउँदा होसियारी भइएन भने, आगो बालिसकेपछि ननिभाई छाड्यो भने आगलागी हुन सक्छ ।"

एक जना स्थानीय बासीले भन्नुभयो, "हामीले आफू कतै जाँदा राम्रोसँग भ्याल ढोका नलगाई जाँदा चोरी हुन सक्छ । अस्ति भर्खर मात्र हाम्रो यहीं समुदायमा दिउँसै चोरी भयो । उहाँहरू आफन्तकोमा विवाह परेर सबै परिवार जानुभएको रहेछ । छिमेकीलाई पनि खबर गर्न बिर्सनुभएछ । ढोका त लगाउनुभएको थियो । तर भ्याल लगाउन बिर्सेका कारणले भ्यालबाट चोर पसेर सुन चाँदी गरगहना र नगदसमेत लगेछ ।"

जिल्ला विपत् व्यवस्थापन समितिका सदस्यले भन्नुभयो, "सामाजिक सञ्जालमा आफ्ना गोप्य सूचना पोस्ट गर्दा पनि चोरीका घटना हुने रहेछन् । अस्ति भर्खर मात्र हाम्रो छिमेकी

गाउँमा सबै परिवार पोखरा गएछन् । श्रीमतीले सामाजिक सञ्जालमा सबै परिवार पोखरा जाँदै भनेर पोस्ट गरिछन् । सायद कोही चोरले सामाजिक सञ्जालको उक्त पोस्ट हेरेको थियो होला । घर चोरी भयो । लान पनि घरमा भएका भएभरका सामान लगेछ ।"

वडा सदस्यले भन्नुभयो, "अस्ति नै बालक अपहरणमा पऱ्यो भनेर समाचारमा आएको थियो नि । त्यो बालकलाई विद्यालयबाट घर फर्कंदा एक जना अपरिचित व्यक्तिले चक्लेट खुवाएछ । त्यसमा लठ्याउने औषधी हालेको रहेछ । बालक बेहोस भएपछि अपहरण गरेको रहेछ । त्यसैले हामीले बालबालिकालाई एक्लै पनि छाड्नु हुँदैन र अपरिचित व्यक्तिसँग बोल्ने र उसले दिएको खानेकुरा खानुहुँदैन भनेर सम्झाउनुपर्छ ।"

जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्षले भन्नुभयो, "हामीले समुदायमा सुरक्षा निकायका सम्बन्धमा पनि जानकारी गराउनुपर्छ । नेपाल सरकारले हाम्रो सुरक्षाका लागि विभिन्न सुरक्षा निकायको व्यवस्था गरेको छ । जस्तैः नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र विशेष प्रहरी आदिले शान्ति सुरक्षामा योगदान पुऱ्याउँदै आएका छन् । यी निकायले समाजमा अपराधका घटनाको नियन्त्रण गर्ने, जनताको दैनिक जीवन सुरक्षित पार्ने, सिमा सुरक्षा व्यवस्था मिलाउने, राष्ट्रिय विपत्मा राहात वितरण तथा उद्धार कार्य गर्ने, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र देशलाई बाह्य आक्रमणबाट जोगाउने जस्ता कार्य गर्दै आएका छन् ।"

वडा अध्यक्षले कार्यक्रमको समापन गर्दै भन्नुभयो, "आजको अन्तरक्रिया कार्यक्रम अत्यन्त फलदायी भयो सहभागी सम्पूर्णलाई धेरै धेरै धन्यवाद । व्यक्तिले आफू र आफ्नो परिवारलाई सुरक्षा प्रदान गर्न के के सावधानी अपनाउनुपर्छ भन्ने सम्बन्धमा छलफल गऱ्यौं । अब हामीले छलफल गरेका यी विषयवस्तु आआफ्नो गाउँटोलमा प्रचारप्रसार गरी सबैलाई सचेत गराउनुपर्छ ।"

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सुरक्षा भनेको के हो ?

(ख) व्यक्तिगत वा पारिवारिक सुरक्षा किन आवश्यक छ ?

(ग) तपाईं आफू र आफ्नो परिवारलाई कसरी सुरक्षित राख्नुहुन्छ ? लेख्नुहोस् ।

क्रियाकलाप १

हामी समस्यामा पर्दा वा असुरक्षित हुँदा नेपाल सरकारले सुरक्षाका लागि विभिन्न निकायको व्यवस्था गरेको छ । यहाँ तालिकामा कस्तो अवस्थामा कुन सुरक्षा निकायलाई सम्पर्क गर्नुपर्छ भनेर नाम दिइएको छ । यीबाहेकका सुरक्षा व्यवस्था कायम गर्ने अन्य निकाय हुन सक्छन् । तिनको नाम र सम्पर्क नम्बर खोजी गरी लेख्नुहोस् ।

घटना	निकाय	सम्पर्क फोन नम्बर
घर वा समुदायमा चोरी हुँदा	नेपाल प्रहरी	१००
सडक दुर्घटना हुँदा	ट्राफिक प्रहरी	
घर वा समुदायमा आगलागी भएमा	दमकल कार्यालय	
समुदायमा कतै झैझगडा भएमा	जिल्ला प्रशासन कार्यालय वा नेपाल प्रहरी	
बिरामी पर्दा	एम्बुलेन्स	
बालबालिका अपहरणमा परेमा	नेपाल प्रहरी वा बालबालिकाको संरक्षणका लागि कार्यरत सङ्घसंस्था	

क्रियाकलाप २

व्यक्तिगत र पारिवारिक सुरक्षाका उपाय छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :

व्यक्तिगत सुरक्षाका उपाय	पारिवारिक सुरक्षाका उपाय

क्रियाकलाप ३

तल तालिकामा दिइएको अवस्थामा कस्ता सावधानीका उपाय अपनाउन सकिन्छ ? भर्नुहोस् :

घटना	सुरक्षित हुने उपाय
अपरिचित व्यक्तिले खानेकुरा दिएमा	
छिमेकीको घरमा आगलागी भएमा	
टोल छिमेकमा चोरीको घटना घटेमा	
बाटामा हिँड्दा हावाहुरी आएमा	
आफन्तको बच्चा अपहरणमा परेमा	
घरभित्र बसिरहँदा भूकम्प आएमा	

क्रियाकलाप ४

देशमा शान्ति सुरक्षा व्यवस्था कायम गराउनका लागि काम गर्ने सुरक्षा निकायको नाम र तिनले गर्ने कार्य खोजी गरी लेख्नुहोस् :

सुरक्षा निकायको नाम	शान्ति सुरक्षा कायम गर्नका लागि पुऱ्याएको योगदान

पाठ ८ ट्राफिक नियम

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

तीव्र गति जीवन क्षति

ढिलो गए अवश्य पुगिन्छ, हतार गरे भन्न सकिन्न ।

ट्राफिक नियमको पालना गरौं । दायाँ बायाँ हेरेर जेब्रा क्रसिङबाट मात्र सडक पार गर्ने बानी गरौं ।

सुरक्षित जीवनका लागि ट्राफिक नियम

माथि उल्लेख गरिए जस्तै भनाइ तपाईंले पनि पक्कै ठाउँ ठाउँमा लेखेर राखेको देख्नुभएको छ होला । यी भनाइबाट ट्राफिक नियमको महत्त्व बुझ्न सकिन्छ ।

आज सिकाइ केन्द्रमा ट्राफिक प्रहरी कार्यालयबाट प्रहरी मेरो साथी अभियानअन्तर्गत सिकारुलाई ट्राफिक नियमको बारेमा सचेतनामूलक कक्षा सञ्चालनका लागि ट्राफिक प्रहरी आउनुभएको थियो । उहाँले प्रोजेक्टरमा पाओर पोइन्ट स्लाइडबाट ट्राफिक नियमसम्बन्धी विभिन्न जानकारीमूलक तथ्य र ट्राफिक सङ्केत सम्बन्धमा प्रस्तुतीकरण गर्नुभयो । उहाँको प्रस्तुति यसप्रकार रहेको छ :

ट्राफिक नियमको परिचय

- ट्राफिक नियम सडक सुरक्षाका लागि बनाइएका नियम हुन् ।
- हामीले सडक यातायातबाट यात्रा गर्दा र सवारी चालकले सवारी साधन चलाउँदा अनिवार्य रूपमा ट्राफिक नियमको पालना गर्नुपर्छ ।
- यदि हामीले यात्रा गर्दा वा सवारी साधन चलाउँदा सावधानी अपनाइएन भने ज्यानै पनि जान सक्छ ।

सडकको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा

- पैदल यात्रीले हिँड्दा सडकको पेटी अर्थात् फुटपाथको प्रयोग गर्ने
- सडक पार गर्दा जेब्राक्रसबाट मात्र गर्ने
- बाटो काट्दा ट्राफिक बत्तीको ख्याल गर्ने
- हरियो बत्ती बलेको समयमा मात्र बाटो काट्ने
- सवारी साधनमा चढ्दा र ओर्लिंदा बस स्टेसनबाट मात्र चढ्ने र ओर्लने
- ट्राफिक नियम र सङ्केतका बारेमा जानकारी राख्ने
- लेन अनुशासनको पालना गर्ने
- अव्यवस्थित रूपमा सवारी साधन पार्किङ नगर्ने

हामीले जानकारीमा राख्नुपर्ने केही ट्राफिक सङ्केत



ट्राफिक नियमको पालना गर्दा हुने फाइदा

- सडक दुर्घटनामा कमी आउँछ ।
- सुरक्षित रूपमा गन्तव्यमा पुग्न सकिन्छ ।
- व्यक्तिगत सुरक्षा हुन्छ ।
- सवारी साधन व्यवस्थापन गर्न सजिलो हुन्छ ।
- नियम कानुनको पालना हुन्छ ।
- सम्भावित दुर्घटना कम हुन्छ ।
- धनजनको क्षतिमा कमी आउँछ ।

अन्त्यमा शान्तपूर्वक आजका ट्राफिक नियमसम्बन्धी जानकारीमूलक तथ्य सुनिदिनुभएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो र सुरक्षित जीवनका लागि आफू पनि ट्राफिक नियम र अरूलाई पनि सिकाऔँ भन्दै बिदा हुनुभयो ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) ट्राफिक नियम भनेको के हो ?

(ख) ट्राफिक नियम किन आवश्यक छ ?

(ग) सडक सुरक्षाका उपायको सूची बनाउनुहोस् ।

(घ) सडकको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ? लेख्नुहोस् ।

(ङ) ट्राफिक नियमको पालना गर्दा हुने फाइदा लेख्नुहोस् ।

क्रियाकलाप १

चार्टपेपरमा ट्राफिक सङ्केतको चित्र बनाई सिकाइ केन्द्रमा कक्षाकोठामा टाँस्नुहोस् ।

क्रियाकलाप २

तपाईंले ट्राफिक नियमको पालना कसरी गर्ने गर्नुभएको छ ? आफ्नो अनुभव सिकाइ केन्द्रमा साथीलाई सुनाउनुहोस् ।

क्रियाकलाप ३

पाठमा दिइएका बाहेक अन्य सङ्केतको खोजी गर्नुहोस् र सङ्केत चित्र र त्यसको अर्थ चार्टपेपरमा लेखी सहजकर्ता र साथीलाई देखाउनुहोस् र सिकाइ केन्द्रमा कक्षाकोठामा टाँस्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) अधिकार र .....एक सिक्काका दुई पाटा हुन् । (कर्तव्य, नागरिक)

(ख) देशको संविधानको पालना गर्नु .....कर्तव्यअन्तर्गत पर्छ ।
(कानुनी, नागरिक)

(ग) असहायप्रति माया र सद्भाव राख्नु .....कर्तव्य हो । (कानुनी, नैतिक)

(घ) लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त, गुण र विशेषतालाई लोकतान्त्रिक .....भनिन्छ । (मूल्यमान्यता, आचरण)

(ङ) समाजलाई व्यवस्थित बनाउनका लागि .....को आवश्यकता पर्छ ।
(सामाजिक नियम, संविधान)

(च) नेपालको कानुनले .....वर्ष मुनिकालाई बालबालिका मानेको छ । (१८, १६)

(छ) मानव अधिकार .....सन्धि सम्झौताबाट सिर्जना हुन्छ ।
(अन्तर्राष्ट्रिय, संविधान)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) लोकतान्त्रिक मूल्यमान्यताका पक्षको सूची बनाउनुहोस् ।

(ख) तपाईंको समाजलाई व्यवस्थित बनाउनका लागि आवश्यक पर्ने पाँचओटा नियम लेख्नुहोस् ।

(ग) बालबालिकाको पाँच पाँचओटा अधिकार र कर्तव्यको सूची बनाउनुहोस् ।

(घ) मानव अधिकार र मौलिक हकको बिचमा फरक छुट्याउनुहोस् ।

(ङ) महिला अधिकारअन्तर्गत कुन कुन अधिकार पर्छन् ?

(च) व्यक्तिगत र पारिवारिक सुरक्षा किन आवश्यक हुन्छ ?

(छ) हामीले ट्राफिक नियमको पालना किन गर्नुपर्छ ?

एकाइ ४ : सामाजिक समस्या र समाधान

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- सामाजिक विकृति र समस्याका कारणको पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न
- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका खोजी गर्न
- परिवार, कक्षाकोठा र विद्यालयमा हुन सक्ने विवादको पहिचान गरी त्यसको समाधानमा आफ्नो भूमिका प्रस्तुत गर्न

पाठ १

सामाजिक समस्या र विकृति, असर र समाधानका उपाय

तल दिइएका घटना पढौँ र मनन गरौँ :

घटना १

साना गाउँमा एक जना एकल महिला बस्थिन् । उनको एक जना सन्तान पनि थियो । उनी दिनभरि अरूको घरमा काम गरेर नै त्यो सन्तानलाई हुर्काउने, बढाउने र पढाउने काम गरिरहेकी थिइन् ।

गाउँलेले उनलाई बोक्सीको आरोप लगाएर खासै उनको घरमा आउने जाने पनि गर्दैनथे । उनी जुन घरमा काम गर्न जाने गरेकी थिइन् । अचानक एकदिन त्यो घरको बालकलाई झाडा पखालाले सिकिस्त बनायो । बच्चाको बुबाआमाले औषधी उपचारका लागि अस्पताल त लगेका थिए तर बच्चाको शरीरमा पानीको मात्रा कम भइसकेको कारणले अचानक बच्चाको मृत्यु भयो । आफ्नो बच्चाको के कारणले मृत्यु भयो भनेर धामी (जान्ने) कोमा हेराउन गएछन् । धामीले एउटा बोक्सी छ ऊ एकल महिला हो । उसले नै तपाईंको बच्चालाई खाएकी हुन् भनिदिएछन् । तिनीहरूको शङ्का उक्त आफ्नो घरमा काम गर्ने ती एकल महिलाप्रति भयो । यही कुरा उनीहरूले छरछिमेकमा पनि सुनाए । गाउँलेहरू पनि उनीहरूको कुरा पत्याएर ती एकल महिलालाई बोक्सीको आरोप लगाए । मृत्यु हुने बच्चाका बुबाआमालाई समेत उचालेर उनलाई गाउँ निकाला गर्ने भन्दै ढुङ्गा मुढा प्रहार गरे । ती एकल महिलाको बच्चा रुँदै मेरी आमालाई यस्तो नगर्नुस् । यो बोक्सी भनेको के हो ? मेरी आमा बोक्सी होइन भनेर आफ्नी आमालाई गाउँलेको ढुङ्गामुढाबाट जोगाउँदै थियो । त्यतिबेलै वडा अध्यक्ष टुप्लुक्क आइपुग्नुभयो । वडा अध्यक्षले गाउँलेलाई तपाईंहरू सबैलाई म जेल पठाउँछु । बिचरा एकल महिला देखेर, बोल्न नसक्ने देखेर, बेसाहारा देखेर तपाईंहरूले यी महिलामाथि यस्तो जघन्य अपराध गर्न मिल्छ ! एउटा मानिसलाई यसरी बोक्सी भनेर आरोप लगाउन मिल्छ । उनी हामी जस्तै मानिस होइनन् ? तपाईंहरूलाई यसरी नै बोक्सीको आरोप लगाए के हुन्छ ? आजको एक्काइसौँ शताब्दीमा आएर पनि महिला

हिंसा गरेर बोक्सीको आरोपमा यस्तो व्यवहार गर्ने ? भनी प्रहरीलाई फोन गर्न खोज्दै थिए । गाउँलेहरूले आफूहरूले उक्त धामीको कुरा पत्याएर यस्तो कार्य गरेको हो । ती धामी पनि यहीँ छन् भनी सुनाए । वडा अध्यक्षले धामीलाई तिमी अपराधी हौ । तिमीलाई कानुनी सजाय हुन्छ भनी कराए । सबै गाउँले र धामीले हामी अब फेरि कहिल्यै यस्तो व्यवहार गर्ने छैनौँ । एकपटकलाई हाम्रो गाउँको समस्या गाउँले मिलेर नै समाधान गरौँ भन्दै वडा अध्यक्षलाई अनुरोध गरे र ती एकल महिलासँग धामी र सबै गाउँलेले माफी मागे । त्यसपछि ती महिलालाई सबैले माया गर्न थाले र उनी त्यहीँ साना गाउँमा नै बसिन् ।

घटना २

मानबहादुर अछामी सिकिस्त बिरामी परेछन् । परिवारका सदस्यले मानबहादुरलाई लामा, धामीझाँक्रीकोमा लगेछन् । धामीले झारफुक गर्ने, मन्त्रतन्त्र जप गर्ने, वायु उठाउने जस्ता कार्य गरी औषधी उपचार गरेछन् । मानबहादुरलाई व्यथाले झन् च्याप्दै गएछ । त्यसपछि मानबहादुरका छोराले आफूलाई पढाउने शिक्षकलाई घरमा बोलाए । शिक्षकको सल्लाहअनुसार स्ट्रेचरमा राखेर मानबहादुरलाई जिल्ला अस्पताल लगियो । अस्पतालले मानबहादुरलाई टी.बी. प्रमाणित गरेर औषधी दिएर पठायो । परिवारले पाँच दिनसम्म औषधी खुवाउँदा पनि मानबहादुरलाई सन्चो भएन भनेर पुनः धामी झाँक्रीकोमा लैजान्छन् । धामीले आफ्नै घरको बाउको वीर लागेको हुनाले उक्त घर छाडेर अन्यत्र गएर बस्यो भने सन्चो हुन्छ भन्ने सल्लाह दिए । मानबहादुरलाई घर नजिकै खरको छाप्रो बनाएर सारे । छाप्रोमा सारेको तीन दिनमा नै मानबहादुरको मृत्यु भयो ।

उल्लिखित घटनाको अध्ययन गरी तल दिइएका प्रश्नको उत्तर पत्ता लगाउनुहोस् :

(क) उल्लिखित घटना कुन कुन सामाजिक समस्यासँग सम्बन्धित छन् ?

(ख) घटना १ र घटना २ का कारण के के हुन् ?

(ग) घटनाले पारेका असर के के हुन् ?

(घ) घटनामा देखिएका समस्या समाधानका लागि तपाईंको विचारमा के गर्नुपर्ला ?

माथिका दुई घटनामा अझै पनि हाम्रो नेपाली समाजमा व्याप्त बोक्सी प्रथा र धामी झाँक्रीका कारणले उत्पन्न हुने समस्या र असरलाई देखाउन खोजिएको छ । यस्ता घटना अन्धविश्वासका कारणले घट्ने गर्छन् । अन्धविश्वास अन्ध र विश्वास दुई शब्द मिलेर बनेको छ । अन्धविश्वास भनेको कुनै पनि विषयमा गहिरो अध्ययन नगरी नबुझी अन्धो बनेर विश्वास गर्नुलाई नै अन्धविश्वास भनिन्छ । अन्धविश्वास सामाजिक विकृति हो । अन्धविश्वासले हाम्रो धर्म, संस्कृति, रीतिरिवाज र परम्परामा समेत असर गरिरहेका हुन्छन् । जस्तै बोक्सीको आरोपमा कोही महिलालाई मलमूत्र खुवाइएको, छाउपडी प्रथाका कारणले कति महिलाको ज्यान गएका जस्ता घटना अन्धविश्वासले नै निम्त्याएको देखिन्छ ।

अझै पनि नेपालका कतिपय ठाउँमा धामीझाँक्रीप्रति मानिसको विश्वास रहेको देखिन्छ । बिरामी हुँदा, चोरी हुँदा, दोषी पत्ता लगाउनुपरेमा, देवीदेवतालाई खुसी पार्नुपरेमा या कुनै गल्तीको क्षमा याचना माग्नुपरेमा धामी झाँक्री डाक्ने प्रचलन रहेको छ । धामी झाँक्रीको कुरा विश्वास गर्दा कतिपयको औषधी उपचार नपाएर अकालमै मृत्युसमेत भएको छ भने कतिपय ठाउँमा नराम्रा घटना पनि घटिरहेका छन् । यस्ता सामाजिक समस्याबाट पर्ने असरको प्रचारप्रसार गरिनुपर्छ । समस्या तथा विकृति उत्पन्न गर्ने तत्त्वलाई कानुनी कार्बाही गरिनुपर्छ । शिक्षा र चेतनाको विस्तार गरिनुपर्छ । यस्ता काम गर्न सकियो भने अवस्य पनि सामाजिक समस्या तथा विकृतिलाई हटाउन सकिन्छ ।

उल्लिखित दुईओटा घटनाको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बोक्सी प्रथा भनेको के हो ?

(ख) बोक्सी प्रथाका असर उल्लेख गर्नुहोस् ।

(ग) अन्धविश्वास भन्नाले के बुझिन्छ ?

(घ) अन्धविश्वासका असर लेख्नुहोस् ।

कथा पढौँ र बुझौँ :

रामपुर गाउँमा दुई जना बुढाबुढी बस्थे । उनीहरू दलित जातिका थिए । दलितको घरमा आउन जान र उनीहरूले छोएको खानु हुँदैन भनेर गाउँलेहरू कोही पनि उनीहरूको घरमा आउँदैनथे । उनीहरूको साथमा रीता नाम गरेकी एक जना छोरी

पनि थिइन् । रीताको घर नजिकै उनको मिल्ने साथी कमलाको पनि घर थियो । रीता कहिलेकाहीँ कमलाको घरमा खेल्न आउने गर्थिन् । कमलाको आमाले रीतालाई हाम्रो घरभित्र पस्न दिनुहुँदैन । तिमी बाहिरै गएर रीतासँग खेल भन्नुहुन्थ्यो । रीता सानै थिइन् त्यसैले उनले यस कुरालाई खासै ठुलो नसम्झिई रीतालाई घरमा पस्न नदिई बाहिरै गएर खेल्ने गर्थिन् । गाउँमा एउटा इनार थियो । सबै गाउँलेले त्यही इनारबाट पानी लैजान्थे । रीताको परिवारले उक्त इनार छुन हुँदैनथ्यो । त्यसैले रीताको आमा पानी लिन गइन् भने ईनार नछोइकन छुट्टै बस्थिन् र अरुले इनारबाट पानी झिकेर गाग्रीमा राखिदिन्थे अनि मात्र पानी लिएर घरमा आउँथिन् । कमला ठुली हुँदै जाँदा उनलाई किन रीता मेरो घरमा पस्न नहुने होला ? किन रीताकी आमा पानी लिन जाँदा छुट्टै बस्नुहुन्छ होला ? भनेर सोच्न थालिन् । एकदिन आमालाई यी सब कुरा सोधिन् ? कमलाकी आमाले रीताका परिवार दलित जाति हुन् । दलित जातिले छोएको हामीले खान हुँदैन । दलित जातिलाई घरभित्र पस्न दियो भने कुलदेवता रिसाउनु हुन्छ । अनर्थ हुन्छ र हामीलाई पाप लाग्छ । त्यसैले रीतालाई घरभित्र पस्न नदेऊ छोरी भनेर तिमीलाई भनेको भनी आमाले सम्झाउनुभयो । त्यसपछि कमलालाई हामी मानिस मानिसबिचमा पनि यस्तो छुवाछुत गर्नुहुन्छ त ? आखिर रीता र ममा त केही फरक छैन भने किन यस्तो व्यवहार गर्ने भन्ने मनमा आउन थाल्यो । उनले आफ्नो आमाबुबासँग रीताको परिवारलाई आफ्नो घरमा बोलाएर खाना खुवाउने भनी जिद्धी गरिन् । कमलाको बुबा शिक्षक हुनुहुन्थ्यो । उहाँले कमलाको कुरा सजिलै स्वीकार गर्नुभयो र कमलाकी आमालाई पनि सम्झाउनुभयो । रीताको परिवारलाई कमलाको घरमा खाना खान बोलाइयो । दलितलाई आफ्नो घरमा बोलाएरसँगै बसेर खाना खुवाएको गाउँलेले थाहा पाएर कमलाको घरमा समेत सबै गाउँले आउन जान बन्द गरे । कमलाको बुबाआमाले गाउँलेलाई कति सम्झाउन कोसिस गर्दा पनि वर्षौंदेखि हाम्रो समाजमा चलिआएको छुवाछुत प्रथा हटाउन लागे भनेर उल्टै उनीहरूसँग रिसाए । एकदिन गाउँमा कासी पण्डित घाँस काट्न जाँदा रुखबाट लडेर घाइते भए । उनलाई सहरमा अस्पताल पुऱ्याइयो । डाक्टरले तुरुन्त अप्रेसन गर्नुपर्ने र ओ पोजेटिभ

रगत खोज्न सल्लाह दिनुभयो । गाउँभरि सबैको रगत परीक्षण गराउँदा कसैको रगत पनि ओ पोजेटिभ भेटिएन । रीताको बुबाको रगत परीक्षण गराउँदा ओ पोजेटिभ भएको पत्ता लाग्यो । आखिरमा रीताको बुबाको रगतले कासी पण्डितको ज्यान बच्यो । पहिले यी दलितलाई घरभित्र पस्न दियो भनेर कमलाको घरमा समेत आउन जान बन्द गर्ने र गाउँले उचाल्ने पण्डित सन्चो भएपछि रीताको बुबाआमासँग माफी मागे र रीताको घरमा आउने जाने बस्ने र खाने गर्न थाले । पण्डित आउने जाने गरेको देखेपछि अरू गाउँले पनि रीताको घरमा आउन जान थाले । अहिले रामपुर गाउँमा कसैले पनि कसैलाई छुवाछुत गर्दैनन् र पूर्ण रूपमा छुवाछुत प्रथा बन्द भएको छ ।

कथा पढेर तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कथा पढेर कस्तो सन्देश पाउनुभयो ? साथीलाई सुनाउनुहोस् ।

(ख) कथामा कुन सामाजिक समस्याको बारेमा चर्चा गरिएको छ ?

(ग) उल्लिखित कथामा उत्पन्न समस्याको कारण र समाधानका उपाय उल्लेख गर्नुहोस् ।

घटना अध्ययन गरौँ र छलफल गरौँ :

बालश्रम

मनोज युनिसेफमा कार्यरत छन् । उनी कार्यालयको कामको सिलसिलामा काठमाडौँबाट पोखरा जाँदै थिए । उनी चढेको माइक्रो बसमा विद्यालय पढ्ने उमेरको सानो बालक खलासी थियो । मनोजलाई त्यो बालकले सकिनसकी पोखरा पोखरा भनेर चिच्याएको देख्दा मनमा अनेक कुरा खेल्न थाले । मनोजले उसलाई बाबु तिमीले कति पढेका छौ ? भनेर प्रश्न गरे । उक्त बालकले मैले पाँच कक्षा पढेर छाडेको हो भनेर जवाफ दिए । किन पढ्न छाडेर खलासीको काम गर्न आएको त ? यो त तिम्रो पढ्ने उमेर हो नि, तिमीलाई पढ्न मन लाग्दैन ? भन्दा बालकले मेरो घरमा आमा र साना दुई भाइबहिनी छन् । त्यसैले पैसा कमाउनका लागि खलासी काम गरेको हुँ भनी जवाफ दिए । मनोजलाई बालकको जवाफले बोल्नै नसक्ने बनायो । मनोज यसरी नै ती बालकसँग जिस्कँदै कुरा गर्दै गइरहेका थिए । खाना खानका लागि माइक्रो बस रोकियो । त्यहाँ खाना खाने होटलमा पनि साना साना दुई केटाकेटीलाई काममा लगाइएको थियो । त्यो देख्दा मनोजलाई फेरि दुःखी बनायो । उनले होटलको साहुजीलाई गएर किन तपाईंले

यी विद्यालय पढ्ने उमेरका बालबालिकालाई यसरी काम लगाउनुभएको हो ? भनी प्रश्न गरे । यिनीहरूको आमाबुबाले नै यिनीहरूलाई यहाँ काम लगाइदिनुभनेर ल्याएका हुन् । मैले त यिनीहरूलाई यहाँ काम गरेबापत तलब दिनुपर्छ भनी जवाफ दिए । मनोज आफैँ बालअधिकारको संरक्षण र हक हितका लागि काम गर्ने संस्थामा कार्यरत भएकाले यसरी बालअधिकारबाट वञ्चित गरेर बालश्रम शोषण गर्नु कानुनी अपराध हो । त्यसैले हामीले यस्ता बालबालिकालाई उद्धार गर्नैपर्छ भनेर प्रण गरे ।

यी माथिका दुई घटना त उदाहरण मात्र हुन् । यसरी अझै पनि विभिन्न ठाउँमा बालश्रमको प्रयोग गरेको देखिन्छ । इँटा भट्टामा, कलकारखानामा, सहरी क्षेत्रमा घरेलु कामदारको रूपमा विभिन्न ठाउँमा बालश्रम शोषण भइरहेको देखिन्छ । १६ वर्षमुनिका केटाकेटीलाई नेपालको कानुनले बालबालिका मानेको छ । बालश्रम शोषण हुँदा बालबालिकामा शारीरिक तथा मानसिक रूपमा असर पर्ने, बालअधिकारबाट वञ्चित हुने र उनीहरूको भविष्य निर्माणमा बाधा पुग्छ ।

माथि दिइएको घटना पढेर तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बालश्रम भनेको के हो ?

(ख) नेपालको कानुनले कति वर्षमुनिकालाई बालबालिका मानेको छ ?

(ग) बालश्रमको प्रयोगबाट पर्ने असर बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(घ) तपाईँको विचारमा बालश्रमको प्रयोगमा कमी ल्याउनका लागि के के गर्नुपर्ला ?

(ङ) छुवाछुत प्रथा भनेको के हो ? तपाईँको विचारमा मानिस मानिसमा विभेद गरेर छुवाछुत गर्नु उचित हो ? उपयुक्त तर्क दिनुहोस् ।

क्रियाकलाप १

तपाईँको समुदायमा भएका सामाजिक समस्या तथा विकृतिको सूची बनाई तिनको समाधानका उपाय खोजी गर्नुहोस् ।

क्रियाकलाप २

सामाजिक समस्या तथा विकृति समाधानका लागि जनचेतनामूलक नारा लेखेर प्लेकार्ड बनाई आफ्नो सामुदायिक सिकाइ केन्द्र वरपर च्यालीको आयोजना गर्नुहोस् ।

क्रियाकलाप ३

सुरुमा बिरामी हुँदा धामी झाँक्रीकामा औषधी उपचारका लागि जाने र पछि मात्र अस्पताल गएर बिरामीको अचानक मृत्यु हुँदा अस्पताललाई दोष दिने तपाईंको आफन्तलाई कस्तो सल्लाह सुझाव दिनुहुन्छ ?

क्रियाकलाप ४

छुवाछुत प्रथाको कारणले समाजमा पर्ने असर खोजी गरी लेख्नुहोस् ।

क्रियाकलाप ५

सामाजिक समस्या तथा विकृतिका केही कारण र समाधानका उपाय यहाँ तालिकामा उल्लेख गरिएका छन् । यसमा अन्य थप कारण र समाधानका उपाय समाजमा जानकार व्यक्तिसँग सोधखोज गरी तालिकामा थप्नुहोस् :

सामाजिक समस्या तथा विकृतिका कारण	सामाजिक समस्या तथा विकृति समाधानका उपाय
चेतनाको कमी	जनचेतना
अन्धविश्वास	रोजगारी सिर्जना
गरिबी	कानुनको पालना
बेरोजगारी	मेलमिलाप
लैङ्गिक/जातीय विभेद	महिला सशक्तीकरणमा जोड

पाठ २ ज्येष्ठ नागरिकको सम्मान

संवाद पढ्नुहोस् र छलफल गर्नुहोस् :

सिकाइ केन्द्रबाट छुट्टी भएपछि सिकारु सहभागी र सहजकर्तासँगै घर फर्कनुभएको थियो । यसैबिचमा कविताको घरायसी कुरालाई लिएर सहजकर्ता र सिकारुबिचमा भएको कुराकानीको अंश यहाँ प्रस्तुत गरिएको छ ।

हरिकला : (उताबाट बस आइरहेको थियो । कविताले बस आएको थाहै नपाउँदा झन्डै बसले किचेन । बसले ठुलो आवाजमा हर्न लगाएपछि हरिकलाले कवितालाई तान्दै) होइन ? तपाईंको ध्यान कता छ ? कविता झन्डै तपाईंलाई बसले किचेन । मैले नतानेको भए त आज तपाईंको ज्यान जाने रहेछ ।

कविता : मेडम धन्यवाद ! तपाईंले मेरो ज्यान बचाउनुभयो । ओहो ! म त मनमा के के कुरा खेलाउँदै रहेछु बस आएको थाहा नै पाइन ।

हरिकला : तपाईंलाई आज मैले सिकाइ केन्द्रमा पनि निन्याउरो देखेको थिएँ । तपाईंलाई के भएको छ ? भन्नुस् न मलाई भन्यो भने मन हल्का हुन्छ ।

कविता : खै भनुँ कि नभनुँ मेडम हजुरलाई । त्यस्तै घरायसी समस्याको कारणले मनमा अलि तनाव भएको हो । होस् छाड्दिनुस् यस्तो घरको कुरा बाहिर भन्नु हुँदैन ।

हरिकला : कतै मैले सल्लाह सुझाव दिएर वा सहयोग गरेर तपाईंको समस्याको समाधान पो हुन्छ कि भनेर मात्र चासो लिएकी हुँ ।

कविता : घरमा बुढाबुढी सासुससुरा हुनुहुन्छ मलाई त झर्को लाग्छ ती बुढाबुढीलाई स्याहार गर्न । अनि मेरो श्रीमान्ले आमाबुबालाई हेलाँ गरिस् । राम्रो ध्यान दिइनस् भनेर खाली किचकिच मात्र गरिरहनु हुन्छ । त्यसैले मलाई आजकल धेरै तनाव हुन्छ ।

हरिकला : ए कुरा यस्तो पो रहेछ ? अनि तपाईंले सासुससुराको राम्रो हेरचाह गर्नुहुन्न र ?

कविता : आ ..मलाई त झर्को लाग्छ कति किचकिचे छन् ती बुढाबुढी ।

हरिकला : बरू एकछिन यतै चौतारातिर बसेर कुराकानी गरौं न ?

कविता : भइहाल्छ नि मेडम ।

हरिकला : कविता तपाईं चित्त नदुखाउनुस् है ? म तपाईंलाई एउटा कुरा भन्छु ?

कविता : हुन्छ भन्नुस् न । म चित्त दुखाउँदिन ।

हरिकला : कविता तपाईंले सासूससुरालाई हेर्न झर्को मान्नु हुँदैन । उहाँहरू त ज्येष्ठ नागरिक भइसक्नुभयो । सोच्नुस् त एकदिन हामी पनि त त्यसरी नै ज्येष्ठ नागरिक हुन्छौं नि होइन र ? उहाँहरू त ज्ञान र अनुभवको खानी हुनुहुन्छ । हाम्रा सांस्कृतिक परम्परा, मूल्य मान्यता र संस्कारका सिर्जनाकार हुनुहुन्छ । साँच्चै भन्ने हो भने त यो समाजको निर्माणकर्ता नै ज्येष्ठ नागरिक हुन् । त्यसरी ज्येष्ठ नागरिकलाई गरिने अपमान, हेलाँ भनेको त उहाँहरूप्रति गरिने दुर्व्यवहार हो । यस्तो व्यवहार गर्नेलाई त घरेलु हिंसा गरेको भनेर कानुनी सजाय हुन्छ । यस्तो काम कहिल्यै गर्नुहुँदैन ।

कविता : मेडम ! हजुर पनि उही आदर्शका कुरा गर्नुहुन्छ । मुखले बोलेजस्तो सजिलो छैन काम गर्न । भो भो मलाई अर्ती उपदेश दिनुपर्दैन । तपाईंलाई बुढाबुढी सासुससुरा स्याहार्नुपरेको छैन । अनि के थाहा ? बुढाबुढी कति किचकिचे हुन्छन् । फोहोरी हुन्छन् । स्याहार्न कति दुःख हुन्छ भनेर ?

हरिकला : त्यसो होइन । उमेर बढ्दै जाँदा शरीरमा बल कम हुन्छ । अल्छी लाग्छ । सरसफाइमा कम चासो हुन्छ । त्यस कारणले पनि ज्येष्ठ नागरिक किचकिचे हुन्छन् । बल उमेर हुँदा त उहाँहरूले तपाईंको घरका लागि पनि धेरै नै गर्नुभयो होला नि । भोलि हामी पनि त ज्येष्ठ नागरिक बन्नुपर्छ । त्यसरी नै हामीलाई हाम्रा छोराछोरीले हेलाँ गरे भने के हुन्छ त ? सोच्नुहोस् त ?

कविता : हो हुन त मेडम । तपाईंले भन्नुभएको ठिक हो । त्यो अहिले हामी बसेको घर नै उहाँहरूले बनाउनुभएको हो । त्यसबाहेक अन्यत्र पनि थुप्रै जग्गाजमिन

जोड्नुभएको छ । सम्पत्ति मात्र हेरेर हुन्छ र ? उहाँहरू मैले काम गर्दा पनि जस दिनुहुन्न । तिनै बुढाबुढीलाई हेर्नकै लागि भनेर घर छाडेर कतै जान पाउँदिन । यही सिकाइ केन्द्रमा पढ्न त श्रीमान्ले छोडिदे । पढ्नुपर्दैन । अब यो उमेरमा आएर पढेर तैंले के गर्छेस् र ? भन्नुहुन्छ ।

हरिकला : ल हेर्नुस् त । बल उमेर हुँदा त त्यति धेरै गर्नुभएकै रहेछ त । अब अहिले उमेर बढ्दै गएपछि उहाँहरूलाई हेर्नु त हाम्रो जिम्मेवारी तथा कर्तव्य दुवै हो । अर्को आयो पढाइको कुरा, पढ्नलाई उमेरले छेक्दैन । आफू सचेत हुन, शिक्षा र ज्ञान आर्जन गर्न पनि उमेर गयो भन्ने हुन्छ र ? शिक्षा त हामीलाई बाँचुन्जेल आवश्यक पर्छ नि । यसमा त तपाईंले श्रीमान्लाई सम्झाउनुपर्छ ।

कविता : त्यही कुरामा पनि झगडा परिरहन्छ नि मेडम ।

हरिकला : तपाईंलाई सधैँ सिकाइ केन्द्र आउन नमिले तापनि परीक्षामा सहभागी भएर प्रमाणपत्र लिन सक्नुहुन्छ नि त । भोलि यही प्रमाणपत्रका कारणले हामी अन्य सिपमूलक तालिम लिएर पनि केही आय आर्जनका काम गर्न सक्छौं नि ।

कविता : तपाईंले भन्नुभएजस्तै पढाइ त छोड्दिनँ तर मैले श्रीमान्लाई ति बुढाबुढीलाई वृद्धाश्रममा लगेर राखिदिऊँ न त भनेको मान्नुहुन्न ।

हरिकला : ओ हो ! कविता त्यसरी छोराबुहारी हुँदाहुँदै बाबुआमालाई वृद्धाश्रममा लगेर राख्नुहुँदैन है । छि ...समाजले के भन्ला भनेर पनि डर हुँदैन ? अहिले नयाँ पुस्तालाई विदेशी संस्कृतिको प्रभाव, व्यस्तता, आर्थिक अभाव, पुस्तेनी दुरी, एकल परिवारको चाहना आदि जस्ता कारणले ज्येष्ठ नागरिक दुर्व्यवहारमा परेको देखिन्छ ।

कविता : म त कहिलेकाहीँ त के गर्ने के गर्ने जस्तो हुन्छ मेडम । घर नै छाडेर हिँडौं कि जस्तो लाग्छ ।

हरिकला : धत् त्यस्तो कुरा गर्ने हो ? घरमा वृद्धवृद्धा हुनुलाई त घरको शोभा मानिन्छ । उहाँहरूको कुरा सुनिदिने । अनुभव सुन्ने । दुःख सुःखका कुरा गर्ने गर्नुस् त ? तपाईंलाई आफ्नै घर स्वर्ग लाग्न थाल्छ । ज्येष्ठ नागरिकका लागि पनि कानुन बनेको छ नि । ज्येष्ठ नागरिकप्रति गरिने दुर्व्यहार त गैरकानुनी काम हो ।

कविता : ज्येष्ठ नागरिकका लागि के कानुन बनेको छ र मेडम ?

हरिकला : नेपालको संविधानमा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकमा वृद्ध, असहाय, अशक्त, अपाङ्गता भएका आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने भनी उल्लेख गरिएको छ । वृद्ध तथा अशक्तलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति समेत उल्लेख गरिएको छ ।

कविता : ए .....त्यसैकारणले पो वृद्ध भत्ता दिने गरेको रहेछ त ।

हरिकला : त्यति मात्र हो र ? ज्येष्ठ नागरिकसम्बन्धी ऐनले आफ्नो आर्थिक हैसियत तथा इज्जतअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने छ भनी व्यवस्था गरेको छ । ज्येष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नुपर्ने नियम पनि छ । फेरि अर्को पनि सुन्नुहोस् है त । ज्येष्ठ नागरिकको पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले आफूसँग नराखेको भएता पनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्ने भनी उल्लेख गरेको छ ।

कविता : ओहो ! मेडम हजुरले त मेरो आँखा खोलिदिनुभयो । कानुनी रूपमा नै ज्येष्ठ नागरिकको संरक्षणका लागि यति राम्रो व्यवस्था गरिएको रहेछ । म आजैदेखि झर्को नमानीकन सासूससुराको राम्रोसँग हेरविचार र पालनपोषण गर्ने छु ।

माथि दिइएको संवाद पढेर तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) घरेलु हिंसा भनेको के हो ? घरेलु हिंसाका कुनै दुई उदाहरण लेख्नुहोस् ।

(ख) ज्येष्ठ नागरिक माथि गरिने दुर्व्यवहारले पर्ने असर लेख्नुहोस् ।

(ग) नेपालमा ज्येष्ठ नागरिकको सम्मानका लागि के कस्ता व्यवस्था गरिएका छन् ? लेख्नुहोस् ।

(घ) तपाईंको विचारमा ज्येष्ठ नागरिकलाई सम्मान गर्न हामीले के गर्नुपर्छ ? बुँदागत रूपमा लेख्नुहोस् ।

क्रियाकलाप १

तपाईँको परिवार वा छिमेक वा समुदायमा रहनुभएका ज्येष्ठ नागरिकले समाजमा पुऱ्याउनुभएका योगदान खोजी गर्नुहोस् ।

क्रियाकलाप २

"ज्येष्ठ नागरिक ज्ञान र अनुभवका भण्डार हुन् । त्यसैले हामीले उहाँहरूलाई सम्मान गर्नुपर्छ ।" भन्ने भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप ३

तपाईँको विचारमा ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारलाई रोक्नका लागि के गर्नुपर्ला ?

सामुदायिक कार्य १

तपाईँको समुदायमा रहनुभएका एक जना ज्येष्ठ नागरिकलाई भेटी उहाँका अनुभव र योगदान सुन्नुहोस् । तपाईँलाई राम्रो लागेका अनुभव एवम् योगदान टिपोट गरी कक्षामा साथीलाई सुनाउनुहोस् ।

सामुदायिक कार्य २

ज्येष्ठ नागरिकलाई सम्मान गरौँ । सभ्य नागरिकको कर्तव्य पालना गरौँ । भनी ज्येष्ठ नागरिकमाथिको दुर्व्यवहार अन्त्यका लागि समुदायमा अभियान चलाउनुहोस् ।

पाठ ३ सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका

तलको कथा पढ्नुहोस् र छलफल गर्नुहोस् :

सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिका

रामविलासलाई उनको बुबाआमाले शहरमै बस्नुपर्छ र सरकारी नोकरी गर्नुपर्छ भन्नुभएको थियो । रामविलास गाउँमै बसेर केही गर्न चाहन्थे । त्यसैले उनी आफ्नो स्नातकोत्तरसम्मको पढाइ सकेर गाउँमै बसेर केही गर्छु र गाउँको अवस्थामा सुधार गर्छु भनेर गाउँ फर्केर आए । उनलाई गाउँका युवाहरू बराल्लिएर यताउता गरेर दिन बिताइरहेको देख्दा यिनीहरूका लागि के गर्न सकिन्छ होला भन्ने सोच आउँथ्यो । साँच्ची नै युवाहरू मादक पदार्थ सेवन गरेर जुवा तास खेलेर दिन बिताउँथे । उनी गाउँमा भएको बेलामा हर्के काका लामो समयसम्म बिरामी परेर थला पर्नुभयो । उनले अस्पताल लैजाऊँ भन्दा भन्दै जान्ने बन्दो रहेछ । अहिलेसम्म धामी झाँक्रीबाट उपचार गराएर भएको छ भनेर उनको कुरा नटेरेर धामी झाँक्रीलाई नै उपचार गराइरहेका थिए । आखिरमा हर्के काकाको मृत्यु भयो । त्यस्तै गाउँमा अझै पनि दलित भनेर छोइछिटो गर्ने, छुवाछुत र विभेद गर्ने मानिस पनि थिए । कतिले अझै पनि छोरीलाई सानै उमेरमा विवाह गराइरहेका थिए । रामविलास आफ्नो गाउँको यस्तो अवस्थालाई परिवर्तन गर्न चाहन्थे तर रामविलासलाई उनका बुबाआमाले बाबु यस गाउँमा वर्षौंदेखि चलिआएको अवस्था हो । तिमी एक्लैले चाहेर केही पनि हुँदैन । त्यसैले तिमी सहरमै बसेर सरकारी जागिर खाऊ भनी सम्झाउनुहुन्थ्यो । उनी चाहिँ जिद्धी गरेर गाउँमै बसे ।

उनले गाउँमा बराल्लिएर हिँडेका युवालाई गाउँ पालिकामा सम्पर्क गरेर सिपमूलक तालिम दिने व्यवस्था मिलाए । केही युवाले सिपमूलक तालिम लिएपछि विभिन्न स्वरोजगारका व्यवसायहरू सञ्चालन गर्न थाले । जिल्ला कृषि ज्ञान केन्द्रमा सम्पर्क गरेर गाउँमा कृषि विशेषज्ञ झिकाएर आधुनिक खेतीसम्बन्धी तालिम दिलाए । कृषि ज्ञान केन्द्रले किसानलाई कृषि अनुदान पनि दियो । रामविलासले कुलो खनेर नजिकैको खोलाबाट खेतबारीमा सिँचाइका लागि ल्याउन सकिने कुरा गाउँलेलाई बताए । गाउँपालिकाको अनुदान र गाउँलेले श्रमदान गरेर साँच्चै गाउँमा कुलो खनेर सिँचाइको पनि व्यवस्था गरे । त्यसपछि केही युवा र रामविलास मिलेर हाल व्यावसायिक तरकारी खेती र उन्नत जातको गाईपालन व्यवसाय सञ्चालन गरेका छन् । रामविलासले नै पहल गरेर गाउँमा १० कक्षासम्म पढाइ हुने विद्यालय र स्वास्थ्य चौकी पनि स्थापना भयो । पहिले बिरामी पर्दा धामी झाँक्रीकोमा जाने गाउँले

स्वास्थ्य चौकीमा जान थालेका छन् । अहिले युवा धूमपान, मद्यपान गर्न छाडेर केही न केही व्यवसायमा लाग्न थालेका छन् ।

गाउँको अवस्थामा यसरी परिवर्तन आएकामा सबैले रामविलासलाई धेरै धेरै धन्यवाद, तिमीले गर्दा यो गाउँको मुहार नै परिवर्तन भयो भन्न थालेका छन् । रामविलासका आमाबुबा पनि छोराको कारणले गाउँको मुहार परिवर्तन भएकोमा दङ्ग हुनुहुन्छ । गर्न चाह्यो भने एक जना व्यक्तिकै पहलबाट गाउँको मुहार परिवर्तन हुन सक्छ भन्ने कुराको उदाहरण रामविलासबाट लिन सकिन्छ । यसबारेमा विभिन्न पत्रपत्रिकाले पनि समाचार प्रसारण गरेपछि रामविलासको चर्चा निकै चलेको छ ।

यसरी व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ भने परिवार परिवार मिलेर समाज बन्छ । एउटा व्यक्तिले समाजमा हुने सामाजिक समस्याको विरुद्धमा खुलेर आवाज उठाउन सक्छ । राम्रो कामको सुरुआत आफैँबाट गर्न सक्छ । हरेक विकृति र विसङ्गतिप्रति आफू पनि सचेत भई अरूलाई पनि सचेत गराउन सक्छ । सामाजिक समस्याका विरुद्धमा बनेका नियम तथा कानुनको प्रचार प्रसार गर्न सक्छ । सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ ।

तल तालिकामा उल्लिखित सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिकामध्ये तपाईंले निर्वाह गर्नुभएको भूमिकामा ठिक चिह्न र नगरेकामा बेठिक चिह्न लगाउनुहोस् :

सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिका	ठिक	बेठिक
• समाजमा चलिआएका छुवाछुत, हिंसा, बालश्रम आदिको विरुद्धमा आवाज उठाउने गरेको		
• अनावश्यक खर्च गर्ने नगरेको		
• आफू पनि अन्धविश्वास नगर्ने र अरूलाई पनि सचेत गराउने गरेको		
• आफ्नो स्वास्थ्यलाई हानि गर्ने बानी व्यवहार र खानपिन नगर्ने र अरूलाई पनि नगर्नका लागि सम्झाउने गरेको		
• खराब साथीको सङ्गत नगर्ने र अरूलाई पनि सचेत गराउने गरेको		

सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिका	ठिक	बेठिक
• समाजका प्रतिष्ठित व्यक्तिले आफ्नो व्यवहारको अरूले पनि अनुसरण गरिरहेका छन् भन्ने कुरामा ध्यान दिने गरेको		
• सामाजिक समस्या तथा विकृतिसम्बन्धी बनेका ऐन, नियम र कानुनी प्रवाधनको बारेमा जनचेतना जगाउने गरेको		

तल दिइएको घटना पढ्नुहोस् र छलफल गर्नुहोस् :

सामाजिक समस्या समाधानमा परिवारको भूमिका

रीनाका बुबा गाउँका मुखिया हुनुहुन्छ । मुखियाबाको परिवार भन्ने बित्तिकै सबै गाउँलेले सहयोगी र मिलनसार परिवार भनेर चिन्नुहुन्छ । समाजमा जो कोही पनि दुःख, आपत् विपत् पर्ने बित्तिकै भगवान्को नाम पुकारे जस्तै मुखियाबाको परिवार भनेर पुकार्ने गर्छन् । मुखियाबा समाजमा कसैलाई समस्या, दुःख वा आपत् विपत्मा आफूले सकेको सहयोग गर्नुहुन्छ । एकदिन घरमा कोही पनि नभएका बेलामा छिमेकी रुखबाट लडेर घाइते हुनुभयो । रीनाका बुबाआमाले उनलाई स्वास्थ्य चौकी लैजानुभयो । त्यस्तै समुदायमा एक जना महिलालाई बोक्सीको आरोप लगाएर हेला गर्ने, उनको घरमा आउने जाने नै नगर्ने जस्ता व्यवहार गर्ने गरेको कुरा मुखियाबाले थाहा पाउनुभयो । उहाँले सबै गाउँलेलाई, वडा अध्यक्षलगायत वडाका सबै प्रतिनिधिलाई र प्रहरीलाई समेत भेला गराएर छलफल बहस चलाउनुभयो । पछि सबै गाउँलेले बोक्सीको आरोप लगाउनु त महिला हिंसा रहेछ । यसो गर्नु कानुनी अपराध रहेछ भन्ने बुझेर उक्त महिलासँग माफी मागे । उहाँहरूले दलितलाई पकाउन लगाएर सबैले सँगै बसेर खाने सहभोजको आयोजना गर्नुभयो । त्यसपछि अहिले समुदायमा जातीय विभेद तथा छुवाछुतको भावना कसैमा पनि छैन । यसरी नै समाजलाई हरेक विकृति र विसङ्गतिबाट मुक्त गराउनका लागि मुखियाबाको परिवारले धेरै उदाहरणीय काम गर्दै आएको छ । उहाँहरूकै योगदानका कारण अहिले हरिपुर गाउँलाई नमुना गाउँ भनेर चिनिन्छ ।

कुनै पनि व्यक्तिमा कस्तो संस्कार छ भन्ने कुरा उसको परिवारले दिएको संस्कारमा भर पर्छ । बालबालिकाको पहिलो पाठशाला उसको परिवार र पहिलो शिक्षक आमाबुबा हुन् । परिवारमा आमाबुबाले जस्तो व्यवहार गर्नुहुन्छ बालबालिकाले पनि त्यही सिक्छन्

र त्यस्तै व्यवहार प्रदर्शन गर्छन् । सामाजिक नियम, सामाजिक मूल्य मान्यता र संस्कृति, हाम्रा परम्परा रीतिरिवाज र संस्कार सबै बालबालिकाले परिवारबाट नै सिक्छन् । यदि शिक्षित परिवार छ भने समाजमा विद्यमान विकृति, विसङ्गतिका विरुद्ध पनि आफ्ना बालबालिकालाई सचेत गराउँछ । यसरी परिवारबाट पाएको संस्कारअनुसारको व्यवहार व्यक्तिले समाजमा प्रदर्शन गर्छ । सामाजिक नियमको आफू पनि पालना गर्ने र अरूलाई पनि पालना गर्न प्रेरित गर्छ । सामाजिक समस्या तथा विकृतिका विरुद्धमा खुलेर आवाज उठाउँछ । समाजमा विकास निर्माणका काममा सहभागिता जनाउँछ । त्यसैले हामी सबैले आफ्नो परिवारलाई सभ्य र आदर्श परिवारको रूपमा विकास गरौँ र सामाजिक समस्या समाधानमा सकेको योगदान गरौँ ।

तल तालिकामा उल्लिखित सामाजिक समस्या समाधानमा परिवारको भूमिकामध्ये तपाईंको परिवारले सामाजिक समस्या समाधानका लागि निर्वाह गर्ने गरेको भूमिकामा ठिक चिह्न र नगरेकोमा बेठिक चिह्न लगाउनुहोस् :

सामाजिक समस्या समाधानमा परिवारको भूमिका	ठिक	बेठिक
• आफ्ना बालबालिकालाई सानैदेखि सही संस्कार, आनी बानी र व्यवहार सिकाउने		
• आफ्ना छोराछोरीको हरेक गतिविधि र काम कर्तव्यप्रति प्रत्यक्ष निगरानी राख्ने		
• आफ्ना छोराछोरीलाई प्रशस्त समय दिने		
• घर परिवारमा लागु पदार्थ तथा मादक पदार्थ सेवन गर्ने, झैझगडा गर्ने हिंसा गर्ने, जुवातास खेल्ने जस्ता काम नगर्ने		
• घर परिवारमा हरेक काम कुरा आपसी छलफल र समझदारीबाट मात्र गर्ने		
• समाजमा अनुकरणीय काम गर्ने		
• समाजमा कोही कुलतमा फसेर बर्बाद हुन लागेको देखेमा सहयोग गर्ने		

तल दिइएको समाचार अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सामाजिक समस्या समाधानमा स्थानीय सङ्घसंस्थाको भूमिका

सामाजिक समस्या समाधानमा स्थानीय सङ्घसंस्थाको भूमिकामा वृद्धि हुँदै

गोरखापत्र समाचारदाता

सिन्धुपाल्चोक, २०८०, वैशाख १० गते

सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकामा समाजमा प्रचलित सामाजिक समस्या समाधानमा स्थानीय सङ्घसंस्थाको सक्रिय भूमिका देखिन्छ । उक्त गाउँपालिका अहिले साँच्ची नै सामाजिक समस्या मुक्त नमुना गाउँपालिका बनेको छ । लागुपदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउन सबै नागरिक र स्थानीय सङ्घसंस्था एकजुट भएर लागेका छन् । स्थानीय आमा समूह र युवा क्लबको संयुक्त प्रयासमा जाँड रक्सी, चुरोट सेवन, उत्पादन र बिक्री वितरण गर्नेलाई जरिवानाको व्यवस्था मिलाएका छन् । त्यस्तै गरी युवा बेरोजगार हुँदा कुलतमा फस्ने सम्भावना भएकाले बेरोजगार युवा र महिलाका लागि सिपमूलक तालिम पनि सञ्चालन गरेका छन् । त्यस्तै गरी गैरसरकारी सङ्घसंस्थाले पनि कुलतमा फसेका युवालाई उद्धार गर्ने र सिपमूलक तालिम प्रदान गरेर कुलतमा फसेका युवालाई आत्मनिर्भर बनाउन सहयोग गरिरहेका छन् ।

स्थानीय आमा समूह र युवा क्लबबाट सुरु भएको यो अभियानलाई अहिले गाउँपालिकाले पनि आफ्नो मुख्य योजनाको रूपमा लिएर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्थानीय जनप्रतिनिधिहरूले समाजमा प्रचलित बोक्सी प्रथा, छुवाछुत, धामीझाँक्री, चोरी, डकैती जस्ता सामाजिक समस्याले पनि समाजमा विकृति फैलाइरहेका छन् । यिनको निराकरणका लागि पनि गाउँपालिकाले विशेष कार्यक्रम ल्याउने आश्वासन सम्पूर्ण गाउँपालिकाका जनतालाई दिएका छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईंले सामाजिक समस्या समाधानमा निर्वाह गर्न सक्ने भूमिकाको सूची बनाउनुहोस् ।

(ख) परिवारलाई किन बालबालिकाको पहिलो पाठशाला भनिएको हो ?

(ग) स्थानीय सङ्घसंस्था भनेर केलाई भनिन्छ ?

(घ) सामाजिक समस्या समाधानमा परिवारको भूमिका बुँदागत रूपमा लेख्नुहोस् ।

(ङ) सामाजिक समस्या समाधानमा सामाजिक सङ्घसंस्थाको भूमिकाको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

'एउटा व्यक्तिले चाह्यो भने गर्न सक्छ ।" यस भनाइलाई तपाईंको समुदायमा सामाजिक सुधारका लागि काम गर्ने कुनै व्यक्तिको उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायमा सामाजिक समस्या समाधानमा योगदान पुऱ्याउने कुनै परिवारको बारेमा खोजी गरी एउटा लेख लेख्नुहोस् ।

सामुदायिक कार्य

सामाजिक समस्या समाधानमा कार्यरत कुनै सङ्घसंस्थाको अवलोकन भ्रमण गर्नुहोस् र ती सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा खेलेको भूमिका टिपोट गरी सिकाइ केन्द्रमा साथीलाई सुनाउनुहोस् ।

पाठ ४ विवाद वा द्वन्द्व

तल दिइएका चित्र अवलोकन गर्नुहोस्, पहिचान गर्नुहोस् र छलफल गर्नुहोस् :

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

माथि दिइएका तस्बिर केसँग सम्बन्धित छन् ? चिन्नुभयो होइन त ? हो यी तस्बिरमा हामी दुई वा दुईभन्दा बढी व्यक्तिका बिचमा विवाद वा भनाभन भइरहेको देख्न सक्छौँ । यस्ता विवाद वा द्वन्द्व हामीले हाम्रै घरपरिवार, समाज वा कार्यस्थलमा जता पनि देखिरहेका हुन्छौँ । यसरी विचारको बेमेल वा बुझाइको भिन्नताका कारणले उत्पन्न हुने तनावको परिस्थितिलाई विवाद भनिन्छ । त्यही विवाद बढ्दै जाँदा त्यसले द्वन्द्वको रूप लिन्छ । द्वन्द्व वा विवाद व्यक्ति व्यक्ति वा समूह समूहको बिचमा हुन सक्छ । यसरी दुई पक्ष समूह वा व्यक्ति बिचमा एकआपसमा हुने असमझदारी वा मतभेद वा मनमुटावको अवस्था नै द्वन्द्व हो । व्यक्ति वा समूहले आफ्नो स्वार्थ र उद्देश्य पूरा गर्ने क्रममा अर्कालाई असजिलो पार्नु र असमझदारीको अवस्था सिर्जना हुनु नै द्वन्द्व हो ।

तपाईंले द्वन्द्व वा विवाद भएको त देख्नुभएको छ नि ? होइन त ? अनि यसरी द्वन्द्व वा विवाद हुनाका कारण के के होलान् त ? भन्न सक्नुहुन्छ त ? एकले अर्काको विचार वा भावनाको कदर गरेन भने उनीहरूका बिचमा बेमेल सिर्जना भई विवाद वा द्वन्द्व हुन सक्छ । कहिलेकाहीँ हाम्रो समाजमा शिक्षा र चेतनाको कमीले असमझदारी भएर पनि विवाद भएको देखिन्छ । जस्तै पढेलेखेको मानिसले बिरामी पर्दा अस्पताल वा स्वास्थ्य चौकीमा औषधी उपचार गराउनुपर्छ भनेर सम्झाउन सक्छ । नपढेको मानिसले त्यसलाई नराम्रो सम्झेर बाबुबाजेको पालादेखि धामी झाँक्रीसँगै उपचार गराएर भयो । अहिले यो जान्ने भएर अर्ती उपदेश दिन्छ भनेर रिसाउन सक्छ । समाजमा हुने छुवाछुत, भेदभाव, अन्याय अत्याचार, विभेद जस्ता व्यवहारका कारणले पनि द्वन्द्व हुन सक्छ । राजनीतिक विचार फरक भएकै कारणले विवाद वा द्वन्द्व भएका घटना पनि हामीले समाजमा सुनिरहेका हुन्छौं । कहिलेकाहीँ एक व्यक्तिले अर्को व्यक्तिसँग कसैको बारेमा नभएका कुरा लगाइदिने वा नभएका कुरा गर्ने गरेका कारणले पनि विवाद वा द्वन्द्व हुन सक्छ । मान्छेमा हुने घमन्ड, लोभ, ईर्ष्या जस्ता कुरा नियन्त्रण गर्न नसकेर पनि सानातिना कुरामा झगडा परिरहेको हुन्छ । कतिपय घरायसी झगडा गरिबी र बेरोजगारीका कारणले आर्थिक अभाव हुन गई भइरहेका हुन्छन् । यसरी विवाद वा द्वन्द्व यही कारणले अथवा यसरी नै हुन्छ भन्नुभन्दा पनि परिस्थितिअनुसार फरक फरक कारणले हुन सक्छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विवाद वा द्वन्द्व भनेको के हो ?

(ख) विवाद वा द्वन्द्व कहाँ कहाँ हुन्छन् ?

(ग) विवाद वा द्वन्द्वका कारणको सूची बनाउनुहोस् ।

तल दिइएको घटना पढ्नुहोस् र छलफल गर्नुहोस् :

विवाद व्यवस्थापन

खेतको आलीमा उभिएर रामबहादुर र दीर्घ सिंहका बिचमा भनाभन भएको गाउँलेले सुने । टाढैबाट केको हल्लाखल्ला हो भनेर गाउँले हेर्न जाँदा त हात हालाहालसम्मको स्थितिमा पुगिसकेका थिए । खेतमा पानी लगाउने निहुँमा पो दुईबिचमा विवाद भएको रहेछ । रामबहादुरले आफ्नो पालामा पानी लगायो भनेर दीर्घ सिंहले रामबहादुरलाई एक्कासि झम्टिन गए । रामबहादुर पनि आजसम्म मेरै पालो हो भोलिदेखि तपाईंको

खेतमा लगाउने पालो हो किन त्यसरी मलाई पिट्न आउनुभएको ? छिमेकमा सँगै बसेर पनि यसरी हामी सानातिना कुरामा विवाद गर्नुहुन्छ त ? हामी त जिउँदाका जन्ती मर्दाका मलामी हौँ भनेर दीर्घ सिंहलाई सम्झाउँदै थिए । त्यत्तिकैमा गाउँलेको भिड लाग्यो । गाउँलेहरूले दुई जनालाई छुट्याए । दीर्घ सिंह रामबहादुरले जति सम्झाए पनि झन् झन् चर्को स्वरले कराउँदै थिए । पहिले त गाउँले जिल्ल पर्दै थिए । पछि कोही रामबहादुरको पक्षमा त कोही दीर्घ सिंहको पक्षमा लागेर बोल्न थाले । दीर्घ सिंह मलाई रामबहादुरले हेप्यो भन्दै चिच्याउँदै थियो । यसरी गाउँ नै दुई समूहमा विभाजित भयो । कसै गरे पनि मिल्न नखोजेपछि गाउँलेले वडा अध्यक्षलाई बोलाए । वडा अध्यक्षले दुई जनालाई सँगै राखेर पालै पालो दुवै जनाको कुरा सुन्नुभयो ।

अनि सम्झाउँदै भन्नुभयो, दीर्घ सिंह रामबहादुरले भोलिदेखि खेतमा पानी लगाउने तपाईंको पालो हो । आजसम्म मेरो पालो हो भन्दाभन्दै तपाईंले किन रामबहादुरलाई पिट्न जानुभएको ? आखिर एकदिन धेरै रामबहादुरको खेतमा पानी लगाए पनि त्यति ठुलो असर त पर्ने थिएन होला त ? एउटै समाजमा बसेपछि कहिलेकाहीँ छिमेकीको गल्ती पनि हुन सक्छ । तर सानातिना कुरामा निहुँ खोजेर सानो कुरालाई ठुलो बनाउनु हुँदैन भन्नुभयो । दीर्घ सिंहलाई रामबहादुरसँग माफी माग्न लगाउनुभयो । दुवै जनाले हात मिलाए । अब देखि एउटै समाजमा बसेर यसरी सानातिना कुरालाई लिएर कहिल्यै झगडा गर्ने छैनौँ । हाम्रो कारणले हजुर सबै जनालाई दुःख भयो क्षमा प्रार्थी छौँ भनेर दीर्घ सिंह र रामबहादुर दुवै जनाले वडा अध्यक्ष र गाउँलेसँग माफी मागे । सबै गाउँले आआफ्नो घरतर्फ लागे ।

माथिको घटनाको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) रामबहादुर र दीर्घ सिंहको बिचमा के कारणले विवाद भयो ?

(ख) रामबहादुर र दीर्घ सिंहको बिचमा भएको विवादको समाधान कसरी भएको छ ?

तल दिइएको अनुच्छेद पढ्नुहोस् र छलफल गर्नुहोस् :

विवाद/द्वन्द्व व्यवस्थापनका तरिका

रीता अत्तालिँदै घरभित्र पसिन् । आमा आमा भन्दै चिच्याउन थालिन् ।

"किन चिच्याएको हँ ?" आमाले भन्नुभयो ।

आमा आज दुई जना साथी झगडा गरेर राम्रोसँग खेल्न पनि पाइएन ।

किन झगडा गरे तिम्रा साथी भनी आमाले सोध्नुभयो ? रीताले भनिन्, "हामी रुमाल लुकाइ खेल खेल्ने तयारी गर्दै थियौँ । म खेल्नका लागि रुमाल लिन भनेर गएको थिएँ । आउँदा त नरेश र मालाले झगडा गरिरहेका रहेछन् । उनीहरू एकआपसमा कुटाकुट गर्दै थिए । म गएर ती दुवैको बिचमा बसेँ र दुवैलाई तानेर छुट्याएँ । एक छिनपछि दुवै जनालाई झगडा गर्नुको कारण सोधेँ । उनीहरूलाई मनमा लागेका कुरा भन्न दिएँ । कुरो ठुलो रहेनछ । रुमाल लुकाई खेल खेल्दा दुवै जनाले पहिला आफूले रुमाल लिएर दौडने भनेका रहेछन् । मैले दुवै जनालाई मान्य हुने गरी चिट्ठा थुल्न दिने निधो गरेँ । त्यसलाई दुवैले मन्जुर गरे र त्यहीअनुसार खेल खेल्यौँ । अबका दिनमा सानोतिनो कुरामा कहिल्यै झगडा नगर्ने भनी दुवैले अठोट गरेर हात मिलाए । यसरी नै झगडा मिलाएर शान्ति कायम गर्ने कोसिस गरेँ ।"

आमाले खुसी हुँदै स्यावास् ! छोरी साह्रै राम्रो काम गरिछ्यौ भन्नुभयो । हो तिमीले आज दुई साथीबिचको द्वन्द्व समाधान गऱ्यौ नि । यसलाई तेस्रो पक्ष (मध्यस्तकर्ता) को सहयोगमा द्वन्द्व व्यवस्थापन भनिन्छ । द्वन्द्व व्यवस्थापनका विभिन्न तरिकामध्ये यो सबैभन्दा उत्तम तरिका हो । यसका लागि सबैभन्दा पहिले दुवै पक्षलाई उपयुक्त हुने व्यक्तिलाई मध्यस्तकर्ताका रूपमा छनोट गर्नुपर्छ । त्यसपछि तिमीले जस्तै गरी मध्यस्तकर्ताले दुवै पक्षका कुरा समान रूपले सुन्नुपर्छ । द्वन्द्व उत्पन्न हुनाका कारण पत्ता लगाउनुपर्छ । आवश्यक परेमा दुवै पक्षका बिचमा वार्ता/छलफल गराउनुपर्छ । दुवै पक्षलाई आफ्नो गल्ती कमी कमजोरी स्विकार्न लगाई सम्झौता गराउनुपर्छ र अन्त्यमा मध्यस्तकर्ताबाट सहमति गराउनुपर्छ ।

रीताले खुसी हुँदै भनिन्,"ओहो ! आमा मैले त हजुरले भने जस्तै गरेर पो साथीबिचको विवाद समाधान गरेछु त है ?"

आमाले द्वन्द्व व्यवस्थापनको अर्को तरिका दोहोरो सञ्चारका बारेमा पनि बताउनुभयो ।

द्वन्द्वमा संलग्न पक्षबाट नै समस्याको समाधान वा दोहोरो सञ्चारबाट विवाद वा द्वन्द्व समाधानका लागि द्वन्द्वमा संलग्न दुवै पक्षले वातावरण तयार गर्नुपर्छ । त्यसपछि द्वन्द्वमा संलग्न दुवै पक्षले एकआपसमा छलफल अथवा दोहोरो सञ्चार गर्नुपर्छ । दुवै पक्षले रिस, तनाव, लोभ, ईर्ष्या आदि नियन्त्रण गर्नुपर्छ । एकआपसमा मेलमिलाप कायम गर्नुपर्छ । सकारात्मक सोच राख्नुपर्छ र दुवै पक्षले आफ्नो गल्ती कमीकमजोरीलाई स्वीकार गरेर अब फेरि यस्ता गल्ती गर्ने छैनौँ भनेर अगाडि बढ्नुपर्छ भनी आमाले बताउनुभयो ।

रीताले आमासँग द्वन्द्व व्यवस्थापनका तरिका यी दुईओटा मात्र हुन् कि अरू पनि छन् भनी सोधेको प्रश्नको जवाफ दिँदै आमाले द्वन्द्व व्यवस्थापनको अर्को उपाय समभावबारे पनि बताउनुभयो । तिमीले अघि दुई साथीलाई भेदभाव नगरीकन दुवैप्रति समान भावना राख्यौ नि । त्यो पनि समभावको एउटा उदाहरण हो । यदि दुई पक्षका बिचमा द्वन्द्व भएको ठाउँमा पुग्यौँ भने हामीले पक्ष विपक्ष नभनी वास्तविक कुराको आधारमा द्वन्द्व व्यवस्थापन गर्ने प्रयत्न गर्नु समभाव हो । आमाले उदाहरणसहित प्रस्ट पार्नुभयो ।

माथिको अनुच्छदको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) द्वन्द्व व्यवस्थापन भनेको के हो ?

(ख) द्वन्द्व व्यवस्थापनका तरिका के के हुन् ? प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) तपाईँलाई द्वन्द्व व्यवस्थापनका विभिन्न तरिकामध्ये सबैभन्दा उपयुक्त लागेको तरिका कुन हो ? किन ?

(घ) समभाव भनेको के हो ? विवाद समाधानमा समभावको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) विवाद समाधानमा दोहोरो सञ्चारको भूमिका के हुन्छ ? लेख्नुहोस् ।

क्रियाकलाप १

द्वन्द्व व्यवस्थापनसम्बन्धी कथा, कविता, लेख, रचना, समाचार आदिको खोजी गरी सिकाइ केन्द्रमा सूचना पाटीमा टाँस्नुहोस् ।

क्रियाकलाप २

यदि तपाईँको दुई जना साथीका बिचमा विवाद वा द्वन्द्व भयो भने तपाईँले कसरी द्वन्द्व व्यवस्थापन गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) कुनै पनि विषयमा गहिरो अध्ययन नगरी नबुझी विश्वास गर्नुलाई .....भनिन्छ । (सामाजिक समस्या, अन्धविश्वास)

(ख) सामाजिक समस्या समाधानका लागि .....कार्यक्रम सञ्चालन गर्नुपर्छ । (जनचेतनामूलक, सामाजिक)

(ग) बोक्सी प्रथामाथि विश्वास गर्नु भनेको .....का कारणले हो । (अन्धविश्वास, साँच्चीकै बोक्सी भएर)

(घ) बालबालिकालाई बालअधिकारबाट वञ्चित गरेर बालश्रम शोषण गर्नु .....अपराध हो । (कानुनी, सामाजिक)

(ङ) .....हाम्रा सांस्कृतिक परम्परा, मूल्यमान्यता र संस्कारका सिर्जनाकार हुन् । (महिला, ज्येष्ठ नागरिक)

(च) हरेक व्यक्तिले सामाजिक समस्या समाधान गर्ने कार्यको सुरुआत .....बाट गर्नुपर्छ । (आफैँ, परिवार)

(छ) विचारको बेमेल वा बुझाइको भिन्नताका कारणले उत्पन्न हुने तनावको परिस्थितिलाई .....भनिन्छ । (विवाद, मनमुटाव)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सामाजिक समस्या तथा विकृति भनेको के हो ?

(ख) समाजमा सामाजिक समस्या उत्पन्न हुनाका कुनै तीन कारण लेख्नुहोस् ।

(ग) सामाजिक समस्या समाधानमा तपाईंले निर्वाह गर्न सक्ने कुनै पाँच भूमिका लेख्नुहोस् ।

(घ) तपाईंको कुनै दुई साथीको बिचमा द्वन्द्व वा विवाद भएमा तपाईंले द्वन्द्व व्यवस्थापनका लागि के गर्नुहुन्छ ?

(ङ) तपाईंको घरपरिवार वा आफन्तमा पक्कै पनि ज्येष्ठ नागरिक हुनुहुन्छ होला ? तपाईंले उहाँलाई कस्तो व्यवहार गर्ने गर्नुभएको छ ?

(छ) बोक्सी प्रथाप्रति विश्वास गर्ने तपाईंको आफन्तलाई कसरी सम्झाउनुहुन्छ ?

(ज) बालश्रम शोषण कस्ता कामका लागि गरिने गरेका छन् ?

एकाइ ५ : हाम्रो विगत

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन :

- नेपाल एकीकरणमा नेपाली जनताको सहभागिता उल्लेख गर्न
- नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धिको परिचय दिन र सुगौली सन्धिका परिणाम बताउन
- राणाकालीन राजनीतिक अवस्था र सामाजिक तथा आर्थिक सुधारको वोध प्रस्तुत गर्न
- वि.सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र सामाजिक तथा आर्थिक उपलब्धि बताउन

पाठ १

नेपाल एकीकरणमा नेपाली जनताको सहभागिता

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

सम्पर्क कक्षाको दिनमा सहजकर्ताले सिकारुलाई पुस्तकालय लैजानुभयो । सिकारुलाई तीन समूहमा विभाजन गर्नुभयो र तीनओटै समूहलाई एक एकओटा इतिहासको पुस्तक दिनुभयो । पहिलो समूहलाई नेपाल एकीकरणको सम्बन्धमा, दोस्रो समूहलाई नेपाल एकीकरणमा जनसहभागिता (बिसे नगर्चीको योगदान) र तेस्रो समूहलाई नेपाल एकीकरणमा जनसहभागिता (कुलानन्द ढकालको योगदान) सम्बन्धमा अध्ययन गरी टिपोट गर्ने र कक्षामा पालै पालो प्रस्तुतीकरण गर्ने भनी सामूहिक कार्य दिनुभयो । सिकारुको सामूहिक प्रस्तुति निम्नअनुसार रहेको छ ।

पहिलो समूहको प्रस्तुति

हाम्रो समूहको तर्फबाट सम्पूर्णमा नमस्कार ।

मैले यहाँ नेपालको एकीकरणको सम्बन्धमा हाम्रो समूहले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्न गइरहेको छु । एकीकरण हुनुभन्दा अगाडि नेपाल विभिन्न ससाना राज्यमा विभाजित थियो । ससाना राज्यमा छरिएर रहेका बाइसी, चौबिसी र काठमाडौँ उपत्यकालगायत अन्य टुक्रे राज्यलाई एकीकरण गरी गोरखाका राजा पृथ्वीनारायण शाहले सिङ्गो नेपाल बनाएका थिए । त्यसैले उनलाई राष्ट्रनिर्माता भनिएको हो । यसरी वि.सं. १८२५ भन्दाअघि ससाना टुक्रामा विभाजित राज्यलाई

सिङ्गो नेपाल बनाउन गरिएको कार्यलाई नेपाल एकीकरण भनिन्छ । पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पुस २७ गते राजा नरभूपाल शाहका छोराको रूपमा भएको थियो ।

पृथ्वीनारायण शाह २० वर्षको कलिलो उमेरमा नै गोरखाका राजा भएका थिए । पृथ्वीनारायण शाह काठमाडौँ उपत्यका विजय गरी नेपालको एकीकरण गर्न चाहन्थे । त्यसैले नुवाकोट काठमाडौँ उपत्यकाको पश्चिमी द्वार भएकाले पहिलो पटक वि.सं. १८०० मा नुवाकोटमाथि आक्रमण गरे । यस आक्रमणमा गोखाली फौजको हार भयो । त्यसपछि दोस्रो पटक पुनः हार हुनाका कारणको समीक्षा गरेर पूर्ण तयारीका साथ वि.सं. १८०१ मा नुवाकोटमाथि आक्रमण गरे र विजय पनि प्राप्त गरे ।

वि.सं. १८१९ मा मकवानपुरमाथि आक्रमण गरी विजय प्राप्त गरे । त्यसपछि कीर्तिपुरमाथि वि.सं. १८१४, वि.सं. १८२१ र वि.सं १८२२ गरी तीनपटकसम्म आक्रमण गरे । तेस्रो प्रयासबाट मात्र कीर्तिपुरमाथि विजय प्राप्त गर्न सफल भए ।

कीर्तिपुर एकीकरणपछि वि.सं. १८२५ असोज १३ गते कान्तिपुर, वि.सं. १८२५ असोज २४ गते पाटन र वि.सं. १८२६ मङ्सिर १ गते भक्तपुर एकीकरण गरी एकीकरण अभियानलाई अघि बढाए । वि.सं. १८३० साउन ४ गते चौदन्डी र वि.सं. १८३१ साउन ५ गते विजयपुरलाई पनि नेपालको सिमानामा गाभ्न सफल भए ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानमा सफल हुनाको मुख्य कारण नै दूरदर्शी स्वभाव, जनभावनाको कदर गर्ने र जनताको पूर्ण सहयोगले नै हो भन्ने हाम्रो समूहको निष्कर्ष रहेको छ ।

दोस्रो समूहको प्रस्तुति

हाम्रो समूहको तर्फबाट सम्पूर्णमा नमस्कार !

मैले यहाँ नेपाल एकीकरणमा जनसहभागिता (बिसे नगर्चीको योगदान) समेतको सम्बन्धमा हाम्रो समूहले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्न गइरहेको छु । हामीलाई इतिहासको पुस्तक अध्ययन क्रममा साँच्ची नै पृथ्वीनारायण शाह जनभावनाको कदर गर्ने र जनहितका पक्षमा काम गर्ने राजा थिए भन्ने महसुस भयो । जस्तै म एउटा उदाहरण बताउँछु । पृथ्वीनारायण शाह विराज बखतीलाई काजी पद दिन चाहन्थे । जनताले कालु पाण्डेलाई काजी बनाउन चाहेको बुझ्केपछि कालु पाण्डेलाई नै काजी बनाएका थिए । कालु पाण्डेले पृथ्वीनारायण शाह र लमजुङका राजाको सम्बन्ध प्रगाढ बनाउन मदत गरेका थिए । पछि कालु पाण्डेको मृत्यु कीर्तिपुरको पहिलो आक्रमणमा भयो ।

बिसे नगर्ची पृथ्वीनारायण शाहका अत्यन्त विश्वासिला सल्लाहकार थिए। पेसाले बिसे नगर्ची सिलाइ, बुनाइ, कटाइ गर्थे भने कटवाल कराउने काम पनि गर्थे । एकीकरण अभियानको समयमा गोर्खाली फौजसँग नगरा बजाउँदै हिँड्ने काम पनि गर्थे । गोर्खाली फौजले नुवाकोट माथिको पहिलो आक्रमणमा हार खाएपछि बिसे नगर्चीले पृथ्वीनारायण शाहलाई आर्थिक सङ्कटको समस्या समाधानका लागि गोरखाका १२ हजार घरधुरीबाट नगद जिन्सी जम्मा गर्ने सल्लाह दिएका थिए । बिसे नगर्चीकै सल्लाहबमोजिम गोर्खाली जनतासँग आर्थिक सहयोग सङ्कलन गरी हातहतियार किनेर ल्याइएको थियो र सैनिकलाई तालिम दिनका लागि दुई जना कालिगढसमेत झिकाइएको थियो । त्यसपछि नै गोर्खाली फौजले नुवाकोटमाथि विजय प्राप्त गर्न सफल भएको थियो ।

तेस्रो समूहको प्रस्तुति

हाम्रो समूहको तर्फबाट सम्पूर्णमा नमस्कार !

मैले यहाँ नेपाल एकीकरणमा जनसहभागिता (कुलानन्द ढकालको योगदान) समेतको सम्बन्धमा हाम्रो समूहले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्न गइरहेको छु । हाम्रो समूहलाई पनि पृथ्वीनारायण शाह जनहितका लागि काम गर्ने राजा थिए भन्ने लाग्यो । पृथ्वीनारायण शाहको यही बानीकै कारणले होला पृथ्वीनारायण शाहले जुन ठाउँमा विजय प्राप्त गर्नुभयो । त्यही ठाउँका जनताले साथ र सहयोग गरेको हामीले अनुभव गर्‍यौँ । जस्तै कीर्तिपुरमा जयप्रकाश मल्लका सेनाले पृथ्वीनारायण शाहलाई काट्न हतियार उठाउँदा राजा काट्न हुँदैन भनी रोक्ने व्यक्ति कीर्तिपुरका जनता थिए । त्यसपछि रातारात पृथ्वीनारायण शाहलाई नुवाकोट पुर्‍याउने पनि सर्वसाधारण नागरिक नै रहेछन् । कुलानन्दको सहयोगले पनि यस कुरालाई पुष्टि गर्छ । कुलानन्द ढकाल पृथ्वीनारायण शाहका राजनीतिक ज्योतिषी थिए । कुलानन्द ढकालले निकालेको ज्योतिषी साहितअनुसार आक्रमण गर्दा गोर्खाली फौजले सजिलै नुवाकोट विजय गरेका थिए भने कुलानन्द ढकालले अहिले कीर्तिपुरमाथि आक्रमण गर्न राम्रो समय छैन भनेका थिए त्यो नमानीकन कीर्तिपुरमा पहिलो आक्रमण गर्दा गोर्खाली फौजले हार खानुपर्‍यो र कालु पाण्डे पनि मारिए । त्यस्तै अरू पनि उदाहरण छन् । कीर्तिपुर आक्रमण गर्न दहचोकका जनताले पृथ्वीनारायण शाहलाई स्वागत गरेका थिए । पाटन विजय गर्ने समयमा पनि सर्वसाधारण नागरिक श्रीहर्ष पन्त दूत बनी आएका थिए भनी इतिहासको पुस्तकबाट हामीले जानकारी पायौँ ।

तीनओटै समूहको प्रस्तुतिपछि सहजकर्ताले इतिहासको पुस्तक अध्ययनबाट यति धेरै जानकारी पत्ता लगाएकामा धन्यवाद भन्नुभयो । हो तपाईंले पत्ता लगाएजस्तै पृथ्वीनारायण शाह कुशल र जनभावनाको कदर गर्ने राजा थिए । उनले कुनै राज्यसँग मैत्री सम्बन्ध गाँस्नुभन्दा अगाडि वा कुनै राज्यमा आक्रमण गर्नुभन्दा अगाडि त्यहाँ भारदार तथा जनता कति खुसी छन् भनेर जानकारी लिन्थे । राजा र राज्य प्रजाको हो प्रजाबिना राज्य सञ्चालन हुन सक्दैन भन्ने उनको सोच थियो । त्यसैले हरेक काम प्रजाको सल्लाह र सुझावअनुसार गरेमा सफल भइन्छ भन्ने उनले राम्रोसँग बुझेका थिए ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पृथ्वीनारायण शाह को थिए ?

(ख) पृथ्वीनारायण शाहले कहिले र कहाँबाट नेपाल एकीकरण अभियानको सुरुआत गरेका थिए ?

(ग) बिसे नगर्ची को थिए ? बिसे नगर्चीले पृथ्वीनारायण शाहलाई कसरी सहयोग पुऱ्याएका थिए ?

(घ) नेपाल एकीकरण अभियानमा कुलानन्द ढकालले के सहयोग गरेका थिए ?

क्रियाकलाप १

नेपाल एकीकरणका घटना र मितिलाई तलको तालिकामा देखाउनुहोस् :

नेपाल एकीकरणका घटना	घटना भएको मिति
नुवाकोट विजय	वि.सं. १८०१
मकवानपुर विजय	
कीर्तिपुर विजय	
कान्तिपुर विजय	
पाटन विजय	
भक्तपुर विजय	

क्रियाकलाप २

नेपाल एकीकरणमा सहयोग गर्ने व्यक्तिको नाम र योगदान तलको तालिकामा लेख्नुहोस् :

नेपाल एकीकरणमा सहयोग गर्ने व्यक्तिको नाम	पुऱ्याएको योगदान

क्रियाकलाप ३

तपाईंको समुदायमा विकासमा योगदान पुऱ्याउने कुनै व्यक्ति हुनुहुन्छ होला । खोजी गरी उहाँले पुऱ्याउनुभएको योगदानलाई समेटेर एक अनुच्छेद लेख्नुहोस् ।

पाठ २

नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाहको योगदान

तल दिइएको प्रतिवेदनको नमुना पढ्नुहोस् र छलफल गर्नुहोस् :

अनौपचारिक तथा वैकल्पिक शिक्षा तेस्रो तहको पहिलो वर्षमा अध्ययन गर्ने सिकारुलाई सहजकर्ताले नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाहको योगदान सम्बन्धमा समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी तल दिइएको शीर्षकमा केन्द्रित रही प्रतिवेदन तयार गर्न दिनुभएको थियो ।

(क) अध्ययनको शीर्षक :

(ख) अध्ययनको उद्देश्य

(ग) अध्ययन विधि

(घ) पत्ता लगाइएका तथ्य

(ङ) निष्कर्ष वा सुझाव

सिकारूले तयार गरेको प्रतिवेदनको नमुना यसप्रकार रहेको छ :

(क) अध्ययनको शीर्षक

नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाहको योगदान

(ख) अध्ययनको उद्देश्य

(अ) नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मीले पुऱ्याएको योगदानको सोधखोज गर्नु

(आ) नेपाल एकीकरणमा बहादुर शाहले पुऱ्याएको योगदानको सोधखोज गर्नु

(ग) अध्ययन विधि

(अ) स्थानीय जानकार व्यक्तिसँगको अन्तर्वार्ता

(आ) नेपालको इतिहासको पुस्तक अध्ययन

(घ) पत्ता लगाइएका तथ्य

पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा प्रतापसिंह शाहको निधन भयो । प्रतापसिंह शाहको पनि अल्पायुमै निधन भएकाले उनको साँढे दुई वर्षका छोरा रणबहादुर शाह नेपालको राजा भए । प्रतापसिंह शाह नाबालक भएकाले राजेन्द्रलक्ष्मीदेवी शाहले नायबी शासन सञ्चालन गरिन् । राजेन्द्रलक्ष्मी पृथ्वीनारायण शाहकी बुहारी थिइन् । राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाह मिलेर केही समयसँगै शासन सञ्चालन गरे तापनि पछि विभिन्न दरबारिया षड्यन्त्रका कारणले बहादुर शाह र राजेन्द्रलक्ष्मीको बिचमा मनमुटाव सुरु हुन थाल्यो र बहादुर शाह भारतको बेतिया गएर बसे । त्यसपछि राजेन्द्रलक्ष्मीले एक्लै नायबी शासन सञ्चालन गरिन् । राजेन्द्रलक्ष्मीको नौ वर्षको नायबी शासन कालमा पश्चिमी भागलाई नेपालको सिमानामा गाभ्न सफल भइन् । लमजुङ, तनहुँ, कास्की, रिसिङ, भिरकोट आदि ठाउँ नेपालको सिमानामा गाभिएको थियो । त्यस्तै पृथ्वीनारायण शाहले गरेको सैनिक शक्तिलाई निरन्तरता दिने काम पनि गरेकी थिइन् । त्यति बेलाको परम्परागत समाजमा एउटा नारी भएर उनले गरेको योगदानलाई महत्त्वपूर्ण मानिन्छ । राजेन्द्रलक्ष्मीको बहादुरी र साहसीपन देखेर अङ्ग्रेजी इतिहासकार कर्क प्याट्रिकले उनलाई असाधारण व्यक्तित्व भएकी नारीको संज्ञा दिएका थिए भनेर इतिहासकारले लेखेको पाइन्छ ।

राजेन्द्र लक्ष्मी देवी शाह

राजेन्द्रलक्ष्मीको मृत्युपछि एकीकरण अभियानलाई निरन्तरता दिने काम बहादुर शाहले गरे । बहादुर शाह पृथ्वीनारायण शाहका कान्छा छोरा थिए । बहादुर शाह योग्य पिताका योग्य सुपुत्र थिए भनेजस्तै वीर र दूरदर्शी थिए । बहादुर शाहको नायबी शासन कालमा गुल्मी, अर्घाखाँची, धुर्कोट, पर्वत, अछाम, डोटी, प्युठान, दाङ, रोल्पा, जाजरकोट आदि राज्य नेपालको सिमानामा गाभिएको थियो । बहादुर शाहले पाल्पासँग वैवाहिक सम्बन्ध कायम गरेर पश्चिम नेपालको विजय अभियानलाई सरल बनाएका थिए । यसरी बहादुरशाहको नायबी शासनकालमा नेपालको सिमाना पश्चिममा कुमाउँ र गढवालसम्म पुगेको थियो । बहादुर शाह पनि पृथ्वीनारायण शाह जस्तै कुनै पनि ठाउँमा आक्रमण गर्नुभन्दा पहिले त्यहाँको वस्तुस्थिति हेर्थे । शत्रुको सैन्य क्षमता र आक्रमण गर्न लागेको ठाउँको भौगोलिक अवस्थाको राम्रो अध्ययन गरेर मात्र अघि बढ्थे । यसरी शत्रुलाई हातमा लिएर कसरी तटस्थ राख्ने

र कसरी सम्बन्ध विस्तार गर्ने भन्ने कुराको उनीमा राम्रो ज्ञान थियो । यिनै गुणका कारणले नै बाबुको नेपाल एकीकरण गर्ने अधुरो सपना पूरा गर्न सफल भए ।

(ङ) निष्कर्ष/सुझाव

बहादुर शाह

पृथ्वीनारायण शाहले ससाना टुक्रे राज्यमा विभाजित अवस्थालाई एकीकरण गरी सिङ्गो नेपाल बनाउने चाहनाअनुसार एकीकरण अभियानको सुरुआत गरे । उनको सम्पूर्ण जीवन युद्धमा नै बित्यो । उनले सोचेका ठाउँ नेपालको सिमानामा गाभ्न नपाउँदै ५२ वर्षको उमेरमा उनको मृत्यु भयो । उनको नेपाल एकीकरण गर्ने अधुरो सपनालाई पूरा गर्ने काम उनका उत्तराधिकारी राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाहले गरे । नेपाल एकीकरण अभियानमा जसरी राष्ट्रनिर्माताको रूपमा पृथ्वीनारायण शाहलाई चिनिन्छ । त्यत्तिकै रूपमा राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाहको पनि नाम आउने गर्छ । यसरी नेपाल एकीकरणको जगमा बाँकी इँट थपेर सिङ्गो नेपाल बनाउनमा राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाह दुवैको योगदान छ भन्न सकिन्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बहादुर शाह को थिए ?

(ख) राजेन्द्रलक्ष्मीदेवी शाह को थिइन् ?

(ग) नायबी शासन भनेको के हो ?

(घ) राजेन्द्रलक्ष्मीदेवी शाहले कति वर्ष नायबी शासन सञ्चालन गरिन् ?

(ङ) बहादुर शाह किन भारतको बेतिया गएर बसे ?

क्रियाकलाप १

राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाहको नायबी शासन कालमा नेपालको सिमानामा गाभिएका ठाउँलाई तालिकामा देखाउनुहोस् :

राजेन्द्रलक्ष्मीदेवी शाहको नायबी शासन कालमा नेपालको सिमानामा गाभिएका ठाउँ	बहादुर शाहको नायबी शासन कालमा नेपालको सिमानामा गाभिएका ठाउँ

क्रियाकलाप २

एकीकरण अभियानमा राजेन्द्रलक्ष्मीदेवी शाह र बहादुर शाहले योगदान नपुऱ्याएको भए नेपालको अवस्था के हुन्थ्यो होला ? समुदायमा जानकार व्यक्तिसँग सोधी लेख्नुहोस् ।

पाठ ३ नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धि

तल दिइएको संवाद पढ्नुहोस् र छलफल गर्नुहोस् :

रमाइलो महिला विद्यालयमा आज एक जना इतिहासविद् आउनुभएको थियो । उहाँले आफ्नो घर नजिकै सिकाइ केन्द्र देखेर सिकारुलाई नेपालको इतिहास सम्बन्धमा कक्षा लिन्छु भनेर आउनुभएको रहेछ । इतिहासविद् र सिकारुबिचमा भएको कुराकानी यसप्रकार प्रस्तुत गरिएको छ ।

सिकारु : नमस्कार ! सर ।

इतिहासविद् : नमस्कार ! आज म तपाईंलाई नेपालको इतिहास सम्बन्धमा आफूले जानेका विषयवस्तु सिकाउन आएको हुँ ।

सिकारु : सर, नेपाल अङ्ग्रेज युद्धको सम्बन्धमा छलफल गरौँ न हुँदैन ?

इतिहासविद् : हुन्छ, त्यसो भए नेपाल अङ्ग्रेज युद्ध, सुगौली सन्धि र सुगौली सन्धिपछिको राजनीतिक अवस्थाको बारेमा छलफल गरौँला नि त ।

सिकारु : हुन्छ सर । किन यो युद्धलाई नेपाल अङ्ग्रेज युद्ध भनिएको हो ?

इतिहासविद् : त्यो युद्ध भएको समयमा भारतमा बेलायतीले इस्ट इन्डिया कम्पनीको नाममा व्यापार गर्थे । तिनै इस्ट इन्डिया कम्पनी र नेपालको बिचमा भएको युद्धलाई नेपाल अङ्ग्रेज युद्ध भनिएको हो । यो युद्धको सुरुआत १८१४ नोभेम्बरमा सुरु भएर मार्च १८१६ मा सुगौली सन्धिपछि अन्त्य भएको हो ।

प्रतिभा : सर, नेपाल र अङ्ग्रेजको बिचमा युद्ध चाहिँ किन भएको हो नि ?

इतिहासविद् : नेपाल अङ्ग्रेज युद्ध हुनाका धेरै कारण छन् । पहिलो त भारतमा व्यापार गर्न आएका अङ्ग्रेजले आफ्नो व्यापार विस्तार गरेर नेपाल हुँदै मध्य एसियासम्म फैलाउन चाहान्थे । दोस्रो उनीहरू बेलायतमा चिसो हावापानीमा बसेका थिए । भारतमा अत्याधिक गर्मी भएकाले उनीहरू नेपालमा आएर बस्न चाहन्थे । तेस्रो चाहिँ भारतमा इस्ट इन्डिया कम्पनीले शासन गरिरहेका बेला नेपाल एकीकरणको सुरुआत गोरखाका राजा पृथ्वीनारायण शाहले गरिरहेका थिए । यो नेपालको सिमा विस्तार अङ्ग्रेजका लागि खतरा

थियो । यस्तै कारण हुँदाहुँदै बुटवल र स्युराजको भूभागको विवाद नेपाल र अङ्ग्रेज युद्धको तत्कालिन कारण बन्न पुग्यो ।

लीला : सर नेपालको तर्फबाट को को लडेका थिए नि अङ्ग्रेजसँग ?

इतिहासविद् : नेपाल अङ्ग्रेज युद्धमा वीरताका साथ लडेर नेपाललाई जोगाउने वीर सपुत थुप्रै छन् । नालापानी युद्धमा बलभद्र कुँवर, मलाउँ किल्लामा अमरसिंह थापा, देउथलको युद्धमा भक्ति थापा, जैथक युद्धमा रणवीर सिंह थापा, जितगढी युद्धमा उजीर सिंह थापालगायतले वीरताका साथ लडेका थिए । कतै हार्ने कतै जित्ने भए तापनि हाम्रा वीर सपुतले अङ्ग्रेजसँग नझुकी, लोभ लालचमा नपरी आत्मस्वाभिमानका साथ योगदान पुऱ्याएका थिए ।

हिरामाया : सर, नेपाल र अङ्ग्रेजबिचको युद्धको अन्त्य चाहिँ कसरी भयो नि ?

इतिहासविद् : नेपाल र अङ्ग्रेजबिचको युद्धको अन्त्य सुगौली सन्धिबाट भएको थियो । सुगौली भन्ने ठाउँको नाम हो । सुगौली हाल भारतको मोतियारी जिल्लाको बिहारमा पर्छ । सुगौली भन्ने ठाउँमा नेपाल र अङ्ग्रेजको तर्फबाट आआफ्नो प्रतिनिधि बसेर वार्ता गरी युद्ध अन्त्यको सम्झौता पत्रमा हस्ताक्षर गरेर युद्धको अन्त्य भएकाले सुगौली सन्धि भनिएको हो । नेपालको तर्फबाट राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेका थिए भने अङ्ग्रेजको तर्फबाट लेफ्टिनेन्ट कर्नेल प्यरिस ब्राड्साले हस्ताक्षर गरेका थिए ।

हर्कमति : सर सुगौली सन्धिमा के के कुरामा सम्झौता भएको थियो नि ?

इतिहासविद् : सुगौली सन्धिमा जम्मा नौ धारा थिए । म तपाईंलाई मुख्य मुख्य बुँदा सुनाउँछु है त ? सुगौली सन्धिअनुसार नेपालले एकतिहाइ भूभाग गुमाउनुपऱ्यो । नेपालको सिमाना पूर्व मेचीदेखि पश्चिम महाकालीबिचको भूभागमा कायम रह्यो । म तपाईंलाई अहिले पछि सुगौली सन्धि हनुभन्दा अगाडिको नेपालको नक्सा देखाउँछु है ? सुगौली सन्धिपछि बेलायत र नेपालका राजदूत एक अर्काको देशमा रहन पाउने व्यवस्था भयो । भारतमा गोर्खा सैनिकको रूपमा नेपालीलाई भर्ती गर्ने काम सुरु भयो । नेपाल र इस्ट

इन्डिया कम्पनीबिच मैत्री र शान्तिपूर्ण सम्बन्ध कायम भयो । त्यस्तै इस्ट इन्डिया कम्पनीले दाबी गरेको तराईको भूभाग कम्पनी सरकारको हुने जस्ता सम्झौता भए ।

प्रतिभा : सर हेर्रौं न ? सुगौली सन्धि हुनुभन्दा अघिको नक्सा ।

इतिहासविद् : ए ल ल हुन्छ । यहाँ मेरो ल्यापटपमा छ । ल हेर्नुहोस् त यो सुगौली सन्धि हुनुभन्दा अघिको नक्सा हो ।

हर्कमति : ए ...यो नक्सा मैले पहिले पनि कतै देखेको थिएँ । हेर पहिला त यति ठुलो रहेछ नि हाम्रो नेपाल । त्यति धेरै भूभाग पो गुमाउनुपरेको रहेछ त । यो सुगौली सन्धि त नेपालका लागि त राम्रो भएनछ है सर ?

इतिहासविद् : हो नि सुगौली सन्धिपछि नेपालको राजनीतिक अवस्था पनि बिग्रिएकै देखिन्छ ।

हिरामाया : सुगौली सन्धिपछिको राजनीतिक अवस्थामा के परिवर्तन आएको थियो सर ?

इतिहासकार : नेपालले एकतिहाइ भूभाग गुमाउनुपर्दा नेपालीमा निराशा बढ्न थालेको थियो । सुगौली सन्धिपछि नेपालको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप सुरु भयो । दरबारमा भारदारको बिचमा गुटबन्दी हुने र झगडा हुने क्रम बढ्न थाल्यो । प्रधानमन्त्री परिवर्तन भइरहने स्थिति भयो । भीमसेन थापाले सेनाका हातहतियार बन्दोबस्तीतिर ध्यान दिन थाले । भीमसेन थापाको यो काम पनि कतिलाई मन परेको थिएन । ब्रिटिस सरकारको अनुमतिबिना नेपालले कुनै पनि युरोपियन तथा अमेरिकनलाई सेवामा राख्न नपाउने अवस्था पनि आएको थियो ।

प्रतिभा : हजुरलाई हामी सबैको तर्फबाट धेरै धेरै धन्यवाद सर । हामी त घरमै बसेर पढ्छौं । सधैं सिकाइ केन्द्र आउन पनि भ्याउँदैनौं । यही सम्पर्क कक्षाको समयमा चाहिं जसरी पनि मिलाएर आउँछौं । आज त हजुर आउनुभएको बेला परेछ साह्रै राम्रोसँग सिक्ने अवसर पाइयो । फेरि फेरि पनि आउनुहोस् है ?

इतिहासविद् : आइहाल्छु नि । आफूले जानेको ज्ञान बाँड्नु नै आफ्नो धर्म सम्झन्छु मैले ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाल अङ्ग्रेज युद्ध भनेर कुन युद्धलाई भनिन्छ ?

(ख) नेपाल अङ्ग्रेज युद्ध कहिलेबाट सुरु भएर कहिलेसम्म भएको थियो ?

(ग) नेपाल अङ्ग्रेज युद्ध हुनाका कारण के के हुन् ?

(घ) सुगौली सन्धि भनेको के हो ?

(ङ) सुगौली सन्धिमा भएका मुख्य मुख्य सम्झौता लेख्नुहोस् ।

(च) सुगौली सन्धिका कुनै तीन परिणाम लेख्नुहोस् ।

क्रियाकलाप १

सुगौली सन्धिले नेपालमा पारेका सकारात्मक र नकारात्मक प्रभाव तलको तालिकामा लेख्नुहोस् :

सुगौली सन्धिले नेपालमा पारेका सकारात्मक प्रभाव	सुगौली सन्धिले नेपालमा पारेका नकारात्मक प्रभाव

क्रियाकलाप २

नेपाल अङ्ग्रेज युद्धमा योगदान गर्ने वीर सपुतको नाम र सम्हालेको किल्ला खोजी गरी तालिकामा लेख्नुहोस् :

नेपाल अङ्ग्रेज युद्धमा योगदान गर्ने वीर सपुतको नाम	सम्हालेको किल्ला
बलभद्र कुँवर	नालापानीको किल्ला

पाठ ४ राणा शासन : राजनीतिक, सामाजिक र आर्थिक अवस्था

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

निरु राणा शासनको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाको सम्बन्धमा पढिरहेकी थिइन् । "होइन कति जाँगर लगाएर पढ्नुभएको निरु बहिनी ?" नजिकै सामुदायिक विद्यालयकी शिक्षक कमला आइपुग्नुभयो ।

"के गर्ने म्याम बेलामा पढिएन अहिले आएर छोराछोरी पढाउने बेलामा आमा पनि सँगसँगै पढ्दै छु ।" निरुले भन्नुभयो ।

"अनि के भयो त ? पढ्नका लागि पनि उमेरले छेक्छ र ? धेरै राम्रो गर्नुभयो । तपाईं सिकाइ केन्द्रमा भर्ना भएको सुन्दा साह्रै खुसी लाग्यो । के पढ्दै हुनुहुन्थ्यो कुन्नि म आएर त्यसै अल्मलाइदिएँ ।" कमला मेडमले भन्नुभयो ।

"हजुर ठिक समयमा आउनुभएको छ मेडम । बरू हजुरलाई फुर्सद छ भने एकछिन मलाई राणा शासनको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाको बारेमा सिकाइदनुहोस् न ?" निरुले अनुरोध गर्नुभयो ।

"भइहाल्छ नि बहिनी, तपाईंका लागि एकछिन समय निकाल्छु नि ? आफूले जानेको कुरा म सिकाइहाल्छु नि ।" कमला मेडमले भन्नुभयो ।

"नेपालमा राणा शासनको उदय वि.सं. १९०३ मा जङ्गबहादुर राणा नेपालका प्रधानमन्त्री भएपछि भएको हो । १०४ वर्षसम्म राणाले नेपालमा शासन गरेका थिए । राणा शासनलाई इतिहासकारले पारिवारिक शासन भनेर पनि नामाकरण गरेको पाइन्छ किनभने उनीहरूले राणा परिवारको सदस्यलाई मात्र प्रधानमन्त्री वा प्रधानसेनापती बनाउँथे । त्यसैले राणा शासनलाई जहाँनिया शासन वा एकतन्त्रीय शासन पनि भन्ने गरेको पाइन्छ । राजा नाम मात्रका हुन्थे । शासन सञ्चालनको सम्पूर्ण अधिकार राणामा निहित हुन्थ्यो ।" कमला मेडमले भन्नुभयो ।

"ए ..जङ्गबहादुर राणाका शाखा सन्तान र भाइभारदारले पो प्रधानमन्त्री बनेका रहेछन् है ?" भनी निरुले सोध्नुभयो ?

"हो नि बहिनी अब म तपाईंलाई राणाकालीन राजनीतिक अवस्थाको बारेमा बताउँछु है ?" कमला मेडमले भन्दा निरु खुसी हुँदै हुन्छ भनिन् ।

"राणा प्रधानमन्त्री जङ्गबहादुर राणा वि.सं. १९०६ मा युरोप भ्रमणका लागि गएका थिए । एक वर्षको युरोप भ्रमणपछि नेपाल फर्केर अङ्ग्रेजी शिक्षाको सुरुआत गरे र वि.सं. २०१० मा मुलुकी ऐन पनि जारी गरे । राणा शासनकालमा थुप्रै राजनीतिक घटना भएका थिए बहिनी कुनै उनीहरूले आफ्नो सत्ता टिकाउनका लागि भएका क्रियाकलाप थिए भने कुनै चाहिँ राणा शासनको विरुद्ध भएका क्रियाकलाप थिए । राणा शासन कालमा खड्ग निशाना अड्डा, मुलुकी बन्दोबस्त अड्डा, मुन्सीखाना जस्ता सरकारी कार्यालय थिए । यी अड्डाले राणा परिवारका सदस्यविरुद्धको उजुरी सुन्दैनथ्यो । शासकको आदेशबाट सर्वसाधारणलाई सजाय तोकिन्थ्यो । जनताका मौलिक हक अधिकारमाथि बन्देज लगाइन्थ्यो । जनताका लागि वाक स्वतन्त्रता, समानता, न्याय भन्ने कतै पनि थिएन । जङ्गबहादुरले नेपालमा बेलायतको जस्तो प्रजातान्त्रिक व्यवस्थाको माग गर्ने पण्डित सोमनाथ सिग्देललाई सर्वस्वहरण गरी देश निकाला समेत गरेका थिए । नेपालका पहिलो सहिद लखन थापालाई जङ्गबहादुरविरुद्ध विद्रोह गरेको आरोपमा मारिएको थियो । राणा शासनविरुद्धको पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद् वि.सं. १९९३ जेठ २२ गते स्थापना भएको थियो । प्रजा परिषद्ले राणा शासनको विरोधमा सशक्त आन्दोलन चलाएकै आधारमा शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द र धर्मभक्त माथेमालाई मृत्युदण्ड दिइएको थियो । पछि वि.सं. २००५ श्रावण १ गते नेपाल प्रजातन्त्र कङ्ग्रेसको स्थापना भयो भने वि.सं. २००६ साल भाद्र ३० गते नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो । यसरी क्रमसः राजनीतिक दल स्थापना हुँदै जाँदा राणा शासनको आन्दोलनका लागि थप बल पुग्यो र अन्ततः वि.सं. २००७ फागुन ७ मा १०४ बर्से राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भयो ।" राणा शासनको राजनीतिक अवस्थाको सम्बन्धमा कमला मेडमले बताउनुभयो ।

"राणा शासनलाई निरङ्कुश शासन भनेको त यही भएर पो रहेछ है मेडम ?" निरुले जिज्ञासा राखिन् ।

"हो नि बहिनी । यसरी जनताका मौलिक हक अधिकारमाथि अङ्कुश लगाइएकाले त निरङ्कुश शासन भनिएको हो नि त । ल अब म तपाईँलाई राणा शासनको सामाजिक अवस्थाको सम्बन्धमा बताउँछु है ?"

"राणा शासनकालमा जातीय परम्परा र छुवाछुत प्रथा अत्यन्तै व्याप्त थियो । त्यसैले नेपालको इतिहासमा राणाकालीन समयावधिलाई अन्धकारको युग पनि भनिन्छ । मुलुकी ऐन २०१० ले त झन् जातीय तथा छुवाछुत प्रथालाई महत्त्व दिएको थियो । अशिक्षा र अज्ञानले गर्दा मानिस अन्धविश्वासी र रुढिवादी थिए । जङ्गबहादुर राणाले केटाकेटीलाई खोपाउने चलन चलाएका थिए र आयुर्वेदिक औषधीको प्रयोगमा जोड दिएका थिए । त्यस्तै वीर अस्पताल,

वीर पुस्तकालय, घण्टाघरको निर्माण आदि चन्द्र शमशेरको पालामा भएको थियो । त्यस्तै दरबार हाइस्कुलमा सर्वसाधारणका छोराछोरीले पढ्न पाउने व्यवस्था गर्नुका साथै प्राविधिक शिक्षा र महिला शिक्षाको व्यवस्था समेत चन्द्रशमशेरकै पालामा भएको थियो । अहिले पनि छापिन्छ नि गोरखापत्र राष्ट्रिय दैनिक, त्यो पनि देवशमशेरको पालाबाट सुरु भएको हो । चन्द्रशमशेरको पालामा ज्यादै महत्त्वपूर्ण काम भएको थियो । वि.सं. १९६८ मा जनगणनाको सुरुआत, वि.सं. १९७७ मा सती प्रथाको अन्त्य, वि.सं. १९८१ मा दास प्रथाको अन्त्य, वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना आदि थुप्रै काम भएका थिए । भीमशमशेरको पालाबाट शनिबार बिदा दिने चलन गरिएको हो । त्यस्तै भीमशमशेरले मृत्युदण्डलाई कैदमा परिणत गरे । जुद्धशमशेरले वि.सं. १९९० मा भूकम्पबाट भत्केका घरहरूको पुनः निर्माण कार्य गरेका थिए । त्यस्तै सामाजिक र धार्मिक कार्यमा गरिने फजुल खर्चमा रोक र शिक्षा इस्तिहार जारी गरेका थिए । पद्मशमशेरले प्रौढ शिक्षाको सुरुआत गरे र वि.सं. २००४ सालमा नेपालको पहिलो संविधान जारी भएको थियो ।" कमला मेडमले विस्तृत रूपमा बताउनुभयो ।

"ओहो ! धेरै राम्रा काम पनि त भएका रहेछन् नि राणा शासनमा, होइन त मेडम ?" निरुले भनिन् ।

हो नि राणाहरूले कतिपय काम आफ्ना स्वार्थका लागि र कतिपय काम सत्ता टिकाउनका लागि पनि गरेका थिए । ल अब म आर्थिक क्षेत्रमा भएका सुधारका कामको बारेमा बताउँछु है त ?

राणा शासनकालमा पनि कृषि नै मुख्य आम्दानीको स्रोतको रूपमा रहेको थियो । राणा शासनको समयमा पनि नेपालको तिब्बतसँग राम्रै व्यापारिक सम्बन्ध कायम रहेको थियो । नेपालमा आयातभन्दा धेरै सामान निर्यात गरिन्थे । रणोद्वीप सिंहको पालामा टेलिफोन, बिजुली, रोपवे सञ्चालनका लागि विदेशी विशेषज्ञलाई नेपाल झिकाएका थिए । चन्द्रशमशेरको पालामा नेपालमा पहिलो पटक फर्पिङबाट जलविद्युत् उत्पादन गरिएको थियो । जुद्धशमशेरको पालामा वि.सं. १९९४ मा नेपाल बैङ्क लिमिटेडको स्थापना भएको थियो । त्यस्तै जुद्धशमशेरले उद्योग विकासका लागि पनि विशेष पहल गरेका थिए । उनकै पालामा विराटनगर जुट मिल, जुद्ध सडक, जुद्ध वारुण यन्त्रको स्थापना भएको थियो र जुद्धशमशेरले सिँचाइमा पनि विशेष ध्यान दिएका थिए ।

"मेडम आज पढ्दा पढ्दै हजुर आइपुगेर त मलाई ढुङ्गा खोज्दा देउता मिले जस्तै पो भयो त । राणा शासनकालको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको बारेमा धेरै कुरा सिक्ने अवसर पाएँ । अब त म साथीलाई पनि सिकाउन सक्छु नि ।" निरुले खुसी व्यक्ति गर्नुभयो ।

"ए ! राम्रो भयो नि त । सिकाउनु मेरो पेसा हो त्यसैले तपाईंलाई सिकाउन पाउँदा ज्यादै खुसी छु । ल त बहिनी जान्छु । यसो सामान किनूँ भनेर निस्केकी थिएँ ।" कमला मेडमले भन्नुभयो ।

"हस् मेडम म कुनै बेला केही सिक्नुपऱ्यो भने हजुरकामा आउँछु है ? निरुले भनिन् ।

हस् बाई ! कमला मेडम जानुभयो ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राणा शासनको सुरुआत कहिले र कसले गरेका हुन् ?

(ख) राणा शासनलाई किन निरङ्कुश शासन भनिएको हो ?

(ग) राणा शासनकालको राजनीतिक अवस्थाको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(घ) राणा शासन कालमा भएका सामाजिक सुधारका काम लेख्नुहोस् ।

(ङ) राणा शासनकालमा भएका आर्थिक सुधारका काम लेख्नुहोस् ।

क्रियाकलाप १

राणा शासन कालमा भएका आर्थिक र सामाजिक सुधारका कामलाई छुट्टाछुट्टै तालिकामा देखाउनुहोस् :

राणा शासन कालमा भएका आर्थिक सुधारका काम	राणा शासन कालमा भएका सामाजिक सुधारका काम

क्रियाकलाप २

राणा शासन कालका नकारात्मक र सकारात्मक कुरा खोजी गरी लेख्नुहोस् ।

पाठ ५

वि.सं. २००७ देखि हालसम्मका प्रमुख राजनीतिक घटनाक्रम

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

प्रेरणा महिला विद्यालयका सिकारुले तीन समूहमा विभाजन भई विभिन्न स्रोत सामग्री अध्ययन गरी तयार पारेको परियोजना कार्यका नमुना यहाँ प्रस्तुत गरिएका छन् ।

समूह क को प्रस्तुति

वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख राजनीतिक घटनाक्रम

मिति (वि.सं.)	घटनाको वर्णन
२००७ फागुन ७ गते	राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना
२००७ चैत्र १७ गते	नेपालको दोस्रो संविधान अन्तरिम शासन विधान लागु
२०१५ फागुन १ गते	नेपालको संविधान २०१५ जारी
२०१५ फागुन ७	प्रजातन्त्र प्राप्तिपछि पहिलो पटक आम निर्वाचन सम्पन्न
२०१६ जेठ १३	बी.पी. कोइराला प्रधानमन्त्रीमा नियुक्त
२०१७ पुस १	राजनीतिक दलका नेतालाई गिरफ्तार गरी राजाबाट प्रत्यक्ष शासनको सुरुआत
२०१७ पुस २२	दलविहीन पञ्चायती व्यवस्थाको सुरुआत

समूह ख को प्रस्तुति

वि.सं. २०१७ देखि २०४६ सम्मका प्रमुख राजनीतिक घटनाक्रम

मिति (वि.सं.)	घटनाको वर्णन
२०१९ पुस १	नेपालको संविधान २०१९ जारी
२०२३ माघ ४	गाउँ फर्क राष्ट्रिय अभियान
२०३६ जेठ १० गते	जनमत सङ्ग्रहको घोषणा
२०३७ वैशाख २०	जनमत सङ्ग्रह
२०४६ चैत्र २६	दलविहीन पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्थाको पुनः स्थापना

समूह ग को प्रस्तुति

वि.सं. २०४६ देखि हालसम्मका प्रमुख राजनीतिक घटनाक्रम

मिति (वि.सं.)	घटनाको वर्णन
२०४७ कात्तिक २३ गते	नेपाल अधिराज्यको संविधान २०४७ जारी
२०४८ वैशाख २९ गते	प्रजातन्त्रको पुनः स्थापना पश्चात् पहिलो आम निर्वाचन सम्पन्न
२०५२ फागुन १	ने.क.पा. माओवादीद्वारा सशस्त्र विद्रोह सुरु
२०५६ वैशाख २० गते	प्रतिनिधि सभाको निर्वाचन
२०५८ जेठ १९ गते	नारायणहिटी हत्याकाण्ड
२०६३ वैशाख ११ गते	दोस्रो जनआन्दोलनको अन्त्य र लोकतन्त्रको स्थापना
२०६३ मङ्सिर ५ गते	विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर
२०६३ माघ १ गते	अन्तरिम संविधान जारी
२०६४ चैत्र २८ गते	पहिलो संविधान सभाको निर्चिन सम्पन्न
२०६५ जेठ १५ गते	नेपाललाई गणतान्त्रिक राष्ट्र घोषणा
२०६९ जेठ १४ गते	पहिलो संविधान सभाको विघटन
२०७० मङ्सिर ४ गते	दोस्रो संविधान सभाको निर्वाचन
२०७२ असोज ३ गते	नेपालको संविधान जारी
२०७४ वैशाख ३१, असार १४ र असोज २	तीन चरणमा गरेर स्थानीय तहको निर्वाचन सम्पन्न
२०७४ मङ्सिर १० र २१ गते	दुई चरण गरेर प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन
वि.सं. २०७४ फागुन ३ गते	के.पी.शर्मा ओलीको नेतृत्वमा सरकार गठन
वि.सं. २०७८ जेठ ७ गते	के.पी. शर्मा ओलीको मन्त्रिमण्डलले प्रतिनिधि सभा विघटन
वि.सं. २०७८ असार २९ गते	देउवा प्रधानमन्त्रीमा नियुक्ति
वि.सं. २०७९ वैशाख ३० गते	स्थानीय तहको निर्वाचन सम्पन्न
वि.सं. २०८० मङ्सिर ४ गते	प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपालमा राणा शासन कति वर्षसम्म चल्यो र कहिले अन्त्य भयो ?
(ख) नेपालको पहिलो संविधान कुन हो ?
(ग) जनमत सङ्ग्रह कहिले भएको थियो ?
(घ) नेपालका हालसम्मका संविधानको नाम लेख्नुहोस् ।
(ङ) पञ्चायती शासन कहिलेबाट सुरु र कहिले अन्त्य भयो ?

क्रियाकलाप १

वि.सं. २०४६ देखि हालसम्मका कुनै पाँच राजनीतिक घटनालाई समयरेखामा देखाउनुहोस् ।

समय रेखा निर्माण गर्ने तरिका र नमुना यसप्रकार रहेको छ :

- समयरेखा ठाडो, तेर्सो वा घुमाउरो गरी पनि निर्माण गर्न सकिन्छ ।
- तेर्सो, ठाडो वा घुमाउरो जसरी निर्माण गर्ने भए तापनि एउटा निश्चित नापोको आधारमा रेखा तान्नुपर्छ ।
- तानिएको रेखाको एकातिर घटना वा उपलब्धि र अर्कोतिर वर्ष (महिना सम्भव भएमा) राख्नुपर्छ ।
- निश्चित नापो हुनुपर्छ । जस्तै १ से.मि.= १ वर्ष, १ से.मि.= ५ वर्ष आदि

- सम्पूर्ण घटनालाई एकै पेजमा अटाउने गरी नापो (Scale) को निर्धारण गर्नुपर्छ ।
- छोटो अवधिको घटनाक्रमलाई १ से.मि. बराबर १ महिना, १ वर्ष वा २ वर्षको अन्तरमा नापो निर्धारण गर्न सकिन्छ ।

क्रियाकलाप २

वि.सं. २००७ देखि हालसम्मका प्रमुख राजनीतिक घटनाक्रमको सम्बन्धमा संवाद तयार गर्नुहोस् ।

पाठ ६

वि.सं. २००७ सालदेखि हालसम्मका सामाजिक तथा आर्थिक उपलब्धि

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

प्रेरणा महिला विद्यालयका सिकारुलाई सहजकर्ताले वि.सं. २००७ सालदेखि हालसम्मका राजनीतिक अवस्था समूहगत रूपमा प्रस्तुत गरिसकेपछि फेरि दुई समूहमा विभाजन गरी विभिन्न स्रोत सामग्रीको अध्ययन गरी एउटा समूहलाई वि.सं. २००७ सालदेखि हालसम्मका सामाजिक उपलब्धि र दोस्रो समूहलाई वि.सं. २००७ सालदेखि हालसम्मका आर्थिक उपलब्धि टिपोट गरी प्रस्तुत गर्ने परियोजना कार्य दिनुभयो ।

पहिलो समूहको प्रस्तुति

शीर्षक : २००७ सालदेखि हालसम्मका सामाजिक उपलब्धि

(क) शिक्षाको क्षेत्रमा उन्नति

वि.सं. २००७ पछि बिस्तारै देशका विभिन्न भागमा विद्यालय खुल्न थाले । जनतामा शिक्षाप्रतिको चेतना वृद्धि हुँदै गयो । २००७ सालअघि जम्मा दुई प्रतिशत मात्र साक्षरता प्रतिशत रहेकोमा २००७ सालपछि साक्षरता प्रतिशतमा वृद्धि भएको थियो । वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । वि.सं. २०४६ मा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापनापश्चात् निजी क्षेत्रबाट पनि थुप्रै विद्यालय र कलेज खुल्ने क्रम बढ्यो । त्यस्तै गरी प्राविधिक शिक्षालय पनि खुल्न थाल्यो । दक्ष जनशक्तिको उत्पादनमा वृद्धि आउन थाल्यो । शिक्षित जनशक्तिको सङ्ख्या बढ्दै गएपछि विभिन्न क्षेत्रमा पनि नयाँ नयाँ अवसर देखा पर्न थाले । विदेशमा अध्ययनका लागि जाने विद्यार्थीको सङ्ख्यामा पनि वृद्धि आयो । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेकामा वि.सं. २०७८ को जनगणनाअनुसार ७६.३ प्रतिशत पुगेको छ ।

(ख) यातायात तथा सञ्चारको क्षेत्रमा विकास

२००७ सालमा प्रजातन्त्र स्थापनापछि यातायात तथा सञ्चारको क्षेत्रमा पनि प्रगति भएको पाइन्छ । धमाधम राजमार्ग खुल्न थाले । अहिले नेपालको ७७ जिल्ला सदरमुकाममा सडक यातायात पुगिसकेको छ भने देशका मुख्य मुख्य सहरमा हवाई यातायातको सुविधा पनि पुगिसकेको छ । त्यस्तै सञ्चारको क्षेत्रमा पनि निकै प्रगति भएको देखिन्छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, मोबाइल फोन, इन्टरनेट आदिको सुविधाले विश्वको जुनसुकै ठाउँका

मानिससँग कुराकानी गर्न सकिने र कुनै पनि ठाउँको समाचार एकैछिनमा विश्वभरि फैलन थालेको छ ।

(ग) विकासमा जनसहभागिता

२००७ सालमा प्रजातन्त्र स्थापनापछि जनतामा चेतना अभिवृद्धिका कारणले आफ्नो ठाउँ हामी आफैँले विकास गर्नुपर्छ भन्ने सोचमा वृद्धि हुन थालेको छ । त्यसैले जनता आफ्नो ठाउँमा आफैँले सडक बाटो खन्ने, खानेपानी ल्याउने, ढल खन्ने जस्ता काममा सहभागी हुन थालेको देखिन्छ ।

(घ) सामाजिक परिवर्तन

वि.सं. २००७ मा प्रजातन्त्र प्राप्तिपछि बिस्तारै समाजमा विद्यमान कुरीति, कुसंस्कार, अन्धविश्वास आदिप्रति सचेत हुन थालेका थिए । वि.सं २०२० मा मुलुकी ऐन आयो । यसले समाजमा प्रचलित छुवाछुत तथा जातीय विभेदलाई हटाउनका लागि यिनीहरूलाई गैरकानुनी कार्य मानेको थियो । वि.सं. २०६३ मा लोकतन्त्र आएपछि अहिले समाजमा छुवाछुत तथा जातीय विभेद जस्ता असमान व्यवहार धेरै नै कम हुन थालेका छन् । संविधानमा नै छुवाछुत तथा जातीय विभेदलाई दण्डनीय अपराध मानिएकाले पनि मानिस यसप्रति सचेत हुन थालेको देखिन्छ । हरेक क्षेत्रमा समानता, समावेशिता, समता, मानव अधिकार, महिला अधिकारजस्ता कुराले मान्यता पाएका छन् ।

दोस्रो समूहको प्रस्तुति

शीर्षक : २००७ सालदेखि हालसम्मका आर्थिक उपलब्धि

(क) योजनाबद्ध विकासको थालनी

२००७ सालमा प्रजातन्त्र प्राप्तिसँगै वि.सं. २०१३ मा प्रथम पञ्चवर्षीय योजनाको सुरआत भयो । देशमा भएका स्रोत साधनको परिचालन हुन थाल्यो । शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, उद्योग, रोजगारीजस्ता क्षेत्रमा योजनबद्ध ढङ्गले विकासका योजना बन्न थाले । रोजगारीका अवसर खुल्न थाले । गरिबी निवारणलाई पहिलो प्राथमिकतामा राखियो । वि.सं. २०४६ मा प्रजातन्त्र प्राप्तिपछि आठौँ पञ्चवर्षीय योजनाले खुला बजार अर्थनीति लियो । त्यसपछि निजी क्षेत्रको लगानीमा शिक्षा, स्वास्थ्य, बैङ्किङ क्षेत्रलगायत थुप्रै व्यवसाय सञ्चालनमा आउन थाले । वि.सं. २०७४ मा पन्ध्रौँ पञ्चवर्षीय योजना कार्यान्वायनमा आएपछि सुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार पार्नका लागि तीनओटै तहका सरकारले काम गरिरहेका छन् ।

(ख) कृषिमा आधुनिकीकरण

पहिले परम्परागत पद्धतिबाट मात्र खेतीपाती गरिन्थे भने अहिले पछिल्लो समयमा नेपालका सबै ठाउँमा नभए तापनि कतिपय ठाउँमा आधुनिक तरिकाले खेतीपाती गर्न थालिएको पाइन्छ । कृषिलाई व्यवसायकै रूपमा लिएर काम गर्ने जनताको सङ्ख्या पनि बढ्दै गएको छ ।

(ग) उद्योग तथा व्यापारको क्षेत्रमा विकास

२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि उद्योगधन्दा कलकारखाना प्रशस्त मात्रामा खुलेको पाइन्छ । काठमाडौँ, पोखरा, वीरगञ्ज, विराटनगरमा ठुला उद्योग पनि खुलेका छन् । व्यापारमा पनि विकास भई स्वदेशमा मात्र नभई विदेशमा समेत व्यापारिक कारोबार बढ्दै गएको छ ।

(घ) बैङ्क तथा वित्तीय संस्थाको स्थापना

प्रजातन्त्र प्राप्तिपछि बैङ्क तथा वित्तीय संस्थाको स्थापना हुने क्रम पनि बढ्दै गएको छ । वि.सं. २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैङ्कको स्थापना भयो । त्यसपछि वि.सं. २०१६ बाट नोट छाप्ने कामको सुरुवात भयो । २०१६ सालमा नै राष्ट्रिय औद्योगिक विकास निगमको पनि स्थापना भयो । यसका कारणले देशभित्रै उद्योग, व्यापार र पर्यटन क्षेत्रको विकास भयो । वि.सं. २०२२ मा राष्ट्रिय वाणिज्य बैङ्कको स्थापना भयो । त्यस्तै वि.सं. २०२३ मा बिमा समितिको गठन भयो । वि.सं. २०२४ मा कृषि विकास बैङ्कको स्थापना भयो । पञ्चायती शासन कालमा व्यापारमा निर्यातभन्दा आयात बढेको कारणले व्यापार घाटाको अवस्था थियो । पञ्चायती शासन कालमा सरकारको आम्दानीको मुख्य स्रोत कर राजस्व थियो । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापनापश्चात् त झन् निजी क्षेत्रबाट पनि थुप्रै बैङ्क खुलेको पाइन्छ । जनतामा पनि सचेतना वृद्धि भई बैङ्क तथा वित्तीय संस्थामा बचत गर्न थालेका छन् । मुद्रा प्रचलनमा पनि एकरूपता आएको छ ।

(ङ) स्थानीय स्रोत साधनको परिचालन

पछिल्लो समयमा विभिन्न पेसा व्यवसाय गर्ने क्रममा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको पनि परिचालन बढेको छ । कृषिजन्य कच्चा पदार्थ, वनजन्य कच्चा पदार्थको प्रयोग गरी उद्योग खुलेका छन् । त्यस्तै परम्परागत कला, संस्कृतिमा आधारित पेसा व्यवसाय पनि सञ्चालन हुन थालेका छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि शिक्षामा भएका सुधार लेख्नुहोस् ।

(ख) नेपालमा योजनाबद्ध विकासको थालनी कहिलेबाट भएको हो ?

(ग) नेपाल राष्ट्र बैङ्कको स्थापना कहिले भयो ?

(घ) २००७ सालपछि यातायात र सञ्चारको क्षेत्रमा आएको परिवर्तनको सन्दर्भमा एक अनुच्छेद लेख्नुहोस् ।

(ङ) अहिले नेपाली समाजमा छुवाछुत तथा जातीय विभेदको अवस्था कस्तो छ ?

क्रियाकलाप १

२००७ सालपछि नेपालमा सामाजिक र आर्थिक क्षेत्रमा आएका परिवर्तन तल दिइएको तालिकामा भर्नुहोस् :

२००७ सालपछि नेपालमा सामाजिक क्षेत्रमा आएका परिवर्तन	२००७ सालपछि नेपालमा आर्थिक क्षेत्रमा आएका परिवर्तन

क्रियाकलाप २

प्रजातन्त्र प्राप्तिपछि तपाईंको समुदायमा आएका परिवर्तनको सम्बन्धमा समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी एक अनुच्छेद लेख्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) नेपाल एकीकरण गरेर सिङ्गो नेपाल बनाउने कामको सुरुआत .....ले गरेका हुन् । (पृथ्वीनारायण शाह, बहादुर शाह)

(ख) पृथ्वीनारायण शाहलाई गोरखाका १२ हजार घरधुरीबाट नगद, जिन्सी जम्मा गर्ने सल्लाह .....ले दिएका थिए । (बिसे नगर्ची, कुलानन्द ढकाल)

(ग) तनहुँ, कास्की .....को पालामा नेपालको सिमानामा गाभिएको थियो । (बहादुर शाह, राजेन्द्रलक्ष्मीदेवी शाह)

(घ) नेपालको सिमाना परिश्चममा कुमाउँ र गढवालसम्म पुऱ्याउने काम .....को पालामा भएको थियो । (बहादुर शाह, प्रतापसिंह शाह)

(ङ) नेपाल र अङ्ग्रेजबिचको युद्ध .....को सन्धिपछि अन्त्य भएको हो । (सुगौली, तिब्बत)

(च) शनिबार बिदा दिने चलन राणा प्रधानमन्त्री .....को पालामा भएको थियो । (भीमशमशेर, चन्द्रशमशेर)

(छ) नेपालको संविधान २०७२ .....मा जारी भएको हो ।
(असोज ३, कात्तिक ३)

(ज) नेपालमा वि.सं. ..... सालमा प्रथम पञ्चवर्षीय योजनाको सुरुआत भएको थियो । (२०१३, २०१५)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पृथ्वीनारायण शाहले नेपाल एकीकरणका लागि पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

(ख) राणा शासनकालका कुनै पाँच सामाजिक उपलब्धिको सूची बनाउनुहोस् ।

(ग) तल दिइएका घटनालाई समय रेखामा देखाउनुहोस् :

- वि.सं. २००७ : प्रजातन्त्रको स्थापना
- वि.सं. २०१५ : प्रजातन्त्र स्थापनापछि पहिलो आम निर्वाचन सम्पन्न
- वि.सं. २०३७ : जनमत सङ्ग्रह सम्पन्न
- वि.सं. २०४६ : बहुदलीय व्यवस्थाको पुनःस्थापना

(घ) वि.सं. २००७ देखि हालसम्मका पाँच पाँचओटा सामाजिक र आर्थिक उपलब्धिको सूची बनाउनुहोस् ।

(ङ) सुगौली सन्धिले पारेका सकारात्मक र नकारात्मक प्रभाव तीन तीनओटा लेख्नुहोस् ।

एकाइ ६ : हाम्रा आर्थिक क्रियाकलाप

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन :

- नेपालका आर्थिक क्रियाकलापको परिचय, महत्त्व, वर्तमान अवस्था, समस्या र समाधानका उपाय उल्लेख गर्न
- वस्तुको गुणस्तर र उपभोक्ता अधिकार पहिचान गरी सचेत रहन
- सरकारी खर्च र आयस्रोत उल्लेख गर्न

पाठ १

हाम्रा आर्थिक क्रियाकलापको परिचय र महत्त्व

तल दिइएका घटना अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

हरिबहादुर र उनकी श्रीमती व्यावसायिक तरकारी खेती गर्छन् । उनीहरूले कृषि ज्ञान केन्द्रमार्फत आधुनिक तरकारी खेतीसम्बन्धी तालिम लिए । सहकारीबाट रु. दुई लाख ऋण लिएर मौसमी र बेमौसमी दुवै किसिमका तरकारी खेती सुरु गरे । यसका लागि पाँच कट्ठा जग्गा भाडामा लिए । अहिले उनीहरूले थप पाँच जनालाई रोजगारी पनि दिएका छन् । उनीहरूको राम्रो आम्दानी छ । तरकारी खेतीबाटै पैसा कमाएर उक्त पाँच कट्ठा जग्गा आफैँले किनिसकेका छन् ।

दानबहादुर मौरी पालन गर्छन् । उनको महको गुणस्तरका कारण उनको महको माग बजारमा राम्रो रहेको छ । उनी आफैँ मह बिक्री वितरणका लागि हिँड्ने गरेका छन् । मह बेचेरै उनको घर खर्च राम्रोसँग चलेको छ र छोराछोरीलाई पनि उचित शिक्षा, दिक्षा दिन सफल भएका छन् । हामीले मिहिनेतका साथ काम गर्न सक्यौँ भने पैसा कमाउनका लागि विदेश नै जानुपर्छ भन्ने छैन भनेर अरूलाई समेत सम्झाउने गर्छन् ।

रामसिंहको गाउँपालिकामा मोटरसाइकल वर्कसप थिएन । त्यसैले गाउँपालिकाबाट युवालाई अटोमोबाइलसम्बन्धी तालिम दिएका बेलामा राम सिंहलगायत गाउँका धेरै युवाले तालिम लिए । राम सिंहले आफ्नी आमालाई सहकारीबाट रु. तीन लाख ऋण लिन लगाए र मोटरसाइकल वर्कसप खोले । अहिले राम सिंहको मोटरसाइकल वर्कसपबाट नै राम्रो आम्दानी भएको छ । थप तीन जना मिस्त्री पनि राखेका छन् । पल्लो गाउँबाट समेत मोटरसाइकल बनाउन राम सिंहकामा नै आउने गरेका छन् ।

फूलमायाले आफ्नै घरमा अचार बनाएर बेच्ने गरेकी छन् । उनले घरेलु विभागबाट अचार बनाउने तालिम लिएर अचार उद्योग खोलेकी हुन् । फूलमायाले गाउँघरमै पाइने तरकारी, फलफूलबाट अचार बनाउँछिन् । उनको अचार बिहे पाटीदेखि लिएर हरेकको घर घरमा बिक्री वितरण हुने गरेको छ । यतिसम्मकि विदेशीहरू आउँदा फूलमायाले बनाएका अचार खाए । उनीहरूले रुचाएर अहिले त विदेशसमेत निकासी हुने गरेको छ । यही अचार उद्योगबाटै फूलमायाले राम्रो आम्दानी गरेकी छिन् र उनको परिवारको आर्थिक अवस्था राम्रो भएको छ ।

हर्के र उनकी श्रीमती मिलेर उन्नत जातको गाई पालन व्यवसाय सुरु गरे । सुरुमा उनीहरूले १० ओटा गाईबाट व्यवसाय सुरु गरेका थिए । पछि जिल्ला कृषि ज्ञान केन्द्रमार्फत ऋण लिएर हाल २५ ओटा गाई छन् । गाईको ताजा दुध, गोबर मल बेचेर प्रशस्त आम्दानी गरेका छन् । उनको श्रीमान् र श्रीमतीसहित सात जनाले गाईको धन्दा गर्ने गरेका छन् । गाईलाई राम्रो कुँडो पानी पुगेकाले दुध पनि प्रशस्त मात्रामा दिन्छन् । हर्केले दैनिक ५० लिटर जति दुध बेच्ने गरेका छन् । यही गाईपालनबाटै आम्दानी राम्रो हुनाको साथै रोजगारीसमेत दिन सफल भएका छन् ।

माथि दिइएका घटना आर्थिक क्रियाकलापसँग सम्बन्धित घटना हुन् । हाम्रो समाजमा यस्ता किसिमका आर्थिक क्रियाकलापमा संलग्न मानिस भेटिन्छन् । हरेक व्यक्तिले जीवनलाई सहज तरिकाले अघि बढाउनका लागि केही न केही काममा संलग्न हुनै पर्छ । यसरी आय आर्जनका लागि हाम्रो समाजमा सञ्चालित विभिन्न किसिमका आम्दानीका माध्यम र स्रोतलाई नै आर्थिक क्रियाकलाप भनिन्छ । मानिसले विभिन्न किसिमका काम गरेर नै आफ्ना आवश्यकता पूरा गर्छन् । यस्ता आर्थिक क्रियाकलाप पनि स्थानअनुसार र समय परिस्थितिअनुसार फरक फरक हुन्छन् । पहिले पहिले आर्थिक क्रियाकलाप भन्ने बित्तिकै कृषि, उद्योग, व्यापार र नोकरीलाई मात्र बुझिन्थ्यो भने पछिल्लो समयमा आर्थिक क्रियाकलापको क्षेत्र पनि व्यापक बन्दै गएको छ । पछिल्लो समयमा सेवा, पर्यटन र वैदेशिक रोजगारी पनि नेपालीको आर्थिक क्रियाकलापमा समावेश भएको पाइन्छ । कुनै पनि देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुनका लागि प्रशस्त मात्रामा आर्थिक गतिविधि सञ्चालन हुनुपर्छ । त्यसैले देशको विकासमा आर्थिक क्रियाकलापको महत्त्वपूर्ण भूमिका हुन्छ । आर्थिक क्रियाकलापको महत्त्वलाई यहाँ बुँदागत रूपमा उल्लेख गरिएको छ :

(क) देशमा रोजगारीको अवसरमा वृद्धि हुन्छ ।

(ख) जनताको जीवनस्तरमा सुधार आउँछ ।

(ग) देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

(घ) स्थानीय स्रोत साधनको परिचालनमा मदत पुग्छ ।

(ङ) जनताका दैनिक आवश्यकता परिपूर्ति गर्न मदत पुग्छ ।

(च) राष्ट्र आर्थिक रूपमा सबल र सक्षम हुन्छ ।

(छ) पारिवारिक अन्तरनिर्भरतामा वृद्धि हुन्छ ।

(ज) आर्थिक गतिविधिका एक क्षेत्रले अर्को क्षेत्रको समेत विकासमा टेवा पुग्छ ।

आर्थिक क्रियाकलाप भनेका कुनै पनि देशको विकासका मुख्य आधार हुन् । यस्ता आर्थिक क्रियाकलापबाट व्यक्ति मात्र सक्षम नभई समग्र राष्ट्रको विकासमा मदत पुग्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) आर्थिक क्रियाकलाप भनेको के हो ?

(ख) विभिन्न किसिमका आर्थिक क्रियाकलापको सूची बनाउनुहोस् ।

(ग) तपाईंको परिवारका सदस्य कुन कुन आर्थिक क्रियाकलापमा संलग्न हुनुभएको छ ? त्यसबाट तपाईंको परिवारमा के कस्ता परिवर्तन आएका छन् ? उल्लेख गर्नुहोस् ।

(घ) आर्थिक क्रियाकलापका महत्त्वको सूची बनाउनुहोस् ।

क्रियाकलाप १

तपाईंको समुदायमा सञ्चालित आर्थिक क्रियाकलापको खोजी गरी सूची बनाउनुहोस् र तिनले समाजमा पारेका सकारात्मक प्रभाव उल्लेख गर्नुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायमा रहनुभएका कुनै एक जना व्यक्तिको उदाहरण दिँदै आर्थिक क्रियाकलापले उनको जीवनमा आएको परिवर्तनसम्बन्धी कथा लेख्नुहोस् ।

पाठ २ आर्थिक क्रियाकलाप कृषि र उद्योग

तल दिइएका पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

रामपुर गाउँपालिकाको विकासमा सरोकारवालाको सहभागिता भन्ने विषयमा गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा जिल्लाका कृषि विशेषज्ञ, गाउँपालिकाका किसान, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि र जिल्ला स्थित घरेलु उद्योग महासङ्घका प्रतिनिधिको उपस्थिति थियो ।

कृषि ज्ञान केन्द्रका विज्ञले राखेको मन्तव्य यसप्रकार रहेको छ :

उपस्थित सम्पूर्ण महानुभावमा न्यानो अभिवादन

म यहाँ आज कृषिको परिचय, नेपालमा कृषिको अवस्था, महत्त्व र कृषिको क्षेत्रमा देखिएका समस्या र समाधानका उपाय सम्बन्धमा आफ्ना विचार राख्न गइरहेको छु । नेपाल कृषिप्रधान देश हो । यहाँ धेरै मानिस खेतीपाती, पशुपालन (गाई/भैँसी) कुखुरा पालन, बङ्गुर पालन, मत्स्य पालनलगायतका पेसामा संलग्न भएर जीविकोपार्जन गरेका कारणले कृषिप्रधान देश भनिएको हो । कृषि कार्यअन्तर्गत खेतीपाती, पशुपालन (गाई/भैँसी) कुखुरा पालन, बङ्गुर पालन, मत्स्य पालन आदि पर्छन् । पन्ध्रौँ पञ्चवर्षीय योजनाअनुसार यहाँका लगभग ६०.४ प्रतिशत मानिस अहिले पनि कृषि पेसामा नै संलग्न छन् । नेपालमा कृषिको धेरै महत्त्व रहेको छ । कृषि नै नेपालीको खाद्यान्नको मुख्य स्रोतको रूपमा रहेको छ । त्यस्तै देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी हिस्सा पनि कृषि क्षेत्रले नै ओगटेको छ । नेपालबाट विदेशमा निर्यात गरिने वस्तुमा सबैभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । नेपालमा रोजगारीको मुख्य आधार पनि कृषि नै हो । नेपालमा सञ्चालित अधिकांश उद्योग कृषिजन्य कच्चा पदार्थमा आधारित छन् । त्यसैले

उद्योगको विकासको मुख्य आधार पनि कृषि नै हो ।

कृषिको यति धेरै सम्भावना भएकै कारणले हामीले चाह्यौँ भने कृषि क्षेत्रमा व्यापक परिवर्तन गर्न सक्छौँ । त्यसैले हामीले यस गाउँपालिकालाई कृषि क्षेत्रको माध्यमबाट नमुना गाउँपालिका बनाउने योजना ल्याउँदै छौँ । त्यसका लागि हामीलाई यहाँहरूको साथ र सहयोग चाहिन्छ । कृषिमा आधुनिकीकरण र व्यासायीकरण हालको देशको मुख्य माग र आवश्यकता हो । त्यसैले सबै किसानलाई कृषि तालिम, कृषि अनुदान र यहाँबाट उत्पादित कृषिजन्य वस्तुको बिक्रीका लागि बजारीकरणको व्यवस्था मिलाउने छौँ । कृषि क्षेत्रको विकासकै लागि सरकारले हरेक जिल्लामा कृषि ज्ञान केन्द्रको व्यवस्था र कृषक समूह निर्माण गरेको छ । कृषि ज्ञान केन्द्र र कृषक समूहको माध्यमबाट नयाँ खेतीपातीका तरिकाबारे छलफल हुने गरेको छ । उत्पादनका आधारमा सरकारले विभिन्न जिल्लालाई उत्पादन क्षेत्र भनी घोषणा समेत गरेको छ । इलाम, झापालगायत केही जिल्लालाई चिया उत्पादन क्षेत्र र सिन्धुली रामेछापलाई जुनार उत्पादन क्षेत्र भनी घोषणा गरिएको छ । यदि हामीले राम्रो मिहिनेत गर्न सक्यौँ भने यस रामपुर गाउँपालिकालाई पनि तरकारी उत्पादन क्षेत्र भनी घोषणा गर्ने अवस्थामा पुऱ्याउन सक्छौँ ।

नेपालमा कृषिको निकै ठुलो सम्भावना रहेको छ । कृषि क्षेत्रलाई सुधार गर्ने हो भने देशको समग्र अवस्थामा सुधार हुन सक्छ । कृषि क्षेत्रको विकास गरी प्रशस्त खाद्यान्न बाली उत्पादन गर्न सक्यौँ भने हामीले खाद्य सुरक्षा कायम गर्न सक्छौँ । जसबाट देशका विभिन्न ठाउँमा रहेका भोकमरी, अनिकाल र खाद्यान्नको अभावलाई अन्त्य गर्न सकिन्छ । कृषिमा विविधीकरण र व्यावसायीकरण गरेर गरिबी न्यूनीकरण गर्न सकिन्छ । कृषिजन्य उद्योग स्थापना गरेर रोजगारी सिर्जना गर्न सकिन्छ । देशभित्रै प्रशस्त मात्रामा कृषिजन्य वस्तु उत्पादन गरेर आर्थिक वृद्धि हासिल गर्न सक्छौँ । हाम्रो उत्पादनलाई विदेशमा निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सक्छौँ ।

यति धेरै महत्त्व हुँदाहुँदै पनि नेपालको कृषि क्षेत्रमा केही समस्या देखिएका छन् जसले गर्दा हुनुपर्ने जति विकास भएको छैन । देशका कतिपय ठाउँमा अझै पनि परम्परागत तरिकाले

खेतीपाती हुनु, रासायनिक मलको अभाव, उन्नत जातको बिउविजन सजिलै उपलब्ध हुन नसक्नु, सिँचाइ सुविधाको अभाव, कृषि औजारका सामग्रीको अभाव, कृषि उत्पादनले बजार नपाउनु, कृषि विशेषज्ञ सजिलै उपलब्ध हुन नसक्नु जस्ता विविध समस्या कृषि क्षेत्रमा विद्यमान देखिन्छ ।

उपस्थित सम्पूर्णमा म के अनुरोध गर्न चाहन्छु भने यसरी कृषिको क्षेत्रमा देखिएका समस्या राज्यको तर्फबाट मात्र समाधानका लागि सम्भव हुँदैन । त्यसैले तपाईं हामी सबैले समान रूपमा चासो देखाउनुपर्छ । हामीले आ आफ्नो स्थानीय तहमा सिँचाइ सुविधा विस्तारका लागि झक्झक्याउनुपर्छ । कृषि तालिम, उन्नत जातको मल बिउविजन र कृषि औजारका सामग्रीको व्यवस्थापनका लागि स्थानीय तह र प्रदेश सरकारसँग पहल गर्नुपर्छ । गाउँ गाउँमा हामी जनताकै तर्फबाट कृषि सहकारी स्थापना गरिनुपर्छ । कृषिमा परम्परागत तरिकालाई निरुत्साहन गरी आधुनिकीकरण र व्यावसायीकरणमा जोड दिइनुपर्छ । यस्ता कुरामा सबैले समान रूपमा चासो दिन सकियो भने अवश्य पनि नेपालमा कृषि क्षेत्रको विकास गर्न सकिन्छ ।

क्रियाकलाप १

तपाईंको समुदायमा कस्ता किसिमका कृषि क्रियाकलाप सञ्चालन हुने गरेका छन् ? सोधखोज गरी कृषि क्रियाकलाप र तिनले समुदायमा पारेका प्रभाव तालिकामा भर्नुहोस् :

कृषि क्रियाकलाप	तिनले समुदायमा पारेको प्रभाव

क्रियाकलाप २

कृषि आर्थिक विकासको मुख्य आधार हो भन्ने विषयमा दुई साथीबिचमा संवाद तयार गर्नुहोस् ।

जिल्ला स्थित उद्योग वाणिज्य सङ्घका प्रतिनिधिको मन्तव्य यसप्रकार रहेको छ ।

उपस्थित सम्पूर्णमा

हार्दिक नमस्कार ।

म यहाँ आज आर्थिक क्रियाकलापको मुख्य आधारको रूपमा नेपालमा उद्योगको परिचय, महत्त्व, वर्तमान अवस्था र नेपालमा उद्योगको क्षेत्रमा देखिएका समस्या र समाधानका उपाय सम्बन्धमा आफ्ना विचार राख्न गइरहेको छु ।

श्रम, सिप र स्रोत साधनको प्रयोग गरी सानो तथा ठुलो परिमाणमा वस्तु उत्पादन गर्नुलाई उद्योग भनिन्छ । कृषि जस्तै उद्योग पनि महत्त्वपूर्ण आर्थिक क्रियाकलाप हो । देशको आर्थिक विकासका लागि उद्योगको विकास हुनु अति नै आवश्यक हुन्छ । देशमा जति धेरै उद्योग खोलिन्छन् त्यति नै देशमा भएका कच्चा पदार्थको सदुपयोग हुन्छ । रोजगारीका अवसरमा वृद्धि हुन्छ । उद्योगलाई लगानी र उत्पादित वस्तुको परिणामको आधारमा साना तथा घरेलु उद्योग, मझौला उद्योग र ठुला उद्योग गरी तीन भागमा विभाजन गरिएको छ । जस्तै यहाँ हाम्रै वरिपरि भएका उद्योगलाई उदाहरणका रूपमा लिन सक्छौँ । यसै समुदायमा भएको डेरी उद्योग, गलैँचा उद्योग, बाँसका सामान बनाउने उद्योग, माटाको भाँडा बनाउने उद्योग, अचार उद्योग, मह उद्योग आदि सबै घरेलु तथा साना उद्योग हुन् । यी उद्योगबाट हाम्रै स्थानीय परिवेशमा पाइने स्थानीय कच्चा पदार्थको प्रयोग भएको छ । गाउँका केही मानिसले रोजगारी समेत पाएका छन् । उत्पादित वस्तुको बिक्री वितरणबाट आम्दानी पनि हुन्छ । उद्योगको सङ्ख्या बढ्दै जाँदा हाम्रो गाउँको विकास पनि हुन्छ । त्यस्तै पल्लो गाउँमा सिमेन्ट उद्योग छ नि त्यो चाहिँ मझौला तथा ठुला उद्योग हो किनभने सिमेन्ट उद्योग ठुलो लगानीमा सञ्चालन भएको छ । उत्पादित सिमेन्ट नेपालमा मात्र नभएर बाहिर देशमा पनि निर्यात गर्न सकिन्छ । यस उद्योगले धेरै मानिसलाई रोजगारी पनि दिएको छ । यसरी नै प्रशस्त मात्रामा देशमा

ठुला उद्योग सञ्चालनमा आउने हो भने औद्योगिक वस्तुमा देश आत्मनिर्भर बन्न सक्छ । देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ । यिनै कारणले गर्दा उद्योगलाई देश विकासको मूल मेरुदण्ड भनेर पनि भन्न सकिन्छ ।

उपस्थित महानुभावहरू तपाईंहरूलाई उद्योगको यति धेरै महत्त्व हुँदा हुँदै पनि किन नेपालमा सोचे जस्तो गरी उद्योगको विकास हुन नसकेको होला भन्ने लागेको होला होइन त ? हो नेपालमा उद्योगको विकासमा केही समस्या रहेका छन् । मुख्य त उद्योगमा लगानी गर्नका लागि प्रशस्त मात्रामा पुँजी, ठुला मेसिन यन्त्र उपकरणको आवश्यकता पर्छ । नेपालमा प्रशस्त पुँजीको अभावले पनि ठुला उद्योग प्रशस्त मात्रामा खुल्न नसकेको देखिन्छ । त्यस्तै कम लगानीमा गुणस्तरीय वस्तुको उत्पादन कसरी गर्ने भन्नेसम्बन्धी दक्ष जनशक्तिको पनि अभाव देखिन्छ । नेपाली उद्योगबाट उत्पादित वस्तुले बजार नपाउनु, विदेशी उद्योगबाट उत्पादित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, ठुला उद्योग सञ्चालनका लागि कच्चा पदार्थ, मेसिन यन्त्र उपकरण बाहिरबाट ल्याइने हुनाले उत्पादित वस्तु महँगो हुने गरेको छ । यातायात, सञ्चार र ऊर्जाको समस्या पनि नेपाली उद्योगले भोग्नुपरेका समस्या हुन् । यस्तै किसिमका समस्याका कारणले नेपालमा उद्योगको विकास हुन नसकेको देखिन्छ ।

उद्योगको विकासका लागि राज्यले उद्योग खोल्न चाहनेलाई सहुलियत ऋण उपलब्ध गराउनुपर्छ । कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योग खोल्नमा जोड दिइनुपर्छ । उद्योगका लागि अनुकूल वातावरण भएका ठाउँमा यातायात र सञ्चारको व्यवस्था गर्नुपर्छ । देशमा प्रशस्त मात्रामा जलविद्युत् उत्पादन कार्यलाई जोड दिनुपर्छ । दक्ष उद्यमी र श्रमिकका लागि तालिमको व्यवस्था गरिनुपर्छ । नेपाली उद्योगबाट उत्पादित वस्तुलाई बजारको व्यवस्था गरिनुपर्छ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापनामा जोड दिइनुपर्छ । यसरी नै उद्योग व्यवसाय फस्टाउने किसिमका औद्योगिक नीतिको व्यवस्था गरियो भने नेपालमा उद्योगको विकास हुन सक्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कृषि कार्यअन्तर्गत कस्ता कार्य पर्छन् ?

(ख) नेपालमा कृषिको महत्त्व पाँच बुँदामा लेख्नुहोस् ।

(ग) नेपालमा कृषिको सम्भावना कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।

(घ) तपाईं भविष्यमा कुन आर्थिक क्रियाकलापमा संलग्न हुन चाहनुहुन्छ र किन ?

(ङ) उद्योगलाई कति भागमा विभाजन गरिएको छ ? ती के के हुन् ?

(च) नेपालमा उद्योगको क्षेत्रमा देखिएको समस्या र समाधानका उपाय लेख्नुहोस् ।

क्रियाकलाप ३

उद्योगलाई किन देश विकासको मूल मेरुदण्ड भनिएको हो ? छोटो अनुच्छेद लेख्नुहोस् ।

क्रियाकलाप ४

तपाईंको समुदायमा कस्ता किसिमका उद्योग सञ्चालनमा रहेका छन् ? खोजी गरी तिनले समुदायमा पारेको प्रभाव तलको तालिकामा भर्नुहोस् :

उद्योगको नाम	उद्योगले समुदायमा पारेको प्रभाव

पाठ ३ आर्थिक क्रियाकलाप सेवा र व्यापार

बटुवा र व्यवसायीबिचमा भएको कुराकानी पढ्नुहोस् र छलफल गर्नुहोस् :

बटुवा : नमस्कार साहुजी !

व्यवसायी : नमस्कार ! हजुर के सेवा गरौँ ?

बटुवा : किन साहुजी हजुरले सेवा पनि प्रदान गर्नुहुन्छ र ? म त यहाँ खाजा खान आएको हुँ त ।

व्यवसायी : हुन त हजुरले भन्न खोजेको कुरा पनि ठिकै लाग्यो मलाई ।

बटुवा : (बिचैमा कुरा काटेर)ओहो ! साहुजी मैले बढी पो बोलेँ कि के हो ? माफ पाऊँ है ।

व्यवसायी : माफ माग्नुपर्दैन, मैले यो होटल नाफा कमाउने उद्देश्यले नै खालेको हुँ, तर यहाँ हामीले विभिन्न प्रकारका ग्राहकको इच्छाअनुसारका खानेकुरा बनाएर खुवाउँछौँ । त्यस्तै खानेकुरा घरमा प्याकिङ गरेर लैजान पाउने सुविधा पनि दिएका छौँ । हाम्रो लज हो टाढा टाढाका ग्राहकका लागि बासको सुविधा पनि छ । त्यसैले के सेवा गरौँ भनेको हुँ ।

बटुवा : सेवामूलक व्यवसाय भनेको सुनेको थिएँ । ए हजुरको यो त सेवामूलक व्यवसाय नै रहेछ है साहुजी ?

व्यवसायी : हो नि बाबु यो व्यवसाय सेवामूलक र नाफामूलक दुवै हो ।

बटुवा : भनेपछि सेवा प्रदान गरेर आर्थिक आम्दानी हुने सबै व्यवसायलाई सेवामूलक आर्थिक गतिविधि भनिने रहेछ है साहुजी ?

व्यवसायी : हो नि वस्तु तथा सेवाको उत्पादन गर्ने र सेवा उपलब्ध गराउने क्षेत्र सेवा क्षेत्र हो । पर्यटन व्यवसाय, स्वास्थ्य सेवा, होटल व्यवसाय, सूचना प्रविधि, शिक्षा, यातायात, वित्तीय गतिविधि आदि सबै सेवा क्षेत्र हुन् । हाम्रो समुदायमा यस्ता सेवासम्बन्धी थुप्रै व्यवसाय सञ्चालन भएका छन् त ।

बटुवा : सेवा क्षेत्र पनि अहिले आर्थिक क्रियाकलापको महत्त्वपूर्ण अंश बनेको रहेछ है साहुजी ?

व्यवसायी : हो नि हजुर सेवा क्षेत्रले हाम्रो आर्थिक गतिविधिको लगभग आधा भाग आगटेको छ । सेवा क्षेत्रमा लाग्नका लागि हातमा सिप, क्षमता, दक्षता र उद्यमशीलताको आवश्यकता पर्छ ।

बटुवा : किन हातमा सिप, क्षमता, दक्षता र उद्यमशीलताको आवश्यकता पर्छ भन्नुभएको हो ? जसले पनि सेवामूलक व्यवसाय सञ्चालन गर्न सक्दैन र ?

व्यवसायी : सञ्चालन गरेर मात्र हुँदैन नि हजुर ? ग्राहकलाई रिजाउने अर्थात् राम्रो सेवा सत्कार सुविधा पुऱ्याउन पनि सक्नुपऱ्यो र आफ्नो व्यवसायलाई कसरी राम्रो बनाउने भन्ने सिप, क्षमता र दक्षता पनि हुनुपऱ्यो ।

बटुवा : सेवामूलक व्यवसाय सञ्चालनका लागि अरू के के गुण आवश्यक पर्छन् ? भनिदिनुहोस् न ।

व्यवसायी : काममा अनुभव हुनुपर्छ । लगनशील भएर धैर्य गरेर काम गर्न सक्ने क्षमता हुनुपर्छ । शिष्ट र नम्र बोलीवचन र व्यवहार हुनुपर्छ । उद्यमशीलताको गुण हुनुपर्छ ।

बटुवा : अहिले पछिल्लो समयमा त सेवामूलक व्यवसायले झन् धेरैलाई रोजगारी दिएका छन् होइन त ? त्यसैले होला सेवामूलक व्यवसायको महत्त्व बढ्दै गएको ।

व्यवसायी : हो नि सेवा व्यवसायमा अहिले धेरै निजी क्षेत्र संलग्न भएको पाइन्छ । निजी क्षेत्रको उद्देश्य भनेको नाफा र सेवा दुवै हुन्छ । सेवामूलक व्यवसाय सञ्चालन हुँदा सरकारी राजस्वमा वृद्धि हुन्छ । जनताले रोजगारीका अवसर पाउँछन् । स्थानीय स्रोत साधनको परिचालन हुन्छ ।

बटुवा : ल साहुजी यसो खाजा खान छिरेको थिएँ । यही मौकामा हजुरबाट सेवामूलक व्यवसायको सम्बन्धमा धेरै कुरा सिक्ने अवसर पाएँ । हजुरलाई धन्यवाद । म जान्छु पनि अब ।

व्यवसायी : भाइसँग कुराकानी गर्न पाउँदा मलाई पनि धेरै खुसी लाग्यो । हस् फेरि फेरि आउँदै गर्नुहोला नि ।

बटुवा : हस् ।

क्रियाकलाप १

तपाईंको समुदायमा सञ्चालनमा रहेका सेवामूलक आर्थिक क्रियाकलापको खोजी गर्नुहोस् र तिनीहरूले उपलब्ध गराउँदै आएका सेवा सुविधा सम्बन्धमा तल दिइएको तालिकामा लेख्नुहोस् :

आर्थिक क्रियाकलाप	उपलब्ध गराउँदै आएका सेवासुविधा

क्रियाकलाप २

पछिल्लो समयमा सेवामूलक आर्थिक क्रियाकलापमा संलग्न हुने मानिसको सङ्ख्या बढ्दै गएको देखिन्छ, किन ? उपयुक्त कारण लेख्नुहोस् ।

तल दिइएको घटना पढ्नुहोस् र छलफल गर्नुहोस् :

मेरो नाम मान बहादुर हो । म एक स्थानीय व्यापारी हुँ । म दाल, चामल, खाद्यान्नलगायतका दैनिक उपभोग्य सामानको साथै तयारी पोसाकको बिक्री वितरण गर्छु । मैले स्वदेशी र विदेशी गरी दुवै किसिमका सामान बेच्ने गरेको छु । आन्तरिक र बाह्य व्यापारकै कारणले यो सम्भव भएको हो जस्तो मलाई लाग्छ । देशभित्रै एकठाउँमा उत्पादन भएका सामान विभिन्न ठाउँमा बिक्री वितरण गरिन्छ भने त्यसलाई आन्तरिक व्यापार भनिन्छ । त्यस्तै एक देशको सिमानाभित्र मात्र सीमित नरही दुई वा दुईभन्दा बढी देशका बिचमा हुने व्यापारलाई बाह्य व्यापार भनिन्छ । यिनै आन्तरिक र बाह्य व्यापारका कारणले नै कृषि, उद्योगबाट उत्पादन भएका वस्तु देशका विभिन्न ठाउँमा बसोबास गर्ने मानिसले उपभोग गर्ने अवसर पाएका छन् । त्यस्तै हामी जस्ता व्यापारीको व्यापार पनि फस्टाएको छ । वस्तु तथा सेवा उत्पादन गर्ने उत्पादकदेखि लिएर सामान ढुबानी र बिक्री वितरण गर्ने सबैले रोजगारी पाएका छन् । हामी जनताले विभिन्न स्वदेशी तथा विदेशी वस्तुको उपभोग गर्ने अवसर पाएका छौँ । हाम्रा स्थानीय उत्पादनले बजार पाएका छन् । जस्तै हाम्रो यस गाउँपालिकामा उत्पादन भएका तरकारी, फलफूल, दुध, डोको, डालोलगायत बाँसका सामान, माटोका भाँडा, धातुका मूर्ति, गलैँचा, अचारजस्ता थुप्रै सामानले बजार पाएका छन् । यहाँ उत्पादन भएका अचार, गलैँचा, धातुका मूर्ति त विदेशमा समेत निर्यात हुने गरेका छन् । सामानको उत्पादन गर्दा अलि बढी गुणस्तरमा ध्यान दिन सकियो भने विदेश निर्यात गरी विदेशी मुद्रा समेत आर्जन गर्न सकिन्छ । अस्ति मात्र जिल्ला स्थित वाणिज्य सङ्घका प्रतिनिधि गाउँमा आउनुभएको थियो । उहाँले हाम्रा परम्परागत कला र सिपमा आधारित सामानको झन् विदेशमा माग हुन्छन् । त्यसैले तपाईंहरूले यस्ता सामग्रीको गुणस्तरीयतातर्फ पनि ध्यान पुऱ्याउनुहोस् है त भन्दै हुनुहुन्थ्यो । साँच्चै हामीले ध्यान पुऱ्याएर गर्न सक्ने हो भने त नेपालमा व्यापारको पनि प्रशस्त सम्भावना रहेको छ । कृषिजन्य खाद्यान्न तथा नगदे बाली, वनजन्य तथा जडीबुटी, परम्परागत कला र सिपमा आधारित सामान र जलविद्युत् उत्पादन क्षमता बढाएर व्यापार क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।

यति धेरै सम्भावना भएर पनि नेपालको बाह्य व्यापार घाटामा रहेको छ भनेर समाचारमा भनेको सुनिन्छ । हाम्रो देशमा बाहिरबाट आयात गरिने सामानहरू सवारीसाधनका पार्टपुर्जाहरू, पेट्रोलियम पदार्थ, तयारी पोशाकहरू, सुन चाँदी, मेशिनरी सामानहरू र विलासिताका सामान रहेका छन् । यता हाम्रो देशबाट बाहिर निर्यात गरिने सामान भने कृषिजन्य उत्पादन, जडीबुटीलगायत वनजन्य वस्तु, गलैँचा, चियालगायत अर्धप्रशोधित सामान रहेका छन् । यसरी आयात निर्यात गरिने सामानको असन्तुलनकै

कारणले व्यापार घाटा बढ्दै गएको देखिन्छ । फेरि अर्को महत्त्वपूर्ण कुरा भनेको नेपालमा उत्पादित सामानले विदेशी सामानसँग प्रतिस्पर्धा गर्न नसकेकाले पनि हाम्रो व्यापार घाटामा रहेको हो भन्न सकिन्छ ।

व्यापार पनि सेवामूलक तथा नाफामूलक महत्त्वपूर्ण आर्थिक क्रियाकलाप हो । यदि व्यापार व्यवसाय फस्टाउन सक्यो भने देशमा कृषि र उद्योग क्षेत्रको पनि विकास हुन्छ । देशमा विकास निर्माणका कामले गति पाउँछन् । उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको सजिलै आपूर्ति हुन्छ । उपभोग्य सामग्रीको सहज पहुँच हुन्छ । मानिसको आम्दानी बढेर जान्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सेवामूलक आर्थिक क्रियाकलाप भनेर कस्तो आर्थिक क्रियाकलापलाई भनिन्छ ?

(ख) व्यापार भनेको के हो ?

(ग) व्यापार नाफा कमाउने उद्देश्यले नै सञ्चालित हुन्छन् । तर व्यापारलाई नाफामूलक र सेवामूलक आर्थिक क्रियाकलापको रूपमा लिइन्छ । किन ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(घ) व्यापार कति प्रकारका हुन्छन् ? ती के के हुन् ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) व्यापार र सेवामूलक आर्थिक क्रियाकलापमा तपाईंलाई कुन चाहिँ मन पर्‍यो ? किन ? उपयुक्त कारण लेख्नुहोस् ।

(च) व्यापार तथा सेवामूलक आर्थिक क्रियाकलापका फाइदा लेख्नुहोस् ।

क्रियाकलाप ३

तपाईंको समुदायमा स्थानीय व्यापारीलाई भेट्नुहोस् र उहाँहरूको पसलमा कुन कुन सामान देशका विभिन्न भागबाट र कुन कुन सामान बाहिरी देशबाट आयात गरिएका हुन् । छुट्टाछुट्टै तालिका बनाएर लेख्नुहोस् :

स्वदेशमा उत्पादित सामग्री	विदेशमा उत्पादित सामग्री

क्रियाकलाप ४

व्यापारबाट हुने फाइदा सम्बन्धमा कुनै एउटा स्थानीय पत्रिकाका लागि समाचारको नमुना बनाउनुहोस् ।

क्रियाकलाप ५

तल तालिकामा व्यापार र सेवामूलक आर्थिक क्रियाकलापका बिचको भिन्नता दिइएको छ । यस्तै गरेर तपाईंको समुदायमा सञ्चालित व्यापार र सेवामूलक व्यवसायका बिचमा के के समानता र भिन्नता रहेका छन् छुट्याउनुहोस् :

व्यापार	सेवामूलक आर्थिक क्रियाकलाप
१. नाफा कमाउने उद्देश्यले सञ्चालन गरिन्छ ।	१. नाफा मात्र नभएर जनताको सेवा सुविधालाई पनि ध्यान दिइन्छ ।
२. सबै किसिमका व्यापारिक क्रियाकलाप सेवामूलक हुँदैनन् ।	२. सेवामूलक व्यवसाय नाफा कमाउने उद्देश्य भए तापनि सेवालाई पनि उच्च प्राथमिकता दिइएको हुन्छ ।
३. व्यापारमा घाटा हुँदा व्यवसायीले व्यवसाय छाड्न सक्छ ।	३. सेवामूलक व्यवसायमा घाटा भए तापनि धैर्यका साथ व्यवसाय सञ्चालन हुन्छन् ।
४. व्यापारमा व्यवसायी आफ्नो व्यवसायबाट हुने फाइदामा मात्र खुसी हुन्छ ।	४. सेवामूलक व्यवसायमा व्यवसायी आफूले प्रदान गरेको सेवाबाट पनि खुसी र सन्तुष्टि हुन सक्छ ।

पाठ ४ राष्ट्रको गौरव र पहिचान : हाम्रो पर्यटन

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :



मेरो नाम लाक्पा शेर्पा हो । म एक पर्यटन व्यवसायी र पथप्रदर्शक पनि हुँ । म सानै छँदादेखि नै पथप्रदर्शक बनेर पर्यटकलाई घुमाउँछु भन्ने रहर थियो । त्यसैअनुसार नै मैले पथप्रदर्शकको तालिम लिएँ। म अहिले स्वदेशी र विदेशी दुवै किसिमका पर्यटकलाई घुमाउँछु । यसरी विभिन्न उद्देश्य लिएर एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने मानिसलाई पर्यटक भनिन्छ । पर्यटक ऐतिहासिक, धार्मिक वा अन्य उद्देश्यले विभिन्न स्थानमा घुम्न जानुलाई पर्यटन भनिन्छ । एक देशको एक ठाउँबाट अन्य ठाउँमा विभिन्न उद्देश्यका साथ घुम्न जाने मानिसलाई आन्तरिक पर्यटक भनिन्छ । एक देशबाट अन्य देशहरूमा विभिन्न उद्देश्यका साथ घुम्न जाने मानिसलाई बाह्य पर्यटक भनिन्छ । हामी पर्यटन व्यवसायीको काम भनेको पर्यटकलाई पथप्रदर्शन गर्ने, खाने, बस्ने सेवा सुविधा प्रदान गर्ने र होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी आदिका माध्यमबाट पर्यटकलाई सेवा सुविधा प्रदान गर्नु हो । यसरी पर्यटकलाई उनीहरूका इच्छाअनुसार सेवा सुविधा प्रदान गरिने हुनाले पर्यटन व्यवसायलाई पनि सेवामूलक व्यवसाय भनिन्छ ।

नेपाल विश्वमा नै पर्यटकीय गन्तव्यको मुख्य स्थानको रूपमा चिरपरिचित छ। नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको र यसैको माध्यमबाट देशको राष्ट्रिय आम्दानीमा वृद्धि गर्न सकिने भएकाले पर्यटन व्यवसायको महत्त्वपूर्ण स्थान रहेको छ । पर्यटन व्यवसायको सञ्चालनबाट प्रशस्त मात्रामा रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । यदि पर्यटकको आगमनमा वृद्धि गर्न सकियो भने प्रशस्त मात्रामा विदेशी मुद्रा आर्जन हुन्छ । नयाँ नयाँ ठाउँलाई पर्यटकीय गन्तव्यको क्षेत्रको रूपमा विकास गर्नका लागि विद्युत्, सडक, सञ्चारलगायतका विकासका पूर्वाधारको विकासमा मदत पुग्छ । हाम्रा परम्परागत हस्तकला, चित्रकला, मूर्तिकला आदि उद्योग व्यवसाय पनि फस्टाउँछन् किनभने विदेशी पर्यटकले नेपाली परम्परागत कला संस्कृति

झल्कने मौलिक वस्तु अत्यन्त रुचाउँछन् । हाम्रा विभिन्न जातिजातिका परम्परागत पोसाक र चाडपर्व भनेपछि त विदेशी पर्यटक हुरुक्कै हुन्छन् । मैले विदेशी पर्यटकलाई सोलुखुम्बु घुमाउन लगेका बेलामा शेर्पाहरूको बक्खु, दोचा लगाएर कति खुसी हुँदै नाचेका थिए ।

हाम्रो देश नेपाल पर्यटकीय दृष्टिकोणले अत्यन्त सम्भावना बोकेको देश हो । त्यसैले मैले यो पेसा रोजेको हुँ । यहाँ पर्यटकलाई अत्यन्तै मन पर्ने साहसिक पर्यटनको समेत सम्भावना रहेको छ । साहसिक पर्यटन भनेको आँट साहसका साथ गरिने पर्यटन हो । बन्जिजम्पिङ, प्याराग्लाइडिङ, च्याफ्टिङ, ट्रेकिङ, रकक्लाइम्बिङ आदिको सम्भावना नेपालमा रहेको छ । नेपालमा विश्वकै सर्वोच्च शिखर सगरमाथालगायत थुप्रै हिमाल रहेका छन् । जुन पर्यटकका लागि विशेष आकर्षणको केन्द्र बनेको छ । मैले धेरै जसो विदेशी पर्यटकलाई हिमाल आरोहणमा लैजाने गरेको छु । त्यस्तै सांस्कृतिक विविधता र जीवनशैलीले नेपाललाई विश्वको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनाएको छ । साँच्ची नै विदेशी पर्यटकको हाम्रा सांस्कृतिक विविधता र जीवनशैलीप्रति निकै आकर्षण रहेको पाइन्छ । नेपालमा प्रशस्त मात्रामा ऐतिहासिक र धार्मिक स्थल रहेका छन् । यी ऐतिहासिक र धार्मिक स्थलको अवलोकन भ्रमण गर्न त स्वदेशी तथा विदेशी दुवै किसिमका पर्यटक जाने गरेका छन् । नेपालमा धेरै किसिमका प्राकृतिक सम्पदा रहेका छन् । जस्तै हाम्रो हरियाली वनजङ्गल, हिमाल, पाखापर्वत, नदी, तालतलैया, हिमनदी, झरनालगायतका प्राकृतिक सौन्दर्यले त पर्यटकलाई मोहनी नै लगाएको छ कि भन्ने महसुस मैले गरेको छु । हाम्रो देशमा रहेको शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीलगायत अन्य पर्यटकीय स्थल पनि पर्यटक आकर्षणका केन्द्र हुन् । त्यस्तै हामी नेपालीको सद्भावपूर्ण व्यवहार र सत्कारले पनि पर्यटकलाई आकर्षण गरेको छ । मैले पर्यटन व्यवसाय सञ्चालन गर्दै आएको अनुभवअनुसार नेपालमा धेरै जसो पर्यटक मनोरञ्जनका लागि, तीर्थ यात्रा, पर्वतारोहण, पदयात्रा र हाम्रा परम्परागत कला संस्कृतिको अवलोकन तथा अनुसन्धानका लागि आउने गरेको पाएँ ।

नेपाल पर्यटकीय दृष्टिकोणबाट अत्यन्त सम्भावना बोकेको देश भए तापनि यस क्षेत्रको विकास सोचेअनुसार हुन सकेको छैन । पर्यटकलाई धेरै जसो दुर्गम र पिछडिएका ठाउँमा रहेका बस्ती मन पर्छ तर त्यस्ता ठाउँमा अझै पनि यातायात र सञ्चारको विकास हुन सकेको छैन । पर्यटकका लागि मनोरञ्जनको व्यवस्थामा पनि कमी देखिन्छ । मैले घुमाउन लैजाँदा पनि उनीहरूले नेपालको वातावरण प्रदूषणको चिन्ता गरेको पाउँछु । यहाँ पर्यटकका लागि राम्रो सुरक्षा व्यवस्थाको पनि अभाव रहेको छ । कहिले पर्यटक लुटिएका, हराएका जस्ता घटना बेलाबेलामा सुनिने गरेका छन् । पर्यटन व्यवसाय सञ्चालन गर्नेलाई आवश्यक ज्ञान, सिप र क्षमता प्रदान गर्ने किसिमका तालिमको पनि कमी भएको हो कि भन्ने मलाई लाग्छ ।

मेरो विचारमा यसरी नेपालमा पर्यटन क्षेत्रको विकासमा देखिएका समस्याको समाधानका लागि हवाई तथा स्थल यातायातलाई भर पर्दो बनाउनुपर्छ । पर्यटन क्षेत्रमा हाल भएको भन्दा धेरै लगानी बढाउनुपर्छ । पर्यटकलाई नेपालमा प्रवेश गरिसकेपछि म नेपाल सरकारको निगरानीमा छु र सुरक्षित छु भन्ने ढुक्क बनाउन सक्नुपर्छ । फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरिनुपर्छ । नयाँ नयाँ ठाउँको खोजी गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनुपर्छ । यसरी नेपाल पर्यटनका लागि महत्त्वपूर्ण गन्तव्यको क्षेत्र बन्न सक्ने भएकाले राज्य र निजी क्षेत्रको समेत सहयोगमा पर्यटन क्षेत्रको विकास गर्नुपर्ने देखिन्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पर्यटन भनेको के हो ?

(ख) पर्यटक भनेर कसलाई भनिन्छ ? पर्यटक कति प्रकारका हुन्छन् ?

(ग) साहसिक पर्यटन भनेको के हो ? नेपालमा कस्ता साहसिक पर्यटनको सम्भावना रहेको छ ? सूची बनाउनुहोस् ।

(घ) नेपालमा पर्यटनको महत्त्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ङ) नेपालमा पर्यटनको सम्भावना सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

(च) नेपालमा पर्यटन क्षेत्रको विकासमा देखिएका समस्या र समाधानका उपाय उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

सुन्दर पर्यटकीय क्षेत्र बन्दिपुर नेपालको गण्डकी प्रदेशको तनहुँ जिल्लामा रहेको बन्दिपुर पर्यटकीय क्षेत्रको नामले प्रचार भएको छ । पर्यटकीय क्षेत्रको रूपमा विकास भएपछि त्यहाँका मानिसको जीवनस्तर फेरिएको छ । उकालो बाटो र डाँडा छिचोल्दै अहिले त्यहाँ दैनिक सयौँ आन्तरिक र बाह्य

पर्यटक पुग्ने गरेका छन् । मौलिक खानेकुरा खान र स्थानीय नाचमा रम्न पाउँदा पर्यटकको खुसीको सीमा नै हुँदैन । त्यहाँका मानिसले आफ्नो आम्दानी बढाउन र पर्यटकको आगमन बढाउन होमस्टे सञ्चालन गरेका छन् । त्यहाँबाट देखिने हिमशृङ्खलाको अवलोकन, खड्ग देवीको दर्शन, स्थानीयको आत्मीय व्यवहारले पर्यटकलाई लोभ्याउँछ । त्यति मात्र नभएर नेपालकै सबैभन्दा ठुलो सिद्ध गुफा र सुन्तला खेतीले पनि बन्दिपुरको आकर्षण बढाएको छ ।

तपाईंको जिल्लामा रहेको कुनै पर्यटकीय क्षेत्रको भ्रमण गर्नुहोस् र त्यस ठाउँको बारेमा माथि उल्लेख गरिए जस्तै एक अनुच्छेद लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईं घुम्न जानुभएको, तपाईंलाई अत्यन्त मन परेको तर पर्यटकीय क्षेत्रको रूपमा खासै प्रचार प्रसार हुन नसकेको कुनै ठाउँको प्रचार प्रसारका लागि तल दिइएजस्तै ढाँचामा सूचना बनाउनुहोस् ।

सूचना ! सूचना !! सूचना

आउनुहोस् !! आउनुहोस् !! आउनुहोस्

बाग्मती गाउँपालिकाको रामेछाप जिल्लाको थाङ्पाल गाउँपालिकामा पर्ने पाँचपोखरी सुन्दर पर्यटकीय क्षेत्र हो । यहाँ हरेक वर्ष जनैपूर्णिमामा मेला पनि लाग्ने गरेको छ । यो पोखरी समुद्र सतहबाट ४,५१४ मिटर उचाइमा रहेको छ । यो ठाउँ अत्यन्त रमणीय र सुन्दर छ । ट्रेकिङका लागि उपयुक्त गन्तव्य स्थल भएकाले फुर्सदको समयमा ट्रेकिङबाट भरपुर मनोरञ्जन लिनुहोस् र यहाँको मनोरम प्राकृतिक छटाबाट आनन्द लिनुहोस् ।

क्रियाकलाप ३

तपाईंको जिल्लामा कुनै ठाउँलाई पर्यटकीय गन्तव्यको क्षेत्रको रूपमा विकसित गर्नका लागि कसले के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी तल दिइएको तालिकामा भर्नुहोस् :

नागरिक	स्थानीय तह
१. प्रचार प्रसार गर्ने	१. बजेटको व्यवस्थापन गर्ने
२.	२.
३.	३.
४.	४.
५.	५.

क्रियाकलाप ४

तपाईँको सानोमा सँगै खेलेको मिल्ने साथी हाल बसाइँसराइ गरेर अन्तै बस्छन् । उनी लामो समयपछि तपाईँ भएको ठाउँमा आउँदै छन् । उनलाई आफ्नो ठाउँ घुमाउनका लागि तीन दिनको भ्रमण योजना बनाउनुहोस् :

भ्रमण योजनाको नमुना

म नेपालको राजधानी काठमाडौँमा बस्छु । मेरो साथीलाई काठमाडौँ घुमाउनका लागि तीन दिने भ्रमण योजना यसप्रकार रहेको छ :

पहिलो दिन : बिहान पशुपतिनाथको दर्शन गर्न जाने, त्यसपछि अन्तर्राष्ट्रिय विमानस्थल हेर्न जाने र बौद्ध, जोरपाटी क्षेत्र घुमेर घर फर्कने

दोस्रो दिन : भक्तपुर दरबार क्षेत्र र चाँगुनारायण मन्दिर घुमेर घर फर्कने

तेस्रो दिन : पाटन दरबार क्षेत्र, वसन्तपुर दरबार क्षेत्र घुम्ने र बेलुका न्युरोडमा खाजा खाएर घर फर्कने

पाठ ५ उपभोक्ता अधिकार

तल दिइएको संवाद पढ्नुहोस् र छलफल गर्नुहोस् :

ग्राहक : नमस्कार साहुजी !

साहुजी : नमस्कार !

ग्राहक : मलाई गहुँको पिठो दिनुहोस् न !

साहुजी : ल लिनुहोस् ।

ग्राहक : राम्रो त छ नि साहुजी ?

साहुजी : त्यसमा त तपाईंले कुनै शङ्कै मान्नुपर्दैन । एकदम राम्रो छ ।

ग्राहक : (उत्पादन मिति र म्याद सकिने मिति हेर्दै) साहुजी ! यो त म्याद सकिएको रहेछ ? यस्तो म्याद सकिएको सामान पनि बेच्ने ?

साहुजी : होइन होला । मैले अस्ति भर्खर त ल्याएको हुँ ।

ग्राहक : आफैँ हेर्नुहोस् न देखिहालिन्छ नि ।

साहुजी : खै खै दिनुहोस् त हेरौँ ?

ग्राहक : ल लिनुहोस् ।

साहुजी : ए हो रहेछ । माफ पाउँ है । पहिलेको बाँकी सामान पनि त्यहीँ परेछ । ल अर्को म्याद नसकिएको लिनुहोस् ।

ग्राहक : यसरी म्याद सकिएको सामान पनि बेच्न राख्ने ? म्याद सकिएको सामान बेचेको पाइयो भने त उजुरी दिन पाइन्छ नि साहुजी । फेरि कानुनी सजाय भोग्नुपर्ला नि ?

साहुजी : फेरि पनि माफ पाऊँ हजुर, मबाट अब फेरि यस्तो गल्ती कहिल्यै पनि हुने छैन । अबदेखि उपयोग्य सामान मात्र बेच्ने छु ।

(क) माथि दिइएको संवाद पढेर के शिक्षा पाउनुभयो ?

वस्तु तथा सेवा खरिद गरेर उपभोग गर्ने मानिसलाई उपभोक्ता भनिन्छ । हामी सबै उपभोक्ता

हौं । वस्तु उत्पादन कर्ता पनि उपभोक्ता नै हुन् किनभने कुनै एउटा वस्तुको ऊ उत्पादनकर्ता भए तापनि उसले प्रयोग गर्ने वस्तु त धेरै थरीका हुन्छन् । त्यसैले अन्य वस्तुका लागि ऊ पनि उपभोक्ता नै हुन्छ । उपयोग्य वस्तु तथा सेवा उपयोग गर्ने सर्वसाधारण व्यक्ति वा संस्था सबै उपभोक्ता हुन् । गुणस्तरीय वस्तु वा सामान खरिद गर्न पाउनु हामी उपभोक्ताको अधिकार हो किनभने गुणस्तरीय वस्तु तथा सेवाले हाम्रो स्वास्थ्यलाई कुनै किसिमको हानि नोक्सानी गर्दैन । गुणस्तरीय वस्तु के हो ? गुणस्तरीय वस्तु पहिचानका आधार के के हुन् ? भन्ने सम्बन्धमा तल दिइएको अनुच्छेदबाट जानकारी लिन सक्ने छौं :

अनुच्छेद पढ्नुहोस् र छलफल गर्नुहोस् :

करुणा थापा आफ्नी हजुरआमाका लागि औषधी किन्न जानुभयो । औषधी पसलेले औषधी दिइसकेपछि उहाँले ओल्टाइपल्टाइ गरेर हेर्न थाल्नुभयो । उहाँको यो उत्सुकता देखेर पसलेले जिज्ञासा राख्नुभयो, "नानु यो औषधीलाई तपाईंले किन यति धेरै ओल्टाइपल्टाइ गर्नुभयो ?"

करुणाले भन्नुभयो, "काका हामीले कुनै पनि सामान वा खाद्यान्न किन्दा उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर, वस्तु उत्पादन गर्ने तरिका र वस्तु उपभोग गर्दा हुने प्रभाव, वस्तु कहिले बनेको हो ? कहिलेसम्म उपयोग गरिसक्नुपर्ने हो ? यी वस्तु बनाउन के के मिश्रण भएको छ ? सरकारले गुणस्तर निर्धारण गरेको वस्तु हो कि होइन ? आदि जस्ता विषयमा प्रस्ट हुनुपर्छ नि ? यो त हाम्रो उपभोक्ताको अधिकार हो ।"

करुणाले औषधी पसलेलाई अझ थप कुरा राख्दै भन्नुभयो, "काका, हजुरले पनि म्याद सकिएका, स्वास्थ्यमा नकारात्मक असर पर्ने खालका औषधी नबेच्नुहोला है !" करुणाको कुरा सुनेर पसले छक्क पर्नुभयो । खुसी पनि हुनुभयो र भन्नुभयो, "हो नानु,

हामी सबै जना सचेत भए उपभोक्ताको अधिकार संरक्षण गर्न सकिन्छ । अनि नानु तपाईंले यो वस्तु गुणस्तरीय वस्तु हो कि होइन भनेर कसरी छुट्याउनुहुन्छ त ?" भन्ने प्रश्नको जवाफमा करुणाले भन्नुभयो, "काका हाम्रो स्वास्थ्यमा प्रतिकूल असर वा हानि नोक्सानी नपुऱ्याउने उपयोग्य वस्तु नै गुणस्तरीय वस्तु हुन् । गुणस्तरीय वस्तुमा वस्तुको उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डारण विधि, उत्पादन मिति, उपयोग गर्ने तरिका प्रस्ट रूपमा उल्लेख गरिएको हुन्छ । त्यस्तै वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तुको उपभोग गरेबाट हुन सक्ने प्रभाव समेत उल्लेख गरिएको हुन्छ । त्यसैले हरेक उत्पादकले वस्तु उत्पादन गर्दा गुणस्तरमा कुनै किसिमको ह्रास नआउने गरी सुरक्षात्मक उपाय अपनाई सञ्चय वा भण्डारण गरेर राख्ने व्यवस्था मिलाउनुपर्छ ।" पसलेले करुणासँग खुसी हुँदै धन्यवाद दिनुभयो र औषधीको पैसा कटाउनुभयो ।

माथि दिइएको अनुच्छेद पढ्नुहोस् र निम्न प्रश्नको उत्तर खोज्नुहोस् :

(क) गुणस्तरीय वस्तु भनेको के हो ?

(ख) गुणस्तरीय वस्तु पहिचानका आधार के के हुन् ?

(ग) सचेत उपभोक्ता भनेको के हो ?

(घ) सचेत उपभोक्ताले के के गर्नुपर्छ ?

उपभोक्ता अधिकार र हित संरक्षणको सम्बन्धमा भएका कानुनी व्यवस्था

उपभोग्य वस्तुमा उपभोक्ताको सहजै पहुँच हुने अधिकारलाई उपभोक्ताको अधिकार भनिन्छ । हामी उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपयोग गर्ने हक कानुनले नै प्रदान गरेको छ । नेपालको संविधानको धारा ४४ मा मौलिक हकको रूपमा उपभोक्ता हकको व्यवस्था गरिएको छ । जसमा "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ । गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था रहेको छ ।" उपभोक्ता हकहितसम्बन्धी कानुन सबैभन्दा पहिले संयुक्त राज्य अमेरिकामा सन् १९६२ मार्च १५ मा लागु गरिएको थियो । त्यसैले हरेक वर्ष मार्च १५ को दिनमा अन्तर्राष्ट्रिय उपभोक्ता दिवस मनाइन्छ । संयुक्त राष्ट्रसङ्घबाट पारित उपभोक्ता संरक्षण अनुबन्ध १९८५ र नेपालमा जारी गरिएको उपभोक्ता संरक्षण ऐन २०७५ ले वस्तु तथा सेवा खरिद गरी उपभोग गर्नका लागि विभिन्न अधिकार प्रदान गरेका छन् :

१. प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवाको छनोट गर्न पाउने अधिकार

२. वस्तुको मूल्य, परिमाण, सम्मिश्रण, शुद्धता, गुणस्तर आदिका बारेमा जानकारी पाउने अधिकार

३. जिउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुने अधिकार

४. कुनै वस्तु वा सेवाको प्रयोगबाट हानि नोक्सानी भएमा क्षतिपूर्ति पाउने अधिकार

५. उपभोक्ताको हकहित संरक्षणका लागि उपयुक्त निकायबाट सुनुवाइ हुने कुरामा विश्वस्त हुने अधिकार

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) उपभोक्ता अधिकार भनेको के हो ?

(ख) कस्तो उपभोक्तालाई सचेत उपभोक्ता भनिन्छ ?

(ग) गुणस्तरीय वस्तु भनेर कस्तो वस्तुलाई भनिन्छ ?

(घ) गुणस्तरीय वस्तु पहिचानका आधार उल्लेख गर्नुहोस् ।

(ङ) उपभोक्ता अधिकारअन्तर्गत कुन कुन अधिकार पर्छन् ? सूची बनाउनुहोस् ।

(च) तपाईंको परिवारले कसरी आफ्नो उपभोक्ता अधिकारको पालना गर्नुभएको छ ?

क्रियाकलाप १

उपभोक्तालाई आफ्नो अधिकारप्रति सचेत गराउन के के गर्नुपर्ला ? परिवार वा समुदायमा रहनुभएका जानकार व्यक्तिसँग सोधखोज गरी सूची बनाउनुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायमा भएको कुनै एक पसलमा गई त्यहाँ भएका वस्तुमध्य कुनै एउटा वस्तुको छनोट गर्नुहोस् र उक्त वस्तु गुणस्तरीय वस्तु हो वा होइन ? उक्त वस्तुमा गुणस्तरीय वस्तुका आधार के के छन् ? टिपोट गर्नुहोस् ।

क्रियाकलाप ३

आआफ्नो परिवार, समुदाय, छरछिमेकका व्यक्तिमा उपभोक्ता अधिकार सम्बन्धमा के के जानकारी रहेछ ? सोधखोज गरी प्राप्त निष्कर्षलाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

क्रियाकलाप ४

म्याद गुज्रिएको सामानको प्रयोग गर्दा के पो हुन्छ र ? म्याद गुज्रिएकै कारणले सस्तोमा सामान किन्न पाइएको छ । म त म्याद गुज्रिएको भए पनि यही सामान नै खरिद गर्छु भन्ने तपाईंको छिमेकीलाई कस्तो सल्लाह दिनुहुन्छ ?

क्रियाकलाप ५

उपभोक्ता अधिकार सम्बन्धमा तल दिइएजस्तै एक सचेतनामूलक सन्देश बनाउनुहोस् ।

सचेत उपभोक्ताको कर्तव्य पालना गरौं । सामान रोजेर र छनोट गरेर मात्र खरिद गर्ने बानी गरौं ।

पाठ ६ सरकारी आय तथा व्यय

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

सरकारी आय

जसरी हामी नागरिकले जीवन चलाउनका लागि आय आर्जनका विभिन्न क्रियाकलाप गर्नुपर्छ । त्यसरी नै राज्यले पनि जनताको हक, हित, भलाइ र कल्याणका लागि विभिन्न काम गर्नुपर्ने हुन्छ । देशमा शान्ति सुव्यवस्था र अमनचयन कायम गराउने पनि राज्यको मुख्य दायित्वभित्र नै पर्छ । यसका लागि राज्यले प्रहरी र सेनाको व्यवस्थापन गर्छ । त्यस्तै जनताका सेवा सुविधाका लागि विभिन्न विकास निर्माणका कार्य गनुपर्ने हुन्छ । जस्तै बाटोघाटो निर्माण गर्ने, खानेपानी उपलब्ध गराउने, अड्डा अदालतको व्यवस्थापन गर्ने, विद्युत् वितरण गर्ने, सञ्चार सेवा उपलब्ध गराउनेजस्ता काम गर्छ । त्यस्तै गरी दैनिक प्रशासनिक कार्य सञ्चालन, सरकारी कर्मचारीलाई तलब भत्तालगायत सामाजिक सुरक्षा भत्ता खुवाउने दायित्व पनि राज्यको नै हो । जसरी हामी नागरिकलाई घर चलाउन र आफ्ना आवश्यकता पूरा गर्नका लागि खर्चको आवश्यकता पर्छ । त्यस्तै गरी राज्यले पनि हामी नागरिकका लागि यति धेरै काम गर्नका लागि खर्चको आवश्यकता पर्छ । हामी नागरिकले त विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गरेर खर्चको व्यवस्थापन गछौँ तर राज्यले आफूलाई चाहिने खर्च कहाँबाट ल्याउँछ होला भन्ने तपाईंलाई लागेको होला होइन त ? राज्यको पनि हामी नागरिकको जस्तै विभिन्न आम्दानीका स्रोत हुन्छन् । सरकारी आम्दानीका स्रोत तीन प्रकारका छन् :



१. कर राजस्व

सरकारी आयको प्रमुख स्रोत कर राजस्व हो । कर भनेको जनताले प्रत्यक्ष लाभको आशा नगरिकन राज्यलाई अनिवार्य रूपमा तिर्नुपर्ने रकम हो । तपाईंको घरमा राज्यलाई कर बुझाउने गरेको छ कि छैन ? छ भने कुन कुन शीर्षकमा बुझाउने गर्नुभएको छ ? हो हामीले

आफ्नो घर जग्गा जमिनको, सम्पत्ति आर्जन गरेबापत, हाम्रो आम्दानीको, व्यापार व्यवसाय सञ्चालन गरेबापत राज्यलाई कर तिरिरहेका हुन्छौँ । यसरी हामी नागरिकले राज्यलाई विभिन्न शीर्षकमा बुझाएका रकम नै कर राजस्व हुन् । नेपाल सरकारले आफ्नो आम्दानीको लगभग ८० प्रतिशत आम्दानी कर राजस्वबाट नै गर्छ ।

२. गैरकर राजस्व

सरकारी आम्दानीको अर्को महत्त्वपूर्ण स्रोत गैरकर राजस्व पनि हो । गैरकर राजस्व भनेको सरकारले कर राजस्वबाहेकका अन्य स्रोतबाट प्राप्त गर्ने आम्दानी हो । तपाईँलाई कर राजस्वबाहेकका पनि सरकारका आम्दानी हुन्छन् र ? भन्ने लागेको होला है ? हो कर राजस्वबाहेकका सरकारको आम्दानी भनेको कुनै पनि व्यक्ति वा संस्थाले देशको प्रचलित कानुनको उल्लङ्घन गरेबापत सरकारलाई तिर्नुपर्ने रकम जसलाई दण्ड जरिवाना भनिन्छ । त्यस्तै सरकारले निजी सङ्घसंस्थाको कम्पनी दर्ता गर्दा शुल्क लिन्छ । राष्ट्रिय निकुञ्ज भ्रमण गर्दा, पर्वतारोहण गर्दा, चिडियाखाना म्युजियम आदिको भ्रमण गर्दा शुल्क तिर्नुपर्छ र सवारी साधन चलाउनका लागि अनुमति पत्र प्रदान गर्दा पनि शुल्क लिन्छ । यी सबै नै गैरकर राजस्व हुन् ।

३. वैदेशिक अनुदान

हाम्रो नेपाल जस्तो विकासोन्मुख देशलाई विकसित देशले फिर्ता गर्न नपर्ने गरेर सहयोग गरिरहेका हुन्छन् । यिनै सहयोगलाई नै वैदेशिक अनुदान भनिन्छ ।

सरकारी खर्च

राज्यले जनताको हित अभिवृद्धि र कल्याणका लागि काम गर्नुपर्छ । देशमा शान्ति सुरक्षा कायम गर्ने दायित्व पनि राज्यको हो भन्ने त हामीले सुनिरहेकै हुन्छौँ । राज्यले यसरी आफ्ना नागरिकका लागि विभिन्न कार्य गर्नुको मुख्य उद्देश्य भनेको राज्यको ढुकुटीमा भएको रकम आफ्ना नागरिकलाई न्यायोचित ढङ्गले बाँडफाँट गर्नु हो र नागरिकलाई सेवा सुविधा र सुरक्षा प्रदान गर्नु पनि हो । यसका लागि राज्यले विभिन्न शीर्षकमा खर्च गर्ने गर्छ । राज्यले विकास निर्माण, दैनिक प्रशासनिक कार्य, शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, विद्युत्, सञ्चार आदिमा खर्च गर्छ । त्यस्तै देशमा सुरक्षा व्यवस्था मिलाउन, शुसासन कायम गर्नका लागि पनि खर्च गर्छ । यसरी राज्यले देश र जनताका लागि विभिन्न शीर्षकमा गर्ने खर्चलाई नै सरकारी खर्च भनिन्छ ।

सरकारी खर्चलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ :

शान्ति सुरक्षा	विकास निर्माण	सामाजिक सुरक्षा	प्रशासनिक कार्य
सेना तथा प्रहरीको व्यवस्थापन	शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, विद्युत्, सञ्चारलगायतका आयोजना र परियोजनामा गरिने खर्च	ज्येष्ठ नागरिक भत्ता, दिवा खाजा, एकल महिला भत्ता, छात्रवृत्ति, अपाङ्गता भएका व्यक्ति आदिलाई उपलब्ध गराइने भत्ता	दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि र सरकारी कर्मचारीलाई सेवा सुविधा प्रदानका लागि गरिने खर्च

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सरकारी आम्दानीका स्रोत के के हुन् ?

(ख) कर भनेको के हो ?

(ग) सरकारी खर्चको उद्देश्य के हो ?

(घ) सरकारले कुन कुन शीर्षकमा खर्च गर्छ ? सरकारी खर्चका प्रकारको व्याख्या गर्नुहोस् ।

(ङ) सरकारी आय भनेको के हो ? सरकारी आयका स्रोतको छोटकरीमा व्याख्या गर्नुहोस् ।

क्रियाकलाप १

तपाईंको घरबाट कुन कुन शीर्षकमा कर बुझाउने गर्नुभएको छ । सोधखोज गरेर लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायमा सरकारले के के कामका लागि खर्च गरेको छ ? सोधखोज गरी लेख्नुहोस् ।

क्रियाकलाप ३

कर तिर्नु हामी नागरिकको दायित्व हो भन्ने शीर्षकमा दुई साथीबिचको संवाद बनाउनुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) हाम्रो समाजमा सञ्चालित विभिन्न किसिमका आम्दानीका माध्यम र स्रोतलाई नै .....भनिन्छ । (आर्थिक क्रियाकलाप, रोजगारी)

(ख) जनताले प्रत्यक्ष लाभको आशा नगरिकन राज्यलाई अनिवार्य रूपमा तिर्नुपर्ने रकम .....हो । (कर, आम्दानी)

(ग) उपभोग्य वस्तुमा उपभोक्ताको सहजै पहुँच हुने .....लाई उपभोक्ताको अधिकार भनिन्छ । (अधिकार, कर्तव्य)

(घ) वस्तु तथा सेवा खरिद गरेर उपभोग गर्ने मानिसलाई .....भनिन्छ । (उपभोक्ता, नागरिक)

(ङ) एक देशको एक ठाउँबाट अन्य ठाउँमा विभिन्न उद्देश्यका साथ घुम्न जाने मानिसलाई .....भनिन्छ । (आन्तरिक पर्यटक, बाह्य पर्यटक)

(च) श्रम, सिप र स्रोत साधनको प्रयोग गरी सानो तथा ठुलो परिमाणमा वस्तु तथा सेवा उत्पादन गर्नुलाई .....भनिन्छ । (उद्योग, कृषि)

(छ) देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी हिस्सा .....क्षेत्रले नै ओगटेको छ । (कृषि, उद्योग)

(ज) हरेक वर्ष .....को दिनमा अन्तर्राष्ट्रिय उपभोक्ता दिवस मनाइन्छ । (मार्च १५, अप्रिल १५)

(झ) नेपालको संविधानको .....मा मौलिक हकको रूपमा उपभोक्ता हकको व्यवस्था गरिएको छ । (धारा ४४, धारा ४६)

(ञ) सेवा प्रदान गरेर आर्थिक आम्दानी हुने सबै व्यवसायलाई .....व्यवसाय भनिन्छ । (सेवामूलक, नाफामूलक)

(त) सरकारले कर राजस्व बाहेकका अन्य स्रोतबाट प्राप्त गर्ने आम्दानीलाई .....राजस्व भनिन्छ । (गैरकर राजस्व, वैदेशिक अनुदान)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) आर्थिक क्रियाकलापका स्रोतको सूची बनाउनुहोस् ।

(ख) नेपालमा उद्योगको महत्त्व लेख्नुहोस् ।

(ग) सरकारी आम्दानीका स्रोत लेखी प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(घ) नेपालमा पर्यटनको सम्भावना लेख्नुहोस् ।

(ङ) उपभोक्ता संरक्षण ऐन, २०७५ ले व्यवस्था गरेका उपभोक्ताका अधिकारको सूची बनाउनुहोस् ।

(च) व्यापार र सेवामूलक व्यवसायका बिचमा फरक छुट्याउनुहोस् ।

(छ) सरकारी खर्चको महत्त्व लेख्नुहोस् ।

एकाइ ७ : हाम्रो पृथ्वी

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- पृथ्वीको दैनिक र वार्षिक गति वर्णन गर्न र प्रभाव विश्लेषण गर्न
- धरातलीय स्वरूपमा परिवर्तन ल्याउने तत्त्व उल्लेख गर्न
- भौगोलिक स्वरूपअनुसार नेपालका हावापानी, नदिनाला र वनस्पति र मानव जीवनबिचको सम्बन्ध उल्लेख गर्न
- आफ्नो गाउँपालिका तथा नगरपालिकाको नक्सामा विभिन्न तथ्य राखी निर्माण गर्न





पाठ १ पृथ्वीको उत्पत्ति

पृथ्वीको उत्पत्तिसम्बन्धी कथा अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

रजिनाले हजुरबुबालाई पृथ्वी कसरी उत्पत्ति भयो, यो कस्तो आकारको हुन्छ ? आदि प्रश्न गर्दै हैरान पार्न थालिन् । उनको हठलाई टार्न नसकी हजुरबाले पृथ्वीको उत्पत्तिसम्बन्धी कथा सुनाउन थाल्नुभयो । रजिना उहाँको काखमा बसेर कथा सुन्न थालिन् । हजुरबाले कथा सुरु गर्नुभयो ।

पृथ्वी एउटा ग्रह हो । हाल हामी बसेको पृथ्वी अहिलेको जस्तो अवस्थामा थिएन । यो विभिन्न समयमा विभिन्न अवस्था पार गर्दै अहिलेको अवस्थामा आइपुगेको हो । यसको उत्पत्ति सम्बन्धमा विद्वान्का विभिन्न मत पाइन्छ । सूर्यको केही अंश चोइटिएर पृथ्वीको उत्पत्ति भएको एकथरीको मत छ भने हाम्रा धार्मिक ग्रन्थमा मधु र कैटभको रगत, मासु र हाडले पृथ्वी बनेको भन्ने मत पनि छ । पहिलो मतमा धेरै वैज्ञानिक तथ्य र विश्वसनीयता रहेको छ । सो मतअनुसार सूर्यबाट पृथ्वी चोइटिँदा सुरुमा धेरै तातो थियो । पछि बिस्तारै सेलाउँदै जाँदा खुम्चिएर यसको केही भाग अग्लो र केही भाग होचो बन्यो । तापक्रम घटेसँगै घनघोर वर्षा भयो । ठुला खाडलमा पानी भरिएर समुद्र वा महासागर बने । माथि उठेका भाग महाद्वीप बने । यो आजको कुरा होइन नानी । पृथ्वीको उत्पत्ति करिब ४.५ अरब वर्ष पहिले भएको अनुमान गरिएको छ । पृथ्वीको कुल क्षेत्रफल करिब ५० करोड ९७ लाख वर्ग किलोमिटर छ । पृथ्वीमा जमिनको भाग करिब २९ प्रतिशत र पानीको भाग करिब ७१ प्रतिशत रहेको छ । उहाँले ग्लोबमा भूमध्ये रेखालाई देखाउँदै यो पृथ्वीको भूमध्यरेखीय व्यास हो जुन १२,७५३.३ किलोमिटर रहेको छ ।

बिचमा रजिनाको जिज्ञासा थियो । यो पृथ्वी भकुन्डो जस्तै गोलो छ हजुरबुबा ?

हजुरबुबाले बताउँदै जानुभयो ।

"होइन नि, उहाँले नातिनीलाई टेबुलमा राखिएको ग्लोब देखाउँदै भन्नुभयो । यो ग्लोबमा हेर त यसको माथि र तलको भाग केही थेप्चो परेको छ नि, बिचको भाग फुकेको छ नि । हो, त्यस्तै पृथ्वीको आकार पनि दुवै धुव्रीय भाग केही थेप्चो र बिचको भाग फुकेको गोलाकार छ ।"

रजिनाले फेरि जिज्ञासा राखिन्, "पृथ्वी गोलाकार छ भन्ने कुनै प्रमाण छ त हजुरबुबा ?"

जिज्ञासामा हजुरबुबाले भन्नुभयो, "छ नि नानी ।" ल हेर भनेर उहाँले कागजमा बिचमा पृथ्वी जस्तै गोलो बनाई छेउछेउमा गोलाकार हुनुका कारण कोरेर देखाउनुभयो ।

पृथ्वीको आकार गोलाकार छ भन्ने कुराको प्रमाण



हजुर बुबाले बनाएको चार्ट देखेर रमिला छक्क परिन् । हजुरबुबामा कति धेरै जानकारी रहेछ हगि हजुरबुबा ?

उनको जिज्ञासालाई शान्त पार्दै उहाँले चार्टमा लेखेको कुरा बताउन थाल्नुभयो :

सूर्य उदाउँदा पृथ्वीको आधा भागमा सूर्यको किरण पर्छ तर आधा भागमा पर्दैन । यो पृथ्वी गोलाकार हुनाको कारणले भएको हो ।

सुन है त, हामी जति जति उत्तर वा दक्षिणतिर जान्छौँ, पहिले देखिएका तारा बिलाउँदै गएर नयाँ तारा देखिन थाल्छन् । त्यो पनि पृथ्वी गोलाकार हुनुको कारणले गर्दा हो भनी बताउनुभयो ।

उहाँले म अर्को परिणाम पनि भन्छु सुन है त, (ग्लोब देखाउँदै) त्यो के भने पृथ्वीको धुव्रीय

भागमा बढी र भूमध्यरेखीय भागमा कम गुरुत्वाकर्षण शक्ति पर्छ । यसले गर्दा वस्तुको तौल धुव्रमा धेरै र भूमध्य रेखामा कम हुन्छ ।

हामी उचाइतिर जाँदा टाढा टाढाका वस्तु देख्न थाल्छौँ । त्यो पनि पृथ्वी गोलाकार भएकै कारणले हो ।

हजुरबुबाले यति कुरा बताइसकेपछि ग्लोब देखाउँदै गोलार्धको बारेमा पनि बताउन थाल्नुभयो । उहाँले ग्लोबको बिचबाट गएको रेखा देखाउँदै यो रेखालाई भूमध्य रेखा भन्छ । यो रेखा काल्पनिक हुन्छ । ग्लोब र नक्सामा मात्र हुन्छ । पृथ्वीमा वास्तविकरूपमा हुँदैन भनी बुझाउनुभयो । यो रेखाबाट माथितिर वा उत्तरतिरको आधा भागलाई उत्तरी गोलार्ध र तल्तिर वा दक्षिणतिरको आधा भागलाई दक्षिणी गोलार्ध भनी बताउनुभयो । पृथ्वीको उत्तरी गोलार्धमा जमिनको अधिकांश भाग पर्ने हुनाले यसलाई स्थल गोलार्ध पनि भनिन्छ । दक्षिणी गोलार्धमा भने पानीको भाग धेरै पर्ने हुनाले यसलाई जल गोलार्ध पनि भनिन्छ ।



त्यति नै बेला रजिनाले ग्लोबमा बिचबाट पनि तल माथि पनि ठाडो रेखा गएको छ नि हजुरबुबा भनेर देखाइन् । हजुरबुबाले उनलाई त्यसको बारेमा पनि प्रस्ट्याउँदै भन्नुभयो :

पृथ्वीको बिच भागबाट उत्तरी ध्रुव र दक्षिणी ध्रुव जोड्ने तिमीले देखाएको रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ । यो पनि काल्पनिक रेखा हो । यो रेखा बेलायतको लन्डनको ग्रिनविचबाट गएको हुँदा यसलाई ०° देशान्तर मानिन्छ । ग्रिनविच भन्ने स्थानलाई आधार

बनाएर उत्तर ध्रुव र दक्षिण ध्रुवसम्म खिचिएका रेखा देखाउँदै यो रेखाबाट पूर्वतर्फको आधा भागलाई पूर्वी गोलार्ध र पश्चिम तर्फको आधा भागलाई पश्चिमी गोलार्ध भनिन्छ भनी बताउनुभयो । हजुरबुबाले धेरै कुरा ग्लोब देखाउँदै सिकाएकामा रमिला खुसी भइन् र हजुरबुबालाई धन्यवाद दिइन् । अर्को दिन पनि यसै गरी छलफल गर्नुपर्छ भन्दै हजुरबुबा भान्सातिर लाग्नुभयो । रजिना गृहकार्य गर्न लागिन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पृथ्वीको उत्पत्ति कहिले भएको अनुमान गरिएको छ ?

(ख) पृथ्वीमा महाद्वीप र महासागर कसरी बने ?

(ग) पृथ्वीको आकार कस्तो छ ?

(घ) भूमध्य रेखा भनेको के हो ?

(ङ) पूर्वी गोलार्धको परिचय दिनुहोस् ।

(च) उत्तरी गोलार्ध र दक्षिणी गोलार्धको कुनै दुई भिन्नता उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

पृथ्वीको चित्र कोरी पूर्वी र पश्चिमी एवम् उत्तरी र दक्षिणी गोलार्ध देखाउनुहोस् ।

क्रियाकलाप २

उत्तरी गोलार्धलाई स्थल मण्डल भनिनुका कारण छलफल गरी लेख्नुहोस् ।

पाठ २ पृथ्वीको बनावट

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

पृथ्वीको बनावट सम्बन्धमा खोजी गरी परियोजना कार्य गर्न भनिएकामा हसिनाले इन्टरनेटमा खोजी गर्दा निम्नलिखित विवरण फेला पारिन् । उनले त्यसलाई टिपोट गरी सम्पर्क कक्षामा प्रस्तुत गरिन् । हामी पनि उनले टिपेको विवरण अध्ययन गरौँ र महत्त्वपूर्ण बुँदा टिपोट गरौँ :

पृथ्वीको आन्तरिक र बाह्य बनोट फरक फरक प्रकृतिको छ । यसको आन्तरिक बनावटलाई बाह्य मण्डल, मध्य मण्डल र केन्द्र मण्डल गरी तीन भागमा विभाजन गर्न सकिन्छ । पृथ्वीको बाहिर भागमा स्थलमण्डल, जल मण्डल र वायु मण्डल पर्छन् । स्थल मण्डलमा जमिनका ठुला ठुला भाग पर्छन् । जसलाई महादेश भनिन्छ । यस्ता महादेश सातओटा छन् । एसिया, अफ्रिका, दक्षिण अमेरिका, उत्तर अमेरिका, युरोप, अस्ट्रेलिया र एण्टार्कटिका महादेशका नाम हुन् । पृथ्वीमा जल मण्डल पनि रहेको छ । पृथ्वीको सतहको लगभग ७१ प्रतिशत क्षेत्रफल पानीले ओगटेको छ । पृथ्वीमा ठुला ठुला पानीका भाग छन् जसलाई महासागर भनिन्छ । सागर, ताल, तलैया, नदी आदि जलमण्डलका उदाहरण हुन् । महासागर पाँचओटा छन् । ती प्रशान्त महासागर, आन्ध्र महासागर, हिन्द महासागर, सुमेरु महासागर र कुमेरु महासागर हुन् ।

पृथ्वीको आन्तरिक बनावट

(१) **बाह्यमण्डल (Lithosphere):** पृथ्वीको सबैभन्दा माथिल्लो तहलाई बाह्यमण्डल भनिन्छ । यो तह सिलिका, आल्मुनियम जस्ता खनिज पाइन्छन् यस मण्डललाई Crust पनि भनिन्छ । यो ६० कि.मि. देखि १०० कि.मि. भित्रसम्म फैलिएको अनुमान छ । यहाँको तापक्रम ४०° – ८००° से. सम्म रहेको अनुमान छ ।



(२) **मध्यमण्डल (Pyrosphere):** स्थलमण्डलभन्दा पनिभित्रको तहलाई मध्यमण्डल

भनिन्छ । यस तहमा सिलिका र म्याग्नेसियम जस्ता धातु पाइन्छन् । यसले पृथ्वीको कुल बनोटको ६८% भाग ओगटेको छ । यो तह करिब १२०० कि.मि देखि २९०० कि.मि. मोटो भएको अनुमान छ । यस तहको माथिल्लो भागमा लचकदार पदार्थ र तल्लो भागमा अर्ध तरल अवस्थाका पदार्थ पाइन्छन् । यहाँको तापक्रम ९००° – १८००° से. रहेको छ । यस तहलाई Mental पनि भनिन्छ ।

(३) **केन्द्र मण्डल (Barysphere):** पृथ्वीको सबैभन्दा भित्री भागलाई केन्द्र मण्डल वा केन्द्रीय तह भनिन्छ । यस तहमा गहकिला र बढी तौल भएका पदार्थ पाइन्छन् । यस तहमा निकेल र फेरियम पाइन्छन् । यस तहलाई Core पनि भनिन्छ । यस तहको मोटाइ करिब २९०० देखि ६३७१ कि.मि. जति छ । यहाँको तापक्रम करिब १९००° – १०,०००° से. भएको अनुमान छ ।

पृथ्वीको गति





पृथ्वी आफ्नो मेरुदण्डमा घुम्दै गरेर सूर्यलाई फन्को लगाउँछ । पृथ्वीको मेरुदण्डलाई अक्ष भनिन्छ । पृथ्वीले सूर्यलाई फन्को मार्ने बाटालाई पृथ्वीको कक्ष भनिन्छ । पृथ्वीको दैनिक र वार्षिक गति हुन्छ । पृथ्वीले सूर्यलाई एक दिनमा परिक्रमा गर्ने गतिलाई दैनिक गति भनिन्छ । यसका लागि पृथ्वीलाई २४ घण्टा समय लाग्छ । पृथ्वी गोलो भएका कारण सबै स्थानमा सूर्यलाई एकैपटक नदेखेर आधा भागमा उज्यालो र आधा भागमा अँध्यारो देखिन्छ । हामी उज्यालालाई दिन र अँध्यारालाई रात भन्छौं । पृथ्वीको दैनिक गतिको कारण दिन र रात हुन्छ । पृथ्वीले अन्डाको आकारजस्तो बाटो हुँदै सूर्यको वरिपरि घुम्छ । पृथ्वीले सूर्यको वरिपरि एक चक्कर लगाउन ३६५ दिन ६ घण्टा वा एक वर्ष लगाउँछ । त्यसैले यसलाई वार्षिक गति भनिएको हो । यसैका कारण हरेक वर्षमा जाडो, गर्मी, हिउँद, वर्षा आदि हुन्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

१. पृथ्वीको मध्यमण्डलको परिचय दिनुहोस् ।

२. दिन र रात हुने कारण उल्लेख गर्नुहोस् ।

३. अक्ष र कक्षबिचको भिन्नता उल्लेख गर्नुहोस् ।

४. पृथ्वीको मध्यमण्डलमा अर्ध तरल पदार्थ पाइन्छ । किन ?

५. पृथ्वीको दैनिक र वार्षिक गतिको उदाहरणसहित परिचय दिनुहोस् ।

खाली ठाउँ भर्नुहोस् :

(क) पृथ्वीको सबैभन्दा भित्र रहेको तहलाई .....भनिन्छ ।

(ख) पृथ्वीको मध्यमण्डलमा.....र म्याग्नेसियम धातु पाइन्छ ।

(ग) पृथ्वीको .....गतिको कारण दिन र रात हुन्छ ।

(घ) पृथ्वीको .....गतिको कारण ऋतु परिवर्तन हुन्छ ।

(ङ) पृथ्वीको .....तहमा मानिसको बसोबास हुन्छ ।

(च) वार्षिक रूपमा पृथ्वी हिँड्ने बाटालाई .....भनिन्छ ।

क्रियाकलाप १

पृथ्वीको दैनिक र वार्षिक गतिले पार्ने प्रभाव सम्बन्धमा साथीसँग संवाद गर्नुहोस् ।

क्रियाकलाप २

माटो वा क्लेको प्रयोग गरी पृथ्वीको संरचना झल्कने नमुना तयार पार्नुहोस् ।

पाठ ३ अक्षांश र देशान्तर

अक्षांश र देशान्तरसम्बन्धी तथ्य अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

अक्षांश (Latitude)

भूमध्य रेखाको केन्द्रविन्दुबाट उत्तर वा दक्षिणमध्ये कुनै ठाउँको कोणिक दुरीलाई अक्षांश भनिन्छ । भूमध्य रेखाको समानान्तर हुने गरी खिचिएका वृत्ताकार रेखा अक्षांश हुन् । यी काल्पनिक हुन्छन् र वृत्ताकार रूपमा पृथ्वीको वरिपरि खिचिएका हुन्छन् । भूमध्य रेखालाई ०° अक्षांश मानिन्छ । यो दुरी पृथ्वीको केन्द्रबाट डिग्रीमा नापिन्छ । त्यसैकारण उत्तरी र दक्षिणी ध्रुवका बिन्दु पृथ्वीको केन्द्रबाट ठिक ९० डिग्रीमा रहेका हुन्छन् ।



भूमध्यरेखाबाट उत्तरतिर ९० डिग्री र दक्षिणतिर ९० डिग्री गरी अक्षांश रेखा खिचिएका हुन्छन् । यी रेखा वृत्तको रूपमा खिचिन्छन् । जति जति उत्तर वा दक्षिणतिर गयो यी रेखा छोटा हुँदै जान्छन् र ध्रुवमा विन्दु मात्र हुन्छ । यी रेखा एकापसमा जोडिँदैनन् । अक्षांश रेखाको मदतले कुनै ठाउँ भूमध्य रेखादेखि कति टाढा वा नजिक दुरीमा पर्छ थाहा पाउन सकिन्छ । कुनै पनि ठाउँको हावापानीको अवस्था थाहा पाउन सकिन्छ । कुनै निश्चित ठाउँको दिन र रातको लम्बाइ थाहा हुन्छ ।

जानिराखौँ

- सबैभन्दा लामो अक्षांश रेखा भूमध्य रेखा हो ।
- १ डिग्री अक्षांशको फरकमा सरदर १११ कि.मि. दुरी पर्छ ।
- २३ १/२ डिग्री उत्तरी र दक्षिणी अक्षांश रेखालाई क्रमशः कर्कट रेखा र मकर रेखा भनिन्छ ।
- ६६ १/२ डिग्री उत्तरी र दक्षिणी अक्षांश रेखालाई क्रमशः सुमेरु वृत्त र कुमेरु वृत्त भनिन्छ ।

देशान्तर (Longitude)

पृथ्वीको उत्तरी धुव र दक्षिणी धुवलाई जोड्ने अर्ध वृत्ताकार रेखालाई देशान्तर रेखा भनिन्छ । यी काल्पनिक रेखा हुन् । देशान्तर रेखा एउटा वृत्तको कोणिक दुरीका आधारमा खिचिने हुँदा यी जम्मा ३६० डिग्री बराबरका हुन्छन् । बेलायतको ग्रिनविच भन्ने ठाउँबाट खिचिएको देशान्तर रेखालाई प्रधान मध्याह्न रेखा (Primemeridian) भनिन्छ । प्रधान मध्याह्न रेखाको पूर्व वा पश्चिमको कुनै ठाउँको कोणमा नापिएको दुरीलाई देशान्तर भनिन्छ । देशान्तरको मदतबाट विभिन्न स्थानको स्थानीय समय थाहा पाउन सकिन्छ । यिनलाई डिग्री, मिनेट र सेकन्डमा लेखिन्छ । यो रेखा ०° देशान्तरमा रहेको मानिन्छ । प्रधान मध्याह्न रेखादेखि पूर्व वा पश्चिमतिरको कोणिक दुरीअनुसार देशान्तर बढ्दै जान्छन् । यसरी ग्रिनविचभन्दा पूर्वतर्फ १८०° सम्मका देशान्तर रेखालाई पूर्वी देशान्तर र पश्चिमतर्फ १८०° सम्मका देशान्तर रेखालाई पश्चिमी देशान्तर भनिन्छ । ती दुवै रेखा प्रधान मध्याह्न रेखाको उत्तरी वा दक्षिणी ध्रुवीय विन्दुमा मिल्छन् । ती पूर्व र पश्चिमका देशान्तर मिल्ने रेखालाई अन्तर्राष्ट्रिय तिथिरेखा भनिन्छ ।



जानिराखौं

- १ डिग्री देशान्तर रेखामा ४ मिनेट समय फरक पर्छ ।
- १८० डिग्री अन्तर्राष्ट्रिय तिथिरेखा पार गर्न १२ घण्टा लाग्छ ।
- अन्तर्राष्ट्रिय तिथिरेखाभन्दा पूर्वतर्फ यात्रा गर्दा एक दिन बढाएर र पश्चिमतर्फ यात्रा गर्दा एक दिन घटाएर यात्रा गर्नुपर्छ ।
- देशान्तर रेखालाई मध्याह्न रेखाको नामले पनि चिनिन्छ ।
- अन्तर्राष्ट्रिय प्रामाणिक समय ग्रिनविच ० डिग्रीलाई आधार मानेर तय गरिएको छ ।
- नेपालभन्दा भुटानको समय १५ मिनेट छिटो र भारतको समय १५ मिनेट ढिलो छ ।
- नेपालको प्रामणिक समय गौरीशङ्कर हिमाललाई आधार मानेर निर्धारण गरिएको छ । जुन ८६० १५ सेकेन्ड देशान्तर रेखा पार गरेर गएको छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

१. देशान्तर भनेको के हो ?
२. देशान्तर रेखाको परिचय दिनुहोस् ।
३. नेपाल कति अक्षांश र देशान्तरमा पर्छ ?
४. अक्षांश र देशान्तरमा के फरक छ ?
५. देशान्तरको उपयोगिता चर्चा गर्नुहोस् ।

क्रियाकलाप १

ग्लोब वा नक्सा हेरेर अक्षांश वा देशान्तर रेखा पहिचान गर्नुहोस् ।

क्रियाकलाप २

ग्लोब वा एटलस अध्ययन गरी नेपालको अक्षांश र देशान्तर रेखा पहिचान गर्नुहोस् ।

क्रियाकलाप ३

भकुन्डो, भोगटे वा सुन्तला लिई त्यसमा अक्षांश र देशान्तर रेखा देखाउनुहोस् ।

क्रियाकलाप ४

कुनै ठाउँको समय चलाख वा ढिलो हुने कारण खोजेर लेख्नुहोस् ।

परियोजना कार्य

स्थानीय स्तरमा पाइने गोलाकार वस्तु भोगटे, खरबुजा आदिमा काटेर वा माटाबाट पृथ्वीको मोडल तयार पारी धागो वा रबर ब्यान्ड प्रयोग गरी अक्षांश र देशान्तर रेखा देखाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ ४ पृथ्वीको बाह्य तहको बनोट

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

हामी यहाँ पृथ्वीको बनोटअन्तर्गत बाहिरी तह (स्थलमण्डलमा) वा बाहिरी खोलका विषयमा छलफल गर्छौं । पृथ्वीको बाहिरी तह भन्नाले पृथ्वीको जमिन, पानी र हावालाई बुझाउँछ । त्यस्तै पृथ्वीको बाहिरी भाग जमिन (स्थल भूखण्ड), पानी (जलमण्डल) र हावा (वायुमण्डल) ले बनेको छ । यी बाह्य तहको तल चर्चा गरिएको छ :

(क) स्थल भूखण्ड (Land mass): स्थल भूखण्डले पृथ्वीको बाहिरी तहको कुल भागको करिब २९.५ भाग ओगटेको छ । ती भूखण्ड विभिन्न ठुला ठुला टुक्रामा विभाजित छन् । यी जमिनका भूभाग नै महादेश हुन् । यी महादेशमा एसिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, युरोप, अस्ट्रेलिया र अन्टार्कटिका गरी सातओटा रहेका छन् ।



एसिया विश्वको सबैभन्दा ठुलो महादेश हो । यो महादेशको अधिकांश भूभाग उत्तरी गोलार्धमा पर्छ । यो महादेशको कुल क्षेत्रफल लगभग ४ करोड ४० लाख वर्ग कि.मि. रहेको छ । यस महादेशको उत्तर दक्षिण चौडाइ ८६०० कि.मि. र पूर्व पश्चिम लम्बाइ ९६०० कि.मि. रहेको छ । विश्वको कुल भूभागको २९.४५ प्रतिशत भूभाग यस महादेशमा पर्छ । यस महादेशको पूर्वमा प्रशान्त महासागर, पश्चिममा युरोप, उत्तरमा सुमेरु महासागर र दक्षिणमा हिन्द महासागर पर्छ । विश्वको सबैभन्दा अग्लो भूभाग सगरमाथा (नेपाल) र होचो भूभाग मृतसागर (इजरायल) यसै महादेशमा पर्छन् । विश्वमा सबैभन्दा बढी जनसङ्ख्या भएका भारत र चीन देश यसै महादेशमा पर्छन् । सबैभन्दा बढी पानी पर्ने ठाउँ चेरापुन्जी (भारत)

पनि यसै महादेशमा पर्छ । विश्वको अग्लो स्थानमा रहेको ताल तिलिचो (४९१९ मि.) समेत यसै महादेशमा पर्छ । त्यसै भएर यसलाई विषमताको महादेश भनिन्छ । एसिया महादेशमा ५१ ओटा देश छन् ।

अफ्रिका महादेश : अफ्रिका महादेश क्षेत्रफलको हिसाबले दोस्रो ठुलो महादेश हो । यो महादेशले विश्वको कुल भूभागको करिब २०.२५ प्रतिशत भूभाग ओगटेको छ। यो महादेशको पूर्वमा लाल सागर, पश्चिममा आन्ध्र महासागर, उत्तरमा भूमध्य सागर र दक्षिणमा कुमेरु महासागर पर्छन् । यस महादेशको बिच भएर भूमध्य रेखा जान्छ । यो महादेशको कुल क्षेत्रफल २ करोड ९७ लाख ८५ हजार व.कि.मि. छ । यो महादेशको उत्तर दक्षिण लम्बाइ ८००० कि.मि. छ भने पूर्व पश्चिम चौडाइ ७४४० कि.मि. छ । विश्वको सवभन्दा ठुलो मरुभूमि सहारा र लामो नदी नाइल यसै महादेशमा पर्छ । अफ्रिका महादेशमा ५४ ओटा देश छन् ।

उत्तर अमेरिका : उत्तर अमेरिका विश्वको तेस्रो ठुलो महादेश हो। यस महादेशको पूर्वमा आन्ध्र महासागर, पश्चिममा प्रशान्त महासागर पर्छ भने उत्तरमा सुमेरु महासागर र दक्षिणमा पानामा नहर पर्छ । यसको कुल क्षेत्रफल २ करोड ४३ लाख २० हजार व.कि.मि. छ । यस महादेशको उत्तर दक्षिण लम्बाइ ७२०० कि.मि.र पूर्व पश्चिम चौडाइ ४८०० कि.मि. छ । यो महादेशको खोजी क्रिस्टोफर कोलम्बसले गरेका थिए । पछि मात्र पत्ता लागेकाले यो महादेशलाई नयाँ

संसार पनि भनिन्छ । उत्तर अमेरिकाको सबैभन्दा ठुलो देश क्यानाडा हो । यस महादेशले विश्वको कुल भूभागको करिब १६.९५ प्रतिशत क्षेत्रफल ओगटेको छ । यस महादेशअन्तर्गत २३ ओटा देश पर्छन् । यस महादेशमा कुनै पनि भूपरिवेष्टित देश पर्दैनन् ।

दक्षिण अमेरिका : दक्षिण अमेरिका चौथो ठुलो महादेश हो । यो महादेश पश्चिमी गोलार्धमा पर्छ । यस महादेशको कुल क्षेत्रफल लगभग १ करोड ७८ लाख व.कि.मि. छ । यस महादेशको पूर्वमा आन्ध्र महासागर, पश्चिममा प्रशान्त महासागर पर्छ । उत्तरमा आन्ध्र महासागर र दक्षिणमा कुमेरु महासागर पर्छ । यसले विश्वको भूभागको करिब ११.७ प्रतिशत भूभाग ओगटेको छ । संसारको सबैभन्दा लामो पर्वत श्रेणी एन्डिज यही महादेशमा पर्छ । विश्वको सबैभन्दा ठुलो नदी अमेजन यसै महादेशमा पर्छ । यस महादेशमा १२ ओटा देश छन् । पराग्वे र बोलिभिया यहाँका भूपरिवेष्टित देश हुन् ।

युरोप

उत्तरी गोलार्धमा पर्ने युरोप महादेश दोस्रो सानो महादेश हो । यस महादेशको पूर्वमा एसिया, पश्चिममा आन्ध्र महासागर, उत्तरमा सुमेरु महासागर र दक्षिणमा भूमध्य सागर पर्छ । यस महादेशलाई प्रायद्वीपको प्रायद्वीप भनेर चिनिन्छ । यस महादेशको कुल क्षेत्रफल लगभग १ करोड ५ लाख व.कि.मि. छ । यो महादेशले विश्वको कुल भूभागको करिब ७ प्रतिशत भूभाग ओगटेको छ । यो महादेशअन्तर्गत ४४ ओटा देश पर्छन् ।

अस्ट्रेलिया : यो क्षेत्रफलको आधारमा विश्वको सबैभन्दा सानो महादेश हो । यसको कुल क्षेत्रफल ७६ लाख ८६ हजार ८५० वर्ग कि.मि. छ । यसले विश्वको कुल भूभागको करिब ५.३ प्रतिशत भूभाग ओगटेको छ । यो महादेश दक्षिणी गोलार्धमा पर्छ । यो महादेशको पूर्वमा कोरल र टामसन समुद्र, पश्चिममा हिन्द महासागर, उत्तरमा पपुवा न्युगिनी र दक्षिणमा न्युजिल्यान्ड पर्छ । यस महादेशलाई टापु महादेश उपनामले समेत चिनिन्छ । यो महादेशको खोजी क्याप्टेन कुकले गरेका हुन् । यस महादेशअन्तर्गत १३ ओटा देश पर्छन् ।

अन्टार्कटिका महादेश : यो क्षेत्रफलमा पाचौँ ठुलो महादेश हो । यो महादेशलाई हिउँको महादेश पनि भनिन्छ । यहाँको ९० प्रतिशत भूभाग बर्सैभरि हिउँले ढाकेको हुन्छ । यसको कुल क्षेत्रफल १ करोड ३० लाख वर्ग कि.मि. छ । यस महादेशको पूर्वमा आन्ध्र महासागर, पश्चिममा प्रशान्त महासागर, उत्तर र दक्षिणमा डेक जल संयोजक पर्छ । यसले विश्वको कुल भूभागको करिब ८.९ प्रतिशत भूभाग ओगटेको छ । यो कुमेरु महासागरले चारैतिर घेरेको महादेश हो । यो महादेश सबैभन्दा पछि पत्ता लागेको हो । मानव बसोबास नभएको यस महादेशमा वैज्ञानिक अनुसन्धानका लागि भने मानवीय गतिविधि हुने गरेका छन् ।

(ख) जलमण्डल (Hydrosphere): पृथ्वीको दुईतिहाइभन्दा बढी क्षेत्रफल पानीले ढाकिएको छ । पानीले ढाकिएर रहेको भागलाई जलमण्डल भनिन्छ । जलमण्डल ठुला ठुला पानीका भागलाई महासागर भनिन्छ । महासागरलगायत सागर, खाडी, ताल, नदिनाला, पोखरी आदि पनि जलमण्डलका उदाहरण हुन् । विश्वमा पाँचओटा महासागर छन् ।

प्रशान्त महासागर, आन्ध्र महासागर, हिन्द महासागर, कुमेरु महासागर र सुमेरु महासागर महासागरका उदाहरण हुन् ।

महासागर

प्रशान्त महासागर : प्रशान्त महासागर विश्वको सबैभन्दा ठुलो र गहिरो महासागर हो । यो १४ करोड ५६ लाख वर्गमिटर क्षेत्रफलमा फैलिएको छ । यस महासागरले पृथ्वीको जलमण्डलको करिब ४५.५ प्रतिशत भाग ओगटेको छ । यस महासागरको सबैभन्दा गहिरो भाग मरियाना ट्रेन्च हो । यो महासागर त्रिभुजाकारको छ । २० हजारभन्दा बढी टापु रहेका यस महासागरलाई शान्त महासागर पनि भनिन्छ ।

आन्ध्र महासागर : सम्पूर्ण जलमण्डलको करिब २३ प्रतिशत हिस्सा ओगटेको यो महासागर दोस्रो ठुलो महासागर हो । यसको औसत गहिराइ करिब ३७०० मि. छ । यो महासागर व्यापार तथा वाणिज्यका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यो महासागर उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म फैलिएको छ । यो महासागर अङ्ग्रेजी अक्षर S आकारको छ ।

हिन्द महासागर : यो तेस्रो ठुलो महासागर हो । यस महासागरको औसत गहिराई ३९०० मि. छ । यस महासागरको सबैभन्दा गहिरो भाग जावा ट्रेन्च हो । यो महासागरबाट मनसुनी वायु चलेर वर्षा हुने हुनाले मनसुनी महासागर पनि भनिन्छ ।

कुमेरु महासागर : यो महासागर चौथो ठुलो महासागर हो । यो महासागर दक्षिणी ध्रुवमा पर्छ । यो महासागर उत्तरी धुव्रको नजिक गोलाकार आकृतिमा फैलिएको छ । यो महासागर अन्टार्कटिका महादेश वरपर फैलिएको महादेश हो । यो महासागरले जलमण्डलको करिब सात प्रतिशत भाग ओगटेको छ । यस महासागरको औसत गहिराइ २४०० मिटर छ ।

सुमेरु महासागर : यो सबैभन्दा सानो महासागर हो । यसलाई उत्तर ध्रुवीय महासागर पनि भनिन्छ । यस महासागरको आकार वृत्ताकार छ । यस महासागरले चार प्रतिशत भाग ओगटेको छ । यस महासागरको गहिरो ठाउँ मोली द्वीप हो ।

भूमध्यसागर, कृष्ण सागर, क्यास्पियन सागर, लाल सागर, अरब सागर, वंगालको खाडी आदि पनि जलमण्डलका हिस्सा हुन् ।

(ग) वायुमण्डल (Atmosphere): पृथ्वीको बाहिरी सतहको वरिपरि हजारौँ किलोमिटरको उचाइसम्म फैलिएको विभिन्न ग्याँसको मिश्रित खोलको रूपलाई वायुमण्डल भनिन्छ। वायुमण्डल पनि जलमण्डल र स्थलमण्डलजस्तै पृथ्वीको बाहिरी बनोटअन्तर्गत पर्छ । गुरुत्वाकर्षण शक्तिका कारण वायुमण्डलले पृथ्वीमा चारैतिरबाट दबाब दिइरहेको हुन्छ । यही वायुमण्डल हुनाले पृथ्वीमा जीवजन्तु र वनस्पति बाँच्न सम्भव भएको हो । वायुमण्डलमा विभिन्न ग्याँस, जलवाष्प र धुलाका कण हुन्छन् । यहाँ नाइट्रोजन र अक्सिजनलगायत विभिन्न प्रकारका ग्यास पाइन्छन् । वायुमण्डलमा जलवाष्प पनि रहेको हुन्छ । यो समुद्र, नदी, तालबाट वाष्पीकरणद्वारा वायु मण्डलमा जम्मा हुन्छ । वायुमण्डलमा जलवाष्प ७५०० मिटरको उचाइसम्म मात्र पाइन्छ । वायुमण्डलमा बन्ने बादल, वर्षा, तुसारो, असिना, शीत सबै जलवाष्पबाट निर्माण हुन्छन् । वायुमण्डलमा धुलाका कण पनि पाइन्छन् । यी कण वायुमण्डलको तल्लो तहमा वायुसँगै मिसिएका हुन्छन् । यी ठोस पदार्थका रूपमा पाइन्छन् । माटो, मरुभूमिको बालुवा, ज्वालामुखी विस्फोटन हुँदा निस्कने धुवाँ र धुलोबाट यी धुलाका कण निस्कन्छन् ।

वायुमण्डल समुद्र सतहदेखि हजारौँ किलोमिटर माथिसम्म फैलिएको अनुमान गरिन्छ । यद्यपि वायु मण्डलको ९९ प्रतिशत वायु र यसका गतिविधि २९ कि.मि. माथिसम्म सक्रिय हुन्छन् । गरुङ्गा ग्याँस वायुमण्डलको माथिल्लो तहमा हुन्छन् ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) स्थल मण्डल भनेको के हो ?

(ख) महादेशहरूको नाम क्षेत्रफलको आधारमा ठुलोदेखि सानो क्रममा लेख्नुहोस् ।

(ग) वायुमण्डलमा पाइने ग्याँस कुन कुन हुन् ?

(घ) जलवाष्प भनेको के हो ?

(ङ) सबैभन्दा ठुलो र सानो महासागर कुन कुन हो ?

(च) एसिया महादेशको छोटो परिचय दिनुहोस् ।

(छ) एसिया महादेशलाई किन विषमताको महादेश भनिन्छ ?

(ज) एन्टार्कटिका महादेशको विशेषता उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

नक्सा वा एटलसको सहायताले विश्वको नक्सामा सातओटा महादेशको अवस्थिति र भौगोलिक तथ्य खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

विश्वका ठुला पाँचओटा सागरको विवरण विभिन्न स्रोतबाट सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप ३

एसिया महादेशका निम्नलिखित तथ्य खोजी गरी टाँस्नुहोस् :

विश्वको सबैभन्दा अग्लो चुचुरो सगरमाथाको फोटो, विश्वको गहिरो ठाउँ मृत सागर, विश्वको अग्लो ताल तिलिचो, विश्वमा सबैभन्दा धेरै पानी पर्ने ठाउँ चेरापुन्जी

क्रियाकलाप ४

विश्वमा विभिन्न महादेश र महासागरसँग सम्बन्धित तथ्यमा आधारित भई सम्पर्क कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

क्रियाकलाप ५

कुन महादेशमा पर्छ, खोजी गरी तलको तालिकामा भर्नुहोस् :

स्थान वा क्षेत्र	महादेश
विश्वको ठुलो मरुभूमि सहारा	अफ्रिका
नाइल नदी	
विश्वको सबैभन्दा ठुलो देश	
गहिरो गल्छी	
सबैभन्दा होचो भूभाग	
संयुक्त राज्य अमेरिका	
दक्षिणमा हिन्द महासागर	
अमेजन नदी	

सही र गलत वाक्य छुट्याई सही वाक्यलाई उत्तरपुस्तिकामा लेख्नुहोस् :

– युरोप महादेशलाई प्रायद्वीपको पनि प्रायद्वीप भनिन्छ ।
– अफ्रिकालाई विषमताको महादेश भनिन्छ ।
– वायुमण्डलमा नपाइने ग्याँस अक्सिजन होइन ।
– सागर, नदी, ताल स्थल मण्डलमा पर्छन् ।
– उत्तर अमेरिका महादेश विश्वको सबैभन्दा सानो महादेश हो ।
– अस्ट्रेलिया महादेशमा कङ्गारु पाइन्छ ।
– दक्षिण अमेरिका महादेशको पूर्वमा आन्ध्र महासागर पर्छ ।

पाठ ५

पृथ्वीको धरातलीय स्वरूप र मानवबिचको सम्बन्ध

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

पृथ्वीको बाहिरी सतहलाई धरातलीय स्वरूप भनिन्छ । पृथ्वीको धरातलीय स्वरूप फरक फरक प्रकृतिको छ । कहीँ समथर मैदान छन् भने कहीँ पहाड रहेका छन् । त्यस्तै पृथ्वीमा कतै सुक्खा जमिनको भाग मरुभूमि छ भने कतै हिमालय पर्वत रहेका छन् । कतै ठुला ठुला पानीका भाग पाइन्छन् भने कतै उच्च समस्थली रहेका छन् । कतै नदीले बनाएका बँसी पाइन्छन् भने कतै पठार रहेका छन् । यसरी पृथ्वीको धरातलीय स्वरूपमा विविधता रहेको पाइन्छ ।

धरातलमा रहेका मैदान, पहाड, हिमाल, ताल, समुद्र रहेका ठाउँ सधैँ एकैनाश रहिरहँदैन् । हिमाल भएको ठाउँमा हिजो समुद्र भएको हुन सक्छ । हिजो मैदान भएको ठाउँमा आज पहाड ठडिएको हुन्छ । यसरी धरातलमा परिवर्तन ल्याउनमा आन्तरिक र बाह्य विभिन्न तत्त्व सक्रिय रहिरहेका हुन्छन् । भूकम्प र ज्वालामुखी जस्ता आन्तरीक र नदी, हावा, वर्षा जस्ता बाह्य तत्वले पृथ्वीको धरातलीय स्वरूपमा परिवर्तन ल्याउन भूमिका खेलेका हुन्छन् ।

धरातलीय स्वरूपमा परिवर्तन ल्याउने आन्तरिक तत्त्वमध्ये भूकम्प महत्त्वपूर्ण तत्त्व हो । भूकम्पका कारण जमिन चिरा पर्ने, खाडल बन्ने, पहिरो जाने र जमिनको सतह माथि उठ्ने जस्ता धरातलीय परिवर्तन देखा पर्छन् ।

ज्वालामुखीले गर्दा पृथ्वीको भित्री भागमा रहेका विभिन्न तातो लेदो पदार्थ बेलाबखत पृथ्वीको कमजोर सतह फुटाएर जोडले बाहिर निस्कने प्रक्रियालाई ज्वालामुखी भनिन्छ । ज्वालामुखी विष्फोट हुँदा जमिनमुनिबाट पग्लेको चट्टान, खरानी र धुवाँ निस्कन्छ । यसरी ज्वालामुखी विष्फोट हुँदा बाहिर निस्केका पदार्थ थुप्रिएर पहाडको निर्माण हुन पुग्छ । यस्तो म्याग्माले नदीको बाटो थुनिदिएमा तालको निर्माण हुन्छ । साथै होचो भूभाग तथा खोँच पुरेर अग्लो बनाइदिन्छ ।

नदी, हावा, हिमनदी, वर्षा, वनस्पति र जीवजन्तुका गतिविधि पृथ्वीको सतहमा परिवर्तन

ल्याउने बाह्य तत्त्व हुन् । यी तत्त्वमध्ये नदीले भिरालो सतहबाट बग्दा सुरुको अवस्थामा आफ्नो मार्गमा भएका चट्टानलाई बिस्तारै खियाउँदै बगाउँछ । नदीको यस्तो खियाउने कार्यले गर्दा नदी किनारमा पहिरो जान्छ । जमिन खिइएर गहिरा गल्छी र बँसी बन्छन् । समथर सतहमा पुगेपछि नदीको वेग कम हुन्छ । नदीले ल्याएका वस्तु बगाउन सक्दैन र नदीले सँगै बगाई ल्याएका पदार्थलाई त्यही छोडिदिन्छ । जसले गर्दा त्यहाँको भूभाग अग्लो हुँदै जान्छ । नदीले मलिलो माटाको विशाल मैदान पनि बनाउँछ । हिमनदीले आफ्नो मार्गमा रहेका चट्टान, माटो जस्ता वस्तुलाई सोहोरेर तल्लो सतहमा ल्याउँछ । यसरी हिउँ खाडल र खोँच बन्छन् । हिमनदी पहाडको तल्लो सतहमा आइपुग्दा चिसो कम हुन्छ र हिउँ पग्लिन थाल्छ । यहाँ हिमनदीले ल्याएका वस्तु बगाउन सक्दैन र थुपार्न थाल्छ । यसले चट्टानका टुक्रा भएको हिम बगर बनाउँछ । जसले गर्दा त्यहाँ विभिन्न भूस्वरूपको निर्माण हुन्छ ।

गतिशील हावालाई वायु भनिन्छ । मरुभूमि क्षेत्रमा निकै जोडले वायु बहने गर्छ । मरुभूमिका धेरै जसो सतहमा बालुवाको पहाड हुन्छ । जोडले बहेको वायुले सतहको बालुवालाई उडाएर लैजान्छ र अर्को ठाउँमा थुपारिदिन्छ । यसरी पहाड भएको ठाउँमा होचो जमिन र समथर ठाउँमा बालुवा थुपारेर पहाड बनाइदिन्छ । वायु बहने दिशामा पर्ने चट्टानमा बालुवाका कणले खियाएर विभिन्न आकृति बनाउँछ ।

वर्षाको पानीले जमिनमा धुलो र नरम चट्टानलाई बगाएर नदीसम्म पुऱ्याउँछ । यसले बिस्तारै जमिन कमजोर बनाउँछ । धाँजामा वर्षाको पानी छिरेर पहिरो जान्छ । यस क्रियाले पृथ्वीको धरातलको स्वरूपमा नियमित परिवर्तन गराइरहेको हुन्छ ।

धरातलीय स्वरूप र मानवबिचको सम्बन्ध अन्योन्याश्रित रहेको हुन्छ । धरातलीय स्वरूपसँग त्यहाँको हावापानी, जमिन, बोटबिरुवा, पर्यावरण आदिको सम्बन्ध जोडिएको हुन्छ । पृथ्वीको विभिन्न क्षेत्रमा बसोबास गरिरहेका मानिसले आफ्नो जीवनलाई सहज बनाउन त्यहाँको जमिन र हावापानीअनुकूलको क्रियाकलाप र व्यवहार प्रस्तुत गर्नुपर्ने हुन्छ । सोहीअनुरूप सांस्कृतिक गतिविधि, पहिरन, खानपान, सामाजिक सम्बन्ध विकास गरेको पाइन्छ । आफ्नो बसोबास क्षेत्रमा उपलब्ध परिस्थिति र स्रोतसाधनको परिचालनमा दक्षता प्राप्त गरेका हुन्छन् । उदाहरणका लागि मरुभूमि क्षेत्रका मानिसले त्यहाँको बलौटे जमिनमा हिँड्ने शैली जानेका हुन्छन् । पहाडी क्षेत्रका मानिस उकालो ओरालो हिँड्न अभ्यस्त हुन्छन् । जाडो ठाउँका मानिसले बाक्लो लुगा लगाउँछन् । समुद्र, ठुला नदी र

ताल क्षेत्रमा बस्ने मानिसले पौडी खेल्न, डुङ्गा चलाउन र माछा मार्न अभ्यस्त हुन्छन् ।

धरातलअनुसार जमिनको होचो ठाउँमा गर्मी र उच्च पहाडी वा हिमाली क्षेत्रमा चिसो हावापानी पाइन्छ । यसैले मानव जीवनमा धरातलीय स्वरूपको कारण सिर्जित हावापानीको प्रभाव पनि उत्तिकै परेको हुन्छ । जाडो हुने क्षेत्रमा बसोबास गर्ने मानिस चिसोबाट बच्न न्यानो कपडा लगाउने, तातो सुप खाने, तातो पानी र चिया पिउने गर्छन् । गर्मी ठाउँमा बस्ने मानिस गर्मीबाट बच्न चिसो चिसो पदार्थ खाने, पौडी खेल्ने, घरमा पङ्खा, कुलर र ए.सी.मा बस्ने गर्छन् । उनीहरूले लगाउने कपडा पनि पातलो र हल्का प्रकृतिको हुन्छ ।

बस्ती विकासमा पनि धरातलीय स्वरूपले प्रभाव पार्छ । मैदानी क्षेत्रमा घना बस्ती हुन्छ भने पहाडी र हिमाली क्षेत्रमा छरिएको बस्ती हुन्छ । नेपालको सन्दर्भमा पनि धरातलीय स्वरूपको प्रभाव प्रस्ट देख्न सकिन्छ । घरको बनाबट र संरचनामा पनि त्यहाँ उपलब्ध स्रोत साधन, निर्माण सामग्री, धरातल र हावापानीले प्रभाव पार्छ । तराईका काठ बढी पाइने हुनाले घर काठ र बाँसबाट निर्माण गरिएका हुन्छन् । जङ्गली जनावर, सर्प र कीटबाट बच्न र डुबानबाट सुरक्षित रहन खम्बा उठाएर घर बनाउने चलन हुन्छ । छानामा पनि जुन ठाउँमा जे उपलब्ध हुन्छ, त्यसकै उपयोग बढी हुन्छ । जस्तै स्लेट पाइने ठाउँमा घरको छाना स्लेट हुने र खर पाइने ठाउँमा घरको छाना खर हुने प्रचलनसँग हाम्रो धरातलीय स्वरूपको सम्बन्ध जोडिएको हुन्छ । त्यस्तै पहाडी क्षेत्रमा धेरै पानी पर्ने भएकाले छानो भिरालो राख्ने, ढुङ्गा माटो बढी पाइने हुँदा तिनीहरूको प्रयोग गरी घर बनाउने आदि कार्य गरिन्छ । हिमाली भेगमा पानी कम पर्ने, हिउँ पर्ने कारण घरमा छाना माटाले छाउने, जाडो हुने भएकाले घरको गारो बाक्लो बनाउने, झ्याल कम र साना बनाउने आदि गरिन्छ । हिमाली क्षेत्रका शेर्पा हिमाल चढ्नका लागि विश्वप्रसिद्ध छन् । तराईका मानिसले टाउकामा भारी बोकी सहजै हिँड्न सक्छन् । पहाडी भेगका बासिन्दा सजिलै पिठ्युँमा भारी बोकेर हिँड्न सक्छन् । यसरी मानिस आवश्यकताअनुसार धरातलीय अवस्था र हावापानीअनुकूल आफूलाई अनुकूलन गर्न सक्छन् । धरातलीय स्वरूपले मानवको आर्थिक क्रियाकलापमा पनि प्रभाव पार्छ । उदाहरणका लागि नदी किनारका मलिलो फाँटमा बस्ने मानिसको मुख्य पेसा कृषि हुन्छ । घाँसे भूमिमा बस्नेले प्रायः पशुपालन व्यवसाय गर्छन् । समुद्री किनारमा बस्ने मानिसले माछा मार्ने व्यवसाय गर्छन् । पर्वतारोहणमा सहयोगीको भूमिकामा रहनेहरू हिमाली क्षेत्रमा जन्मे हुर्केका मानिसको संलग्नता बढी रहन्छ । यी सबै धरातलीय स्वरूपसँग मानिसले आफूलाई अनुकूलित हुनका लागि गरेको सङ्घर्ष र जीवनपद्धतिको परिणामस्वरूप सम्भव भएको हो ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) धरातलीय स्वरूपअनुसार मानिसको जीवनशैली फरक हुन्छ । यस भनाइलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(ख) हावापानीले तपाईंको क्षेत्र वा समुदायको मानव जीवनमा पारेको प्रभावको विश्लेषण गर्नुहोस् ।

(ग) पर्वतारोहणमा शेर्पाको भूमिका महत्त्वपूर्ण देखिनुमा कुन कुरा बढी जिम्मेवार छ जस्तो लाग्छ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(घ) हिमाल, पहाड र तराईमा बस्ती र घरका संरचनामा भिन्नता आउनुका कारण उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

तपाईं बसोबास गर्ने क्षेत्रको भूस्वरूप कस्तो प्रकृतिको छ ? त्यहाँको भूस्वरूपले त्यहाँका मानिसको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ । समुदायमा भ्रमण गरी प्राप्त तथ्यलाई सम्पर्क कक्षामा सुनाउनुहोस् ।

क्रियाकलाप २

जोडी जोडीमा रही विभिन्न धरातलीय क्षेत्रका जनजीवनको सम्बन्धमा छलफल गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

धरातलीय क्षेत्र	जनजीवन
मैदानी भूभाग	
पहाडी क्षेत्र	
हिमाली क्षेत्र	
मरुभूमि क्षेत्र	
समुन्द्र वा नदी किनारको क्षेत्र	
अन्य	

खाली ठाउँ भर्नुहोस् :

(क) पर्वतारोहणमा .....जाति अब्बल मानिन्छन् ।

(ख) हिमाली क्षेत्रमा .....घर पाइन्छन् ।

(ग) भौगोलिक परिवर्तनको ..... तत्त्व मध्ये ज्वालामुखी पनि एक हो ।

(घ) .....ले माटो कटान गर्ने, बगाउने र थुपार्ने काम गर्छ ।

(ङ) .....क्षेत्रमा काठ र बाँसका घर हुन्छन् ।

पाठ ६ पृथ्वीको दैनिक र वार्षिक गति र प्रभाव

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

पृथ्वीमा सधैँ दिन र रात भइरहन्छ । त्यस्तै हरेक वर्ष एउटै समयमा एकै खालको हावापानी र ऋतुको अनुभव हामीले गरिरहेका हुन्छौँ । किन यस्तो भएको होला ? अनुमान गर्नुहोस् ।

हो तपाईंले अनुभव गरेजस्ते दिनरात किन हुन्छ र ऋतु परिवर्तन किन हुन्छ भन्ने सन्दर्भमा अब हामी चर्चा गर्ने छौँ ।

(क) दिन र रात

पृथ्वी एक ग्रह हो । यो सौर्यमण्डलको सदस्य पनि हो । पृथ्वीले सूर्यबाट ताप र प्रकाश दुवै प्राप्त गर्छ । पृथ्वी गोलाकार भएकाले सूर्यबाट आएको प्रकाश पृथ्वीको सबै भागमा एकै पटक पर्दैन । एक पटकमा सूर्यतर्फ फर्किएको आधा भागमा मात्र प्रकाश पर्छ । प्रकाश परेको भागमा दिन हुन्छ । प्रकाश नपरेको बाँकी आधा भागमा रात हुन्छ । पृथ्वी हरेक दिन घुम्दै जाँदा पृथ्वीको सबै ठाउँमा एकैचोटी प्रकाश पर्दैन र प्रकाश परेको ठाउँमा क्रमशः उज्यालो पर्दै जान्छ र यसरी प्रकाश परेको ठाउँमा दिन हुन्छ भने प्रकाश नपरेको ठाउँमा अध्याँरो हुँदै जान्छ, जसलाई रात भनिन्छ । दिन भएका ठाउँमा पनि पृथ्वी घुम्ने सिलसिलामा क्रमशः रात पर्दै जान्छ । पृथ्वीलाई एक फन्को घुम्न लगभग २४ घण्टा समय लाग्छ । यसरी पृथ्वी घुम्ने क्रममा हरेक दिन सूर्यलाई एक फन्को लगाउने कामलाई पृथ्वीको दैनिक गति भनिन्छ । पृथ्वीले एक फन्को घुम्दा एक दिन र एक रातको समय हुन्छ । यसरी हामीले सूर्य दिनदिनै पूर्वबाट उदाएर पश्चिममा अस्ताएको देख्छौँ । झट्ट हेर्दा आकाशमा रहेका सूर्य, चन्द्रमा र ताराले पूर्वबाट पश्चिमतर्फ जाँदै पृथ्वीलाई घुमेको जस्तो देखिन्छ तर त्यस्तो होइन । पृथ्वी आफैँ घुम्दा तिनीहरूले घुमेको जस्तो देखिएको हो । पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्ने हुनाले पूर्वबाट सूर्य उदाएको देखिएको हो । चन्द्रमा र तारा पनि पूर्वमा उदाएर पश्चिममा नै अस्ताएको देखिन्छ । गाडी गुडिरहँदा किनाराका रुख तथा खम्बा पछाडितिर गएझै पृथ्वी घुमिरहँदा सूर्य, तारा र चन्द्रमाले घुमेको जस्तो देखिएको हो । पृथ्वी धेरै ठुलो भएको हुनाले पृथ्वी घुमेको हामीलाई याद हुँदैन । पृथ्वी घुमिरहँदा हामी जहाँको त्यहीँ हुन्छौँ । पृथ्वी

घुमिरहेको हुन्छ तर हामीले भने पृथ्वी घुमेको अनुभव गर्न सक्दैनौँ । पृथ्वीले दैनिक एक फन्को घुम्ने आधारलाई अक्ष भनिन्छ । पृथ्वी अक्षमा अडिएर घुम्ने कामलाई परिभ्रमण वा पृथ्वीको दैनिक गति भनिन्छ । पृथ्वीको यही दैनिक गतिका कारणले पूर्वतर्फ पहिले बिहान हुन्छ भने पश्चिमतर्फ केही समयपछि मात्र बिहान हुन्छ । नेपालको पूर्वमा रहेको ताप्लेजुङमा बिहान घाम झुल्किँदा पश्चिममा रहेको दार्चुलामा झुल्केको हुँदैन । त्यहाँ केही समयपछि मात्र घाम झुल्किन्छ । पूर्वमा छिटो बिहान हुन्छ र पश्चिममा ढिलो बिहान हुन्छ । त्यसैले पूर्वको समय चाँडो हुन्छ र पश्चिमको समय ढिलो हुन्छ । पृथ्वीको दैनिक गतिले गर्दा समयको हिसाब गर्न सजिलो भएको छ ।

(ख) ऋतु परिवर्तन

पृथ्वी पनि सौर्यमण्डलको सदस्य हो । पृथ्वीले सूर्यलाई वरिपरिबाट परिक्रमा गर्छ । यसरी पृथ्वीले सूर्यलाई परिक्रमा गर्दा एउटै बाटामा मात्र हिँड्छ । सूर्यलाई परिक्रमा गर्ने यस्तो बाटालाई पृथ्वीको कक्ष भनिन्छ । पृथ्वीले आफ्नो कक्षमा हिँड्दै सूर्यलाई एक फन्को लगाउन लगभग ३६५ दिन र ६ घन्टा समय लाग्छ । यसरी पृथ्वीले सूर्यलाई एक वर्षको समय लगाएर परिक्रमा गर्छ । पृथ्वीले सूर्यलाई वरिपरिबाट परिक्रमा गर्ने यस कार्यलाई परिक्रमण वा पृथ्वीको वार्षिक गति भनिन्छ । एक वर्षलाई १२ महिनामा विभाजन गरिएको हुन्छ । एक महिनामा करिब ३० दिन हुन्छ । पृथ्वीको दैनिक गतिले गर्दा वर्ष, महिना र दिनको हिसाब गर्न सजिलो भएको छ । पृथ्वीको वार्षिक गतिबाट देखा पर्ने प्रभाव ऋतु परिवर्तन पनि हो । ऋतु परिवर्तन भनेको एक वर्षभरि हावापानीले आफ्नो मौसमी स्वरूपमा देखाउने परिवर्तन हो । कहिले गर्मी, कहिले वर्षा, कहिले सुक्खा र कहिले जाडो हुनु ऋतु परिवर्तनको कारणले हो । नेपालमा असार, साउन र भदौ महिनामा वर्षा हुन्छ । हरेक वर्ष उही महिनामा वर्षाको मौसम देखा पर्छ । नेपालमा एक वर्षको अवधिभित्र छ प्रकारका ऋतु मान्ने गरिन्छ तर विश्वव्यापी रूपमा भने हिउँद, वसन्त, ग्रीष्म र शरद् गरी चार ऋतु मान्ने गरिन्छ ।

पृथ्वी जहिले पनि आफ्नो अक्षदेखि २३.५ डिग्री ढल्किएको हुन्छ । साथै सूर्यलाई परिक्रमा गर्दा एकै दिशातर्फ ढल्किएर अघि बढ्छ । त्यसैले सूर्यको किरण कहिले उत्तरी गोलार्धमा सिधा पर्छ त कहिले दक्षिणी गोलार्धमा सिधा पर्छ । उत्तरी गोलार्धमा सूर्यको किरण सिधा परेका बेलामा त्यहाँ ग्रीष्म ऋतु हुन्छ । त्यसै समयमा दक्षिणी गोलार्धमा हिउँद ऋतु हुन्छ । त्यसको छ महिनापछि सूर्यको किरण दक्षिणी गोलार्धमा सिधा पर्छ । यस बेला दक्षिणी गोलार्धमा ग्रीष्म ऋतु हुन्छ भने उत्तरी गोलार्धमा हिउँद ऋतु हुन्छ ।

(ग) पृथ्वीमा ऋतु परिवर्तनका मुख्य दिन



पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) दिन र रात कसरी हुन्छ ?

(ख) नेपालको पूर्वको कुनै ठाउँमा सूर्योदय हुँदा पश्चिमको अर्को ठाउँमा उही समयमा किन सूर्योदय हुँदैन ।

(ग) ऋतु परिवर्तन किन हुन्छ ?

(घ) पृथ्वी गोलाकार नभएर चेप्टो भएको भए के हुन्थ्यो होला ? आफ्ना अनुमान प्रस्तुत गर्नुहोस् ।

(ङ) डिसेम्बर २२ ऋतु परिवर्तनको महत्त्वपूर्ण समय किन मानिन्छ ? कारण दिनुहोस् ।

क्रियाकलाप १

ऋतु परिवर्तनले मानिसको दैनिक जीवनमा पार्ने प्रभाव समूहमा छलफल गरी लेख्नुहोस् ।

क्रियाकलाप २

नेपालको ऋतु सम्बन्धमा सोधखोज गरी तलको तालिका पूरा गर्नुहोस् :

महिना	ऋतु
चैत्र – वैशाख	
जेठ– असार	
साउन – भदौ	
असोज – कात्तिक	
मङ्सिर – पुस	
माघ – फागुन	

जोडा मिलाउनुहोस् :

डिसेम्वर २२	सूर्य मकर रेखामाथि सिधा हुन्छ ।
जुन २१	दक्षिण गोलार्धमा दिन छोटो र रात लामो हुन्छ ।
मार्च २१	मङ्सिर–पुस
सेप्टेम्बर २३	दक्षिण गोलार्धमा शरद् र उत्तरी गोलार्धमा वसन्त ऋतु हुने
सुर्योदय	माघ–फागुन
हेमन्त	पूर्वबाट क्रमशः पश्चिमतिर हुन्छ ।
शिशिर	उत्तरमा शरद् र दक्षिण गोलार्धमा वसन्त ऋतु हुने

प्रयोगात्मक कार्य

सहजकर्ताको सहयोगमा प्रयोगात्मक अभ्यास गरौं :

टेबुलमा ग्लोब राख्नुहोस् । कोठाका झ्याल ढोका बन्द गरेर अँध्यारो पार्नुहोस् । अलिक पर मैनबत्ती वा टर्चलाइट बालेर ग्लोबतर्फ देखाउनुहोस् । प्रकाश परेको भागमा दिन र नपरेको भागमा रात हुन्छ । ग्लोबको कुनै ठाउँमा मार्करले चिनो लगाउनुहोस् । ग्लोबको स्ट्यान्डलाई स्थिर राखेर बिस्तारै ग्लोब घुमाउनुहोस् । चिनो लगाएको ठाउँमा बिस्तारै उज्यालो परेको, घुम्दै जाँदा अँध्यारातर्फ गएको हेरी पृथ्वीमा समयको परिवर्तन सम्बन्धमा छलफल गर्नुहोस् ।

पाठ ७ नेपालको हावापानी

नेपालमा पाइने हावापानी सम्बन्धमा तल दिइएको अनुच्छेद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

शिक्षकले आजको कक्षा नेपालमा पाइने हावापानीसँग सम्बन्धित हुने कुरा बताउनुभयो र उहाँले हावापानी सम्बन्धमा छोटो धारणा राखी विद्यार्थीलाई पुस्तकालयमा विभिन्न सन्दर्भ सामग्री अध्ययन गरी आआफ्नो घर रहेको क्षेत्रमा पाइने हावापानी र त्यसका विशेषता खोजी गर्न लगाउनुभयो ।

शिक्षकको धारणा यस्तो थियो । "कुनै पनि ठाउँको मौसमको सालाखाला अवस्थालाई हावापानी भनिन्छ । कुनै ठाउँको हावापानीलाई प्रभाव पार्ने तत्त्व फरक फरक हुन्छन् । नेपालमा जमिनको ढाल, उचाइ आदि कारणले सानो मुलुक भए पनि हावापानीमा विविधता पाइन्छ । यहाँ हिमालमा सधैँ चिसो हुने, पहाडमा समशीतोष्ण र तराई र भित्री मधेसमा उष्ण हावापानी पाइन्छ । नेपालमा पाइने धरातलीय स्वरूपले यहाँको हावापानीमा विविधता थपेको छ । धरातलीय स्वरूपको आधारमा नेपालमा पाइने हावापानीलाई पाँच भागमा विभाजन गर्न सकिन्छ । आज तपाईंले आआफ्नो घर भएको क्षेत्रमा पाइने हावापानी सम्बन्धमा पुस्तकालयमा भएका पुस्तक, पत्रपत्रिका आदि अध्ययन गरी खोजी गरी छोटो विवरण प्रस्तुत गर्नुपर्ने हुन्छ ।"

शिक्षकको निर्देशनपछि विद्यार्थी पुस्तकालयमा गई खोज गरेर विवरण तयार पारे र सो विवरण सहजकर्तालेसम्पर्क कक्षामा केही सिकारुलाई पालैपालो प्रस्तुत गर्न लगाउनुभयो । अब सिकारुको प्रस्तुति अध्ययन गरौँ है त :

नमस्कार, म सोहन चौधरी । मेरो जन्म घर बारा जिल्लामा पर्छ । बारा जिल्ला नेपालको मधेस प्रदेशमा पर्छ । यो ठाउँमा उपोष्ण मौसमी प्रकारको हावापानी पाइन्छ । यो हावापानी पाइने क्षेत्र तराई, भित्री मधेस, दुन हुन् । चुरेपर्वतको लगभग १२०० मि.को उचाइसम्म पनि यस प्रकारको हावापानी

पाइन्छ । यो हावापानी पाइने क्षेत्रको तापक्रम हिउँद र ग्रीष्ममा फरक फरक हुन्छ । त्यसैले हाम्रो जिल्लामा हिउँदमा तापक्रम १५ डिग्री सेल्सियस देखि ५ डिग्री सेल्सियससम्म र ग्रीष्ममा ३८ डिग्री देखि ४२ डिग्री सेल्सियस सम्म पुग्छ । यहाँ औसत २०० से.मी. सम्म वर्षा हुन्छ । हाम्रो घर मध्य तराईमा पर्छ । हाम्रो र पूर्वी तराईमा भन्दा पश्चिम तराईमा गर्मी बढी हुन्छ । थार मरुभूमिबाट वहने तातो हावाको कारण पूर्वी तराईमा भन्दा पश्चिम तराईमा गर्मी बढी हुने रहेछ । यहाँ ग्रीष्ममा मनसुनी वायुले वर्षा गराउँछ भने हिउँदमा पश्चिमी वायुले पानी पार्छ । पश्चिमी वायुले पूर्व र मध्यभन्दा पश्चिम तराईमा बढी पानी पार्छ । हाम्रो बस्ती नजिकै घना जङ्गल छ । त्यहाँ साल सिसौ जस्ता वनस्पति र बाघ, चितुवा, हात्ती आदि जनावर पाइन्छन् । यहाँको हावापानीको कारण यहाँको जनजीवनमा प्रभाव पारेको छ । बढी गर्मी हुने हुँदा यहाँका मानिसको लवाइखवाइ, पहिरन, खेती प्रणालीमा अन्य प्रदेशभन्दा फरक जीवनशैली देख्न सकिन्छ । यहाँ डुबान र बाढी पहिरो र शीत लहरको प्रभाव बढी हुन्छ ।

नमस्कार, म विशाल उपाध्याय । मेरो घर बागमती प्रदेशको धादिङ जिल्लामा पर्छ । मेरो गाउँ समुद्र सतहबाट १४५० मि.को उचाइमा रहेको छ । यस ठाउँमा न्यानो समशीतोष्ण हावापानी पाइन्छ । यो हावापानी १२०० मि.देखि २१०० मि.सम्मको उचाइसम्मको क्षेत्रमा पाइने रहेछ । चुरेको माथिल्लो भाग र महाभारत पर्वत क्षेत्रमा यस प्रकारको हावापानी पाइन्छ । यहाँ ग्रीमकालमा न्यानो र हिउँदमा जाडो हुन्छ । यो हावापानी पाइने क्षेत्रमा तापक्रम ग्रीष्मयाममा २४ डिग्री से. देखि ३५ डिग्री से. र हिउँदमा ५ डि.से.देखि १० डि.से. सम्म हुन्छ । ग्रीममा २०० से.मि. सम्म वर्षा हुन्छ । यो हावापानी पाइने क्षेत्रको उत्तरी मोहडाको क्षेत्रमा भने वायुविमुख भाग पर्ने हुँदा वर्षा कम हुन्छ । जहाँ वार्षिक औसत १०० से.मि. सम्म पानी पर्छ । हिउँदमा पश्चिमी वायुको प्रभावले पानी पर्छ । हाम्रो गाउँभन्दा माथिको लेकमा भने हिउँ पर्छ । यसरी पहाडको माथिल्लो भागमा भने हिउँ पर्नु यो हावापानीको विशेषता नै रहेछ । यस्तो हावापानी फलफूल उत्पादनको दृष्टिले राम्रो मानिन्छ । हाम्रो गाउँमा पनि सुन्तला, कागती, भोगटे, अम्बा, नासपातीजस्ता फलफूलको राम्रो उत्पादन हुन्छ ।

नमस्कार, म विक्रम पुन मगर । मेरो घर म्याग्दी जिल्लामा पर्छ । मेरो गाउँ हिमाली गाउँ हो । यहाँ ठन्डा समशीतोष्ण हावापानी पाइन्छ । यो हावापानी महाभारत पर्वत शृङ्खलाको २१०० मि. देखि ३३०० मि सम्मको उचाइमा पाइने रहेछ । स्वास्थको दृष्टिकोणले यस्तो हावापानी उपयुक्त मानिन्छ । यहाँ हिउँदको तापक्रम ५ डि.से.भन्दा कम हुन्छ । ग्रीष्ममा भने यहाँको तापक्रम १५ डि.से. देखि २० डि.से. सम्म हुन्छ । यस्तो हावापानी पाउने क्षेत्रमा हिउँद केही लामो हुन्छ । ग्रीष्ममा मनसुनी वायुले गर्दा १०० से.मि. जति वर्षा हुन्छ । उत्तर पट्टिको ढालमा भन्दा दक्षिण पट्टिको ढालमा वर्षा बढी हुन्छ । यहाँ सदावहार जङ्गल पाइन्छ । हिउँदमा भने हिउँ पर्छ ।

नमस्कार, मेरो नाम निमा ग्याल्जेन । मेरो घर ताप्लेजुङ जिल्लाको उत्तर हिमाली क्षेत्रमा पर्छ । यहाँ लेकाली हावापानी पाइन्छ । यसप्रकारको हावापानी ३३०० मि. देखि ५००० मि.को उचाइमा पाइन्छ । हाम्रो गाउँ समुद्र सतहबाट ३५०० मि. भन्दा माथि रहेकाले यहाँ लेकाली हावापानी पाइन्छ । यहाँ हिउँदमा ० डि.से. भन्दा तल तापक्रम पुग्छ । ग्रीष्ममा यहाँको तापक्रम १० देखि १५ डि.से. सम्म हुन्छ । यहाँ हिउँद लामो हुन्छ । यहाँ वर्षा ३० से.मि. जति तर हिउँको रूपमा पर्छ । यहाँ थोरै मात्र बोटबिरुवा हुर्कन सक्छन् । हिमाली भालु, घोरल, रेडपान्डा जस्ता जनावर यहाँ पाइन्छन् ।

मेरो गाउँभन्दा माथि सधैँ हिउँ परिरहने हिमाली क्षेत्र छ । त्यहाँ टुन्ड्रा प्रकारको हावापानी पाइन्छ । यस प्रकारको हावापानीलाई हिमाली मरुभूमि हावापानी पनि भनिन्छ । यसप्रकारको हावापानी ५००० मि. भन्दा माथि पाइन्छ । बर्सैभरि हिउँ जमिरहने र चिसो हुने हुनाले यहाँको तापक्रम बर्सैभरि ० डि.से. भन्दा तल हुन्छ । यहाँ वर्षा हुँदैन ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हावापानी भनेको के हो ?

(ख) नेपालमा कति प्रकारको हावापानी पाइन्छ ? नाम लेखी सबै प्रकारका हावापानीको दुई दुईओटा विशेषता उल्लेख गर्नुहोस् ।

(ग) तपाईँ बस्ने क्षेत्रमा कस्तो प्रकारको हावापानी पाइन्छ ? सो हावापानीमा कस्ता बालीनाली र फलफूल उत्पादन गर्न सकिन्छ ?

(घ) न्यानो समशीतोष्ण हावापानी पाइने क्षेत्रमा मानिसको जीवनपद्धति उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

नेपालको नक्सा निर्माण गरी विभिन्न हावापानी पाइने क्षेत्र देखाउनुहोस् र आफू बसेको ठाउँमा पाइने हावापानीको क्षेत्रमा रङ लगाउनुहोस् ।

क्रियाकलाप २

"हाम्रो जीवनपद्धतिमा हावापानीको महत्त्व" शीर्षकमा एउटा लेख तयार पारी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप ३

विभिन्न हावापानीको अवस्था झल्कने चित्र, फोटो सङ्कलन गरी एल्बम तयार पार्नुहोस् ।

क्रियाकलाप ४

हावापानी र यसले मानव जनजीवनका पार्ने प्रभाव सम्बन्धमा गीत वा कथा तयार पार्नुहोस् ।

तल दिइएका प्रश्नको सही जवाफमा ठिक चिह्न लगाउनुहोस् :

१. **कुन हावापानी क्षेत्रमा फलफूल उत्पादन राम्रो हुन्छ ?**

(क) न्यानो समशीतोष्ण हावापानी

(ख) ठन्डा समशीतोष्ण हावापानी

(ग) लेकाली हावापानी

(घ) उपोष्ण मौसमी हावापानी

२. **नेपालमा पाँच हजार मिटरभन्दा माथिल्लो उचाइमा कुन हावापानी पाइन्छ ?**

(क) लेकाली हावापानी

(ख) ठन्डा समशीतोष्ण हावापानी

(ग) टुन्ड्रा हावापानी

(घ) न्यानो समशीतोष्ण हावापानी

३. **उपोष्ण मौसमी हावापानी पाइने क्षेत्र कुन होइन ?**

(क) भित्री मधेस

(ख) तराई

(ग) महाभारत पर्वत

(घ) दुन

४. **लेकाली हावापानी पाइने क्षेत्रको विशेषता कुन हो ?**

(क) यो हावापानीको क्षेत्रमा हिउँदमा औसत तापक्रम ०° भन्दा तल हुन्छ ।

(ख) यो हावापानीको क्षेत्रमा वर्षा हुँदा हिउँको रूपमा वर्षा हुन्छ ।

(ग) माथिका दुवै ठिक छन् ।

(घ) माथिका दुवै ठिक छैनन् ।

५. **घना जङ्गल र बाघ भालु हात्ती पाइने हावापानीको क्षेत्र कुन हो ?**

(क) न्यानो समशीतोष्ण हावापानी

(ख) ठन्डा समशीतोष्ण हावापानी

(ग) लेकाली हावापानी

(घ) उपोष्ण मौसमी हावापानी

पाठ ८ नेपालका नदी र ताल तलैया

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

नेपालका नदी र ताल तलैयाको बारेमा खोजी गर्न तीनओटा समूहलाई जिम्मा दिइएकामा तीनओटै समूहले विवरण तयार पारेका छन् । समूहका टोली नेता क्रमशः विमलेश, भूमिका र दावाले निम्नलिखित विवरण प्रस्तुत गरेका छन् । हामी पनि सो विवरण अध्ययन गरौँ र छलफल गरौँ :

समूहको नाम : कोसी

मेरो नाम विमलेश हो । हाम्रो समूहले नेपालका नदीलाई उत्पत्तिको आधारमा विभाजन गरी निम्नानुसारको विवरण खोजी गरी प्रस्तुत गरेका छौँ ।

नेपाल नदी नाला, खोला, ताल तलैयामा धनी छ । यहाँ छ हजारभन्दा बढी नदीनाला रहेका छन् । कोसी, गण्डकी, कर्णालीजस्ता अनवरत बग्ने ठुला नदी पनि यही रहेका छन् । यी नदीले खानेपानी, सिँचाइ र जलविद्युत् उत्पादनमा महत्त्वपूर्ण योगदान रहेको छ ।

नेपालका नदीलाई उत्पत्तिका आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ :

पहिलो स्तरका नदी : पहिलो स्तरका नदी हिमालय क्षेत्रबाट उत्पत्ति भई बग्ने नदी हुन् । यस्ता नदीबाट बर्सैभरि अनवरतरूपमा जलप्रवाह भइरहन्छ । सप्तकोसी, सप्तगण्डकी र कर्णालीजस्ता नदी पहिलो स्तरका नदी हुन् । पहिलो स्तरको नदीलाई स्थायी प्रकृतिका नदी पनि भनिन्छ ।

दोस्रो स्तरका नदी : दोस्रो स्तरका नदीको उद्गमस्थल महाभारत पर्वत हो । मूल एवम् वर्षाको पानीमा आधारित यी नदीमा ग्रीष्मको तुलनामा हिउँदमा पानीको बहावको मात्रा कम हुन्छ । यी नदी सिँचाइका लागि महत्त्वपूर्ण मानिन्छन् । यस्ता नदीमा मेची, कन्काई, कमला, बागमती, तिनाउ, राप्ती आदि पर्छन् ।

तेस्रो स्तरका नदी : तेस्रो स्तरका नदी चुरे पर्वतबाट उत्पत्ति भई बग्छन् । यी नदीमा वर्षायाममा प्रशस्त पानी भए पनि हिउँदमा भने पानी नभई सुक्खा वा निकै कम पानी हुन्छ । रतुवा, हर्दिनाथ, सिर्सिया, रातु, मनुस्मारा आदि यस स्तरका नदी हुन् ।

समूहको नाम : गण्डकी

मेरो नाम भूमिका हो । हाम्रो समूहले नेपालका नदीलाई प्रवाहको आधारमा विभाजन गरी निम्नानुसारको विवरण खोजी गरी प्रस्तुत गरेका छौँ :

नदी प्रवाह क्षेत्रको आधारमा नदीलाई तीन भागमा विभाजन गर्न सकिन्छ । यिनलाई कोसी, गण्डकी र कर्णाली तीनओटा क्षेत्रमा विभाजन गरिएको छ ।

कोसी नदी प्रवाह क्षेत्र: यो क्षेत्र पूर्वमा कञ्चनजङ्घा हिमालदेखि पश्चिममा लाङटाङ हिमालसम्म फैलिएको जलप्रवाह क्षेत्र हो । यस नदी प्रवाह क्षेत्रमा सातओटा नदी छन् । जसलाई सप्तकोसी पनि भनिन्छ । तमोर, अरुण, दुधकोसी, लिखु, तामाकोसी, सुनकोसी र इन्द्रावती सप्तकोसीका सहायक नदी हुन् । सप्तकोसीको सबैभन्दा ठुलो नदी अरुण र सबैभन्दा सानो नदी लिखु हो । यस नदीलाई Sorrow of Bihar (विहारको दुःख) को नामले समेत चिनिन्छ । यस नदी प्रवाहमा पर्ने नदीको लम्बाइ ७२० कि.मि. छ । यस नदी प्रवाहले २८१४० वर्ग कि.मि. भूभागलाई समेटेको छ । यस नदीलाई भारतमा दामोदर नदी भनिन्छ ।

गण्डकी नदी प्रवाह क्षेत्र: पूर्वमा लाङ्टाङ हिमालदेखि पश्चिममा धौलागिरि हिमालसम्मको जलप्रवाह क्षेत्रलाई गण्डकी नदी प्रवाह क्षेत्र मानिन्छ । यो नेपालको सबैभन्दा गहिरो नदी हो । यस नदी प्रवाह क्षेत्रमा पनि सातओटा नदी छन् । कालीगण्डकी, त्रिशूली, बुढीगण्डकी, मादी, सेती, दरौँदी, मर्स्याङ्दी यसका सहायक नदी हुन् । यीमध्ये कालीगण्डकी सबैभन्दा ठुलो र त्रिशूली सबैभन्दा सानो नदी हो । यस नदीको लम्बाइ ३३८ कि.मि. रहेको छ । देवघाट पुगेपछि यसलाई नारायणीको नामले चिनिन्छ । यस नदी प्रवाह क्षेत्रले ३८००० वर्ग कि.मि. भूमि ओगटेको छ ।

कर्णाली नदी प्रवाह क्षेत्र: पूर्वमा धौलागिरि हिमाल र पश्चिममा व्यास ऋषि हिमालसम्म यो क्षेत्र फैलिएको छ । यो नेपालको सबैभन्दा लामो नदी हो । यसलाई सप्त कर्णाली पनि भनिन्छ । यसका सातओटा सहायक नदी रहेका छन् । ठुली भेरी, सानी भेरी, तिला,

हुम्ला कर्णाली, मुगु कर्णाली, बुढी गङ्गा र सेती यसका सहायक नदी हुन् । हुम्ला कर्णाली सबैभन्दा ठुलो र तिला सबैभन्दा सानो नदी हो । भारतमा यस नदीलाई घाघराको नामले चिनिन्छ । यसको लम्बाइ ५०७ कि.मि. रहेको छ । यस नदीले नेपालमा ४२००० वर्ग कि.मि. भूमिलाई ओगटेको छ ।

समूहको नाम : कर्णाली

मेरो नाम दावा हो । हाम्रो समूहले नेपालका ताल कुण्ड र पोखरी र हिमनदीको विवरण खोजी गरी प्रस्तुत गरेका छौँ ।

नेपालमा धेरै ताल कुण्ड र पोखरी रहेका छन् । केही ताल कुण्ड र पोखरीको विवरण तल प्रस्तुत गरिएको छ :

तालको नाम	जिल्ला	गहिराइ	रहेको उचाइ	विशेषता
रारा ताल	मुगु	१६७ मि.	३२०० मि.	नेपालको सबैभन्दा ठुलो ताल
फेवा ताल	कास्की	२४ मि.		दोस्रो ठुलो ताल
तिलिचो	मनाङ	२०० मि.	४९१९ मि.	विश्वको सबभन्दा अग्लो स्थानमा रहेको ताल
च्छोरोल्पा	दोलखा	१०० मि.	४५८० मि.	हिमताल
गोसाइँकुण्ड	रसुवा		४३८० मि.	धार्मिक महत्त्व बोकेको कुण्ड
इन्द्र सरोवर	मकवानपुर			मानवनिर्मित ताल
रानीपोखरी	काठमाडौँ			प्रताप मल्लनिर्मित ताल

हिमनदी

नेपालमा धेरै हिमनदी छन् । तीमध्ये सबैभन्दा ठुलो हिमनदी खुम्बु हिमनदी हो भने सबैभन्दा लामो हिमनदी लाङ्टाङ हिमनदी हो । थालुङ, बरुण, नुप्चुङ अन्य हिमनदी हुन् । विश्वव्यापी तापमान वृद्धिको कारण हिमनदीको हिउँ पग्लने क्रम बढ्दो छ । जसले हिमनदी र हिमतालका तल्ला तटीय क्षेत्रमा बाढी, पहिरो जस्ता विपत्को खतरा रहन्छ । यी खतराबाट सुरक्षित रहन सूचना प्रणालीलाई व्यवस्थित गर्ने, मानिसलाई समयमै जानकारी र खवर सम्प्रेषण गर्ने व्यवस्था गर्नुपर्छ ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पहिलो स्तरका नदी कस्ता नदीलाई भनिन्छ ?

(ख) दोस्रो स्तरका नदीका विशेषता उल्लेख गर्नुहोस् ।

(ग) कोसी जल प्रवाह क्षेत्र कहाँदेखि कहाँसम्म पर्छ ?

(घ) ताल र पोखरीको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) कुनै तीनओटा हिमनदीको नाम लेख्नुहोस् ।

क्रियाकलाप १

आफ्ना बस्ती वरपर भएका नदी वा खोला पहिचान गरी ती नदीको प्रभाव क्षेत्र खोजी गर्नुहोस् ।

क्रियाकलाप २

नेपालका विभिन्न ताल तलैयाको चित्र सङ्कलन गरी छोटो विवरणसहितको एल्बम तयार पार्नुहोस् ।

क्रियाकलाप ३

नेपालको नक्सा निर्माण गरी एटलस वा गुगल नक्साको मदतबाट सो नक्सामा सप्तगण्डकी, सप्तकोसी र सप्तकर्णाली नदीका सहायक नदी देखाउनुहोस् ।

तल दिइएका प्रश्नको सही उत्तरमा ठिक (✓) चिह्न लगाउनुहोस् :

१. **नेपालको सबैभन्दा ठुलो नदी कुन हो ?**

(क) बागमती (ख) कोसी (ग) गण्डकी (घ) कर्णाली

२. **गोसाइँकुण्ड कुन जिल्लामा पर्छ ?**

(क) सिन्धुपाल्चोक (ख) नुवाकोट (ग) रसुवा (घ) गोरखा

३. **तलका मध्ये कुन दोस्रो स्तरको नदी हो ?**

(क) कर्णाली (ख) सिर्सिया (ग) बागमती (घ) रतुवा

४. तलका मध्ये कुन हिमनदी होइन ?

(क) खुम्बु (ख) लाङ्टाङ (ग) रापती (घ) नुप्चुङ

५. विहारको दुःख भनेर कुन नदीलाई चिनिन्छ ?

(क) गण्डकी (ख) गङ्गा (ग) बागमती (घ) कोसी

६. गण्डकी नदी प्रवाह क्षेत्र कहाँदेखि कहाँसम्म फैलिएको छ ?

(क) कन्चनजङ्घादेखि लाङटाङ हिमालसम्मको क्षेत्र

(ख) लाङटाङदेखि धौलागिरि हिमालसम्मको क्षेत्र

(ग) धौलागिरिदेखि व्यास हिमालसम्मको क्षेत्र

(घ) माथिका कुनै पनि होइन ।

७. बुढी गङ्गा कुनको सहायक नदी हो ?

(क) सप्त कोसी (ख) सप्त गण्डकी

(ग) सप्त कर्णाली (घ) महाकाली

पाठ ९ नेपालका वनस्पति

तल दिइएको विषयवस्तु अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

वनस्पति भन्नाले रुखबिरुवा, घाँसपात, जडीबुटी आदिलाई जनाउँछ । नेपालमा पाइने विभिन्न प्रकारका रुखबिरुवा, जडीबुटी, घाँसपात आदि नेपालका वनस्पति हुन् । नेपाल वनस्पतिमा धनी देश हो । यहाँको हावापानीको विविधता, भौगोलिक विविधता, तापक्रम र माटाको प्रकृति आदिले वनस्पतिमा प्रभाव पार्छ । नेपालमा पाइने विभिन्न पाँच किसिमका वनस्पतिको यहाँ चर्चा गरिन्छ :

(क) उष्ण प्रदेशीय जङ्गल: उष्ण प्रदेशीय जङ्गल नेपालका १२०० मि. सम्मको उचाइमा पाइन्छ । विशेषतः तराई, भित्री मधेश र चुरेमा यस्ता जङ्गल पाइन्छन् । साल सिसौ, खयर, आँप, सिमल आदि उष्ण प्रदेशीय वनस्पति हुन् । यी वनस्पति अग्ला र कडा प्रजातिका रुख हुन् । घाँस र लहराको झाडी हुनु यसप्रकारको जङ्गलको विशेषता हो । यहाँ घना जङ्गल हुने भएकाले बाघ, भालु, चितुवा, गैँडा, मृग, हात्ती आदि जनावर पाइन्छन् ।

(ख) समशीतोष्ण पतझर जङ्गल: यो जङ्गल नेपालका १२०० मि. देखि २१०० मि. सम्मको उचाइमा पाइन्छ । महाभारत श्रेणीको तल्लो भाग र चुरे पहाडको माथिल्लो भागमा यस्ता जङ्गल पाइन्छन् । चिलाउने, पिपल, वर, मौवा, बाँस, कटुस, चाँप, सल्लो आदि यस्ता जङ्गलमा पाइने वनस्पति हुन् । हिउँदमा यहाँका बोटबिरुवाका पात झर्ने गर्छन् । यहाँ नरम जातका रुख पाइन्छन् । बिरुवामा प्रशस्त हाँगाबिँगा हुनु यसप्रकारको जङ्गलमा रहेका बिरुवाका विशेषता हुन् । यहाँ बाघ, बँदेल, चितुवा, मृग, जरायो आदि जनावर पाइन्छन् ।

(ग) समशीतोष्ण सदावहार कोणधारी जङ्गल: यो जङ्गल नेपालको २१०० मि. देखि ३३५० मि. सम्मको उचाइमा पाइन्छ । बेत, निगालो, बाँस, भोजपत्र, उत्तिस, धुपी, सल्लो आदि यहाँ हुने वनस्पति हुन् । यस जङ्गलमा बढी कोणधारी वनस्पति पाइन्छन् । कोणधारी वनस्पतिका पात सियो जस्तो चुच्चो परेका हुन्छन् । यहाँ नरम काठका रुख पाइन्छन् । यी वनस्पतिका पात नझर्ने भएकाले यी सदावहार हुन्छन् ।

(घ) लेकाली वनस्पति : यी वनस्पति घाँसै मैदानका रूपमा रहन्छन् । यी वनस्पति ३३५० मि. देखि ५००० मि. सम्मको उचाइमा पाइन्छन् । यी उच्च पहाडी प्रदेशमा पाइने वनस्पति हुन् । यहाँ बिरुवा ठुला ठुला भएर हुर्कन सक्दैनन् । गुराँस, निगालोका झाडी,जडीबुटीका बिरुवा, विभिन्न प्रजातिका घाँस यहाँ पाइन्छन् । भालु, बँदेल, कस्तूरी, हिमचितुवा, डाँफे, चौँरी आदि जीवजन्तु यहाँ पाइन्छन् ।

(ङ) हिमाली वा टुन्ड्रा वनस्पति: यस प्रकारको वनस्पति नेपालको ५००० मि. उचाइभन्दा माथि पाइन्छ । यस क्षेत्रको तल्ला भागमा फूल र बनऔषधी पाइन्छन् भने माथिल्ला भागमा काई, झ्याउ र लेउ पाइन्छन् । हिउँ चितुवा, हिमाली मृग, हिमाली ब्याँसो, पुतली आदि जीव यहाँ पाइन्छन् ।

पाठको आधारमा तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा पाइने वनस्पतिलाई कति भागमा विभाजन गर्न सकिन्छ ?
(ख) हिमाली वनस्पतिको परिचय दिनुहोस् ।
(ग) सदावहार जङ्गलको विशेषता उल्लेख गर्नुहोस् ।
(घ) तपाईंको समुदायमा पाइने वनस्पतिको सूची तयार पार्नुहोस् ।
(ङ) समशीतोष्ण पतझर जङ्गलमा पाइने बोटबिरुवाको नाम लेख्नुहोस् ।
(च) नेपाल प्राकृतिक वनस्पति र जीवजन्तुको विविधता भएको देश हो । पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

नेपालको नक्सा निर्माण गरी विभिन्न प्राकृतिक वनस्पतिका क्षेत्र फरक फरक रङ भरी देखाउनुहोस् ।

क्रियाकलाप २

विभिन्न वनस्पतिका चित्र सङ्कलन गरी एल्बम तयार पार्नुहोस ।

क्रियाकलाप ३

बिरुवा र वनस्पतिको संरक्षणमा युवाको भूमिका विषयमा संवाद तयार पारी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् र आफ्नो मिल्ने साथीसँग संवाद पनि गर्नुहोस् ।

सामुदायिक कार्य

आफ्नो समुदायका प्राकृतिक वनस्पतिको संरक्षणका लागि अवलम्बन गरिएका विभिन्न उपाय सम्बन्धमा अभिभावक र अन्य जानकार व्यक्तिसँग सोधखोज गरी प्राप्त विवरण समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ १०

प्राकृतिक सम्पदा र मानव सम्बन्ध

प्राकृतिक सम्पदा र मानव सम्बन्ध सम्बन्धमा दुई साथीबिचको वार्तालाप अध्ययन गरौँ र मनन गरौँ :

रबिन : यशोदा, हिजो घरमा पूजा भएर विद्यालय जान सकिनँ । हिजो सामाजिक अध्ययनमा के के पढाइ भयो ? मलाई बताइदेऊ न ।

यशोदा : हिजो प्राकृतिक सम्पदा र ती सम्पदाको मानव जीवनसँगको सम्बन्धको विषयमा सिकाइ भयो ।

रबिन : के के सिकाइ भयो ? नदिनाला र मानव जीवनबिचको सम्बन्धमा मलाई केही बताइदेऊ न त ।

यशोदा : नदिनाला र मानवजीवनबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । मानिसले विभिन्न काममा नदिनाला र तालको पानीको उपयोग गरिरहेको हुन्छ । मानिसलाई खाना बनाउन, लुगा धुन, नुहाउन, खेतबारीमा सिँचाइ गर्न पानी चाहिन्छ ।

रबिन : नदीनाला ताल आदिमा माछा पालन व्यवसाय पनि त गर्न सकिन्छ ? होइन र ।

यशोदा : हो नि,जरुर सकिन्छ । नदी ताल झरनाको प्राकृतिक सौन्दर्यमा पर्यटक रमाउँछन् । ती ठाउँमा पर्यटकलाई घुमाएर पनि अर्थोपार्जन गर्न सकिन्छ । नेपालका ठुला ठुला सहरहरू नदी किनारमा नै अवस्थित छन् । बिजुली उत्पादन गर्न, जीविकोपार्जनको विभिन्न काम गर्न समेत नदी र तालका पानीलाई उपयोग गर्न सकिन्छ ।

रबिन : हावापानी र मानव जीवनबिचको सम्बन्धमा चाहिँ के के सिक्यौ त ?

यशोदा : हावापानी र मानव जीवनबिचको सम्बन्ध प्रगाढ हुन्छ । मानिस जुन हावापानी भएको क्षेत्रमा रहन्छ त्यसैसँग सम्बन्धित रहेर खेतीपाती, पशुपालन, फलफूल खेती आदि गर्ने गर्छन् । हावापानीमा आधारित भई लुगा लगाउने, खानेकुरा उत्पादन गर्ने र उपभोग गर्ने गर्छन् । घरका बनावट पनि हावापानी अनुकूल बनाउने गरिन्छ । हिउँ पर्ने ठाउँमा बढी भिराला छाना हुनु, पानी कम पर्ने ठाउँमा मुन्डाघर रहनु मानिस हावापानीसँग समायोजित हुने प्रक्रियासँग सम्बन्धित छ ।

रबिन : अब वनस्पति र मानव जीवनबिचको सम्बन्ध बताइदेऊ न ल ।

यशोदा : हुन्छ नि, वनस्पति र मानवबिच अन्योन्याश्रित सम्बन्ध छ । वनस्पतिले मानिसको भोजन, पोसाक र वासस्थानसँग सम्बन्धित आवश्यकता पूरा गर्छन् । मानिसलाई चाहिने काठ दाउरा वनस्पतिबाट नै प्राप्त हुन्छ । पशुपालनका लागि आवश्यक घाँस, स्याउला समेत वनस्पतिबाट प्राप्त हुन्छ । वनस्पति जडीबुटीका भण्डार हुन् । प्राकृतिक वनस्पतिले माटालाई अड्याएर राख्छ । जसले पहिरो जान दिँदैन । उद्योग र कलकारखानाका लागि चाहिने कच्चा पदार्थ पनि वनस्पतिबाट उपलब्ध हुन्छ । मानिसको जीविकोपार्जनको आधार समेत वनस्पति हो ।

रबिन : यशोदा, तिमीले धेरै कुरा स्पष्ट पार्न सहयोग गरेकामा तिमीलाई धेरै धन्यवाद ।

यशोदा : साथीलाई यति कुरा बताउन पाएकामा म खुसी छु ।

माथि दिइएको संवाद पढेर तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नदीनाला र मानवबिचको सम्बन्ध कुनै चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

(ख) हावापानीले मानव जीवनलाई कुन कुन क्षेत्रमा प्रभावित पार्छ ?

(ग) वोटबिरुवा मानवीय आवश्यकता पूर्तिका आधार हुन् । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(घ) वनजङ्गल संरक्षणका उपाय उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

तपाईं बसेको ठाउँमा र तपाईंको अलिक परको साथीको बस्तीमा पाइने हावापानीका कारण उब्जने अन्न, तरकारी र फलफूलको भिन्नता खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

तपाईंको समुदायको हावापानी र मानवसँगको सम्बन्ध विषयमा एक लेख्नुहोस् ।

क्रियाकलाप ३

तपाईंको समुदायमा पानीका स्रोत जोगाउन के कस्ता उपाय अवलम्बन गरिएका छन् । अवलोकन गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ११ स्थानीय स्रोत साधन र मानव जीवन

तलको कथा अध्ययन गरौं र छलफल गरौं :

मेरो नाम दीपक माझी हो । म धादिङ जिल्लाको कल्लेरीघाटमा बस्छु । मेरो गाउँ पहाडको फेदमा रहेको छ । यसलाई बेँसी पनि भनिन्छ । यहाँ ग्रीष्ममा धेरै गर्मी हुन्छ । जाडोमा प्रायः हुस्सु लाग्ने हुँदा बिहान जाडो भए पनि दिउँसो न्यानो हुन्छ । हाम्रा छिमेकी गाउँ फोस्टार, घर्तीटार, स्याल्टार, गल्छी, बैरेनी पनि गर्मी हुने ठाउँ हुन् । यी सबै नदी किनारका बस्ती हुन् । हाम्रो गाउँभन्दा माथि सुन्टार, दलाङ, डुम्रीचौर आदि ठाउँहरू रहेका छन् । त्यहाँ न धेरै जाडो न धेरै गर्मी अर्थात रमणीय किसिममको हावापानि रहेको छ । हाम्रो गाउँपालिकाको दक्षिणमा रहेका महाभारत क्षेत्रमा भने हिउँदमा हिउँ समेत पर्छ । त्यस समयमा त्यहाँ निकै जाडो हुन्छ । ग्रीष्मयाम भने त्यहाँ एकदम न्यानो हुन्छ ।

यहाँ विभिन्न नदी खोला रहेका छन् । त्रिशूली नदीमा बाह्रै महिना पानी बगिरहन्छ । वर्षामा बाढी आउँदा नदी धेरै ठुलो हुन्छ भने हिउँदमा पानी घटेर नदी सानो हुन्छ । नजिकैको खोलामा सुक्खा लागेर हिउँदमा गाउँमा खानेपानीको अभाव हुन्छ । सिँचाइका लागि हिउँदमा पानी नपुग्ने हुँदा त्रिशूलीबाट डिप बोरिङ गरेर पानी निकालिएको छ । त्यसरी निकालिएको पानी तरकारी खेतीका लागि प्रयोग गर्ने गरिएको छ । सुन्टार र डुम्रीचौरमा भने २०७२ सालको भुइँचालोपछि खानेपानीका मुहान सुकेको कारण तल खोलाबाट पानी तानी खानेपानीको वितरण गरिएको छ । हाम्रो बस्तीमा बर्षे धान राम्रो हुने भए पनि पानीको अभावका कारण यहाँ चैते धान भने लगाउने गरिएको छैन । तेलहन र बेमौसमी तरकारी यहाँ राम्रो हुन्छ । दलाङ, डुम्रीचौर जस्ता पहाडी बस्तीमा भने कोदो, फापर आदिको खेती राम्रोसँग हुन्छ । त्यहाँ आँप, केरा त्यति राम्रो फल्दैन भने हाम्रो गाउँमा गर्मी हुने कारण ती फलफूल राम्रोसँग फल्ने गर्छन् । हावापानीको कारण नजिकैको बस्तीमा पनि अन्न फलफूल उत्पादनमा फरक आउने रहेछ ।

यहाँ खोला किनार र त्रिशूली नदी किनारमा बालुवा र ढुङ्गा प्रशस्त छन् । जसको बिक्रीबाट स्थानीयले राम्रो आम्दानी गरेका छन् । गाउँको सिरानमा रहेको ढुङ्गा खानीबाट ढुङ्गा निकाल्ने र बिक्रीवितरण गर्ने गरिएको छ । स्थानीयले त्रिशूली नदीबाट माछा मारेर नजिकको बजारमा बिक्री गर्ने गरेका छन् । यहाँको माटो मलिलो र उब्जाउशील भएकाले अन्न, सागपात राम्रो हुन्छ । नजिकको कालिदेवी सामुदायिक वनबाट घाँस, दाउरा र काठ उपलब्ध हुन्छन् । बलौटे माटोमा बदाम राम्रोसँग उत्पादन हुन्छ । रातो माटो भएको ठाउँमा कोदो बाली राम्रो हुन्छ । कमेरो माटो पनि यहाँ पाइन्छ । पहिला घरमा सेतो रङ लगाउन यसको प्रयोग

धेरै गरिने चलन थियो । अहिले यो चलन क्रमशः हराउँदै जान थालेको छ ।

माथि दिइएको संवाद पढेर तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्राकृतिक स्रोत साधन भनेको के हो ?

(ख) तपाईंको समुदायमा उपलब्ध हुने प्राकृतिक स्रोत साधनको सूची तयार पार्नुहोस् ।

(ग) तपाईं रहेको बस्तीमा कुन प्रकारको माटो पाइन्छ ? सो माटोमा कुन कुन बाली उब्जनी हुन्छन् ?

(घ) तपाईं रहेको क्षेत्रमा पाइने नदी र खोलाको नाम लेख्नुहोस् र तिनको महत्त्व उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

तपाईं बस्ने ठाउँको वोटबिरुवा र वनस्पतिले त्यहाँको मानव जीवनमा कस्तो प्रभाव पारेको छ ? अभिभावकसँग छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

आफू बस्ने स्थानसँग सम्बन्धित रही तल दिइएको तालिका भर्नुहोस् :

स्थान	हावापानीको प्रकार र विशेषता	मुख्य नदी, खोला, ताल, पोखरी	प्राकृतिक स्रोत	मुख्य पेसा व्यवसाय

क्रियाकलाप ३

तपाईंको समुदायमा उत्पादन हुने बाली, फलफूल त्यसको उपयोग र बिक्रीवितरणको अवस्था समेटी दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

परियोजना कार्य

समुदायका विभिन्न स्थान अवलोकन गरी त्यहाँको माटो, पानीका स्रोत, खनिजका स्रोत, वनजङ्गलको अवस्थाले त्यहाँका मानिसमा पारेको प्रभाव समेटेर एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ १२ नेपालको भौगोलिक विवरण र विशेषता

पाठ अध्ययन गरी छलफल गरौँ :

नेपाल एसिया महादेशमा अवस्थित देश हो । यस देशको पूर्व, पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीन पर्छ । यसले विश्वको क्षेत्रफलको ०.००३ र एसियाको ०.०३ प्रतिशत भूभाग र दक्षिण एसियाको २.८२ प्रतिशत ओगटेको छ । नेपाल २६°२२' उत्तरी अक्षांशदेखि ३०°२७' उत्तरी अक्षांशमा फैलिएको छ । यो ८०°४' पूर्वी देशान्तरदेखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको पूर्व पश्चिम औसत लम्बाइ ८८५ कि.मि. र उत्तर दक्षिण औसत चौडाइ १९३ कि.मि. रहेको छ । सबैभन्दा नजिक रहेको समुन्द्र बङ्गालको खाडी हो । जुन नेपालको राजधानी काठमाडौँबाट १५९३ कि.मि. टाढा रहेको छ ।



भौगोलिक दृष्टिकोणले नेपालको धरातललाई तीन भागमा बाँडिएको छ । नेपालको उत्तरमा हिमाली प्रदेश रहेको छ भने दक्षिणमा तराई प्रदेश र मध्य भागमा पहाडी प्रदेश रहेको छ । यी तीनओटै प्रदेशमा फरक फरक भूस्वरूप, हावापानी र सांस्कृतिक विविधता रहेका छन् ।

(क) हिमाली प्रदेश: हिमाली प्रदेश नेपालको उत्तरी भागमा पर्छ । यस प्रदेशले नेपालको १५ प्रतिशत भूभाग ओगटेको छ । हिमाली प्रदेश ३३०० मि. देखि ८,८४८.८६ मिटरको उचाइमा फैलिएको छ । यस प्रदेशमा मुख्य हिमाल, भोट प्रदेश र सीमान्त हिमाल पर्छन् । यस प्रदेशको मुख्य हिमाल ५००० मि. भन्दा माथि पर्छ । मुख्य हिमाल र तिब्बती क्षेत्रबिचको भागमा भोट उपत्यका छन् । भोट उपत्यकाभन्दा उत्तरतिरका हिमशृङ्खला सीमान्त हिमाल हुन् । नेपालबाट तिब्बत प्रवेश गर्ने नाका र भन्ज्याङ यसै भूभागमा पर्छन् । यस प्रदेशमा सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से आदि हिमशिखर रहेका छन् । उत्तरी क्षेत्रमा पूर्व पश्चिम फैलिएको यो क्षेत्रको पूर्व पश्चिम औसत लम्बाइ करिब ८०० कि.मि. र उत्तर दक्षिण औसत चौडाइ करिब २५ देखि ५० कि.मि. सम्म रहेको छ । यस प्रदेशको क्षेत्रफल २२,०७७ वर्ग कि.मि. छ । यस क्षेत्रमा चिसो हावापानी, उर्वर भूमिको अभावको कारण मानिसको बसोबास कम छ । ८००० मि. भन्दा अग्ला १४ ओटा शिखरमध्ये आठओटा यही प्रदेशमा पर्छन् ।

यस क्षेत्रमा शेर्पा, थकाली, मुगाल, डोल्पो, मनाङ्गी, भोटे आदि जातिको बसोबास रहेको पाइन्छ भने बौद्ध धर्मावलम्बीको बसोबास बढी रहेको पाइन्छ । त्यहाँ थेप्चो छाना भएका ढुङ्गाको घर पाइन्छ । पहिलो स्तरका नदीको उद्गमस्थल यसै प्रदेशमा रहेकाले ती नदीबाट अटुट जल प्रवाह भइरहेको हुन्छ । हिमाली प्रदेशमा २१ जिल्ला रहेका छन् ।

(ख) पहाडी प्रदेश : पहाडी प्रदेशले नेपालको कुल भूभागको ६८ प्रतिशत भूभाग (३५ जिल्ला) ओगटेको छ । यो प्रदेश करिब ६१० मिटरदेखि ३३०० मिटरसम्मको उचाइमा र ७५ कि.मि. देखि १२५ कि.मि. चौडा भई विस्तारित भएको छ । धेरै भूभाग र पहाडै पहाडले ढाकेको हुँदा नेपाललाई पहाडी देश भनेर पनि चिनिन्छ । उत्तरमा हिमाल र दक्षिणमा तराईको बिचमा नेपालको मध्य भाग रहेको छ । जहाँ पूर्वदेखि पश्चिमसम्म उच्च, होचा पहाड, फराकिला, साँघुरा उपत्यका, दुन, बेँसी तथा टार आदि रहेका छन् । पूर्वदेखि पश्चिमसम्म फैलिएको महाभारत पर्वत शृङ्खला यसै प्रदेशमा पर्छ । यहाँ तुम्लिङटार, सल्यानटार, पाँचखाल, चौरहजारी टार, बट्टार आदि टार रहेका छन् । काठमाडौँ, पोखरा, सुर्खेतजस्ता उपत्यका पनि यसै प्रदेशमा पर्छ ।

यस प्रदेशमा राई, लिम्बु, तामाङ, मगर, बाहुन, क्षेत्री, नेवार आदि बसोबास गर्छन् । हिन्दु, बौद्ध, इस्लाम, इसाई, किराँत आदि धर्म मान्ने मानिसको बसोबास यस प्रदेशमा रहेको छ ।

पहाडी प्रदेशमा समशीतोष्ण हावापानी पाइन्छ । यस्तो हावापानी फलफूल खेतीका लागि उपयुक्त मानिन्छ । पहाड आफैँमा विविधतायुक्त भएकाले यिनीहरूको गृह निर्माण, लवाइ, खुवाइ, पेसा आदिमा विविधता पाइन्छ ।

(ग) तराई प्रदेश : तराई प्रदेश नेपालको दक्षिणी भूभागमा पर्छ । तराई प्रदेशले नेपालको कुल भूभागको १७ प्रतिशत भुभाग ओगटेको छ । यो प्रदेश ५९ मिटरदेखि ६१० मिटर सम्मको उचाइमा रहेको छ । यसको चौडाइ २५ कि.मि. देखि ३० कि.मि. सम्म फैलिएको छ । तराईअन्तर्गत दून प्रदेश (भित्री मधेस/मध्य प्रदेश), भावर प्रदेश र मुख्य तराईका भूभाग पर्छन् । यो प्रदेशलाई नेपालको अन्नको भण्डारको रूपमा चिनिन्छ । पाँगो माटोले बनेको यो प्रदेशमा धान, गहुँ, नगदे बाली उखु, सुर्ती, तेलहन, दलहन आदिको राम्रो उत्पादन हुन्छ ।

तराई प्रदेशमा थारु, सतार, राजवंशी, यादव, मुसलमान, ब्राह्मण, क्षेत्री आदि जाति र समुदायका मानिस बसोबास गर्छन् । यो क्षेत्रअर्न्तगत २१ जिल्ला रहेका छन् ।

पाठको आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) पहाडी प्रदेशमा बस्ने जातजातिको नाम लेख्नुहोस् ।

(ख) हिमाली प्रदेशमा कस्तो प्रकारका हावापानी पाइन्छ ? यो हावापानीको कुनै एक विशेषता उल्लेख गर्नुहोस् ।

(ग) तराई प्रदेशलाई अन्नको भण्डार भनिन्छ । किन ?

(घ) पहाडी प्रदेशमा पर्ने कुनै पाँचओटा टारको नाम लेख्नुहोस् ।

(ङ) तराई प्रदेशको छोटो चिनारी दिनुहोस् ।

(च) पहाडी प्रदेशका कुनै पाँच विशेषता उल्लेख गर्नुहोस् ।

(छ) भित्री मधेसमा पर्ने जिल्ला कुन कुन हुन् ?

क्रियाकलाप १

तपाईँ बसोबास गरिरहेको स्थान कुन प्रदेशमा पर्छ । त्यस प्रदेशमा कुन कुन विशेषता रहेका छन् । समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

क्रियाकलाप २

नेपालका भौगोलिक प्रदेश खुल्ने नक्सा निर्माण गरी हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशलाई फरक फरक रङमा देखाउनुहोस् ।

क्रियाकलाप ३

प्रदेशको नाम	उचाइको अवस्थिति	मुख्य बाली	जाति	ओगटेको भूभागको प्रतिशत
हिमाली प्रदेश				
पहाडी प्रदेश				
तराई प्रदेश				

पाठ १३ नक्सा अध्ययन

पाठ अध्ययन गरी छलफल गरौँ :

सकल भवन कन्या मा.वि. जनकपुरमा कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो नगरपालिकाको आफू बस्ने टोलको नक्सामा विभिन्न तथ्य देखाउन भनिएको थियो । मीनाक्षी र उनका साथीले आफ्नो विद्यालय क्षेत्रको विवरण यसरी प्रस्तुत गरेका थिए :

माथि दिइएको नक्सा जनकपुर उपमहानगरपालिका वडा नं ११ जनकपुरधाम क्षेत्रको नक्सा हो । मेरो विद्यालय यसै वडामा पर्छ । यस वडामा पक्की घर धेरै छन् । हाम्रो विद्यालय नजिकै रुक्मिनी सागर रहेको छ । सो नजिकै हनुमान मन्दिर रहेको छ । यहाँबाट केही पर जानकी मन्दिर रहेको छ । यो पर्यटकीय क्षेत्र हो । विशेषत : यहाँ धेरै पर्यटक घुम्न आउँछन् । यहाँ धार्मिक पर्यटन बढी हुने गर्छ । यहाँको पूर्व हुँदै परिक्रमा रोड गएको छ । त्यसको ठिक पश्चिममा सङ्कटमोचन मन्दिर रहेको छ । यहाँको पश्चिमपट्टि बाह्रबिघा रहेको छ । विद्यालय नजिकै जनकपुर रेल वे स्टेसन रहेको छ ।

- नक्सा भनेको कुनै पनि ठाउँलाई निश्चित नापोद्वारा समतल सतह भएको कपडा वा कागजमा उतार्ने कार्य नक्सा कार्य हो ।
- नक्सालाई मानचित्र पनि भनिन्छ ।
- नक्सामा स्केल देखाइएको हुन्छ ।
- यसले दुरी सम्बन्धमा जानकारी दिन्छ । स्केल कागज र जमिनको दुरीको अनुपात हो ।
- यदि नक्सामा १ सै.मि. = १०० सै.मि. भनेर देखाइयो भने जमिनको १०० सै.मि. भनेको नक्साको १ सै.मि. हुन्छ ।
- नक्सामा सङ्केत रङ आदिको प्रयोग गरिन्छ ।

नक्सामा प्रयोग गरिने सङ्केत

सङ्केतको नाम	सङ्केत
टाकुरा	
ताल	
पहाडी शृङ्खला	
नदी	
मन्दिर	
भन्ज्याङ	
गोरेटो बाटो	
पुल	
सडक	

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नक्सा भनेको के हो ?

(ख) नक्सामा स्केलको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) नक्सामा सडक र मन्दिरलाई कस्तो सङ्केतले देखाइन्छ ?

(घ) धार्मिक पर्यटन भनेको के हो ?

क्रियाकलाप १

आफ्नो घरबाट विद्यालय जाने बाटो र वरपरको सडक, मन्दिर, खोला, नदी, ताल, जङ्गल आदिलाई नक्सा बनाई सङ्केतमा देखाउनुहोस् ।

क्रियाकलाप २

आफ्नो वडाको नक्सा निर्माण गरी त्यसमा निम्न लिखित भौगोलिक तथ्य भर्नुहोस् :

– बस्ती

– धार्मिक स्थल

- विद्यालय
- स्वास्थ्य चौकी
- खेलमैदान
- चौर
- नदी

क्रियाकलाप ३

नक्सामा प्रयोग हुने विभिन्न सङ्केत उल्लिखित चार्ट तयार पारी सम्पर्क कक्षामा टाँस्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) पृथ्वीको उत्पत्ति करिब .....अरब वर्ष पहिले भएको अनुमान गरिएको छ । (४.५, ५.५)

(ख) पृथ्वीको बिच भागबाट उत्तरी ध्रुव र दक्षिणी ध्रुव जोड्ने रेखालाई .....भनिन्छ । (प्रधान मध्याह्न रेखा, भुमध्यरेखा)

(ग) तराई प्रदेशले नेपालको कुल भूभागको .....प्रतिशत ओगटेको छ । (१७%, ६८%)

(घ) पृथ्वीले सूर्यलाई एक फन्को घुम्न ..... घण्टा समय लाग्छ । (२४, ४८)

(ङ) विहारको दुःख (Sorrow of Bihar) को नामले नेपालको ..... नदीलाई चिनिन्छ । (सप्तकोशी, कर्णाली)

(च) धरातलीय स्वरूपको आधारमा नेपालमा पाइने हावापानीलाई .....भागमा विभाजन गर्न सकिन्छ । (पाँच, चार)

(छ) ग्रिनविचभन्दा पूर्वतर्फ १८०° सम्मका देशान्तर रेखालाई .....भनिन्छ। (पूर्वी देशान्तर, पश्चिम देशान्तर)

(ज) स्थल भूखण्डले पृथ्वीको बाहिरी तहको कुल भागको करिब ..... भाग ओगटेको छ । (२९.५, ६९)

(झ) अन्तर्राष्ट्रिय प्रामाणिक समय लण्डनको .....लाई आधार मानेर तय गरिएको छ । (ग्रिनविच, बेलायत)

(ञ) देशान्तर रेखा एउटा वृत्तको कोणिक दुरीका आधारमा खिचिने हुँदा यी जम्मा ..... डिग्री बराबरका हुन्छन् । (३६०, ४५०)

(ट) थार मरुभूमिबाट वहने .....को कारण पूर्वी तराईमा भन्दा पश्चिम तराईमा बढी गर्मी हुन्छ । (तातो हावा, चिसो हावा)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पृथ्वी गोलाकार हुनाका प्रमाणहरू लेख्नुहोस् ।

(ख) पृथ्वीको बनोटलाई कति भागमा विभाजन गरिएको छ ?

(ग) पृथ्वीको नमुना बनाई अक्षांश र देशान्तर रेखाहरू देखाउनुहोस् ।

(घ) पृथ्वीको धरातलीय स्वरूप र मानवबीचको अन्तरसम्बन्ध उदाहरणसहित लेख्नुहोस् ।

(ङ) पृथ्वीको दैनिक गति र वार्षिक गतिका प्रभाव लेख्नुहोस् ।

(च) हावापानीका प्रकार लेखी प्रत्येकको दुई दुईओटा विशेषता लेख्नुहोस् ।

एकाइ ८ : नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, सहयोग र भूपरिवेष्टित राष्ट्र

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग पहिचान गर्न
- सूचना प्रविधिको समुचित प्रयोग दुरुपयोगका असर उल्लेख गर्न
- एसियाका भूपरिवेष्टित राष्ट्र पहिचान गरी सम्भावना र समस्या एवम् समाधानका उपाय वर्णन गर्न



पाठ १ अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

आज विमलाको छिमेकी काका उनको घरमा आउनुभएको थियो । छिमेकी काका अन्तर्राष्ट्रिय मामला सम्बन्धमा जानकार भएको कुरा उनले दिदीबाट थाहा पाएकी थिइन् । उहाँ आएको बेलामा उनले छिमेकी काकासँग अन्तर्राष्ट्रिय सम्बन्धको बारेमा जानकारी लिने अवसरको रूपमा लिइन् र उहाँसँग कुराकानी गर्न थालिन् । हामी पनि उनीहरूबिचको कुराकानी अध्ययन गरौँ है त ।

विमला : काका, हजुर अन्तर्राष्ट्रिय मामलाको जानकार हुनुहुन्छ भन्ने जानकारी मैले पाएकी थिएँ । के यो कुरा सत्य हो ?

छिमेकी काका : तिमीले सही जानकारी पाएकी रहिछौ ? केही कुरा जान्न चाहेकी हौ र मबाट ?

विमला : हो नि काका, मलाई अन्तर्राष्ट्रिय सम्बन्धको बारेमा बुझाइदिनुहोस् न ?

छिमेकी काका : ल ध्यान दिएर सुन है त, राष्ट्र राष्ट्रबिचको सम्बन्ध नै अन्तर्राष्ट्रिय सम्बन्ध हो । अन्तर्राष्ट्रिय सम्बन्ध भनेको राष्ट्र राष्ट्रबिचमा कायम हुने मैत्रीपूर्ण सम्बन्ध हो । यस्तो सम्बन्ध औपचारिक रूपमा कायम गरिन्छ । अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्दा दुवै देशका सरकारबिच लिखित रूपमा कायम गरिन्छ । सामान्यतया संयुक्त राष्ट्रसङ्घ (United Nations Organization) का सदस्य राष्ट्रबिच अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित भएको हुन्छ ।

विमला : अन्तर्राष्ट्रिय सम्बन्ध किन कायम राख्नुपर्छ, काका ?

छिमेकी काका : राष्ट्रका आवश्यकता धेरै हुन्छन् । सबै आवश्यकता राष्ट्र एक्लैले पूरा गर्न कठिन हुन्छ । त्यसका लागि अन्य राष्ट्रको सहयोगको आवश्यकता पर्छ । त्यसैले एकआपसमा सहयोग आदानप्रदान गर्ने उद्देश्यले राष्ट्रबिच एकआपसमा सम्बन्ध कायम गरिन्छ ।

विमला : अनि दौत्य सम्बन्ध भनेको के हो नि, काका ? अस्ति रेडियोमा पनि

नेपालको दौत्य सम्बन्ध कायम भएको अन्तिम राष्ट्र मार्सल आइल्यान्ड हो भन्दै गरेको सुनेको थिएँ, अनि सोधेकी ?

छिमेकी काका : दुई देशबिच कूटनीतिक प्रतिनिधिको आदानप्रदान हुने गरी स्थापना गरिएको सम्बन्धलाई दौत्य सम्बन्ध भनिन्छ । सन् २०२३ को जुन २३ सम्ममा जम्मा १८१ राष्ट्रसँग नेपालको दौत्यसम्बन्ध रहेको छ । नेपालको दौत्य सम्बन्ध कायम रहेको अन्तिम राष्ट्र मार्सल आइल्यान्ड हो ।

नेपालको पहिलो दौत्य सम्बन्ध भएको देश बेलायत हो भने अन्तिम देशअघि तिमीले भनेको देश मार्सल आइल्यान्ड हो । ल गुगल सर्च गर्दै, नेपालको दौत्य सम्बन्ध कायम भएको देशको तालिका यता हेर त । (तालिका देखाउँदै)

नेपालसँग दौत्य सम्बन्ध कायम भएका सुरुमा पाँच देश		नेपालसँग दौत्य सम्बन्ध कायम भएका अन्तिम पाँच देश	
देशको नाम	**मिति**	**देशको नाम**	**मिति**
१. बेलायत	सन् १८१६	१८१. मार्सल आइल्यान्ड	जुन २३, २०२३
२. अमेरिका	अप्रिल २५, १९४७	१८०. क्यामरुन	जुन २२, २०२३
३. भारत	जुन १३, १९४७	१७९. नाउरु	मे ४, २०२३
४. फ्रान्स	अप्रिल २०, १९४९	१७८. मलावी	फेब्रुअरी १६, २०२३
५. चीन	अगस्ट १, १९५५	१७७. ट्रिनिडाड एन्ड टोबागो	जुन १६, २०२२

विमला : नेपाललाई अन्तर्राष्ट्रिय सम्बन्ध कायम भएबाट के के फाइदा पुग्छ त काका ?

छिमेकी काका : यसप्रकारको सम्बन्धबाट नेपाललाई धेरै कुरामा फाइदा पुग्छ नि नानी । पहिलो त यसले देशको रोजगार, पर्यटन प्रवर्धन, खेलकुदजस्ता क्षेत्रको विकासमा मदत पुग्छ । त्यस्तै राष्ट्रबिच प्रविधि, रोजगारी र व्यापार बढाउन सहयोग पुग्छ । अन्तर्राष्ट्रिय सम्बन्धले साझा समस्या समाधानमा सामूहिक प्रतिबद्धता कायम गर्न सहज हुन्छ । एक राष्ट्रले ल्याएका विकासको नयाँ अवधारणा अर्को राष्ट्रमा आदानप्रदान हुन्छ ।

विमला : हाम्रो देशलाई विश्वमा चिनाउन पनि यसले सहयोग गर्छ त ?

छिमेकी काका : गर्छ नि, यसले आफ्नो देशलाई विश्वमा चिनाउने अवसर प्राप्त हुन्छ । दूतावासमार्फत विदेशमा रहेका नेपाली नागरिकका समस्या समाधानमा पहल गर्ने काम हुन्छ । अन्तर्राष्ट्रिय सम्बन्ध कायमपछि एकअर्कालाई आवश्यक सहयोग र आपत् विपत्मा मदत पुग्छ ।

विमला : आज काकाबाट धेरै कुराको जानकारी प्राप्त भयो । धन्यवाद काका ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अन्तर्राष्ट्रिय सम्बन्ध भनेको के हो ?

(ख) दौत्य सम्बन्धलाई परिभाषित गर्नुहोस् ।

(ग) नेपालसँग दौत्य सम्बन्ध कायम भएका अन्तिम पाँच सदस्य राष्ट्रको नाम लेख्नुहोस् ।

(घ) अन्तर्राष्ट्रिय सम्बन्ध कायम भएबाट देशलाई के के फाइदा पुग्छ ? चर्चा गर्नुहोस् ।

(ङ) अन्तर्राष्ट्रिय सम्बन्धको महत्त्व उल्लेख गर्नुहोस् ।

नेपालको परराष्ट्र नीति सम्बन्धमा तल दिइएको विवरण र चार्ट अध्ययन गरी छलफल गरौँ :

परराष्ट्र नीति भनेको एक देश अरू देशप्रति अभिव्यक्त गर्ने अन्तर्राष्ट्रिय सम्बन्धको अभ्यास हो । नेपालको परराष्ट्रनीति संयुक्त राष्ट्रसङ्घको सिद्धान्त, असंलग्नता, अन्तर्राष्ट्रिय मूल्य, मान्यता र पञ्चशीलको सिद्धान्तबाट निर्देशित छ । यिनै सिद्धान्त र मूल्य मान्यताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम रहन्छन् ।

नेपालको परराष्ट्र नीतिको मुख्य उद्देश्य भनेको सार्वभौमिकताको रक्षा

गरेर राष्ट्रको मर्यादा बढाउनु हो । क्षेत्रीय अखण्डता, स्वतन्त्रता, आर्थिक कल्याण र नेपालको समृद्धिलाई बढावा दिँदै योगदान गर्नु पनि यसको उद्देश्य हो ।

नेपालको परराष्ट्र नीतिको मुख्य उद्देश्य भनेको सार्वभौमिकताको रक्षा गरेर राष्ट्रको मर्यादा बढाउनु हो । क्षेत्रीय अखण्डता, स्वतन्त्रता, आर्थिक कल्याण र नेपालको समृद्धिलाई बढावा दिँदै योगदान गर्नु पनि यसको उद्देश्य हो ।

नेपालको परराष्ट्र नीति देहायका सिद्धान्त तथा मान्यताबाट निर्देशित भएको छ :

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा एवम् राष्ट्रिय सम्मान र प्रतिष्ठाको अभिवृद्धि
२. सार्वभौमिक समानता
३. पञ्चशीलका सिद्धान्त
४. संयुक्त राष्ट्रसङ्घको बडापत्रको भावना
५. असंलग्नता
६. पारस्परिक सम्मान र लाभ
७. अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यता
८. विवादको शान्तिपूर्ण समाधान
९. अन्तर्राष्ट्रिय सहयोग
१०. न्याय, समानता र जवाफदेही
११. पारस्परिक मित्रता, सहयोग र सहकार्य
१२. लोकतन्त्र, मानव अधिकार र विधिको शासन
१३. आर्थिक समुन्नति र समृद्धि
१४. पर्यावरणीय सन्तुलन, मानव जातिको सुरक्षा र पृथ्वीको संरक्षण

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा राष्ट्रले एकअर्काको देशमा राजदूतावास स्थापना गर्छन् । नेपालले विभिन्न देशमा राजदूतावास स्थापना गरेको छ । यस्ता दूतावासमार्फत विदेशमा रहेका नेपाली नागरिकका समस्यालाई बुझ्ने र समाधानमा पहल गर्ने काम हुन्छ । अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नु भनेको विश्वमा आफ्नो देशलाई चिनाउनु हो । अन्तर्राष्ट्रिय सम्बन्ध कायमपछि एकअर्कालाई आवश्यक सहयोग र आपत् विपत्मा मदत पुग्छ । सहयोग र समन्वयको अवसर प्राप्त हुन्छ ।

एक राष्ट्रले ल्याएका विकासको नयाँ अवधारणा अर्को राष्ट्रमा आदान प्रदान हुन्छ । राष्ट्रबिच रहेका साझा समस्या समाधानमा सामूहिक भावना र प्रतिबद्धता कायम गर्न सहज हुन्छ । राष्ट्रबिच प्रविधि, रोजगारी र व्यापार बढाउन सहयोग पुग्छ । रोजगार, पर्यटन प्रवर्धन, खेलकुदजस्ता क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयले महत्त्वपूर्ण निर्वाह गर्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) परराष्ट्र नीति भनेको के हो ?

(ख) नेपालको परराष्ट्र नीति के मा आधारित छ ?

(ग) नेपालको परराष्ट्र नीति कुन कुन सिद्धान्त वा मान्यताबाट निर्देशित छ ?

(घ) अन्तर्राष्ट्रिय सम्बन्ध कायम भएपछि पुग्ने फाइदा के के हुन् ?

क्रियाकलाप १

नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कायम भएका सार्कका मुलुकको नाम र दौत्य सम्बन्ध कायम भएको मिति तालिकामा भर्नुहोस् :

सार्क देशको नाम	दौत्य सम्बन्ध कायम भएको मिति

क्रियाकलाप २

नेपालको परराष्ट्र नीतिको सम्बन्धमा जानकार व्यक्ति वा अन्य श्रोत सामाग्री अध्ययन गरी थप जानकारी लिनुहोस् ।

पाठ २ छिमेकी देशसँग आपसी सहयोग र सम्बन्ध

हाम्रा छिमेकी देशहरूसँगको सम्बन्ध र सहयोग सम्बन्धमा अध्ययन गरौँ र छलफल गरौँ ।

नेपाल एसिया महादेशमा पर्ने एक पहाडी देश हो । यस देशको छिमेकी देश चिन र भारत हुन् भने संयुक्त राज्य अमेरिका, जापान आदि मित्रराष्ट्र हुन् । हाम्रा मित्रराष्ट्र र छिमेकी देशसँगको सहयोग र सम्बन्धमा यहाँ चर्चा गरिएको छ ।

भारत

नेपाल र भारतबिच १७ जुन १९४७ मा दौत्य सम्बन्ध कायम भएको थियो । छिमेकी राष्ट्र भारत नेपालको विकासको महत्त्वपूर्ण साझेदार राष्ट्र हो । भारतले वीर अस्पताल, कोसी ब्यारेजको निर्माण, साना तथा ठुला जलविद्युत् आयोजनाको निर्माण, सडक तथा रेल सेवा निर्माणलगायतका विकास कार्यमा सहयोग गर्दै आएको छ । यति मात्र नभई भारत नेपालको व्यापार साझेदार मुलुक पनि हो । भारतले ठुलो सङ्ख्यामा एम्बुलेन्स उपलब्ध गराएर स्वास्थ्य सेवामा सहयोग पुऱ्याएको छ । साथै विद्यालय बस तथा नेपाली विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै शिक्षा क्षेत्रमा पनि सहयोग गर्दै आएको छ । भारतले हरेक वर्ष नेपाललाई आर्थिक सहयोग तथा ऋण पनि उपलब्ध गराउँदै आएको छ ।

चीन

जनवादी गणतन्त्र चीन नेपालको विकासको महत्वपूर्ण साझेदार राष्ट्र हो । नेपाल र चीनबिच १ अगस्ट १९५५ मा दौत्यसम्बन्ध कायम भएको थियो । चीनले पनि नेपालको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, काठमाडौँ रिङरोड विस्तार परियोजना, निजामती कर्मचारी अस्पताललगायतको निर्माणमा चीनले महत्त्वपूर्ण योगदान गरेको

छ । साना तथा ठुला जलविद्युत् आयोजनाको निर्माण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारलगायतका विकास कार्यक्रममा पनि नेपाललाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

जापान

जापान नेपालको अर्को महत्त्वपूर्ण विकास साझेदार राष्ट्र हो । सन् १९५६, सेप्टेम्वर १ मा नेपाल र जापानबिच दौत्य सम्बन्ध कायम भएको थियो । नेपालको सडक पूर्वाधार, स्वास्थ्य क्षेत्रलगायत खानेपानी र जलविद्युत् क्षेत्रमा जापानले नेपाललाई सहयोग पुऱ्याउँदै आएका छन् । बी.पी. राजमार्ग, कोटेश्वर–सूर्यविनायक सडक विस्तार, नागढुङ्गा–नौबिसे सुरुङमार्ग, कर्णाली चिसापानीको पुल जापान सरकारको सहयोगमा निर्माण भएका हुन् । तनहुँ जलविद्युत् आयोजना, खानेपानी आयोजनालगायतका विकास कार्यक्रममा पनि जापानको सहयोग रहेको छ । उच्च शिक्षा अध्ययनका लागि जापान सरकारले नेपाली नागरिकलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । स्वास्थ्य क्षेत्रमा जापानले त्रि.वि. शिक्षण अस्पताल, राष्ट्रिय क्षयरोग केन्द्र र कान्ति बाल अस्पतालको निर्माणमा सहयोग गरेको छ । त्यसै गरी, कृषि, वातावरण संरक्षण, दूरसञ्चार, विमानस्थल मर्मत र निर्माणमा समेत जापानको सहयोग छ ।

संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिका र नेपालबिच पुरानो दौत्यसम्बन्ध रहेको छ । नेपाल र अमेरिकाबिच अप्रिल २५, १९४७ मा दौत्यसम्बन्ध कायम भएको हो । अमेरिका नेपाल वैदेशिक व्यापारको महत्त्वपूर्ण साझेदार राष्ट्र हो । नेपाली गलैँचा, पस्मिना ठुलो मात्रामा अमेरिका निर्यात हुन्छ । बालाजु औद्योगिक क्षेत्र अमेरिकी सहयोगमा स्थापना भएको हो । अमेरिका सरकारले बर्सेनि विभिन्न विषयमा छात्रवृत्ति उपलब्ध गराउँछ । नेपालको कृषि आधुनिकीकरणमा पनि अमेरिकाले सहयोग गर्दै आएको छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) भारतले नेपालमा सहयोग गरेका क्षेत्र कुन कुन हुन् ?

(ख) निजामती अस्पताल कुन देशको सहयोगमा निर्माण भएको हो ?

(ग) जापान नेपालको असल मित्र राष्ट्र हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) संयुक्त राज्य अमेरिकाले नेपालमा पुऱ्याएका कुनै तीनओटा सहयोग उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

नेपालको विकास र समृद्धिमा छिमेकी र मित्र राष्ट्रको भूमिका महत्त्वपूर्ण रहेको छ । यस विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

क्रियाकलाप २

नेपालले आत्मनिर्भर हुन र आफ्नै नमुना विकास गर्न वैदेशिक सहयोग लिनुपर्दैन भन्ने शीर्षकमा दुई समूहमा विभाजीत भई आफ्ना सहमति वा असहमतिका तार्किक बुँदा प्रस्तुत गर्नुहोस् ।

जोडा मिलाउनुहोस् :

संयुक्त राज्य अमेरिका	वीर अस्पताल
भारत	नेपालको चिनसँग दौत्य सम्बन्ध स्थापना
चिन	नेपालको जापानसँग दौत्य सम्बन्ध स्थापना
जापान	नेपालबाट ठुलो मात्रामा गलैँचा, पस्मिना निर्यात हुने देश
१ अगस्ट,१९५५	बनेपा बर्दिवास सडक
१ सेप्टेम्वर, १९५६	अरनिको राजमार्ग, पनौती जलविद्युत् आयोजना

पाठ ३ एसियाका भूपरिवेष्टित राष्ट्र

तलको नक्सा अध्ययन गरी एसियाका भूपरिवेष्टित राष्ट्र पहिचान गर्नुहोस् :

एसिया विश्वको सबैभन्दा ठुलो महादेश हो । यो महादेशमा ५० ओटा देश छन् । यो महादेशमा नेपाल, भुटानलगायत १२ देश भूपरिवेष्टित छन् । भूपरिवेष्टित देश भनेको आफ्नो देशको सीमा वरिपरि जमिनले घेरिएको देश हो । यस्ता देशको सिमाना समुद्रसँग जोडिएको हुँदैन साथै जलमार्गको पहुँच पनि हुँदैन ।

एसियामा भुपरिवेष्टित देशको नाम

१. नेपाल २. भुटान ३. मङ्गोलिया ४. लाओस ५. अफगानिस्तान ६. काजकस्तान ७. उज्वेकिस्तान ८. किर्गिस्तान ९. ताजकिस्तान १०. तुर्कमेनिस्तान ११. अजरबैजान १२. आर्मेनिया

भूपरिवेष्टित देशको सम्भावना र अवसर

भूपरिवेष्टित राष्ट्रले धेरै सम्भावना बोकेका हुन्छन् । ती सम्भावनालाई अवसरमा बदल्न सकेमा भूपरिवेष्टित देशले पनि धेरै विकासका कार्य गर्न सक्छन् । भूजडित देशले धेरै अवसर पनि प्राप्त गर्न सक्छन् । उनीहरूले निर्वाध रूपमा समुद्रसम्मको पहुँच पाउने अधिकार राख्छन् भने विनारोकतोक पारवहन सुविधा पनि प्राप्त गर्छन् । संयुक्त राष्ट्र सङ्घको स्थापना भएपछि भूपरिवेष्टित राष्ट्रको हकअधिकारलाई सुरक्षित र सुदृढ गर्न अन्तर्राष्ट्रिय कानुनको विकास भयो । ती कानुनले भूपरिवेष्टित राष्ट्रहरूको व्यापार र पारवहन स्वतन्त्रताका साथै समुद्रसम्मको निर्वाध आवागमनको व्यवस्था गरेका छन् । तसर्थ अहिलेको विश्वमा भूपरिवेष्टित राष्ट्रको हकअधिकारलाई छिमेकी राष्ट्रहरूले कुण्ठित गर्न अन्तर्राष्ट्रिय कानुनले दिँदैन ।

सन् १९२१ को बार्सिलोना कन्भेन्सनदेखि नै भूपरिवेष्टित राष्ट्रको पारवहन स्वतन्त्रतासम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय कानुनमा भएका छन् । संयुक्त राष्ट्र सङ्घको स्थापना भएपछि सन् १९५८ मा गरिएको सामुद्रिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले पनि सबै राष्ट्रलाई समुद्री मार्गद्वारा शान्तिपूर्ण अन्तर्राष्ट्रिय वाणिज्यसम्बन्धी स्वतन्त्रताको व्यवस्था गरेको थियो । भूपरिवेष्टित राष्ट्रकै हकअधिकारलाई सुरक्षित गर्ने मूलभूत उद्देश्यका साथ सन् १९६५ मा अर्को एउटा अभिसन्धि भएको थियो । त्यस्ता हकअधिकारलाई अझ बढी सुदृढ गर्न र त्यस्तो हकअधिकार सुनिश्चित गर्ने अभिप्रायका साथ राष्ट्र सङ्घको तत्त्वावधानमा सन् १९८२ मा भएको समुद्री कानुनसम्बन्धी बृहत् अभिसन्धिले विशेष व्यवस्था गरेको छ । यो अभिसन्धिको व्यवस्थाअनुसार कुनै पनि भूपरिवेष्टित राष्ट्रको हकअधिकार हनन भएमा त्यस्ता राष्ट्रले अन्तर्राष्ट्रिय न्यायिक निकायमा जान सक्ने अधिकारको पनि सुनिश्चित गरेको छ । यसको धारा १२५ देखि १३२ सम्म भूपरिवेष्टित राष्ट्रले पाउने हकअधिकारको व्यवस्था छ । यसको धारा २८६ देखि २९६ सम्म यो अभिसन्धिको उल्लङ्घन भएको विषयसम्बन्धी विभिन्न राष्ट्रबिचको विवाद निराकरण गर्ने प्रावधान छ ।

नेपाल दुई ठुला राष्ट्र चीन र भारतका बिचमा अवस्थित भूपरिवेष्टित देश भएकाले दुवै देशसँग सहयोगको दायरा बढाउन सक्छ । दुवै देशसँग वाणिज्य र व्यापारलाई वृद्धि गर्न सकिन्छ । सामुद्रिक स्रोतको प्रयोग गर्न कठिन हुने भए पनि भूपरिवेष्टित राष्ट्र हुनुका केही राम्रा अवसरलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) भूपरिवेष्टित राष्ट्रले सामुद्रिक आँधी तुफान र सुनामी जस्ता विपत्को सामना गर्नुपर्दैन ।

(ख) भूपरिवेष्टित राष्ट्रले समुद्रमा पहुँचको अधिकार प्राप्त हुन्छ । नेपालले पनि यस्तो

अधिकार उपयोग गर्न सक्छ ।

(ग) भूपरिवेष्टित राष्ट्रले क्षेत्रीय सामुद्रिक र पारवहनको स्वतन्त्रता प्राप्त गर्ने अधिकार हुन्छ ।

(घ) भूपरिवेष्टित राष्ट्रले पनि पनडुब्बी केबुल राख्न र पाइपलाइन बिछ्याउन सक्छन् ।

(ङ) कृत्रिम टापु स्थापना गर्न सक्छन् ।

(च) अनुसन्धानका लागि समुद्र प्रयोग गर्न सकिन्छ ।

भूपरिवेष्टित देशको रूपमा नेपालले भोग्नुपरेका समस्या

(क) पारवहनका लागि छिमेकी राष्ट्र भारत र चीनको भर पर्नुपरेको

(ख) विभिन्न सीमासम्बन्धी समस्या बारम्बार सिर्जना भएको

(ग) ढुवानी महँगो भई सामान महँगोमा खरिद गर्नुपर्दा विकास खर्च बढी लाग्ने गरेको

(घ) प्रत्यक्ष वा परोक्षरूपमा नाकाबन्दीको सामना गर्नुपरेको

(ङ) सामान ढुबानी गर्न निकै कठिनाइ हुने गरेको

(च) सामुद्रिक स्रोतको सहज उपयोगबाट वञ्चित भएको

(छ) अन्तर्राष्ट्रिय व्यापारमा असहजता सिर्जना हुने गरेको

(ज) सस्तो जल यातायातको सुविधाबाट वञ्चित रहनुपरेको

समस्या समाधानका उपाय

भूपरिवेष्टित देशले समस्या र चुनौतीको सामना गर्दै अगि बढ्नुपर्ने बाध्यतामा रहन्छन् । यसरी अगाडि बढ्दा समस्या समाधान र चुनौती सामना गर्ने विभिन्न उपाय अवलम्बन गर्नुपर्ने हुन्छ । नेपालले पनि भूपरिवेष्टित मुलुकको रूपमा सिर्जित समस्यालाई निम्नलिखित उपायका साथ समाधान गर्दै अगाडि बढ्नुपर्ने हुन्छ ।

(क) छिमेकी देशसँग मित्रताको वातावरण सिर्जना गर्नुपर्छ ।

(ख) छिमेकी देशसँग स्वस्थ र सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ ।

(ग) छिमेकी देशसँग विवाद भएमा त्यसलाई कूटनीतिक माध्यमबाट समाधान खोज्नुपर्छ ।

(घ) छिमेकी देशसँगको नाका र सीमालाई व्यवस्थित गर्नुपर्छ ।

(ङ) भूपरिवेष्टित देशले उपयोग गर्न पाउने अधिकारलाई निर्बाध उपयोगका लागि पहल गर्नुपर्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) भूपरिवेष्टित देशको परिचय दिनुहोस् ।

(ख) भूपरिवेष्टित देशले भोग्नु परेका समस्याको सूची तयार पार्नुहोस् ।

(ग) भूपरिवेष्टित देश हुनु समस्या मात्र नभई अवसर पनि हो यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रियाकलाप १

एसियाको नक्सामा भूपरिवेष्टित देश पहिचान गरी रङ भर्नुहोस् :

सही उत्तर पहिचान गरी ठिक चिह्न लगाउनुहोस् :

१. **एसियाको सबैभन्दा ठुलो भूपरिवेष्टित देश कुन हो ?**

(क) लाओस (ख) नेपाल (ग) भुटान (घ) काजकस्तान

२. **कुन भूपरिवेष्टित देश दक्षिण एसियामा पर्दैन ?**

(क) अफगानिस्तान (ख) लाओस (ग) भुटान (घ) नेपाल

३. **भूपरिवेष्टित देशको समस्या कुन होइन ?**

(क) सीमा विवाद (ख) नाकाबन्दी हुने खतरा

(ग) समुद्रको सहज पहुँच (घ) वैदेशिक सहयोगको सुनिश्चितता

४. **एसिया महादेशमा कतिओटा भूपरिवेष्टित देश रहेका छन् ?**

(क) १० (ख) ११ (ग) १२ (घ) १३

५. **भूपरिवेष्टित देशले के गर्न आवश्यक छ ?**

(क) नाका व्यवस्थित (ख) सीमा विवाद निरुपण

(ग) छिमेकी देशसँग समान व्यवहार (घ) माथिका सबै

पाठ ४ सूचना प्रविधि

सूचना प्रविधिका विभिन्न माध्यम वा साधनको पहिचान गरौँ र छलफल गरौँ :

आजको युग सूचना प्रविधिको युग हो । हाम्रो दैनिक व्यवहारमा आवश्यक सूचना सङ्कलन भण्डारण र सम्प्रेषण गर्नका लागि उपयोग गरिने विभिन्न सञ्चारका माध्यम र आधुनिक प्रविधिलाई सूचना प्रविधि भनिन्छ । सूचना प्रविधिका विभिन्न माध्यम हुन्छन्, जसलाई तल प्रस्तुत गरिएको छ :

(क) इन्टरनेट : इन्टरनेट सूचना आदान प्रदान गर्न सघाउने माध्यम हो । यसको माध्यमबाट हामी सूचनाका यन्त्र वा उपकरण चलाउन सक्छौँ । सूचनालाई खोज्न र आदानप्रदान गर्न सक्छौँ । हामीलाई जानकारी लिनुपरेको तथ्य, समाचार, समसामयिक घटना आदिको खोजीमा इन्टरनेटको प्रयोग गर्न सकिन्छ । इन्टरनेट सेवाले संसारका विभिन्न ठाउँ र व्यक्तिलाई जोड्छ । यसको मदतले विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिन्छ । आफ्ना प्रतिक्रिया पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । विश्वको कुनै पनि घटना वा सूचना यिनै सूचना प्रविधिका माध्यमबाट एकै छिनमा विश्वव्यापी बन्न पुग्छन् । नेपालमा हाल ८३ प्रतिशत मानिससँग इन्टरनेटको पहुँच भएको तथ्याङ्कले देखाएको छ ।

(ख) मोबाइल फोन : सूचना सञ्चारको क्षेत्रमा सूचना सम्प्रेषण गर्ने महत्त्वपूर्ण माध्यम मोबाइल फोन पनि हो । यसबाट हामीले सबै प्रकारका सूचना आदान प्रदान गर्न सक्छौँ । एकअर्कासँग कुरा गर्नुका साथसाथै भिडियो, फोटो तथा अन्य जानकारीको साटासाट गर्न पनि मोबाइल फोनको प्रयोग बढ्दो छ । नेपालमा हाल (२०७७) सम्म ४ करोड २८ लाखभन्दा बढी मोबाइल फोन प्रयोग भइरहेका छन् ।

(ग) गुगल : गुगल संसारमा सबैभन्दा बढी प्रयोग हुने सर्च इन्जिन हो । इन्टरनेटको पहुँच भएको अवस्थामा मात्र यो इन्जिनको उपयोग गर्न सकिन्छ । मोबाइलमा पनि यो इन्जिनको उपयोग गर्न सकिन्छ । यो इन्जिनको प्रयोगले छोटो समयमा नै छिटो छिटो जानकारी प्रदान गर्न अनुमति दिन्छ । यसको संस्थापक ल्यारी पेज हुन् । गुगलमा पनि गुगल अनुवादक, गुगल नक्सा, गुगल क्रोम, गुगल सहायक आदि एप्स हुन्छन् ।

(घ) इमेल : इमेल वा इलेक्ट्रोनिक मेल इन्टरनेटको माध्यमबाट कुनै कम्प्युटर वा उपकरणमा पत्र पठाउने एक प्रविधि हो । इमेल पठाउनका लागि इमेल प्राप्त गर्ने र पठाउने दुवैको इमेल ठेगानाको आवश्यकता पर्छ जुन प्रयोगकर्ताको नाम (User name) अथवा डोमेन नामसँग मिलेर बनाइएको हुन्छ । इमेल गर्न जिमेल, याहु, वाला आदि डोमेन प्रयोग गर्न सकिन्छ ।

(ङ) स्काइप : स्काइप कम्प्युटर र स्मार्टफोन प्रयोगकर्ताद्वारा विश्वव्यापी रूपमा प्रयोग हुने निशुल्क भिडियो च्याट र सन्देश एप्लिकेसनमध्ये एक हो ।

(च) फेसबुक : यो लोकप्रिय सूचना आदानप्रदान गर्ने माध्यम हो । यसका माध्यमबाट धेरै मानिससँग सम्पर्क कायम गर्न सकिन्छ । एप डाउनलोड गरेर आफ्नो विवरण भरी फेसबुक चलाउन सकिन्छ । फेसबुकमा आफ्ना विचार सम्प्रेषण गर्न, फोटो वा भिडियो अपलोड गर्न सकिन्छ । फेसबुकबाट भिडियो कल मार्फत साथी र आफन्तसँग कुराकानी पनि गर्न सकिन्छ । सिकाइसँग सम्बन्धित विषयमा खोजी गर्न, च्याट गर्न पनि फेसबुक उपयोगी मानिन्छ । यसको अधिक प्रयोगले मानिसमा नराम्रो लत लाग्ने, अनावश्यक समय खर्च हुने हुँदा यसको प्रयोगमा सावधानी अपनाउनुपर्छ ।

(छ) म्यासेन्जर : खबर आदानप्रदान गर्ने अर्को महत्त्वपूर्ण साधन म्यासेन्जर हो । यसले ध्वनि र अक्षर दुवैलाई आदान प्रदान गर्न सक्छ । यसबाट फोटो र भिडियो पनि आदान प्रदान गर्न सकिन्छ ।

सूचना प्रविधिको उपयोगले हाम्रा दैनिक व्यवहार सहज र सरल

हुने, सूचनाको पहुँच हुने, सिकाइमा धेरै उपयोगी हुने भए तापनि यसको बढी प्रयोग गर्दा लत लाग्न गई मानसिक समस्या सिर्जना हुने, अनावश्यक कुरामा खोजी र ध्यान दिँदा यसको दुरुपयोग हुनजाने हुँदा यसको समुचित प्रयोगमा ध्यान दिनु उत्तिनै जरुरी हुन्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सूचना प्रविधि भनेको के हो ?

(ख) सूचना प्रविधिका माध्यमको सूची बनाई छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) सूचना प्रविधिका फाइदा र बेफाइदाको सूची बनाउनुहोस् ।

(घ) तपाईंले कुन कुन सूचना प्रविधिका साधन के के कामका लागि प्रयोग गर्ने गर्नुभएको छ ? उल्लेख गर्नुहोस् ।

क्रियाकलाप १

तलको तालिका पूरा गर्नुहोस् :

सूचना प्रविधिको माध्यम वा साधन	उपयोगिता	सावधानीका तरिका
इन्टरनेट		
फेसबुक		
मोबाइल फोन		
मेसेन्जर		

क्रियाकलाप २

सूचना प्रविधिको समुचित उपयोग र दुरुपयोगका असरसम्बन्धी गीत गाऔँ र आफू पनि सचेत बनी अरूलाई पनि सचेत बनाऔँ ।

इन्टरनेट र सञ्जालमा पढाइका कुरा
खोजी गरी परियोजना गराउन पूरा ।
इन्टरनेटको उचित प्रयोग गर्दा हुन्छ राम्रो
सही प्रयोगले सिकाइ सुधार हुने रै छ हाम्रो ॥
हुँदैन है कम्युटरमा लामो समय खेल्न
मानसिक तनाव बढ्छ, पर्छ आपत् झेल्न ।
फेसबुक चलाउनु है सचेत बनी बनी
पासवर्ड गोप्य राखौँ, अरूलाई नभनी ॥
सामाजिक सञ्जालमा गाली गर्नुहुन्न
अश्लील कुरा हेर्न अनि पठाउनुहुन्न ।
सञ्जालमा सिक्ने कुरा खोज्नु कति जाति
अपरिचितको अनुरोधलाई रिजेक्ट गर साथी ॥

सामाजिक सञ्जाल प्रयोग गर्दा के गर्न हुन्छ, के गर्न हुँदैन पहिचान गरी तलको तालिका पूरा गर्नुहोस् :

नचिनेको साथीलाई साथी बनाउन, चिनेको व्यक्तिलाई मात्र साथी बनाउन, सञ्चालमा अश्लील चित्र र भिडियो अपलोड गर्न, समूहमा कुराकानी गर्न, आफ्नो फेसबुकको पासवर्ड मिल्ने साथीलाई बताउन, आफू घरबाहिर निस्कन लागेको फोटो वा सन्देश सामाजिक सञ्जालमा राख्न, आफूले गरेको काम वा जिम्मेवारी पूरा गरेको भिडियो वा फोटो सामाजिक सञ्जालमा राख्न, फेसबुकमार्फत अरूलाई तर्साउन वा थर्काउन

गर्न हुने	गर्न नहुने

पाठ ५ समसामयिक घटना

तल दिइएका समाचार अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

भारतद्वारा चन्द्रमामा रकेट प्रक्षेपण

भारतले चन्द्रमाको सतहमा मानवरहित अन्तरिक्ष यान पठाएको छ । जसको नाम चन्द्रयान ३ र उपनाम बाहुबली रहेको छ । भारतको दक्षिणी राज्य आन्ध्रप्रदेशको श्री हरिकोटाबाट सो यान प्रक्षेपण गरिएको थियो । यसरी चन्द्रमामा अन्तरिक्ष यान पठाउने देशमा भारत चौथो देश हो । भारत भन्दा अगाडि रुस, अमेरिका र चीनले चन्द्रमामा अन्तरिक्ष यान पठाइसकेका छन् । २०२३ अगस्ट २३ (वि.सं. २०८० भाद्र ६) मा चन्द्रयान ३ चन्द्रमामा सफलतापूर्वक अवतरण गरेको थियो । भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठनद्वारा बनाइएको चन्द्रयान ३ मा विक्रम नामको ल्यान्डर र ज्ञानका लागि संस्कृत शब्द प्रज्ञान नामको रोभर समावेश गरिएको थियो । यस कार्यका लागि ६१५ करोड भारतीय रुपियाँ खर्च भएको थियो ।

लम्पी स्किन रोगका कारण नेपालमा रू १.२६ खर्बको क्षति हुने

नेपालमा गाईभैँसीमा फैलिएको लम्पी स्किन रोगको महामारीका कारण सवा एक खर्ब रुपियाँभन्दा बढीको क्षति हुने एउटा सरकारी निकायले अनुमान गरेको छ ।

७७ मध्ये ७६ ओटा जिल्लामा फैलिसकेको उक्त रोगको नियन्त्रण तथा रोकथामका लागि "आक्रामक कदम" चाल्न नेपाल पशु चिकित्सा परिषद्ले सम्बन्धित निकायलाई सुझाव समेत दिएको छ । गण्डकी प्रदेशको हिमाली जिल्ला मनाङमा भने अहिलेसम्म यो रोग फेला परेको पुष्टि भइसकेको छैन ।

"समयमै उपचार, नियन्त्रण तथा रोकथाम गर्न नसकेको अवस्थामा करिब २५ लाख २६,००० पशुमा सङ्क्रमण फैलिने र एक लाख गाईभैँसी मर्ने अनि झन्डै एक खर्ब २६

अर्ब रुपियाँ बराबरको आर्थिक क्षति हुने देखिन्छ," भन्ने परिषद्ले गरेको अध्ययनको निष्कर्ष छ । यो रकम नेपालको आर्थिक वर्ष २०८०/०८१ को कुल बजेटको करिब ७.२ प्रतिशत हुन आउने परिषद्ले उल्लेख गरेको छ ।

"नेपालको अहिलेको वास्तविकता र परिवेशअनुसार अध्ययन गर्दै जाँदा त्योभन्दा माथि नै क्षति भएको छ भन्ने हाम्रो अनुमान हो," परिषद्का प्रवक्ता मनोजकुमार शाहीले बीबीसी न्यूज नेपालीसँग भने ।

"अभिलेख राख्न थालिएता नेपालमा गाईवस्तुमा यो तहको महामारी र त्यसले पारेको यो दोस्रो ठुलो असर हुनुपर्छ ।"

शाहीका अनुसार नेपालको अवस्थासँग मिल्दोजुल्दो अवस्थाका देशमा लम्पी स्किनले पारेका असरबारे यसअघि भएका अध्ययन एवम् विभिन्न अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेखको समीक्षा गरी पछिल्लो निष्कर्ष निकालिएको हो ।

यसअघि नेपालमा सन् १९४० को दशकमा गाईवस्तुमा फैलिएको 'रिन्डरपेस्ट' अर्थात् गगौटी रोगको महामारीले ठुलो क्षति निम्त्याएको उनी बताउँछन् । खुर हुने चौपायामा लाग्ने उक्त भाइरल रोग अहिले उन्मूलन भइसकेको छ ।

लम्पी स्किन कहाँकहाँ फैलिएको छ ?

लम्पी स्किन रोग पहिलो पटक अफ्रिकी मुलुक जाम्बियामा सन् १९२९ मा देखिएको थियो । केही समयसम्म त्यो अफ्रिकाको सबसहारा क्षेत्रमा सीमित रह्यो भने बिस्तारै उत्तर अफ्रिका, मध्यपूर्व, युरोप र एसियासम्म फैलियो ।

राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार सन् २०१९ को जुलाईमा पहिलो पटक बङ्गलादेश, चीन र भारतमा लम्पी स्किन देखा परेको थियो ।

पशुसेवा विभागका अनुसार नेपालको मोरङ जिल्लाको सुन्दर हरैचामा वि.सं २०७७ को साउन २२ गते पहिलो पटक लम्पी स्किन रोग पुष्टि भएको थियो ।

आर्थिक वर्ष २०७७/०७८ मा आठ जिल्लाका ११ ओटा पालिकामा देखिएको लम्पी

स्किन रोग २०७८/०७९ मा नौ जिल्लाका १९ पालिकामा विस्तार भएको पाइयो ।

त्यसपछि २०७९/०८० मा खासै नदेखिए पनि अहिले सातओटा प्रदेशका ७६ ओटा जिल्लामा लम्पी स्किन रोगको महामारी फैलिएको विभागले जनाएको छ ।

सुरुतिर तराई र मध्य पहाडका जिल्लामा लम्पी स्किन रोगको सङ्क्रमण देखिएकामा अहिले उच्च पहाडी तथा हिमाली क्षेत्रमा समेत फैलिसकेको छ ।

"यस रोगबाट कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र कोसी प्रदेशका मध्य पहाडी तथा पहाडी क्षेत्रमा रहेका पशु बढी प्रभावित भएका छन्," विभागले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

विभागको पछिल्लो तथ्याङ्कअनुसार लम्पी स्किन रोगबाट अहिलेसम्म सात लाख नौ हजार २०३ ओटा गाईभैँसी सङ्क्रमित भएका छन् ।

सङ्क्रमित गाईभैँसीमध्ये २५,७८२ ओटा मरेको र चार लाख ५३ हजार ८१९ ओटा निको भएका तथ्याङ्क छ ।

"हाल दुई लाख २९,६०२ ओटा पशु सक्रिय सङ्क्रमित छन् र सङ्क्रमणको दर क्रमशः घट्दै गएको छ" विभागले भनेको छ ।

लम्पी स्किन कस्तो रोग हो ?

गाईभैँसीलाई हुने यो एकदमै सङ्क्रामक रोग हो । लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता किराको टोकाइबाट यो रोग सर्ने गर्छ ।

सङ्क्रमित गाईभैँसीको ओसारपसार, सामुदायिक चरणक्षेत्र दाना एवम् पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैँसीमा एउटै सूर्यको प्रयोगबाट पनि यो रोग सर्छ ।

गर्मी याममा लामखुट्टे र किर्ना आदिको सङ्ख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ ।

सङ्क्रमित गाईभैँसीको दुध उत्पादनमा तीव्र गिरावट आउनुका साथै उच्च जरो आउने, तौल घट्ने र कहिलेकाहीँ मृत्यु पनि हुन सक्छ ।

"खास गरी जरो नियन्त्रण गर्न सकिएन भने त्यस्तो अवस्थामा सङ्क्रमित गाईवस्तु मर्ने गर्छन्" डा. ढकालले भने ।

यो रोग लागेका गाईभैँसीको छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रा र गोला गाँठा हुन्छन् ।

त्यस्तै सङ्क्रमित गाईभैँसीको थुतुनो, मुख र नाकमा घाउ देखिन्छ भने आँखा र नाकबाट अत्याधिक मात्रामा तरल पदार्थ निस्कन्छ ।

यसको उपचार के हो ?

यो रोगको प्रभावकारी उपचार छैन । त्यसैले रोग लाग्न नदिनु नै उत्तम उपाय भएको पशु चिकित्सक बताउँछन् ।

"यो रोग लाग्न नदिनका लागि पहिलेनै यो खोप लगाउनु पर्छ । तर सङ्क्रमण भएको बेलामा खोप लगाउन हुँदैन" ढकालले भने ।

भाइरसको प्रकृतिअनुसार १० देखि १५ दिनमा यो रोग निको हुन्छ ।

"एक पटक यो रोग लागेपछि एन्टिबडी बनेका कारण दोहोऱ्याएर गाईभैँसीलाई फेरि लाग्दैन" उनले थपे ।

हालसम्म १० लाख ३७,००० मात्रा खोप आयात गरिएकामा एक लाख ८० हजार ९२२ ओटा गाईभैँसीलाई खोप लगाइएको विभागले जनाएको छ । (बीबीसी न्यूज, नेपाली, ९ जुलाई २०२३)

महिला विश्व कप फुटवल

फिफा सदस्य राष्ट्रका महिला फुटबल टिमको सहभागिता रहने यो खेल सन् १९९१ मा पहिलो चोटी चीनमा आयोजना भएको थियो महिला विश्व कप फुटबल प्रतियोगिताको नवौँ संस्करण भने अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्तरूपमा आयोजना गरेका थिए । मिति २०२३ जुलाई २० देखि अगस्ट २० सम्म सञ्चालित यस प्रतियोगिताको विजेता राष्ट्र स्पेन थियो भने इङ्ल्यान्ड उपविजेता बनेको थियो । स्पेनकी खेलाडी ओल्गा कार्मोनाको एक गोलले स्पेन विजयी भएको थियो ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) समसामयिक घटना भनेको के हो ?

(ख) समसामयिक घटनाको महत्त्व किन छ ?

(ग) तपाईंको समुदायमा हालसालै घटेका कुनै एक समसामयिक घटना उल्लेख गरी सो घटनाले पारेका प्रभावहरू उल्लेख गर्नुहोस् ।

(घ) समसामयिक घटनाले मानव जीवनमा पार्ने प्रभावको सूची तयार पार्नुहोस् ।

क्रियाकलाप १

विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार सङ्कलन गर्नुहोस् र त्यसका मुख्य मुख्य सार टिपी एक बिग बुक तयार पार्नुहोस् ।

क्रियाकलाप २

सम्पर्क कक्षामा यस्तै भित्ते पत्रिका निर्माण गरौं :

चक्रपथका तीन ठाउँमा 'अन्डरपास' बन्ने

वन्यजन्तुका कारण गाउँ रित्तिँदै

आज मनिता र विक्रम आफ्नो पढाइ सकेर घुम्न निस्किएका थिए । घर नजिकैको चोकमा सामुदायिक अध्ययन केन्द्रको बोर्डमा उनीहरूको आँखा पऱ्यो । त्यहाँ आज प्रकाशित पत्रिका टाँसिएका थिए । उनीहरूले पत्रिकामा रहेका खबर पढे । केही अस्पष्ट विषयमा छलफल गरी स्पष्ट पनि भए ।

मनिता : पत्रपत्रिका पढ्नुको मजा नै बेग्लै हुने है विक्रम ?

विक्रम : हो नि, पत्रपत्रिकाको अध्ययनबाट धेरै समसामयिक विषयवस्तुको जानकारी पाइन्छ । नयाँ विषयवस्तुमा अपडेट हुन सकिन्छ । तर अहिलेको समयमा नि यो भित्ते पत्रिका पढ्ने मान्छे त कति पो होलान् र ? यहाँको समाचार मैले बिहानै मोबाइलमा इपत्रिका पढ्दा पढिसकेको थिएँ ।

मनिता : म पनि त बिहान बिहानै एफ. एम. मा समाचार सुन्छु नि, यहाँ भएका कतिपय समाचार बिहान एफ. एम.ले भनिसकेको थियो । जसरी भए पनि अहिले नयाँ पिँढी सूचनामा अगाडि नै छन् । समाचारमा पहुँच बढी छ जस्तो लाग्छ मलाई त ।

क्रियाकलाप ३

समसामयिक घटनामा आधारित भई सम्पर्क कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) दुई देशबिच कूटनीतिक प्रतिनिधिको आदान प्रदान हुने गरी स्थापना गरिएको सम्बन्धलाई .....सम्बन्ध भनिन्छ । (दौत्य, अन्तर्राष्ट्रिय)

(ख) हामीलाई जानकारी लिनुपरेको तथ्य, समाचार, समसामयिक घटना आदिको खोजीमा .....को प्रयोग गर्न सकिन्छ । (इन्टरनेट, टेलिभिजन)

(ग) नेपालको पररा‍ष्ट्रनीति .....को सिद्धान्तमा आधारित रहेको छ । (पञ्चशील, अन्तर्राष्ट्रिय)

(घ) भूपरिवेष्टित राष्ट्रले क्षेत्रीय सामुद्रिक र पारवहनको .....प्राप्त गर्ने अधिकार प्राप्त गरेको हुन्छ । (स्वतन्त्रता, कर्तव्य)

(ङ) एसिया महादेशमा .....ओटा भूपरिवेष्टित देशहरू रहेका छन् । (१२, १५)

(च) नेपाल र चीनबिच .....मा दौत्यसम्बन्ध कायम भएको थियो ।
(१ अगस्ट १९५५, ५ अगस्ट १९५५)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अन्तर्राष्ट्रिय सम्बन्धको आवश्यकता पर्नाका कारण लेख्नुहोस् ।

(ख) नेपालको परराष्ट्र नीतिका आधार के के हुन् ?

(ग) भूपरिवेष्टित देशको सम्भावना र असर लेख्नुहोस् ।

(घ) चीनले नेपाललाई गरेका सहयोगका क्षेत्र उल्लेख गर्नुहोस् ।

(ङ) सूचना तथा सञ्चार प्रविधिको दुरुपयोगको कारणले घटेको कुनै एउटा घटना खोजी गरी लेख्नुहोस् ।

(च) हालसालै घटेका कुनै दुई समसामयिक घटनाका उदाहरण लेख्नुहोस् ।

एकाइ ९ : जनसङ्ख्या र यसको व्यवस्थापन

यस एकाइको अध्ययनपश्चात् सिकारू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- जनसङ्ख्या र जनसाङ्ख्यिकीको परिचय दिई जनसाङ्ख्यिक तत्त्व उल्लेख गर्न साथै जनसङ्ख्या तथ्याङ्कका स्रोत वर्णन गर्न
- नेपालको जनसाङ्ख्यिक अवस्था उल्लेख गर्न
- जनसाङ्ख्यिक बनोटले सामाजिक जनजीवनमा पार्ने प्रभाव उल्लेख गर्न
- राष्ट्रिय जनगणनाको महत्त्वसहित गणना प्रक्रिया उल्लेख गर्न
- जनसङ्ख्या परिवर्तनका कारण र परिणाम पहिल्याउन
- जनसङ्ख्या व्यवस्थापनको महत्त्व, व्यवस्थापनका उपाय र व्यवस्थापनमा स्थानीय सरकार र सङ्घसंस्थाको भूमिका उल्लेख गर्न

पाठ १ जनसङ्ख्या र जनसाङ्ख्यिकी

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

सुनैनाले जनसङ्ख्या जन र सङ्ख्या दुई शब्द मिलेर बनेको छ भनेर सस्वरवाचन गरिरहेकी थिइन् । उनको मामा आइपुग्नुभयो र भन्नुभयो "स्यावास् ! भान्जी हो, यसरी ध्यान दिएर पढ्यो भने त सबै थाहा भइहाल्छ नि ।"

"साँच्ची मामा, यो जन र सङ्ख्याको अर्थ चाहिँ के हो नि ?" सुनैनाले जिज्ञासा राखिन् ।

"जन भनेको मानिस हो । त्यसैले जनसङ्ख्या भन्नाले मानिसको सङ्ख्या भन्ने बुझिन्छ । यसलाई यसरी भन्दा अझ प्रस्ट हुन्छ । कुनै निश्चित ठाउँ, सहर, जिल्ला, प्रदेश वा देशमा बसोबास गर्ने मानिसको कुल सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । जस्तै म तपाईंलाई उदाहरण भनिदिन्छु है त ? तपाईंको सिकाइ केन्द्रमा जम्मा कति जना सिकारु हुनुहुन्छ, भन्नुहोस् त ?" भनी मामाले प्रश्न गर्नुभयो ।

"सिकारु र सहजकर्ता सबै जना गरेर ८५ जना छौं मामा" भनी सुनैनाले भन्नुभयो ।

"हो अब तपाईंको सिकाइ केन्द्रको जनसङ्ख्या ८५ भयो । अब त प्रस्ट बुझ्नुभयो नि होइन त ?"

बुझ्छँ मामा ।

"अझ सुन्नुस् है भान्जी जनसङ्ख्याको आकार कतै ठुलो हुन्छ भने कतै सानो हुन्छ । यसरी जनसङ्ख्या कम वा बढी हुनुमा विभिन्न तत्त्वले प्रभाव पारेको हुन्छ । भौगालिक अवस्था, हावापानी, रोजगारीको अवसर तथा अन्य सुविधाले प्रभाव पारेको हुन्छ ।"

"सुगम र सुविधायुक्त ठाउँमा धेरै मानिसको बसोबास हुन्छ । त्यस्तै दुर्गम र सुविधावीहिन ठाउँमा थोरै मानिसको बसोबास भएको हुन्छ त्यसैकारणले होइन त मामा" सुनैनाले भन्नुभयो ।

"हो नि भान्जी हजुरले भनेजस्तै हेर्नुहोस् न हाम्रो तराई, पहाडी र हिमाली क्षेत्रमा जनसङ्ख्या समान नहुनुको कारण पनि त यही हो नि । हिमाली र पहाडी क्षेत्रमा कठिन भौगोलिक अवस्था र सुविधाको अभावका कारण थोरै मानिस बसोबास गर्छन् भने तराईमा समतल भूभाग र धेरै सुविधा उपलब्ध हुने हुनाले धेरै मानिस बसोबास गर्छन् । त्यस्तै ग्रामीण क्षेत्र र सहरी क्षेत्रमा पनि जनसङ्ख्या कम वा बढी हुनाको कारण यही सुविधाकै कारणले त हो नि ।"

"त्यसैले हो मामा जनसङ्ख्या गतिशील र परिवर्तनशील हुन्छ भनिएको ?" सुनैनाले जिज्ञासा राख्नुभयो ।

"हो हो भान्जी, हजुरले सही भन्नुभयो । ल अब जनसाङ्ख्यिक तत्त्वको सम्बन्धमा पनि छलफल गरौँ है त ?"

"हुन्छ नी मामा । म त हजुरसँग सिक्न पाउँदा धेरै खुसी छु ।" भनी सुनैनाले खुसी व्यक्त गर्नुभयो ।

"जनसङ्ख्याको आकार, बनोट, वितरण र परिवर्तनलाई अध्ययन गर्ने शास्त्रलाई जनसाङ्ख्यिकी भनिन्छ । जनसाङ्ख्यिकीले जनसङ्ख्याको गणितीय अध्ययन गर्छ । यसरी कुनै पनि ठाउँको जनसङ्ख्या परिवर्तनमा मदत पुऱ्याउने तत्त्वलाई चाहिँ जनसाङ्ख्यिकीका तत्त्व भनिन्छ । जनसङ्ख्या परिवर्तमा मदत पुऱ्याउने तत्त्व जन्म, मृत्यु र बसाईँसराइ हुन् । यी त प्रस्ट बुझ्नुभयो होला नि भान्जी ?"

"बुझेँ मामा, अब जन्म मृत्यु र बसाईँसराइको सम्बन्धमा क्रमैसँग छलफल गरौँ है ?" सुनैनाले भन्नुभयो ।

"हुन्छ भान्जी, जन्म भनेको त तपाईँलाई पनि थाहा छँदै छ नि । जनसङ्ख्या परिवर्तन गराउने प्राकृतिक वा मुख्य तत्त्व नै जन्म हो । जन्म भनेको निरन्तर चलिरहने प्रक्रिया हो । जीवित शिशु जन्मिने प्रक्रियालाई जन्म भनिन्छ । यसरी महिलाको बच्चा जन्माउन सक्ने क्षमतालाई प्रजनन भनिन्छ । सामान्यतया महिलाले १५ वर्षदेखि ४९ वर्षसम्म बच्चा जन्माउन सक्छन् । प्रजनन दर बढी भएमा बढी जन्म हुने र कम भएमा कम जन्म हुने हुन्छ । जन्मकै कारणले कुनै पनि ठाउँको जनसङ्ख्या वृद्धि हुन्छ ।"

"आज त मामाबाट साह्रै राम्रोसँग सिक्ने अवसर पाएँ ।" सुनैनाले भन्नुभयो ।

"अझै बाँकी नै छ त भान्जी, ल अब मृत्युको सम्बन्धमा छलफल गरौँ है ?" भन्दै मामाले मृत्युको सम्बन्धमा थप प्रस्ट पार्नुभयो ।

"मानिस जन्मेपछि उसको मृत्यु निश्चित छ । मृत्यु हुँदा खेरी मानिसका जीवित क्रियाकलाप सधैँका लागि अन्त्य हुन्छन् । मृत्यु पनि जन्म जस्तै जनसङ्ख्यामा परिवर्तन ल्याउने प्राकृतिक तत्त्व हो । मानिसको विभिन्न किसिमका रोग लागेर, बुढो भएर, दुर्घटनामा परेर, महामारीमा, लडाईँमा आदि विभिन्न कारणले मृत्यु हुन्छ । मृत्युले कुनै पनि ठाउँको जनसङ्ख्या घटाउँछ ।"

"बसाइँसराइ त जन्म र मृत्यु जस्तो प्राकृतिक तत्त्व होइन है मामा ?" सुनैनाले थप जिज्ञासा राख्नुभयो ।

"तपाईंले ठिक भन्नुभयो । बसाईंसराइ जनसङ्ख्यामा परिवर्तन ल्याउने कृत्रिम तत्त्व हो । आफू बसोबास गरेको ठाउँबाट अन्यत्र बसोबासका लागि जाने वा सर्ने प्रक्रियालाई बसाईंसराइ भनिन्छ । जुन ठाउँबाट बसाईंसराइ गरिन्छ त्यस ठाउँलाई उद्गम स्थल र जुन ठाउँमा बसाइँसराइ गरेर गइन्छ त्यस ठाउँलाई गन्तव्य स्थल भनिन्छ । मानिस सुविधा, रोजगारी, अवसर आदिको खोजीमा बसाइँसराइ गर्ने गर्छन् । हाम्रो देशमा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा र दुर्गमबाट सुगम क्षेत्रमा बसाइँसराइ गरेको पाइन्छ । बसाइँसराइका कारणले उद्गम स्थानको जनसङ्ख्या घट्छ भने गन्तव्य स्थानको जनसङ्ख्या बढ्छ ।" भनी मामाले बसाइँसराइको सम्बन्धमा प्रस्ट पार्नुभयो ।

"मामा, मैले त अब त साथीहरूलाई पनि बुझाउन सक्छु जस्तो लागेको छ साह्रै राम्रोसँग बुझें ।"

ल त भान्जी अब जान्छु है त राम्रोसँग पढ्नु नि ।

"हस् मामा ।"

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या भनेको के हो ?

(ख) जनसाङ्ख्यिकीको अर्थ प्रस्ट पार्नुहोस् ।

(ग) जनसङ्ख्या वितरण समान नहुनुका कारण के के हुन् ?

(घ) जनसङ्ख्यामा परिवर्तन ल्याउने तत्त्व के के हुन् ?

(ङ) जन्मले जनसङ्ख्यामा कसरी परिवर्तन ल्याउँछ ?

(च) मृत्युले जनसङ्ख्यामा कसरी परिवर्तन ल्याउँछ ?

(छ) बसाइँसराइले जनसङ्ख्यामा कसरी परिवर्तन ल्याउँछ ?

क्रियाकलाप १

तपाईंको समुदायमा जनसङ्ख्या परिवर्तनका तत्त्वको के कस्तो प्रभाव परेको छ सोधखोज गरी लेख्नुहोस् ।

क्रियाकलाप २

बसाइँसराइका कारण खोजी गरी लेख्नुहोस् ।

पाठ २ जनसङ्ख्या तथ्याङ्कका स्रोत

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

"ए सुन्तली दिदी अहिले त राष्ट्रिय जनगणना चलिरहेको रहेछ नि त । हजुरलाई थाहा छ कि छैन ? तपाईंको घरमा गणक आउनुभयो त ? तथ्याङ्क सङ्कलनका लागि । हाम्रो घरमा त हिजो आउनुभएको थियो । घरपरिवारको सङ्ख्या, जात, पेसा, धर्म, स्थायी र अस्थायी बसोबास, जग्गा जमिन आदि सबै कुरा सोध्नुहुँदो रहेछ ।" भनेर मिनाले भन्नुभयो ।

"हो र मिना बहिनी हाम्रो घरमा त आउनुभएको छैन । सायद आज आउनुहुन्छ कि ?" सुन्तलीले जवाफ दिनुभयो ।

"ए दिदी उता हेर्नु त उहाँहरू नै हो हिजो आउनुभएको यतै आउँदै हुनुहुन्छ ।"

नमस्कार ! दिदीहरू । हामी राष्ट्रिय जनगणनाका लागि तथ्याङ्क सङ्कलन गर्न आएका गणक हौँ । हामीलाई सहयोग गर्नुस् है ? उहाँ दिदीको घरमा त हिजै तथ्याङ्क लिइसक्यौँ ।" तथ्याङ्क सङ्कलनकर्ताले भन्नुभयो ।

"हो त भाइ ! म सुन्तली दिदीसँग तपाईंहरूकै बारेमा कुरा गर्दै थिएँ । तपाईंहरू टुप्लुक्क आइपुग्नुभयो ।" भनी मीनाले भन्नुभयो ।

"ए भाइ यो तथ्याङ्क किन सङ्कलन गर्न लागिएको हो ?" सुन्तलीले जिज्ञासा राख्नुभयो।

"दिदी हरेक दश दश वर्षमा जनगणना सङ्कलन गरिन्छ । नेपालमा वि.सं. १९६८ बाट जनगणना सङ्कलन गर्न थालिएको हो । अहिले वि.सं. २०७८ मा बाह्रौँ जनगणना सङ्कलन कार्य भइरहेको छ । देशमा कति जनसङ्ख्या छ । विभिन्न जातजाति, भाषा, धर्म, पेसा, लिङ्ग, शैक्षिक अवस्था, सहरी र ग्रामीण क्षेत्रको जनसङ्ख्या आदि विभिन्न आधारमा जनङ्ख्याको अवस्था पहिचान गरी सोहीबमोजिम नीति तथा कार्यक्रम बनाउनका लागि तथ्याङ्क सङ्कलन कार्य गरिएको

हो । हाम्रो देशमा तथ्याङ्क सङ्कलनका लागि विभिन्न स्रोतको प्रयोग गरिएको छ । एउटा जनगणना भयो । त्यस्तै पञ्जीकरण र अभिलेखको माध्यमबाट पनि तथ्याङ्क सङ्कलन गर्ने गरिन्छ ।" गणकले प्रस्ट पारिदिनुभयो ।

"भाइ हामीलाई यी तीनओटै तथ्याङ्क सङ्कलनका स्रोतको सम्बन्धमा बताइदिनुस् न ? त्यसपछि हजुरलाई तथ्याङ्क सङ्कलनका लागि पनि सहयोग गरौँला ।" मीनाले भन्नुभयो ।

"आहा ! दिदी यसरी सिक्न चासो राख्ने मानिस त हामीलाई साहैं मन पर्छ । हाम्रो त काम नै यही हो । बताइहाल्छु नि ।" गणकले खुसी व्यक्त गर्दै भन्नुभयो, "पहिले जनगणनाबाटै सुरु गरौँ है त ? जनगणना तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोत हो । कुनै निश्चित समयमा कुनै खास स्थानमा बसोबास गर्ने सबै व्यक्तिको जनसाङ्ख्यिक, आर्थिक, सामाजिक आदि विवरण सङ्कलन गरी तथ्याङ्क प्रकाशन गर्ने प्रक्रियालाई नै जनगणना भनिन्छ । जस्तै अहिले हामी तथ्याङ्क सङ्कलन कार्य गर्दै छौँ । पछि केन्द्रीय तथ्याङ्क विभागले तथ्याङ्क प्रकाशन गर्छ ।"

"अनि नि भाइ, जनगणना सङ्कलनमा के केको तथ्याङ्क सङ्कलन गरिन्छ नि ? सुन्तलीले जिज्ञासा राख्नुभयो ।

"ए दिदी घरपरिवारको सदस्य सङ्ख्या, व्यक्तिको उमेर, भाषा, धर्म, पेसा, जन्म, मृत्यु, विवाह, बसाइँसराइ, शैक्षिक अवस्थाजस्ता व्यक्तिगत विवरण सङ्कलन गरिन्छन् । जनसङ्ख्याको आकार, बनोट, वितरण र परिवर्तनसम्बन्धी तथ्याङ्क सङ्कलन गर्नु जनगणनाको उद्देश्य हो ।" गणकले प्रस्ट पारिदिनुभयो ।

"ए जनगणनाको सम्बन्धमा त प्रस्ट भयो भाइ ।" मीनाले भन्नुभयो ।

"ल अब पञ्जीकरणको सम्बन्धमा सुन्नुस् है त ? जनसङ्ख्या तथ्याङ्क सङ्कलनमा पञ्जीकरण पनि महत्त्वपूर्ण स्रोत हो । पञ्जीकरणलाई व्यक्तिगत घतना दर्ता पनि भनिन्छ । पञ्जीकरणमा जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद, जस्ता व्यक्तिगत घटनाको दर्ता गरिन्छ । यस्ता घटना गाउँपालिका र नगरपालिकाको वडा कार्यालयमा दर्ता गरिन्छ । नेपालमा व्यक्तिको जीवनसम्बन्धी घटना घटेको ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारी समक्ष घटना दर्ता गराउने पर्ने व्यवस्था छ । यस सम्बन्धमा त दिदीहरूलाई पनि थाहा हुनुपर्ने । विवाह दर्ता गराउनुभएन र ? गणकले मीना र सुन्तलीलाई सोध्नुभयो ।

"पञ्जीकरण भनेर नाम थाहा नभएको हो भाइ जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद, जस्ता व्यक्तिगत घटनाको दर्ता घटना घटेको ३५ दिनभित्र गर्नुपर्छ भन्ने त थाहा थियो नि ।" सुन्तलीले भन्नुभयो ।

"ए ए त्यसो भए अब प्रस्ट भयो हजुरहरूलाई । अनि अर्को कुरा जनगणना लिने काम त दस दस वर्षमा मात्र गरिन्छ । त्यसैले एक जनगणनाबाट अर्को जनगणनाबिचको अवधिमा जन्मेका, मरेका, विवाह गरेका, सम्बन्ध विच्छेद गरेका, बसाइँसराइ गरेका मानिसको विवरण पञ्जीकरणको अभिलेखबाट पत्ता लाग्छ । यसै पञ्जीकरणका कारणले नागरिकलाई नागरिकता लिन, राज्यबाट प्राप्त हुने अन्य सेवा सुविधा प्राप्त गर्न सजिलो हुन्छ । नेपालमा वि.सं. २०३४ वैशाखदेखि नियमित रूपमा व्यक्तिगत घटना दर्ता गर्न सुरु गरिएको छ ।" गणकले बताउनुभयो ।

"भाइ यो त जान्नै पर्ने रहेछ नि । अब त हामी पनि गाउँमा अरूलाई पनि यी जनसङ्ख्या सङ्कलनका स्रोत सम्बन्धमा जानकारी गराउने छौं ।" मीनाले भन्नुभयो ।

"हो त दिदी हजुरले ठिक भन्नुभयो । यसरी नै आफूले जानेका कुरा सबैलाई सिकाउनु हामी नागरिकको कर्तव्य पनि हो । ल दिदीहरू अब अभिलेखको सम्बन्धमा सुन्नुहोस् है त ? गणकले थप प्रस्ट पार्दै भन्नुभयो :

"जनसङ्ख्यासम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने अर्को स्रोत अभिलेख हो । अभिलेखलाई जनसङ्ख्या तथ्याङ्ककको प्रशासकीय लगत पनि भनिन्छ । यस्ता अभिलेख आआफ्ना कार्यालयका कामकाजमा सघाउ पुऱ्याउने हिसाबले छुट्टाछुट्टै संस्थाले सङ्कलन गरेका हुन्छन् । यस्ता अभिलेखमा मतदाता नामावली, नागरिकताको लगत, टेलिफोन डाइरेक्टरी, विद्यालय भर्ना लगत आदि पर्छन् । अभिलेखलाई थोरै समयमा र न्यून खर्चमा सूचना सङ्कलन गर्नका लागि महत्त्वपूर्ण र विश्वसनीय तथ्याङ्ककको स्रोत मानिन्छ । यसबाट प्राप्त हुने तथ्याङ्क उक्त क्षेत्रसँग सम्बन्धित योजना निर्माण गर्न योजनाविद्, प्रशासक र अनुसन्धानकर्तालाई उपयोगी हुन्छ ।"

"ए ! अभिलेख त कार्यालयले आफ्नो कामलाई व्यवस्थित बनाउनका लागि राख्ने पो रहेछ है भाई ?" मीनाले भन्नुभयो ?

"हो अब भने दिदीले बुझ्नुभएछ । ल दिदी अब तपाईंको व्यक्तिगत विवरण सङ्कलन गरौं है ? आज यो क्षेत्रमा तथ्याङ्क सङ्कलन गर्नु छ, फेरि ढिला हुन्छ ।" गणकले व्यक्तिगत विवरण सङ्कलनतिर लाग्नुभयो ।

"हुन्छ भाइ ।" सुन्तलीले भन्नुभयो ।

पाठका आधारमा तल दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या तथ्याङ्कका स्रोत के के हुन् ? उल्लेख गर्नुहोस् ।

(ख) जनगणना भनेको के हो ?

(ग) नेपालमा जनगणना लिने कार्यको सुरुआत कहिलेदेखि भएको हो ?

(घ) जनगणनामा कस्ता कस्ता सूचना सङ्कलन गरिन्छन् ?

(ङ) पञ्जीकरण भनेको के हो ? यसमा कुन कुन व्यक्तिगत घटना दर्ता गरिन्छन् ?

(च) अभिलेख भनेको के हो ? अभिलेखलाई किन सूचना सङ्कलन गर्नका लागि महत्त्वपूर्ण र विश्वसनीय तथ्याङ्कको स्रोत मानिन्छ ?

क्रियाकलाप १

तपाईंको समुदायमा कसैले व्यक्तिगत घटना दर्ता नगरेको थाहा पाउनुभयो भने तपाईं के सल्लाह दिनुहुन्छ ? लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईंको विचारमा जनसङ्ख्याको सही सूचना प्राप्त गर्नका लागि कुन तथ्याङ्कको साधन बढी भर पर्दो र विश्वसनीय लाग्यो र किन ? उपयुक्त कारण लेख्नुहोस् ।

पाठ ३ जनगणना ऐतिहासिकता, परिचय र महत्त्व

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

बाह्रौँ राष्ट्रिय जनगणना सङ्कलन कार्य सुरु हुनुभन्दा अगाडि केन्द्रीय तथ्याङ्क विभागले गणकका लागि अभिमुखीकरण कक्षा सञ्चालन गरेको थियो । त्यहाँ सिकाइ केन्द्रका दुई जना सहजकर्ता पनि गणकको तालिमका लागि उपस्थित हुनुभएको थियो ।

केन्द्रीय तथ्याङ्क विभागका मुख्य प्रशिक्षकको प्रस्तुतीकरण यसप्रकार रहेको छ :

विभिन्न क्षेत्रबाट आउनुभएका सम्पूर्ण उपस्थित महानुभावमा

नमस्कार !

जनगणना भनेको देशभर बसोबास गर्ने सम्पूर्ण व्यक्तिको निश्चित अवधिभित्र गणना गर्ने कार्य हो । विश्वमा जनगणना गर्ने कार्यको सुरुआत इसापूर्व करिब ४००० वर्ष अघि इजिप्टबाट भएको पाइन्छ । विश्वमा वैज्ञानिक रूपमा जनगणना गर्ने कार्यको सुरुआत भने सत्रौँ र अठारौँ शताब्दीमा भएको पाइन्छ । सन् १६६५ मा क्यानडामा सबैभन्दा पहिले वैज्ञानिक तरिकाले जनगणना लिइएको थियो ।

नेपालमा पनि प्राचीन कालदेखि नै नाम जनगणना नभनिए तापनि विभिन्न माध्यमबाट मानिसका तथ्याङ्क सङ्कलन गर्ने काम गरिन्थ्यो । जस्तै गुठी सञ्चालनका लागि आवश्यक पर्ने रकम जोहो गर्न, घरधुरीको सङ्ख्या गणना गरिन्थ्यो । पृथ्वीनारायण शाहको पालामा पनि सैनिकलाई भर्ती गर्नका लागि पनि गणना गर्ने कार्य गरिएको थियो ।

राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं. १९१० देखि १९१३ सम्म तीन वर्ष लगाएर जनगणना गरेका थिए भन्ने पनि इतिहासमा उल्लेख गरिएको पाइन्छ । उक्त समयमा जनगणनामा घरको प्रकार, परिवार सङ्ख्या, श्रीमान् श्रीमतीको विवरण र घरमुलीको नाम आदि विवरण सङ्कलन गरिएको थियो भनी उल्लेख छ । नेपालमा औपचारिक रूपमा वि.सं. १९६८ बाट जनगणना सङ्कलन गर्न थालिएको हो । नेपालमा वैज्ञानिक रूपले जनगणना लिने कार्यको सुरुआत भने १९८८/१९९९ बाट सुरु भएको हो । वि.सं. २०७८ मा बाह्रौँ जनगणना सङ्कलन कार्य हुँदै छ । हाम्रो देशमा हरेक वर्ष असार आठ गतेलाई जनगणना दिवसको रूपमा मनाउने गरिन्छ । नेपालमा जनगणना सङ्कलन गराउने र प्रकाशन गर्ने काम केन्द्रीय तथ्याङ्क विभागले गर्छ ।

नेपालमा जनगणना सङ्कलन प्रक्रियाको सम्बन्धमा बताइदिनुस् न भनी एक जना सहभागीले जिज्ञासा राख्नुभयो :

प्रश्नका लागि धन्यवाद भन्दै मुख्य प्रशिक्षकले पुनः आफ्नो प्रस्तुतिलाई अघि बढाउनुभयो ।

जनगणना कार्य सञ्चालनका लागि अपनाइने प्रक्रियालाई नै जनगणना प्रक्रिया भनिन्छ । जनगणना प्रक्रिया निम्नअनुसार रहेको छ । तपाईँहरूले भोलि गएर यीमध्ये कतिपय कार्य गर्नुपर्ने हुन्छ त्यसैले सबैले ध्यान दिएर सुन्नुहोला ।

(क) जनगणनाको तयारी र प्रश्नावली निर्माण

(ख) पूर्व परीक्षण (जनगणना प्रक्रियामा प्रश्नको परिक्षण गर्ने)

(ग) तालिम (जनगणनामा संलग्न व्यक्तिलाई तालिम दिने)

(घ) गणना

(ङ) प्रश्नावलीको सङ्कलन

(च) सम्पादन र साङ्केतीकरण

(छ) तालिकामा प्रस्तुतीकरण र प्रकाशन

अर्को एक जना सहभागीले जिज्ञासा राख्दै भन्नुभयो : नेपालमा कुन कुन विधिबाट जनगणना सङ्कलन गरिन्छ ?

सहभागीलाई जिज्ञासाका लागि धन्यवाद !

जनगणनाका मुख्य तीनओटा विधि रहेका छन् :

(क) वास्तविक उपस्थिति विधि

व्यक्ति जुन स्थानमा छ त्यहीँ गणना गर्ने विधिलाई वास्तविक उपस्थिति विधि भनिन्छ । यस विधिबाट जनगणना गर्दा कुनै निश्चित दिन तोकिन्छ र रातको समयमा गणना गरिन्छ । यसलाई एकराते गणना पनि भनिन्छ ।

(ख) स्थायी बसोबास विधि

मानिसहरू स्थायी बसोबास गरेको स्थानको आधारमा गणना गर्ने विधिलाई स्थायी बसोबास विधि भनिन्छ । यस विधिबाट तथ्याङ्क गणना गर्दा अस्थायी रूपमा बसोबास गरिरहेका व्यक्तिको गणना गरिँदैन । यसका लागि दुई वा तीन हप्ताको अवधि तोकिन्छ । निश्चित अवधिमा मात्र गरिने भएकाले यसलाई आवधिक गणना पनि भनिन्छ ।

(ग) परिमार्जित स्थायी बसोबास विधि

मानिसहरू बसोबास गरेकै स्थानको आधारमा गणना गरिने विधिलाई संशोधित स्थायी बसोबास विधि भनिन्छ । नेपालमा वि.सं. २०६८ को र वि.सं. २०७८ को जनगणनामा परिमार्जित स्थायी बसोबास विधिबाट नै तथ्याङ्क सङ्कलन गरिएको थियो ।

अर्का एक जना सहभागीले जनगणना गर्ने कार्य त धेरै महत्त्वपूर्ण रहेछ है ? सर भनी आफ्नो विचार राख्नुभयो :

मुख्य प्रशिक्षकले प्रस्ट पार्दै भन्नुभयो : हो हो तपाईंले ठिक भन्नुभयो । जनगणना सङ्कलन गर्ने कार्य राज्य सञ्चालनका लागि नभई हुँदैन । अब म तपाईंहरूलाई जनगणनाका महत्त्व सम्बन्धमा बताउने छु ।

(क) जनगणनाले मुलुकको जनसङ्ख्याको आकार, बनावट, वितरण र वृद्धिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउँछ ।

(ख) विकास निर्माणका काम तथा लक्षित कार्यक्रम तर्जुमा र सञ्चालन गर्न उपयोगी सूचना प्राप्त हुन्छ ।

(ग) विकासका लागि बजेट बाँडफाँट र पछाडि परेका समुदायको उत्थानका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुन्छ ।

(घ) दिगो विकासका लक्ष्यको मापन गर्न र सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र वित्तीय स्रोत बाँडफाँटको कार्य गर्न तथ्याङ्क उपलब्ध हुन्छ ।

(ङ) वडा तहसम्मको जनसङ्ख्या तथा परिवार सङ्ख्या निकाल्न मदत पुग्छ ।

(च) जनसङ्ख्याको आर्थिक पक्षको सम्बन्धमा जानकारी हासिल गर्न सकिन्छ ।

हस् त मेरो आजको प्रस्तुति यत्ति नै रहेको छ भनी मुख्य प्रशिक्षकले प्रस्तुतीकरण टुङ्ग्याउनुभयो।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विश्वमा सबैभन्दा पहिले जनगणना सङ्कलन गर्ने काम कहिले र कहाँ भएको थियो ?

(ख) नेपालमा वैज्ञानिक रूपले जनगणना लिने कार्यको सुरुआत कहिलेबाट भएको हो ?

(ग) नेपालमा कुन दिनलाई जनगणना दिवसको रूपमा मनाउने गरिन्छ ?

(घ) जनगणना सङ्कलनका विधि कतिओटा रहेका छन् ? प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) वास्तविक उपस्थिति विधिमा कसरी जनगणना सङ्कलन गरिन्छ ?

(च) जनगणनाका महत्त्व लेख्नुहोस् ।

क्रियाकलाप १

तपाईंको परिवारका सदस्य वा समुदायमा रहनुभएका कसैलाई जनगणना सङ्कलन गर्न घर घरमा आउनुभएका गणकलाई कसरी सहयोग गर्नुभयो भनी सोध्नुहोस् र उहाँको जवाफलाई एक अनुच्छेदमा लेख्नुहोस् ।

क्रियाकलाप २

जनगणनाको महत्त्वलाई ठुला अक्षरमा चार्टमा लेखी सिकाइ केन्द्रमा भित्तेपत्रिकामा टाँस्नुहोस् ।

पाठ ४ नेपालको जनसाङ्ख्यिक अवस्था

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

सिकाइ केन्द्रमा हिजो गुरुआमाले भोलि नेपालको जनसाङ्ख्यिक अवस्था भन्ने पाठ पढ्ने हो । त्यसैले घरमा पढेर आउनु है ? भन्नुभएको थियो । आज बिहानै फेरि समाचारमा केन्द्रीय तथ्याङ्क विभागकाअनुसार नेपालको जनसङ्ख्या वृद्धिदर केही वर्ष यता घट्दो क्रममा रहेको छ भनेको सुनें । त्यसपछि बुबा पनि समाचार सुन्दै हुनुहुन्थ्यो । बुबालाई सोधें । समाचारले के भनेको बुबा ? नेपालको जनसङ्ख्या वृद्धिदर घटेको छ र ? मलाई नेपालको जनसङ्ख्यिक अवस्थाको बारेमा बताइदिनुहोस् न ?

बुबाले मेरो प्रश्नको जवाफ दिँदै भन्नुभयो, "नेपालको जनसाङ्ख्यिक अवस्थाको बारेमा बुझ्नका लागि जनसङ्ख्याको आकार, वृद्धिदर र जनघनत्वको सम्बन्धमा बुझ्नुपर्छ । जनसङ्ख्या स्थिर नभई समयसँगै गतिशील र परिवर्तनशील हुन्छ । त्यसैले मानिसको गणना गर्दा कुनै एक निश्चित भौगोलिक क्षेत्र र समयका आधारमा गरिन्छ । कुनै ठाउँको जनसङ्ख्या भन्नाले उक्त ठाउँमा निश्चित अवधिमा बसोबास गर्ने सबै उमेर समूह, जातजाति, भाषा, क्षेत्र, लिङ्ग, धर्म, पेसा आदिका मानिसको कुल सङ्ख्यालाई जनाउँछ । यसरी हेर्दा नेपालभरि बसोबास गर्ने सम्पूर्ण मानिसको सङ्ख्या नै नेपालको जनसङ्ख्या हो ।"

अनि जनसङ्ख्याको आकार भनेको चाहिँ के हो नि बुबा ? मैले प्रश्न गरें ।

बुबाले भन्नुभयो, "जन्म, मृत्यु र बसाइँसराइका कारणले कुनै पनि ठाउँको जनसङ्ख्या निरन्तर परिवर्तन भइरहन्छ । यसरी जनसङ्ख्या निरन्तर परिवर्तन भइरहने हुनाले जनसङ्ख्याको आकार निश्चित हुँदैन । त्यसैले कुनै निश्चित समय तोकेर मात्र जनसङ्ख्याको आकार बताउन सकिन्छ । कुनै एक निश्चित क्षेत्रमा निश्चित समयमा बसोबास गर्ने बालबालिका, युवायुवती, वृद्धवृद्धाको जम्मा सङ्ख्या नै जनसङ्ख्याको आकार हो । कुनै पनि ठाउँको निश्चित समयको जनसङ्ख्या नै त्यस ठाउँको जनसङ्ख्याको आकार हो । । वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,९१,६४,५७८ रहेको छ भने उक्त समयमा सो जनसङ्ख्या नेपालको जनसङ्ख्याको आकार हो ।"

ए ए बुबा प्रस्ट सँग बुझ्छें । जस्तै कुनै ठाउँमा एक वर्षमा जति जनसङ्ख्या छ । त्यो नै त्यो ठाउँको जनसङ्ख्याको आकार भयो । होइन त ? भनेर मैले भनें ।

"हो छोरा अब जनसङ्ख्या वृद्धिको बारेमा पनि सुन है त ?" भनी बुबाले थप जानकारी गराउनुभयो ।

"जन्म, मृत्यु र बसाइँसराइका कारणले कुनै निश्चित स्थानको जनसङ्ख्याको आकारमा आउने परिवर्तन वा वृद्धिलाई नै जनसङ्ख्या वृद्धि भनिन्छ । प्रतिशय सङ्ख्यामा प्रतिवर्ष वृद्धि हुने सङ्ख्यालाई जनसङ्ख्या वृद्धिदर भनिन्छ । नेपालमा वि.सं. २०६८ को जनगणनाअनुसार वार्षिक जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत र २०७८ को जनगणनाअनुसार वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ । ए मसँग यहाँ मेरो कम्प्युटरमा नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको तालिका छ । हेर है त अनि नेपालमा जनसङ्ख्याको अवस्था सम्बन्धमा प्रस्टसँग बुझ्ने छौ । बुबाले कम्प्युटर खोलेर नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको तथ्याङ्क देखाउनुभयो ।

नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर वि.सं. १९६८-२०७८

क्र.सं.	जनगणना वर्ष	जनसङ्ख्या	जनसङ्ख्या वृद्धिदर %	जनसङ्ख्या दोब्बर हुन लाग्ने समय
१.	वि.सं. १९६८ (स्न १९११)	५६,३८,७४९	–	–
२.	वि.सं. १९७८ (सन् १९२०)	५५,७३,७८८	–०.१३ –	–
३.	वि.सं. १९८८ (सन् १९३०)	५५,३२,५७४	–०.०७	–
४.	वि.सं. १९९८ (सन् १९४१)	६२,८३,६४९	१.१६	६० वर्ष
५.	वि.सं. २००९/११ (सन् १९५२/५४)	८२,५६,६२५	२.२८	३१ वर्ष
६.	वि.सं. २०१८ (सन् १९६१)	९४,१२,९९६	१.६४	४३ वर्ष
७.	वि.सं. २०२८ (सन् १९७१)	१,१५,५५,९८३	२.०५	३४ वर्ष
८.	वि.सं. २०३८ (सन् १९८१)	१,५०,२२,८३९	२.६२	२७ वर्ष
९.	वि.सं. २०४८ (सन् १९९१)	१,८४,९१,०९७	२.०८	३४ वर्ष
१०.	वि.सं. २०५८ (सन् २००१)	२,३१,५१,४२३	२.२५	३१ वर्ष
११.	वि.सं. २०६८ (सन् २०११)	२,६४,९४,५०४	१.३५	५२ वर्ष
१२.	वि.सं. २०७८ (सन् २०२१)	२,९१,६४,५७८	०.९२	७६ वर्ष

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

तालिका हेरेपछि ए बुबा यो तालिकामा त सबै जनगणना वर्षमा जनसङ्ख्याको आकार र वृद्धिदर देखाइएको रहेछ है ? मैले जिज्ञासा राखें ।

"ल अब एकछिन यो तालिकाको सम्बन्धमा छलफल गरौं है त ?" भन्दै बुबाले थप जानकारी गराउनुभयो । "वि.सं. १९६८ मा नेपालको जनसङ्ख्या ५६,३८,७४९ रहेको छ भने त्यसपछि वि.सं. १९८७ को जनगणनासम्म नेपालको जनसङ्ख्या घटेको देखिन्छ भने जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखिन्छ । वि.सं. २००९/११ को जनगणनामा नेपालको जनसङ्ख्या ८२,५६,६२५ र वार्षिक वृद्धिदर २.२८ प्रतिशत रहेको छ । वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,३१,५१,४२३ र वृद्धिदर २.२५ प्रतिशत रहेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,६४,९४,५०४ र जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ । वि.सं. १९६८ मा ५६,३८,७४९ रहेको नेपालको कुल जनसङ्ख्या ठिक सय वर्षपछि वि.सं. २०६८ मा ५ गुणाले बढ्न गई २,६४,९४,५०४ भएको देखिन्छ । त्यस्तै राष्ट्रिय जनगणना वि.सं. २०७८ अनुसार नेपालको जनसङ्ख्याको आकार २,९१,६४,५७८ रहेको छ । जुन दश वर्षअघि (२०६८ साल) को जनसङ्ख्याको तुलनामा २६,७००,७५ ले बढेको देखिन्छ । नेपालको जनसङ्ख्या वृद्धिदर केही दशक यता घट्दो क्रममा रहेको देखिन्छ । विगतका जनगणनाहरूमा दुई प्रतिशतभन्दा बढी रहेको जनसङ्ख्या वृद्धिदर पछिल्लो जनगणनामा ०.९२ प्रतिशतमा झरेको छ ।

यसरी जनसङ्ख्या वृद्धिदर घट्नुका प्रमुख कारणमा जन्मदरमा ह्रास आउनु, स्वास्थ्य अवस्थामा सुधार भई मृत्युदरमा कमी आउनुलाई मान्न सकिन्छ । त्यस्तै परिवार नियोजनका साधनको प्रयोगदर बढ्नु, विवाहको औसत उमेरमा वृद्धि हुनु, शिक्षा र चेतनाको स्तरमा वृद्धि हुनु आदिलाई मान्न सकिन्छ ।" बुबाले नेपालको जनसङ्ख्या र वृद्धिदरको सम्बन्धमा विस्तृत रूपमा जानकारी गराउनुभयो ।

अनि बुबा हजुरले जनघनत्वको पनि कुरा गर्नुभएको थियो । जनघनत्व भनेको के हो नि ? भनी मैले फेरि प्रश्न गरें ।

"ए मैले त बिर्सिएछु । ल म अब बताउँछु है ?" भन्दै बुबाले थप जानकारी गराउनुभयो ।

"कुनै निश्चित भौगोलिक क्षेत्रभित्र प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा बसोबास गर्ने मानिसको सङ्ख्यालाई जनघनत्व भनिन्छ । म तिमीलाई जनघनत्व निकाल्ने तरिका पनि सिकाउँछु है ?" हस् बुबा मैले भनें ।

"कुनै देश वा क्षेत्रको जनसङ्ख्यालाई सोही देश वा क्षेत्रको क्षेत्रफलले भाग गर्दा आउने भागफल नै त्यहाँको जनघनत्व हो । जहाँ बढी सुविधा हुन्छ । त्यहाँको जनघनत्व पनि

बढी हुन्छ र जहाँ कम सुविधा हुन्छ । त्यहाँको जनघनत्व पनि कम हुन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार १९८ जना प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको छ भने २०६८ मा १८० जना प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको थियो । काठमाडौँ सबैभन्दा बढी जनघनत्व (५,१०८ प्रतिवर्ग किलोमिटर) भएको जिल्ला हो र मनाङ् सबैभन्दा कम जनघनत्व (३ प्रतिवर्ग किलोमिटर) भएको जिल्ला हो । त्यस्तै प्रदेशमा मधेस प्रदेश सबैभन्दा बढी जनघनत्व (६३६ प्रतिवर्ग किलोमिटर) भएको प्रदेश र कर्णाली सबैभन्दा कम जनघनत्व (६१ प्रतिवर्ग किलोमिटर) भएको प्रदेश हो ।"

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्याको आकार भनेको के हो ?

(ख) जनसङ्ख्या वृद्धिदर भन्नाले के बुझिन्छ ?

(ग) २०७८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या कति रहेको छ ?

(घ) २०७८ सालको जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदर कति रहेको छ ?

(ङ) विगतका जनगणनामा दुई प्रतिशतभन्दा बढी रहेको जनसङ्ख्या वृद्धिदर पछिल्लो जनगणनामा घट्दै जानाका कारण के के हुन् ?

(छ) जनघनत्व भनेको के हो ? नेपालको सबैभन्दा बढी जनघनत्व भएको जिल्ला र सबैभन्दा कम जनघनत्व भएको जिल्ला कुन कुन हुन् ? नाम लेख्नुहोस् ।

क्रियाकलाप १

माथि पाठमा तालिकामा उल्लिखित विभिन्न जनगणना वर्षमा नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर दिइएको छ । उक्त तालिकाको तुलनात्मक अध्ययन गर्नुहोस् ।

क्रियाकलाप २

नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर वि.सं. १९६८–२०७८ को तालिकालाई चार्टपेपरमा टाँसी सिकाइ केन्द्रमा टाँस्नुहोस् ।

पाठ ५ नेपालको जनसङ्ख्याको बनोट

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

गुरु कक्षामा आउनुभयो । सबै सिकारुले अभिवादन गरे । तपाईंलाई मैले केन्द्रीय तथ्याङ्क विभागको वेबसाइट www.cbs.gov.np मा गएर वि.सं २०७८ को जनगणनाको तथ्याङ्क डाउनलोड गरी नेपालको जनसङ्ख्याको बनोट अध्ययन गरेर टिपोट गरेर ल्याउनुभनेको थिएँ नि । ल्याउनुभयो त ?

अध्ययन पनि गर्‍यौं र टिपोट गरेर पनि ल्याएका छौं गुरु । सिकारुले जवाफ दिए ।

त्यसो भए राकेश जनसङ्ख्याको बनोट भनेको के रहेछ त भन्न सक्नुहुन्छ ?

सक्छु गुरु । जनसङ्ख्याको उमेर, लिङ्ग, मातृभाषा, धर्म, जातजाति आदिका आधारमा वर्गीकरण गरिएको मानिसको सङ्ख्यालाई जनसङ्ख्याको बनोट भनिन्छ ।

स्याबास् सही भन्नुभयो पढेर आउनुभएको रहेछ । जनसङ्ख्याको अध्ययनमा जनसङ्ख्याको बनोटलाई महत्त्वपूर्ण पक्ष मानिन्छ । जनसङ्ख्याको बनोटको अध्ययनबाट कुनै पनि देशको जनसङ्ख्याको संरचना कस्तो छ भन्ने जानकारी प्राप्त हुन्छ । देशको कुल जनसङ्ख्यामा महिला, पुरुष, बालबालिका, युवायुवती, ज्येष्ठ नागरिकको सङ्ख्या कति कति रहेको छ भन्ने बुझिन्छ । त्यस्तै जाति, धर्म, भाषा र उमेर आदिको आधारमा जनसङ्ख्याको बनावट कस्तो छ भन्ने पनि पत्ता लगाउन सकिन्छ । यसरी सरकारलाई जनसङ्ख्या बनोटको अवस्थाको आधारमा देशको आर्थिक विकासमा योगदान पुर्‍याउन सक्ने जनसङ्ख्या कति छन् भनी पत्ता लगाउन सजिलो हुन्छ । यसबाट देशको विकासका लागि नीति, कार्यक्रम तथा योजना निर्माणमा मदत पुग्छ । त्यस्तै कुनै निश्चित समुदाय वा समाजको वास्तविक अवस्थाको पनि पहिचान हुन्छ र भौगोलिक क्षेत्रको अवस्था र सम्भावनाबारे जानकारी लिन सकिन्छ । जनसङ्ख्याको बनोटको आधारमा देशको कुल जनसङ्ख्यालाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :



"गुरु मैले वि.सं. २०६८ र २०७८ को जनगणनाअनुसार लिङ्गअनुसार जनसङ्ख्याको बनोट तालिकामा टिपोट गरेर ल्याएको छु ।" सीताले भनिन् ।

"हो र त्यसो भए देखाउनुस् न त ।"

हेर्नुहोस् त गुरु मैले यसरी तालिकामा राखेको छु :

लिङ्गअनुसार जनसङ्ख्याको बनोट

जनगणना वर्ष	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा
वि.सं. २०६८ (सन् २०११)	१,२८,४९,०४१	४८.४९	१,३६,४५,४६३	५१.५०	२,६४,९४,५०४
वि.सं. २०७८ (सन् २०२१)	१,४२,५३,५५१	४८.८७	१,४९,११,०२७	५१.१३	२,९१,६४,५७८

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

धेरै राम्रो गर्नुभएछ सीता तपाईंले । धेरै धेरै धन्यवाद । ल अब यो तारिका हेरेर व्याख्या गरौं है त ? गुरुले तालिकाको व्याख्या गरेर सुनाउनुभयो । तालिकामा लिङ्गअनुसार जनसङ्ख्याको बनोट देखाइएको छ । जसअनुसार वि.सं. २०६८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,२८,४९,०४१ र महिलाको सङ्ख्या १,३६,४५,४६३ रहेको छ । त्यस्तै वि.सं. २०७८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,४२,५३,५५१ र महिलाको सङ्ख्या १,४९,११,०२७ रहेको छ । विगत १० वर्षको तुलना गर्दा २०६८ मा ४८.४९ प्रतिशत भएको

पुरुषको सङ्ख्या २०७८ मा ४८.८७ प्रतिशतले बढेको छ । त्यस्तै २०६८ मा ५१.१३ प्रतिशत भएको महिलाको सङ्ख्या २०७८ मा ५१.१३ प्रतिशतले बढेको देखिन्छ ।

यसरी देशको जनसङ्ख्यालाई पुरुष र महिलाको आधारमा गरिएको वर्गीकरणलाई लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनिन्छ । महिला र पुरुषको आधारमा बेग्ला बेग्लै जनसङ्ख्या गणना गर्दा कुनै पनि ठाउँ/क्षेत्र वा देशको लिङ्गअनुसारको जनसङ्ख्याको बनोट पत्ता लगाउन सकिन्छ ।

"गुरु मैले पनि वि.सं. २०६८ र २०७८ को जनगणनाअनुसार जातजातिअनुसारको जनसङ्ख्याको बनोट टिपोट गरेर ल्याएको छु । म देखाउँछु है त ?" धनमायाले भन्नुभयो ।

"हस्, देखाउनुहोस् न त ।"

धनमायाले जातजातिअनुसार जनसङ्ख्याको बनोटको तालिका देखाउनुभयो ।

जातजातिअनुसार जनसङ्ख्याको बनोट जनगणना वि.सं. २०६८ र २०७८ अनुसार

क्र.सं.	जाति/समूह	जनगणना वर्ष (२०६८)	जनगणना वर्ष (२०७८)
१.	छेत्री	१६.६०	१६.४५
२.	ब्राह्मण	१२.१८	११.२९
३.	मगर	७.१२	६.९
४.	थारु	६.५६	६.२०
५.	तामाङ	५.८१	५.६२
६.	नेवार	५.०३	४.६
७.	मुस्लिम	४.३९	४.८६
८.	कामी	४.७५	५.०४
९.	यादव	३.९८	४.२१
१०.	राई	२.३४	२.२

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

स्याबास् । धेरै राम्रो गर्नुभएछ भनी गुरु खुसी हुनुभयो । यसरी नेपालमा विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । नेपालमा तथ्याङ्कगत रूपमा कुन जातजाति कहाँ र कति बस्छन् भनेर अभिलेख राख्ने कामको सुरुआत वि.सं. २०४८ को जनगणनाबाट गरिएको हो । वि.सं.

२०६८ को जनगणनाअनुसार नेपालमा पहिचान गरिएका जातजातिको सङ्ख्या १२५ रहेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा पहिचान गरिएका जातजातिको सङ्ख्या १४२ रहेको छ ।

शान्ताले भन्नुभयो, "गुरु मैले धर्मअनुसार जनसङ्ख्याको बनोट टिपोट गरेर ल्याएको छु । म देखाउँछु है त ?"

धर्मअनुसार जनसङ्ख्याको बनोट जनगणना वि.सं. २०६८ र २०७८ अनुसार

क्र.सं.	धर्म	वि.सं. २०६८ (%) मा	वि.सं. २०७८ (%) मा
१.	हिन्दु	८१.३४	८१.१९
२.	बौद्ध	९.०	८.२१
३.	इस्लाम	४.३९	५.०९
४.	किरात	३.०५	३.१७
५.	क्रिस्चियन	१.४१	१.७६
६.	जैन	०.०१	२३९८ जना (०.०(१)
७.	प्रकृति	०.४६	०.३५
८.	बोन	०.०४	०.२३
९.	शिख	६०९ जना	१४९६ जना (०.०(१)
१०.	बहाई	१२८३ जना	५३७ जना (०.००)

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

तपाईंलाई पनि धेरै धेरै धन्यवाद । नेपाल एक बहुधार्मिक राष्ट्र हो । यहाँ विभिन्न धर्मावलम्बीका मानिस बसोबास गरेका छन् भन्ने कुरा विभिन्न जनगणनाका तथ्याङ्कहरूले पुष्टि गरिसकेका छन् । यसरी धार्मिक विविधता भए तापनि सबै धर्मका बिचमा धार्मिक सद्भाव र सहिष्णुता रहेको छ । त्यस्तै नेपालीमा सबै प्रकारका धार्मिक क्रियाकलापमा संलग्न हुने प्रवृत्ति समेत बसिसकेको छ । नेपालमा प्रमुख धर्मको रूपमा हिन्दु, बौद्ध, इस्लाम, इसाई र किरात रहेका छन् । नेपालको जनसङ्ख्याको धार्मिक बनोटलाई निम्नअनुसार तालिकामा देखाइएको छ ।

माथि दिइएको तालिकामा नेपालमा धर्मअनुसारको जनसङ्ख्याको बनोट देखाइएको छ । उक्त तालिकामा हेर्दा नेपालमा हिन्दु धर्म मान्ने मानिसको सङ्ख्या बढी देखिन्छ । त्यसपछि दोस्रो धर्मको रूपमा बौद्ध धर्म मान्ने मानिसको सङ्ख्या देखिन्छ । त्यस्तै गरी क्रमशः तेस्रोमा

इस्लाम, चौथोमा किरात र पाँचौंमा इसाई धर्म देखिन्छ । यसरी धर्मअनुसार नेपालको जनसङ्ख्याको अवस्था अध्ययन गर्दा हामी के भन्न सक्छौं भने नेपाल एक धार्मिक स्वतन्त्रता भएको मुलुक हो । जुन कुरालाई संविधानमा पनि उल्लेख गरिएको छ ।

"ल अब कसले टिप्नुभएको बाँकी छ, देखाउनुहोस् त ?" गुरुले भन्नुभयो ।

"मेरो छ गुरु । मैले उमेरअनुसार जनसङ्ख्याको बनोट टिपेर ल्याएको छु । म देखाउँछु है ।" अस्मिताले भन्नुभयो र देखाउनुभयो ।

विभिन्न उमेर समूहअनुसार जनसङ्ख्याको बनोट प्रतिशतमा (२०३८-२०७८)

उमेर समूह	२०३८	२०४८	२०५८	२०६८	२०७८
१५ वर्षमुनि	४१.४	४२.४	३९.३५	३४.९१	२७.८३%
१५–५९	५२.९	५१.८	५४.१५	५६.९५	६१.९६%
६० वर्ष र सोभन्दा माथि	५.७	५.८	६.५०	८.१४	१०.२१%
कुल	१००.००	१००.००	१००.००	१००.००	

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

धेरै धेरै धन्यवाद । अस्मिता तपाईंलाई पनि । ल अब म तपाईंहरूलाई उमेरअनुसार जनसङ्ख्याको बनोट सम्बन्धमा बताउँछु है ? उमेरअनुसार जनसङ्ख्याको बनोट भन्नाले उमेरअनुसार जनसङ्ख्याको वर्गीकरण भन्ने बुझिन्छ । उमेरअनुसारको जनसङ्ख्याको बनोटबाट १५ वर्षमुनिका बालबालिकाको जनसङ्ख्या, १५ वर्षदेखि ५९ वर्षको जनसङ्ख्या र ६० वर्ष माथिको जनसङ्ख्याको अवस्था थाहा पाउन सकिन्छ । साधारणतया १५ देखि ५९ वर्षका उमेर समूहका जनसङ्ख्यालाई सक्षम र क्रियाशील जनशक्ति भनिन्छ । १५ वर्षमुनिका र ६० वर्षमाथिका जनसङ्ख्यालाई आश्रित जनसङ्ख्या भनिन्छ । नेपालको अवस्था हेर्दा १५ वर्षमुनिका र ६० वर्षमाथिका जनसङ्ख्या पनि आर्थिक दृष्टिकोणले सक्रिय भएको देखिन्छ । उमेरअनुसारको जनसङ्ख्याको तथ्याङ्ककै आधारमा विद्यार्थी भर्ना प्रतिशत निकाल्न मदत पुग्छ । जनसङ्ख्याको उमेर समूहलाई एक/एक वर्ष, पाँच/पाँच वर्ष र दश/दश वर्ष वा मुख्य उमेर समूह (१५ वर्षमुनि), (१५ देखि ५९ वर्ष) र ६० वर्षभन्दा माथि) को आधारमा वर्गीकरण गरेको पाइन्छ । यहाँ जनसङ्ख्याको मुख्य तीन उमेर समूहअनुसार जनसङ्ख्याको बनोटलाई देखाइएको छ ।

माथिको तालिकामा वि.सं. २०३८ देखि वि.सं. २०७८ सम्मका मुख्य तीन उमेर समूहअनुसार जनसङ्ख्याको बनोट देखाइएको छ । सबै जनगणनाको तथ्याङ्क हेर्दा सक्रिय जनसङ्ख्याको प्रतिशत बढी देख्न सकिन्छ । ६० वर्षभन्दा माथिको जनसङ्ख्याको प्रतिशत हरेक जनगणनामा बढ्दै गएको तथ्याङ्कबाट देखिएको छ । त्यस्तै १५ वर्षमुनिको जनसङ्ख्या पनि पछिल्लो जनगणनामा बढ्दै गएको छ । पछिल्ला वर्षहरूमा मानिसमा बढ्दै गएको सचेतना, स्वास्थ्य शिक्षाको प्रचार प्रसार र स्वास्थ्य सुविधामा भएको वृद्धिका कारणले हो ।

"गुरु मैले मातृभाषाअनुसार जनसङ्ख्याको बनोट टिपोट गरेर ल्याएको छु । म देखाउँछु है ?" मातृकाले भन्नुभयो ।

मातृभाषाअनुसार जनसङ्ख्याको बनोट (जनगणना वि.सं. २०६८ र २०७८)

भाषा	जनगणना २०६८ अनुसार (प्रतिशतमा)	जनगणना २०७८ अनुसार (प्रतिशतमा)
नेपाली	४४.६४	४४.८६
मैथिली	११.७	११.०५
भोजपुरी	६.०	६.२४
थारू	५.८	५.८८
तामाङ	५.१	४.८८
नेवार	३.२	२.९६
बज्जिका	३.०	३.८९
मगर	३.०	२.७८
डोटेली	३.०	१.७
अवधि	१.८९	२.९३

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

तपाईंलाई पनि धेरै धेरै धन्यवाद । अब म यस तालिकाबाट केही कुरा बताउँछु है त । नेपाल एक बहुभाषिक राष्ट्र हो । यहाँ जातजातिअनुसार भिन्न भिन्न भाषा बोल्ने मानिस बसोबास गर्छन् । वि.सं २०६८ को जनगणनाअनुसार नेपालमा १२३ ओटा भाषालाई मातृभाषाको रूपमा पहिचान गरेको छ भने जनगणना २०७८ ले १२४ भाषालाई मातृभाषाको रूपमा पहिचान गरेको छ । बहुसङ्ख्यक मानिसले मातृभाषाका रूपमा नेपाली भाषा बोलेको पाइन्छ ।

नेपालको संविधानले नै नेपाली भाषालाई सरकारी कामकाजको भाषा र अन्य सबै भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ ।

अब म तपाईँहरूलाई शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको तथ्याङ्क कस्तो छ देखाउँछु है त ?

पाँच वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत (वि.सं. २०५८-२०७८)

जनगणना वर्ष	पुरुष (प्रतिशतमा)	महिला (प्रतिशतमा)	कुल (प्रतिशतमा)
वि.सं. २०५८	६५.५	४२.८	५४.१
वि.सं. २०६८	७५.१	५७.४	६५.९
वि.सं. २०७८	८३.६	६९.४	७६.३

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

शैक्षिक स्तरअनुसार जनसङ्ख्याको बनोटबाट देशमा कति व्यक्ति साक्षर छन् र कति व्यक्ति निरक्षर छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । यही तथ्याङ्ककको आधारमा सरकारलाई आर्थिक विकासका लागि नीति तथा योजना बनाउन मदत पुग्छ । नेपालमा वि.सं. २००९/११ को जनगणनादेखि साक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालिएको हो । वि.सं. २०४८ को जनगणनाले साक्षरताको परिभाषा निम्नअनुसार गरेको छ : "कुनै एउटा भाषामा लेख्न, पढ्न र बुझ्न सक्षम हुनुका साथै साधारण गणितीय ज्ञान भएकालाई साक्षर भनिन्छ ।" छ वर्षभन्दा माथिकालाई साक्षरतामा गणना गरिएको थियो । वि.सं. २०६८ को जनगणनाले पाँच वर्षभन्दा माथिकालाई साक्षरतामा गणना गरेको थियो । यहाँ तालिकामा वि.सं. २०५८ देखि २०७८ सम्मको साक्षरता प्रतिशतलाई देखाइएको छ ।

माथिको तालिकाबाट वि.सं. २०५८ को जनगणनादेखि क्रमशः साक्षरता प्रतिशत बढ्दै गएको देखिन्छ । वि.सं. २०५८ को जनगणनामा ५४.१ प्रतिशत रहेको कुल तथ्याङ्क २०६८ मा बढेर ६५.९ पुगेको छ भने २०७८ मा ७६.३ प्रतिशत रहेको छ । पुरुष साक्षरताको तुलनामा महिलाको साक्षरता प्रतिशत कम देखिए तापनि क्रमशः बढ्दै गएको तथ्याङ्कबाट देख्न सकिन्छ ।

गुरु हामीले तथ्याङ्क हेरेर खोजी गरेर ल्याएको भएर हो कि आजको पाठ त बुझ्न साह्रै सजिलो भयो ।

हो नि यसरी आफैँले खोजी गरेर अध्ययन गर्ने बानी गर्नुपर्छ ।

पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्याको बनोट भनेको के हो ?

(ख) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा महिला र पुरुषको सङ्ख्या कति कति रहेको छ ?

(ग) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालका कति जातजाति रहेका छन् ?

(घ) वि.सं. २०७८ को जनगणनाअनुसार कति मातृभाषा पहिचान गरिएको छ ?

(ङ) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा साक्षरता प्रतिशत कति रहेको छ ?

(च) जनसङ्ख्याको बनोटको अध्ययनबाट के के फाइदा हुन्छन् ?

क्रियाकलाप १

केन्द्रीय तथ्याङ्क विभागको वेबसाइटमा (www.cbs.gov.np) गएर राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क डाउनलोड गरी जनसङ्ख्या सम्बन्धमा थप जानकारी लिनुहोस् ।

क्रियाकलाप २

तपाईंको जिल्ला र प्रदेशको जनसङ्ख्या कति कति रहेको छ ? सोधखोज गरी पत्ता लगाउनुहोस् ।

क्रियाकलाप ३

राष्ट्रिय जनगणना २०७८ को तथ्य्याङ्क हेर्दा नेपालमा १४२ जातजाति र १२४ मातृभाषा पहिचान गरेको छ । यस्तो अवस्थालाई तपाईं के भन्नुहुन्छ ?

क्रियाकलाप ४

जनगणना २०७८ को तथ्य्याङ्क हेर्दा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ । जनसङ्ख्या जस्तै हरेक क्षेत्रमा महिलालाई अघि बढाउन के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिसँग छलफल गरी लेख्नुहोस् ।

पाठ ६ जनसङ्ख्या व्यवस्थापन

पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् :

बाबा यी हजुरले ल्याएका पोस्टर केका पोस्टर हुन् ? कति धेरै छ त ?

ए आज जनसङ्ख्या व्यवस्थापनमा नागरिक, स्थानीय निकाय र सङ्घसंस्थाको भूमिका सम्बन्धमा गोष्ठी थियो । त्यहीँ गएर आएको थिएँ । यी पोस्टर मैले त्यहींबाट ल्याएको हो छोरी । यहाँ समुदायमा वरपर टाँस्न भनेर ल्याएको हो । तिमीले एक दुई जना साथी पनि लिएर टाँस है त ?

हुन्छ बाबा । म साथीहरूलाई भन्छु अनि टाँसौंला । यी त परिवार नियोजनका साधनको प्रयोग र सानो परिवार सुखी परिवार बनाउन जनचेतनाका लागि बनाएको पोस्टर पो रहेछ त बाबा । अनि जनसङ्ख्या व्यवस्थापन भनेको के हो नि ?

कुनै पनि देशमा उपलब्ध प्राकृतिक स्रोत साधनअनुसार धान्न सक्ने गरी जनसङ्ख्याको व्यवस्थापन गर्नुलाई नै जनसङ्ख्या व्यवस्थापन भनिन्छ । देशमा प्राकृतिक स्रोत साधन सीमित मात्र हुन्छन् तर जनसङ्ख्या भने घटबढ भइरहन सक्छ किनभने जनसङ्ख्या जन्म, मृत्यु र बसाइँसराइका कारणले परिवर्तन भइरहन्छन् । यसरी जनसङ्ख्या बढी भयो भने बढ्दो मानवीय आवश्यकता पूरा गर्न प्राकृतिक स्रोत साधनको अत्यधिक प्रयोग हुन थाल्छ । जसबाट वातावरणमा नकारात्मक असर पर्छ । प्राकृतिक स्रोत साधन मासिँदै जान्छन् । त्यस्तै अत्यधिक जनसङ्ख्याका कारणले अभाव, गरिबी, महङ्गीजस्ता समस्या पनि सिर्जना हुन्छन् । यस्ता समस्या उत्पन्न हुँदै जाँदा मानव जीवन न्यून गुणस्तरको हुन्छ । हाम्रा न्यूनतम आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य आदि सहज हुन सक्दैनन् । यस्तो अवस्था आउन नदिन बेलैमा जनसङ्ख्या वृद्धिलाई उपयुक्त सिमाभित्र राख्नुपर्छ । जनसङ्ख्या व्यवस्थापन भयो भने मानव जीवन सुखी र गुणस्तरीय बनाउन मदत पुग्छ ।

ए बाबा जनसङ्ख्या व्यवस्थापन त अत्यन्त महत्त्वपूर्ण पो रहेछ त । सबै नागरिक लाग्नुपर्छ होला जनसङ्ख्या व्यवस्थापनका लागि होइन त ?

हो नि छोरी तिमीले ठिक भन्यौ । म तिमीलाई जनसङ्ख्या व्यवस्थापनको महत्त्व सम्बन्धमा पनि बताउँछु है ?

जनसङ्ख्या व्यवस्थापनले वातावरणीय सन्तुलन कायम गर्न मदत गर्छ । मानिसका आधारभूत

आवश्यकता सहज रूपमा पूरा हुन्छन् । देशको आर्थिक विकासमा समेत टेवा पुग्छ । मानिसको जीवनस्तर गुणस्तरीय हुन्छ । कतै अत्यधिक र कतै कम जनसङ्ख्या हुने जस्ता समस्या रहँदैनन् । देशमा भएका प्राकृतिक स्रोतसाधनको सही रूपमा सदुपयोग हुन्छ । देशमा उपलब्ध जनसङ्ख्याको आधारमा नीति तथा कार्यक्रम निर्माण गर्न पनि सहज हुन्छ ।

बाबा हाम्रो देशमा जनसङ्ख्या व्यवस्थापनका लागि काम भएका छन् कि छैनन् ?

नेपालमा पनि जनसङ्ख्या व्यवस्थापन जटिल समस्याको रूपमा देखा परेको छ । काम त भएका छन् छोरी तर पनि विभिन्न चुनौतीका कारणले व्यवस्थित रूपमा हुन सकेका छैनन् ।

के चुनौती छन् र बाबा ?

छन् नि छोरी । सानै उमेरमा विवाह गर्नेको सङ्ख्या बढी भयो भने जन्मदर उच्च हुन्छ । कानुनले नै विवाह गर्नका लागि १८ वर्ष उमेर पूरा हुनुपर्ने भनेको छ तर अझै पनि कतिपय ठाउँमा सानै उमेरमा विवाह गरेको पाइन्छ । अर्को परिवार नियोजनका साधनको प्रयोगको सम्बन्धमा अझै पनि व्यापक रूपमा प्रचार प्रसार हुन नसकेको देखिन्छ । महिलाहरू शिक्षित र रोजगारमा संलग्न हुँदा कम छोराछोरी जन्माएको विभिन्न अनुसन्धानले देखाएको छ । तर अझै पनि महिला शिक्षा, रोजगारी र सशक्तीकरणका कार्यक्रम आवश्यकताअनुसार पुग्न नसकेको देखिन्छ । अर्को मुख्य त बढ्दै गएको अव्यवस्थित बसाइँसराइ पनि जनसङ्ख्या व्यवस्थापनको मुख्य चुनौतीको रूपमा देखा परेको छ ।

बाबा यस्ता समस्या तथा चुनौतीलाई कसरी समाधान गर्न सकिन्छ त ?

छन् छोरी समाधानका उपाय तर राज्य, नागरिक र विभिन्न सङ्घसंस्था सबैले आआफ्नो तर्फबाट पहल गर्नुपर्छ । जनसङ्ख्या व्यवस्थापनका केही उपायको सम्बन्धमा बताउँछु है त ?

हरेक नागरिकका लागि स्तरीय र प्रभावकारी जनसङ्ख्या शिक्षा प्रदान गर्नुपर्छ । जनसङ्ख्या वृद्धि नियन्त्रणका उपाय सम्बन्धमा व्यापक रूपमा प्रचार प्रसार गरिनुपर्छ । महिला शिक्षा, रोजगारी र सशक्तीकरणका कार्यक्रम व्यापक रूपमा सञ्चालन गरिनुपर्छ । कानुनमा व्यवस्था भएको विवाहको उमेरको कार्यान्वायनमा जोड दिइनुपर्छ । दुई सन्तानको बिचमा उचित जन्मान्तर कायम गर्न र गर्भ निरोधक उपाय अवलम्बनका लागि दम्पतीलाई उचित परामर्श र सल्लाह सुझाव दिइनुपर्छ । अव्यवस्थित रूपमा बढ्दै गएको बसाइँसराइ नियन्त्रणका लागि राज्यले नै विशेष नीति तथा कार्यक्रम ल्याउनुपर्छ ।

ए बाबा अब त मलाई प्रस्ट भयो । हजुर गएको गोष्ठीमा आज के के छलफल भयो त बाबा ?

धेरै छलफल भयो नि छोरी । जनसङ्ख्या व्यवस्थापन गर्ने मुख्य दायित्व सरकारको भए तापनि सरकारको मात्र प्रयासले जनसङ्ख्या व्यवस्थापन गर्न सकिँदैन भनेर छलफल भएको थियो ।

अरू कसकसको भूमिका हुन्छ र बाबा जनसङ्ख्या व्यवस्थापनका लागि ?

हुन्छ नि छोरी । स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पताल, महिला स्वास्थ्य स्वयम्सेवक आदिले मातृशिशु तथा प्रजनन स्वास्थ्य सम्बन्धमा सल्लाह सुझाव प्रदान गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गर्न सक्छन् ।

गाउँपालिका र नगरपालिकामा पनि परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, महिला तथा बालबालिकाको कुपोषण नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । यीबाहेक पनि स्थानीय निकायले सचेतनामूलक कार्यक्रम सञ्चालन, महिलाहरूलाई सिपमूलक तालिम र रोजगारीको अवसर प्रदान गर्न सक्छन् । त्यस्तै जनसङ्ख्या व्यवस्थापनमा परिवार नियोजन सङ्घ तथा अन्य स्थानीय सामाजिक सङ्घसंस्थाले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छन् । तिमीले सुनेकी हौली नि स्थानीय रेडियो एफ.एम., टेलिभिजन र पत्रपत्रिकामा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी विज्ञापन प्रकाशन र प्रसारण हुने गरेको छ त ?

हो त बाबा सुनेको छु नि । अनि अरू कुन कुन सङ्घ संस्थाहरूले जनसङ्ख्या व्यवस्थापनका लागि काम गरेका छन् नि बाबा ?

अरू पनि छन् छोरी विद्यालयकै पाठ्यक्रममा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी विषयवस्तु समावेश गरिएका छन् ।

हो नि बाबा हामीले पढ्नुपर्छ र त मैले यति धेरै चासो दिएकी हुँ त ?

हो छोरी तिमी धेरै ज्ञानी छौ । अन्य गैरसरकारी सङ्घसंस्था पनि छन् । WHO, UNICEF, UNESCO, UNFPA जस्ता संस्थाको सहयोगमा नेपालमा स्थानीय निकायले स्वास्थ्य कार्यकर्ताको तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रम सञ्चालन र निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, गर्भ निरोधक साधनको वितरण जस्ता काम भइरहेका छन् ।

बाबा आज त मैले हजुरसँगको छलफलबाट धेरै कुरा सिक्ने अवसर पाएँ ।

पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?

(ख) जनसङ्ख्या व्यवस्थापनको महत्त्व बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) नेपालमा जनसङ्ख्या व्यवस्थापनमा कस्ता चुनौती देखिएका छन् ? लेख्नुहोस् ।

(घ) जनसङ्ख्या व्यवस्थापनका उपाय के के हुन् ?

(ङ) जनसङ्ख्या व्यवस्थापनको क्षेत्रमा काम गर्दै आएका कुनै दुई सङ्घसंस्थाको नाम लेख्नुहोस् ।

क्रियाकलाप १

तपाईंको गाउँपालिका/नगरपालिकाले जनसङ्ख्या व्यवस्थापनका लागि के के कार्य गरेको छ ? सोधखोज गरी लेख्नुहोस् ।

क्रियाकलाप २

तपाईंको गाउँपालिका/नगरपालिकामा जनसङ्ख्या व्यवस्थापनका लागि काम गरिरहेका गैरसरकारी सङ्घसंस्थाको नाम र तिनले गरेका काम खोजी गरी तालिकामा लेख्नुहोस् :

जनसङ्ख्या व्यवस्थापनका लागि काम गरिरहेका गैरसरकारी सङ्घसंस्थाको नाम	तिनले गरेका काम

क्रियाकलाप ३

तपाईंले जनसङ्ख्या व्यवस्थापनमा के योगदान पुऱ्याउन सक्नुहुन्छ ? बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

आफूलाई जाँच्नुहोस् :

१. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

(क) कुनै निश्चित ठाउँ, सहर, जिल्ला, प्रदेश वा देशमा बसोबास गर्ने मानिसको कुल सङ्ख्यालाई .....भनिन्छ । (जनसङ्ख्या, जनगणना)

(ख) जनसङ्ख्यामा .....मदत पुऱ्याउने तत्त्व जन्म, मृत्यु र बसाइँसराइ हुन् । (परिवर्तनमा, गणनामा)

(ग) पञ्जीकरणमा जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदजस्ता .....घटनाको दर्ता गरिन्छ । (व्यक्तिगत, सामूहिक)

(घ) व्यक्तिको जीवनसम्बन्धी घटना घटेको ..... दिनभित्र स्थानीय पञ्जाधिकारी समक्ष घटना दर्ता गराउनुपर्छ । (३५, ५०)

(ङ) कुनै देश वा क्षेत्रको जनसङ्ख्यालाई सोही देश वा क्षेत्रको क्षेत्रफलले भाग गर्दा आउने भागफल नै त्यहाँको .....हो । (जनघनत्व, आकार)

(च) नेपालमा औपचारिक रूपमा .....बाट जनगणना सङ्कलन गर्न थालिएको हो । (वि.सं. १९६८, वि.सं. २००७)

(छ) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा पहिचान गरिएका जातजातिको सङ्ख्या ..... रहेको छ । (१४२, १२५)

(ज) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या ..... रहेको छ । (२,९१,६४,५७८ / २,६४,९४,५०४)

(झ) कुनै पनि देशमा उपलब्ध प्राकृतिक स्रोत साधनअनुसार धान्न सक्ने गरी जनसङ्ख्याको व्यवस्थापन गर्नु नै .....भनिन्छ ।

(जनसङ्ख्या व्यवस्थापन, बसाइँसराइ)

(ञ) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालको साक्षरता प्रतिशत ..... रहेको छ । (७६.३, ६५.९)

(त) वि.सं. २०७८ को जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदर ..... प्रतिशत रहेको छ । (०.९३, १.३५)

२. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसाङ्ख्यिकीका तत्त्व लेखी तिनको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) जनसङ्ख्या तथ्याङ्कका स्रोत के के हुन् ? प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) नेपालमा जनगणनाको विकासक्रम लेख्नुहोस् ।

(घ) जनसङ्ख्या बनोट भनेको के हो ? जनसङ्ख्या बनोटको वर्गीकरण गर्नुहोस् ।

(ङ) जनसङ्ख्या व्यवस्थापनको क्षेत्रमा काम गरिरहेका सङ्घसंस्थाको नाम लेख्नुहोस् ।

(च) बसाइँसराइ भनेको के हो ? बसाइँसराइमा प्रभाव पार्ने तत्त्व उल्लेख गर्नुहोस् ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर